


सरकार
माओवादी
वार्ता
दुर्घटनातिर ?!

# मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ९१



## अमेरिकामा आतंककारी आक्रमण
## कारण के ? वास्तविकता के ?


FEEL THE RHYTHM
Wherever you are
BY APPOINTMENT TO THE ROYAL DANISH COURT
TUBORG
BEER
AANL/GBPL-2001

◀ यसभित्र

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष-१८, पूर्णाङ्क- ९१
असोज, २०५८

संरक्षक
डा. मथुराप्रसाद श्रेष्ठ
सल्लाहकार
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल
प्रधान सम्पादक
श्याम श्रेष्ठ
कार्यकारी सम्पादक
हरिगोविन्द लुइँटेल
सह-सम्पादक
राजेन्द्र महर्जन
सहायक-सम्पादक
तुल्सीदास महर्जन
विष्णुदेवी श्रेष्ठ
सम्पादन सहयोगी
चन्द्र खाकी
प्रबन्ध निर्देशक
स्नेह सायमि
प्रमुख व्यवस्थापक
श्याम खड्का
लेखा व्यवस्थापक
वीरप्रसाद भसारी
बजार व्यवस्थापक
दुर्गा खड्का
सहायक बजार व्यवस्थापक
जमुनाप्रसाद चौधरी

अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित
कार्यालय
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक, काठमाडौं-३२
फोन: ४२२७६९, फ्याक्स: ४२३५४९
पो. ब. नं. ७०५०, काठमाडौं
इमेल : yuwa@ntc.net.np
वेभसाइट : www.mulyankan.itgo.com
मूल्य : रू. २०/-

## सरकार-माओवादी वार्ता दुर्घटनातिर ?!





वार्ताकारहरूमा वार्ता विफल पार्न प्रयत्नशील यथास्थितिवादी गिरिजा पक्षको बाहुल्य हुनु, आफ्नै मन्त्रीहरू आफ्नो खटनमा नहुनु र सेना दरबारको स्वार्थ रक्षाका लागि सरकारको नियन्त्रणभन्दा बाहिर अति क्रियाशील हुनथाल्नुले के संकेत गरिरहेको छ ?

## माओवादीहरूबाट महाभूलहरू के के भए ?

## सरकार-माओवादीबीच भएको दोस्रो चरणको वार्तामा के भयो ?

-अग्नीप्रसाद सापकोटा -

# अमेरिकामा आतंककारी आक्रमण किन भयो ?



अमेरिकाको 'आतंकवाद-विरोधी युद्ध' को वास्तविकता के हो ?

- डा. चैतन्य मिश्र र सागरको गहन विश्लेषण



## फिलिपिन्सको वार्तामा कम्युनिष्टहरूको क्रान्तिकारी एजेण्डा

## अदालतको भ्रष्टाचार अख्तियारले हेर्नु हुन्छ कि हुँदैन ?

-दमननाथ ढुंगाना-

## जीवविज्ञानद्वारा पुरुषभन्दा महिला नै श्रेष्ठ भएको पुष्टि

**हाम्रो मूल्यांकन**
माओवादीहरूलाई
हाम्रा केही सुझाव ४
**घटना र प्रवृत्ति**
गिरिजाले एकपक्षीय विस्तार गरेपछि ५
उपलब्धिविनाको नेपाल-भारत वाणिज्य वार्ता ५
राष्ट्रिय बेरूजु २६ अर्ब
सरकारी बक्यौता ७२ अर्ब ५
स्वेत आतंकका बीच अखिल क्रान्तिकारीको सम्मेलन ४५
अमेरिकामै अमेरिकी युद्धको चर्को विरोध ४५
नेपाल अमेरिकी स्वार्थ सिद्धिको सामरिक केन्द्र बन्ने खतरा !
- *लीलामणि पोखरेल* १५
एमालेमा दक्षिणपन्थी भड्काव !
- *हरिगोविन्द लुइँटेल* ३७
बोक्सीको आरोपमा यातना, हद भयो !
- *हरिगोविन्द लुइँटेल* ४४
**अन्तर्क्रिया**
संपूर्ण वाम पुनः एकठाम ३८
**आवरण कथा**
सरकार-माओवादी वार्ता दुर्घटनातिर ?!
- *श्याम श्रेष्ठ* २०
दोस्रो चरणको वार्तामा के भयो ?
- *अग्नीप्रसाद सापकोटा* २४
माओवादी एजेण्डा र
सरकारको प्रारम्भिक टिप्पणी २६
**नीति / संस्कृति**
माओवादी गतिविधिहरूमा देखिएका सांस्कृतिक कमजोरीहरू
- *चन्द्रदेव नेपाली* २८
**आवरण कथा**
किन भयो अमेरिकामा आतंककारी आक्रमण ?
- *डा. चैतन्य मिश्र* ८
अमेरिकाको 'आतंकवाद-विरोधी युद्ध'को वास्तविकता के हो ?
- *सागर* १२
**बहस**
अदालतको भ्रष्टाचार अख्तियारले हेर्नु हुन्छ कि हुँदैन ?
- *दमननाथ ढुंगाना* ६
**आत्मकथा**
क. आजादले गल्ती गरेका थिए
- *निर्मल लामा* ३२
**विश्व कम्युनिष्ट आन्दोलन**
वार्तामा कम्युनिष्टहरूको क्रान्तिकारी एजेण्डा
- *राजेन्द्र महर्जन* १६
**इतिहास**
राजपरिवारमा भतिजाद्वारा काकाको हत्या
- *मुक्ता श्रेष्ठ* ३२
**विज्ञान**
जीवविज्ञानद्वारा पुरुषभन्दा महिला नै श्रेष्ठ भएको पुष्टि
- *तुल्सीदास महर्जन* ४२
**दर्शन**
कारण र कार्य सम्बन्ध- *प्रज्ञानरत्न* ३४
**किताब**
संग्रहणीय पुस्तक 'सम्झनाको तरेली'मा
-*समीर थापा* ३१
**पाठकको कुरो** ४६

आवरणमा : अमेरिकी राष्ट्रपति बुश तथा आतंककारीको रूपमा आरोपित ओसामा बिन लादेन, इन्सेटमा : माओवादी नेता कृष्णबहादुर महरा आवरण सज्जा: टाइम्स क्रिएशन, बागबजार, फोन: २५२६४५ । कलर सेपरेशन: पोलिइमेज, प्रदर्शनी मार्ग, फोन: २५२५७१ । कलाकारहरू: लक्ष्मण भूजेल, जि.डि. सारू, *यति ग्राफिक्स, डिल्लीबजार फोन : ४३०७५२* । मुद्रण: इन्द्रेणी अफसेट प्रेस, अनामनगर, फोन: ४३७४४८


# माओवादीहरूलाई हाम्रा केही सुझाव

हाम्रो देशको राजनीति यतिबेला माओवादी र उसले उठाएका राजनीतिक मागहरू वरिपरि घुमिरहेको छ । माओवादीले गएको पौने ६ वर्षमा हासिल गरेको सबैभन्दा ठूलो उपलब्धि नै यही हो । देशको राजनीतिमा एउटा निर्णायक ताकत र औकात उसले हासिल गरेको छ । माओवादीलाई पन्छाएर वा उपेक्षा गरेर देशको कुनै पनि राजनीतिक नीति-निर्णय हुन नसक्ने स्थिति मुलुकमा यतिबेला पैदाभएको छ ।

जो जति निर्णायक स्थानमा पुगेको हुन्छ, देशको राजनीति सप्रिनु बिग्रनुमा ऊ उति नै जिम्मेवार पनि हुन्छ । माओवादीका हातमा यतिबेला स्वर्णिम संभावनाको सुनौला साँचो पनि छ, देशकै दुर्दशाको द्वार खोल्ने द्वारपालको दायित्व पनि छ । उसको सही वा गलत निर्णयले यतिबेला देशमा ठूलो अर्थ राख्छ ।

छोटो समयमै यति महत्वपूर्ण उपलब्धि र शक्ति हासिल गर्नु गौरवयोग्य कुरा हो । यो अत्यन्त उज्यालो पाटो हो । परन्तु हरेक उज्यालो पाटोसँग अँधेरो पाटो पनि साथसाथै रहिरहेको हुन्छ, जसरी हरेक उकाली र उँचाइसंग त्यत्तिकै अनुपातको ओराली र गहिराइ पनि साथसाथै रहिरहेको हुन्छ ।

उज्यालो सँगसँगै रहेको अँध्यारो पाटो के हो भने माओवादी पार्टी पंक्तिमा यतिबेला संख्या चौपट्टै थुप्रिएको छ, परन्तु त्यसको मिहीन जाँचपरख गर्ने र संख्यालाई गुणमा बदल्ने कार्यक्रम र संयन्त्रको ज्यादै ठूलो अनिकाल देखिन्छ । अहिलेको कार्यकर्ता पंक्तिको एउटा ठूलो हिस्सा केन्द्रीय कार्यदिशाको नियन्त्रणमा देखिँदैन । नेतृत्व एउटा थोक भन्छ, कार्यकर्ताको त्यो हिस्सा अर्कै थोक गर्दछ । बिनासूक्ष्म जाँच-परख आएजति कुँडाकरकट सबै भित्र्याउने, संख्यालाई गुणमा बदल्ने बैचारिक-सांस्कृतिक सांगठनिक संयन्त्र निर्माण नगर्ने हो भने माओवादीलाई सिध्याउन कुनै बाहिरी शत्रुको जरूरत पर्ने छैन । निहित स्वार्थ बोकेर संगठनभित्र पसेका घुसपैठिया तत्वहरू र तिनीहरूको उक्साहटमा तुरून्तै प्रभावित हुनसक्ने न्यून चेत भएका बेहोशियार उग्र-अराजक भीड नै माओवादीलाई शुरूमा जनताबीच बदनाम गर्न, जनताबाट र मित्रहरूबाट उसलाई अलग्याउन र अन्ततः दमन निम्त्याएर





**माओवादी पार्टी पंक्तिमा यतिबेला संख्या चौपट्टै थुप्रिएको छ, परन्तु त्यसको मिशन जाँचपरख गर्ने र संख्यालाई गुणमा बदल्ने कार्यक्रम र संयन्त्रको ज्यादै ठूलो अनिकाल देखिन्छ**


उसलाई सिध्याउन पर्याप्त हुनेछन् । माओवादी अगुवाहरूले यो समस्याको समाधानमा अविलम्ब ध्यान दिनु जरूरी भएको छ ।

अर्को ठूलो दोष- माओवादी नेता-कार्यकर्ता पंक्तिमा देखापरेको माओको प्रशिद्ध जन-नीतिको अनिकाल हो । जनतामा र मित्रपंक्तिमा आफ्नो नीति र निर्णय जबर्दस्ती नलाद्ने, जनताको त्यस समयको मनोभावना र चाहनालाई बुझ्ने, कदर गर्ने, त्यसैलाई अग्रगामी निकास दिने उद्देश्यले नीति निर्णय गर्ने जन-नीतिको सट्टामा माओवादीले सैन्यवादी निरंकुश प्रवृत्ति प्रदर्शित गरिरहेको पाइएको छ । आफूसित हतियार र सशस्त्र सैन्यशक्ति छ भन्ने आडमा ज-जसले जे पनि मान्छन् भनेर जनता र मित्रशक्तिमाथि जबर्जस्ती आफ्नो निर्णय लाद्ने, निर्णय नमाने बल प्रयोग गर्ने प्रवृत्ति सैन्यवादी प्रवृत्ति हो ।

बिशेषतः खुला राजनीति भएको प्रमुख शहरी क्षेत्रमा माओवादी मित्रहरूले चन्दा/सहयोग संकलन र अन्य व्यवहारमा देखाएको सैन्यवादी प्रवृत्तिले माओवादीप्रति बढिरहेको चर्को जन-आकर्षणलाई निकै छिटो विकर्षणमा परिणत गरेको छ, जनता र मित्रहरूलाई निकै धेरै चिढ्याएको छ । भरे माओवादी राज्य स्थापना भयो भने यस्तै जोरजुलुम, बलमिच्याइँ र तानाशाही त हुने होला नि भनेर क्रान्तिप्रति नै जनतामा नकारात्मक धारणा पैदा गरेको छ । माओवादीलाई जनताबाट अलग्याएर राज्यदमनको निम्ति निकै सजिलो परिस्थिति सृजना गरिदिएको छ । माओवादी नेतृत्व र कार्यकर्ता पंक्तिले यस्तो सैन्यवादी प्रवृत्ति तुरून्त परित्याग गरेर जन-नीति अभ्यास गर्नु जरूरी छ । यस दिशामा माओवादी नेतृत्वको हालैको आत्मालोचना स्वागतयोग्य छ, परन्तु पर्याप्त छैन । सर्वत्र व्यवहारमै यसको अभ्यास जरूरी छ ।

देशमा यतिबेला क्रान्तिकारी परिस्थिति विद्यमान छ । परन्तु यहाँका बहुसंख्यक बामपन्थी पार्टीहिरूले यो स्थितिबोध गर्नमा भूल गरिरहेछन् । उनीहरूको चेतना केवल सुधारवादी देखियो । निरन्तर प्रयत्नका बावजूद संविधान संशोधन र केही सुधारबाहेक उनीहरू अग्रगामी छलांगको लागि तयार नै देखिएनन् । परन्तु यही आमूल परिवर्तनकारी स्थितिबाट डराएर संकटग्रष्ट दरवार र देउवा सरकार भने हातेमालो गर्न खोजिरहेछन् । अर्कोतिर, भारतीय शासकवर्ग र अमेरिकी साम्राज्यवादले पनि कथित आतंकवादको अन्त्यको नाममा नेपालको यतिबेलाको बिष्फोटक स्थितिलाई ठम्याएर दरवार र सरकारलाई एक पार्दै वाम दमनको तयारी गर्न खोजिरहेछन् । भाद्र २६ को अमेरिकाको घटनापछि हिजोको स्थितिको अनुकूलता प्रतिकूलतामा बदलिन खोज्दैछ । यो परिवर्तित परिस्थितिमा आमूल परिवर्तनको क्रान्तिकारी एजेण्डा अब तत्कालीन कार्यदिशा हुने स्थिति रहेन । अब क्रान्तिमुखी सामन्तवाद-साम्राज्यवादविरोधी अधिकतम सुधारमात्र सर्वस्वीकार्य साभा कार्यक्रम हुनसक्ने स्थिति देखियो । माओवादी नेतृत्वले यो तीव्र गतिले बदलिँदो स्थितिलाई ठम्याएर आफ्नो कार्यनीति र कार्यदिशामा र वार्तामा त्यही अनुकूलको लचकता पैदा गर्नु जरूरी भएको छ । यस्तो नहोस् कि क्रान्तिकारी शक्तिहरू विल्कुलै एक्लिउन् र आमूल परिवर्तनको अडानले गर्दा क्रान्तिमुखी अधिकतम सुधारसमेत असंभव हुन जाओस् । यो संगीन घडीमा बृहत् वाम, देशभक्त र प्रजातान्त्रिक एकता अपरिहार्य भएको छ । माओवादी मित्रहरूले त्यस्तो केही पनि नगरून्, जसले वामशक्तिमा फूट आओस् । यो घडी आक्रमण गर्ने होइन, शक्तिको रक्षा गर्ने घडी हो ।

यतिबेला सारा शक्ति एक भएर नेपाल-भारत सीमानामा जुन भारतीय सैन्यशक्ति थुपारिँदैछ, त्यसको विरोधमा स्वर मुखर गर्नु जरूरी छ । नेपालमा अमेरिकी फौज राख्ने र नेपाली आकाश र भूमि अमेरिकी सैनिक विमानको लागि खुला गर्ने सरकारी नीतिको विरूद्ध यतिबेला ऐक्यवद्ध आवाज उठाउनु जरूरी छ । ऐक्यवद्ध वामपन्थी, देशभक्त र प्रजातान्त्रिक शक्तिले मात्र यसका विरूद्ध सशक्त आवाज उठाउन संभव छ । ❑

'प्रतिभा' पत्रिकाका प्रकाशक-सम्पादक, साहित्यकार तथा उद्योगविद् स्नेह सायमिले यसै अंकदेखि 'मूल्यांकन'को प्रबन्ध निर्देशकको रूपमा काम शुरु गर्नुभएको कुरा पाठकहरूमा जानकारी गराइन्छ ।

– अन्तर्क्रिया प्रकाशन प्रा.लि.

बृहदलीय व्यवस्था आएपछिका सुनौला १२ वर्षहरुमध्ये ७५ प्रतिशतभन्दा ज्यादा समय प्रधानमन्त्री भएका तर यसबीचमा जनताको पक्षमा एउटै मात्र पनि उल्लेखनीय असल काम नगरेका गिरिजाप्रसाद कोइरालाले आफ्नो एकलकाँटे र हठी स्वभावअनुसार यही असोज ८ गते कांग्रेस पार्टीभित्र अर्को हठ प्रदर्शन गरेका छन् । उनले एकपक्षीय ढंगले पार्टीको केन्द्रीय कार्यसमितिको विस्तार गरेका छन् । यसअनुसार उनले



# गिरिजाले एकपक्षीय विस्तार गरेपछि

पार्टीभित्रको असहमत खेमासँग परामर्श नै नगरी आफ्ना पक्षका पाँचजनालाई केन्द्रमा मनोनित गरेका छन् । ३७ सदस्यीय हुने भनिएको कांग्रेस केन्द्रीय समितिमा १८ जना महाधिवेशनबाट चुनिएकोमा यो समेत दुईपटक गरी मनोनयद्वारा उनले १८ जना सदस्य थपी ३६ जना पुऱ्याएका छन् ।

गिरिजा निकट मानिएकी नेतृ शैलजा आचार्यसमेत असन्तुष्ट रहेन गरी उनले दिल ब. धर्ती, रामकृष्ण ताम्राकार, सुनीलकुमार भण्डारी, फर्मुल्ला मनसुर र पूर्णकुमार शर्मालाई केन्द्रीय सदस्य बनाएका र सहमहामन्त्रीमा गोविन्दराज जोशीलाई, कोषाध्यक्ष्यमा महन्थ ठाकुरलाई र पार्टी प्रवक्तामा अर्जुननरसिंह के.सी.लाई छनौट गरेका छन् ।

यसैगरी, कोइरालाले पाँच विकास क्षेत्रका कांग्रेसी संयोजकहरु पनि आफू निकटका मान्छेहरुलाई मात्रै ल्याएका छन् । यसअनुसार कुलबहादुर गुरुङ, डा. रामवरण यादव, रामकृष्ण ताम्राकार, बलदेव शर्मा मजगैयाँ र विनयध्वज चन्द क्रमशः पूर्वाञ्चल, मध्यमांचल, पश्चिमांचल, मध्यपश्चिमांचल र सुदूर पश्चिमांचलका संयोजक भएका छन् । यसैगरी आठवटा विभागीय प्रमुखहरुमध्ये पनि रामचन्द्र पौडेलबाहेक अरु सबै गिरिजा खेमाका व्यक्तिहरु नै रहेका छन् ।

यसरी एकातिर 'वृहत्तर प्रजातान्त्रिक एकता'को प्रस्ताव गरिरहेका गिरिजाप्रसादले अर्कोतिर आफ्नै पार्टीभित्र पनि एकतामुखी व्यवहार गर्न नसकेकोमा भट्टराई- देउवापक्षीय कांग्रेसीहरुमा तीव्र असन्तुष्टिको स्थिति पैदा भएको छ ।

विमलेन्द्र निधिको शब्दमा 'गुटबन्दीभन्दा माथि उठ्न नसकेका' गिरिजाप्रसादलाई अब शेरबहादुर देउवाले पनि मन्त्रीमण्डल विस्तारमा यसको 'जवाफ' दिनुपर्ने आग्रह देउवापक्षीय कांग्रेसीहरुको रहेको छ ।

यसैबीच, यो पंक्ति छापिएर बाहिर आउँदासम्ममा हठात् कुनै किसिमको अन्यथा नभएमा प्र.म. शेरबहादुर देउवाले मन्त्रीमण्डलको विस्तार गरिसकेका हुनेछन् । ठूलो आकारमा ३५ देखि ४० सदस्यीय मन्त्रीमण्डल बनाई 'पहिले नपाएकालाई भाग दिने' नीति अन्तरगत देउवाले अधिकांश आफ्ना पक्षका मान्छेहरुलाई ल्याए पनि केही गिरिजापक्षीय व्यक्तिहरुलाई पनि मन्त्रीमण्डलमा समावेश गरी आफू केही 'उदार' देखिने कसरत गर्नेछन् । अहिले गृहमन्त्री खुमबहादुर खड्काले प्रधानमन्त्रीलाई नटेर्ने स्थिति पैदाभएकै प्रवृत्तिको विस्तारमा सहयोग पुऱ्याउन र देउवालाई पूर्णतः असफल गराउन ती गिरिजापक्षीय कांग्रेसी मन्त्रीहरु प्रयुक्त हुने कुरा पनि यतिखेरैदेखि प्रष्ट भविष्यवाणी गर्न सकिने स्थिति रहेको छ । गिरिजाप्रसादले देउवाविरुद्ध ५० जनाभन्दा बढी कांग्रेसी सांसदहरुको हस्ताक्षरयुक्त अविश्वासको प्रस्ताव खल्तीमा हालेर हिंड्नु र देउवाविरुद्ध भड्काउन गोविन्दराज जोशीमार्फत् हालै रा.प्र.पा.का नेताहरुलाई भेट गर्नुले यसको पुष्टि गरेको छ । यसै क्रममा देउवाको भूमिसुधारको हदबन्दी दर बढाएर भुत्ते बनाउने काम त कोइरालाले गरिनै सकेका छन् ।

गुट संकीर्णता र जनविरोधीताका पक्षमा गिरिजाप्रसाद कोइराला जति नै डटेर लागे पनि उनलाई अंकुश लगाउनुको साटो सदा साथ दिइरहने 'काइते र चैते' कांग्रेसीहरुको झुण्ड ठूलो रहुञ्जेल स्वाभिमानी कांग्रेसीहरुमात्रै हैन, समग्र मुलुक नै पनि उनको कालो छायाँको शिकार भैरहने निश्चितप्रायः देखिएको छ । विगतका एक दर्जन वर्षहरुले यसको व्यवहारिक पुष्टि गरेका छन् । ❑

# उपलब्धिबिनाको नेपाल-भारत वाणिज्य वार्ता

असोजको दोस्रो साताको अन्त्यमा दिल्लीमा शुरू भएको नेपाल-भारत अन्तरसरकारी समितिको वाणिज्य वार्ता बिनाठोस निष्कर्ष उत्तिकै टुंगिएको छ । सन् १९९६ मा संपन्न भएको नेपाल-भारत वाणिज्य सन्धिको म्याद सकिन अब करिब दुई महिनाको समय मात्र बाँकी भएको परिप्रेक्ष्यमा त्यस सन्धिलाई नवीकरण गर्ने सहमतिबिना नै वार्ता टुंगिएपछि नेपाल र भारतबीचको व्यापारको भविष्य संटकग्रस्त भएको छ । अब त्यस सन्धिलाई नवीकरण गर्न राजनीतिक तहबाटै पहल हुनुपर्ने जरूरत देखिएको छ ।

सन्धि विपरीत गएर भारतले असोज महिनाको पहिलो हप्तादेखि नेपालमा उत्पादन हुने जिंक अक्साइडमा लगाएको एण्टी डंपिङ महशूल र एक्रेलिक यार्नमा पनि यस्तो महशूस लगाउन अनुसन्धान शुरू गरेको बारे नेपाली पक्षले कडा आपत्ति जनाएको थियो । तर यसबारे भारतीय पक्षले वार्तामा ठोस जवाफ नदिएको बुझिएको छ । भारतीय पक्षले नेपालमा उत्पादन हुने एक्रेलिक यार्न, बनस्पति घ्यू, जिंक अक्साइडजस्ता वस्तुको अत्यधिक निर्यातबाट भारतीय उद्योग संकटमा परेको कुरा वार्तामा उठाएको थाहा भएको छ ।

वार्तामा भारतले नेपाली उत्पादन र निर्यात वृद्धिलाई परिभाषित गरी यसलाई वाणिज्य सन्धिमा थपिनु पर्ने प्रस्ताव राखेको थियो । परन्तु त्यो कुरामा नेपाली टोलीले भिन्न दृष्टिकोण राखेपछि यो सवाल वाणिज्य सचिव स्तरको वार्ताले टुंग्याउनु पर्ने कुरामा आपसी सहमति भएर वार्ता टुंगिएको थियो । अब नेपाली उत्पादन (रूल्स अफ ओरिजिन) र निर्यात वृद्धि (एक्सपोर्ट सर्ज)बारे भारतले सन्धिमा थप्न चाहेको आफ्नो प्रस्ताव लिखित रूपमा सचिवस्तरीय वार्ताअघि पेश गर्ने र यसबारेमा एक महिनापछि दुवै देशका वाणिज्य सचिव स्तरमा छलफल गरी टुंगो लगाउने सहमति बनेको छ । उपरोक्त सन्धिको मूल मर्ममा कुनै परिवर्तन हुनु हुँदैन भन्ने नेपाली पक्षको अडान रहेको छ । ❑

# राष्ट्रिय बेरूजु २६ अर्ब

# सरकारी बक्यौता ७२ अर्ब

नेपालको अर्थतन्त्रको एउटा भयावह तस्वीर हालै असोज १२ गते महालेखा परीक्षकले संसदसमक्ष पेश गरेको ३८ सौं वार्षिक प्रतिवेदनले उजागर गरेको छ । त्यस प्रतिवेदनअनुसार गतः आर्थिक वर्षको नेपालको कुल राष्ट्रिय बेरूजु २६ अर्ब ४१ करोड पुगेको छ, जुन अघिल्लो आर्थिक वर्षभन्दा झण्डै १ अर्बले बढी छ ।

त्यस्तैगरी, सरकारी निकाय अन्तर्गतको राजस्व, पेश्की, बेरूजू, वैदेशिक ऋण अनुदानमा लिनुपर्ने शोधभर्ना र अग्रीम कर कट्टी गरी कुल जम्मा ७१ अर्ब ७० करोड रूपैयाँ सरकारले उठाउन बाँकी रहेको पनि प्रतिवेदनले जनाएको छ ।

त्यसमध्ये सरकारले उठाउनैपर्ने कूल राजश्व मात्र १७ अर्ब ३६ करोड पुगेको छ । स्मरणीय छ, चार वर्षअघि यो रकम केवल ३ अर्ब ६६ करोड रू. थियो ।

महालेखा परीक्षक विष्णुबहादुर के.सी.को भनाइ छ : "असुलउपर हुनैपर्ने राजस्व रकम यति तीव्र गतिले बढ्नु गम्भीर कुरा हो । असुल हुनैपर्ने राजस्व रकमको बक्यौता बढ्नु भनेको बेरूजु र पेश्की रकमभन्दा गम्भीर कुरा हो ।" सरकारले दरिलो कदम नचाल्ने हो भने यसले खतरनाक रूप लिन सक्नेछ ।"

सरकारी आयव्ययको रेकर्ड केलाउँदा बक्यौता पछिल्लो आर्थिक वर्षको उठाउनै पर्ने राजस्व मात्र ३ अर्ब ८४ करोड देखिएको छ, जुन अघिल्लो वर्षभन्दा २८.३५ प्रतिशतले बढी छ ।

अर्थतन्त्रको अर्को भयावह तस्वीर प्रतिवेदनले के देखाएको छ भने गतः आर्थिक वर्षमा छुट्याइएको विकास खर्चमध्ये १० अर्ब ११ करोड रूपैयाँ खर्च नै हुन सकेन । नेपाल विद्युत प्राधिकरणले सरकारी र गैर सरकारी निकायहरूबाट वार्षिक १ अर्ब ५२ करोड रूपैयाँ विद्युत महशूल असुलउपर गर्न सकेन ।

❑ दीपक वैद्य

# अदालतको भ्रष्टाचार अख्तियारले हेर्नु हुन्छ कि हुँदैन ?

◆ दमननाथ ढुंगाना



**◆ अदालतभित्र भ्रष्टाचार भइरहेको भन्ने सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले छानबिन गर्ने अथवा अदालत आफैंले हेर्ने भन्ने विषयमा हाल वादविवाद भइरहेको पाइएको छ । यस सम्बन्धमा एकजना वरिष्ठ अधिवक्ता र संविधान निर्माताको हैसियतले तपाई के भन्नुहुन्छ ?**

- वर्तमान स्थितिमा नेपाल अधिराज्यको संविधान २०४७ नै कुनै पनि प्रश्नमा मुख्य मापदण्ड हुनुपर्छ । यो संविधानले नेपालको सार्वभौमसत्ता नेपाली जनतामा निहित गरेको छ । जबसम्म यो संविधान विद्यमान रहन्छ, अथवा संविधानमै व्यवस्था भए बमोजिम संशोधनको प्रक्रिया पूरा गरिन्न, तबसम्म संविधानले जे मान्यता स्थापना गरेको छ, त्यसैको मर्यादा हुनुपर्छ । संसदले चाहेमा संशोधन गर्न सक्दछ । र, जहाँसम्म सार्वभौमसत्ताको प्रश्न छ, त्यसमा पनि यो संविधानले निर्धारित गरेको मान्यताकै मर्यादा हुनुपर्दछ । अहिले हाम्रो संसदले न्यायपालिकाको क्षेत्रभित्र प्रवेश गर्ने जुन इच्छा व्यक्त गरेको छ, यदि त्यसलाई मान्यता दिने हो भने अहिलेको संविधान नै बदल्नुपर्ने हुन्छ । किनभने यो संविधानले सार्वभौमसत्ता जनतामा दिए पनि संसदलाई बेलायतको जस्तो सार्वभौम बनाएको छैन । संसदमा निहित रहेको सार्वभौमसत्ता पनि ठाउँ-ठाउँमा विभाजित छ । स्वतन्त्रताको एउटा मर्यादा कायम गरिएको छ । जस्तो कि, संविधानले तोकिदिएको अधिकारक्षेत्रभित्र न्यायपालिका स्वतन्त्र छ । संविधानले तोकिदिएको अधिकारक्षेत्रभित्र संसद स्वतन्त्र छ । तर संसदलाई पनि संविधानमा संशोधन गरेर वा संविधानसँग नबाझिने कानून बनाएर आवश्यकताअनुसार काम गर्ने कुरामा बाहेक अरू, संविधानले नै तोकिदिएको अदालतको सीमा-क्षेत्रमा प्रवेश गर्ने अधिकार छैन । अदालतको स्वतन्त्रता कायम छ । २०४७ को संविधानमा न्यायाधीश र न्यायपालिका दुवैको स्वतन्त्रताको मात्रा धेरै नै हदसम्म बढाइएको छ । र, अदालतका न्यायधीशहरूको नियुक्तिदेखि लिएर यिनीहरूमाथि अनुशासनको कारवाही, वर्खास्त गर्ने आदि जिम्मा न्यायपरिषद्लाई सुम्पिइएको छ ।

न्यायपरिषद्सम्बन्धी छुट्टै कानून छ । न्यायपरिषद् न्यायाधीशहरूको सम्बन्धमा सबभन्दा उच्च र शक्तिशाली निकाय हो । त्यहाँ प्रधान न्यायाधीश, तीनजना सर्वोच्चका वरिष्ठ न्यायाधीश र कानूनमन्त्री पनि बस्नुहुन्छ । यो एउटा संवैधानिक मान्यता कायम छ । हाम्रो अहिलेको संसदलाई अथवा संसदको समितिलाई त्यसको जानकारी छैन भन्न सकिन्न । तर त्यति हुँदाहुँदै पनि संविधानले नै निर्धारित गरिदिएको अदालतको मर्यादाप्रति संसदको किन ध्यान गइरहेको छैन भन्ने एउटा बडो गहन कुरा हाम्रोसामु उपस्थित छ । यो क्षेत्रमाथिको नियन्त्रण आफ्नो हातमा लिन चाहन्छ भने संसदको सर्वथा अधिकार छैन भन्न चाहिं सकिंदैन । तर संसदले जे गर्ने हो- संवैधानिक तरिका पुऱ्याएर गर्नुपर्‍यो ।

प्रधानन्यायाधीशको अध्यक्षतामा रहेको न्यायपरिषद्बाट जे गरिंदै आएको छ, त्यो सन्तोषजनक भएन अथवा त्रुटिपूर्ण छ भन्ने हो भने अहिलेको अवस्थामा सांसदहरू, जसमा दलीय राजनीतिका ठूलो, प्रबल चरित्र छ, तिनीहरूबाट राम्रो काम हुनसक्छ अथवा यो काम संसदले गर्न सक्छ भन्ने कुराको पनि त प्रत्याभूति छैन ।

संविधानले स्थापना गरिसकेको मान्यताबाट अर्को दिशामा प्रस्थान गर्नु किन पर्‍यो ? अहिले त्यसको सूचना प्रवाह हुनुपर्‍यो । संसदले आफ्नो सामर्थ्य सिद्ध गर्न सक्नुपर्‍यो, अनि त्यो बहस पूरा भइसकेपछि जे गर्नुपर्ने देखिन्छ, त्यही गर्नु पर्‍यो वा संविधान संशोधन गर्नु पर्‍यो । अहिले त खालि एउटा अस्तव्यस्तता मात्र ल्याउन खोजिएको देखिन्छ, जहाँबाट पनि यो संविधानलाई छिन्नभिन्न पार्न खोजेको मात्रै देखिन्छ ।

यसै कारण हामी 'संशोधन गर' भन्न खोज्नेहरू आवाज बुलन्द गरिरहेका छौं । यो संविधानको सन्दर्भमा व्यवहारमा आएका कठिनाइहरू हटाउने काम संशोधनबाट शुरू गर्न सकिन्छ । तर संशोधनको बाटो नअपनाईकन अथवा संविधानका आधारभूत चरित्रहरूका बारेमा पनि पुनर्विचार गर्नुपर्ने स्थिति आइसकेको छ भने त्यो काम कसरी गर्ने भन्नेतर्फ ध्यान नदिई यसरी संविधान मान्नेहरूले नै संविधानलाई बाँकटे हान्ने र क्षतविक्षत गर्ने, प्याज छोडाएझैं गरी पत्रपत्र खोल्दैखोल्दै गएर क्यै बाँकी नराख्ने कामहरू किन भइरहेका छन् ? -यो कुरा हामी जनताहरू बुझ्न चाहन्छौं ।

त्यसकारण यसमा मेरो निष्कर्ष के हो भने, यो संविधान मान्नेहरूले यसले गरेको व्यवस्था मान्नुपर्दछ । यदि यसले गरेको व्यवस्था मान्न सकिंदैन भने यसलाई संशोधन गर्नुपर्छ वा यसलाई फेर्ने राष्ट्रिय सहमति बनाउनु पर्दछ ।

**◆ तपाईको विचारमा संसदले यस विषयमा क्यै गर्न सक्दैन ?**

- यो संविधानले एउटा मान्यता खडा गरिसकेको छ । संवैधानिक बाटो नअपनाइकन त्यसलाई यताउता गर्न पाईदैन । यो संविधानको परिधिभित्र रहेर मर्यादा गर्नुपर्ने कुरा भनेको के हो भने न्यायपालिकाको न्यायिक स्वतन्त्रता र न्यायाधीशको स्वतन्त्रताउपर संसद अहिले प्रवेश गर्न पाउँदैन ।

अब जहाँसम्म भ्रष्टाचारको कुरा छ, अदालतभित्र पनि भ्रष्टाचार छ भने जहिलेसम्म त्यहाँ न्यायिक परिषद्को व्यवस्था हुन्छ, तबसम्म संसदले त्यसमा हस्तक्षेप गर्न सक्दैन । संसदको त्यसमा सार्वजनिक चासो हुनसक्छ, दायित्व पनि हुनसक्छ, कार्यकारिणीको पनि दायित्व हुनसक्छ । एउटा अंगको गुण/दोषले अर्को अंगलाई प्रभावित गरिरहेको हुन्छ । त्यसमा अर्कोले संविधानको दायराभित्र रहेर नियन्त्रण गर्ने मार्गहरू अवलम्बन गर्ने सक्रियता देखाउन सक्दछ । संसदले त्यसो गर्न चाहेको हो भने पनि अघि भनिएजस्तै संवैधानिक प्रक्रियाअनुसार नै गर्नुपर्दछ । संविधानले निर्धारित गरेको न्यायपालिका र न्यायाधीशको स्वतन्त्रताको मापदण्डलाई नाघेर यसमा प्रवेश गर्न अहिले संसद समर्थ छैन ।

यदि संसद वास्तवमा सार्वभौम हुन चाहन्छ भने संसदले यो अग्रसरता पनि देखाउन सक्नुपर्दछ कि कानून बडो जिम्मेवारीका साथ बनाउने र बनाएको कानून अदालतबाट पनि बदर नहुने किसिमको सार्वभौमिकताको खोजीमा लाग्नुपर्दछ । जब कि हाम्रो संसद सार्वभौम भएतापनि त्यो सार्वभौमिकता कतिपय कुरामा विभाजित छ । यदि

**अहिले त खालि एउटा अस्तव्यस्तता मात्र ल्याउन खोजिएको देखिन्छ,जहाँबाट पनि यो संविधानलाई छिन्नभिन्न पार्न खोजेको मात्रै देखिन्छ ।**

संसदको त्यही चेतना हो भने संसदले आफूलाई समर्थ पनि बनाउनुपर्छ र संविधान संशोधनकै बाटोमा लाग्नुपर्दछ । संशोधनको बाटोमा नलागी संविधानले निर्धारित गरिसकेको एउटा मर्यादालाई नाघ्न र उछिन्न मिल्दैन ।

**◆ त्यसोभए संविधान संशोधन नगरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले यस विषयमा हात हाल्नै मिल्दैन ?**

– संविधानको संशोधन भनेको आवश्यक पर्दा गर्ने कुरा हो । तर त्यसको लागि पनि बहस र छलफल गर्नुपर्छ । संसदले अदालतमाथि किन यत्रो अविश्वास गर्नु पर्‍यो ? यो अदालतमाथि अनपत्यार र अविश्वास गरेको होइन, यो त संविधानमाथि नै अविश्वास गरेको हो । अर्को कुरा, अदालतमाथि अनपत्यार र अविश्वास गर्नेहरू आफैं कति विश्वासयोग्य भइरहेका छन्, त्यो कुरा पनि उनीहरू आफैंले आफैंलाई हेरेर थाहा पाउनुपर्‍यो । अधिकार छ भन्दैमा भएन । आफ्नो अधिकारको प्रयोग पहिले आफूले जिम्मेवारीका साथ गर्नुपर्‍यो । त्यसो गर्नेले मात्रै अर्काको अधिकारमा हात हाल्ने कुरा आउँछ । आफ्नो अधिकार प्रयोग नै ठीकसँग नगर्नेले अर्काको अधिकार क्षेत्रमा किन प्रवेश गर्ने ? जबसम्म यो बहस पूरा गरिन्न, तबसम्म यस्तो गर्नु खालि अस्तव्यस्तता ल्याउने, खलबल्याउने अराजकताको शुरूवात मात्रै हुन्छ ।

**◆ अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सांसदहरूदेखि लिएर मन्त्री, प्रधानमन्त्रीसम्मको भ्रष्टाचारलाई हेर्न पाउँछ भने सरकारको तेस्रो अंग न्यायपालिकाको भ्रष्टाचार हेर्न चाहिं किन नपाउने त ?**

– पाउनुपर्छ कि पर्दैन भन्नेबारेमा बहस खुल्नुपर्छ, मैले भनें । तर यो संविधानले त न्यायपालिकालाई हेर्ने अधिकार त्यही न्यायपालिकालाई नै दिएको छ । न्यायपालिकालाई मात्र होइन, त्यहाँ मन्त्रीलाई पनि दिएको छ । उता महाभियोग लगाउने अधिकार संसदलाई पनि दिएको छ । कुनै न्यायाधीशको आचरणमाथि संसदलाई पत्यार छैन भने महाभियोग लगाए पनि हुन्छ । तर संसदले महाभियोग लगाउने कानून जहिले पनि ल्याउँदैन । सरकारलाई यसमा घच्घच्याउँदैन । सरकार त्यसलाई आवश्यक ठान्दैन । महाभियोगसम्बन्धी कानून चाहियो भन्नेमा सरकार सक्रिय हुँदैन । अनि संसदचाहिं महाभियोग लाउनु पर्ने आधारबारे चाहिं निदाएर बस्छ । सर्वोच्च अदालतका न्यायाधीशहरूमाथि नै पनि त संसदले चाह्यो भने हेर्न सक्छ । त्यस्तो काम चाहिं गर्दैन । तर एकाएक स्थापित भइसकेको परिपाटीलाई छिन्नभिन्न पार्ने काम चाहिं गर्दैछ । त्यो चाहिं गर्न मिल्दैन ।

**◆ यस सम्बन्धमा विधेयक ल्याउने कुरा आएको छ नि त ?**

– अब यो विधेयक ल्याउने कुरा संविधानसम्मत ढंगले आएकै छैन । यो त संवैधानिक विवाद खडा गर्ने मात्रै कुरा हो । संविधानसँग बाझिने गरी कुनै कानून बन्यो भने पनि त्यसलाई बदर गरिदिने अधिकार सर्वोच्च अदालतलाई छ । सर्वोच्च अदालकै अधिकारमा प्रवेश गरेर कुनै संसदले कानून बनाइदियो भने त्यो कानून प्रथमतः सर्वोच्च अदालतले बदर गर्दछ । अनि त्यसपछि नचाहिँदो ढंगबाट संवैधानिक विवाद खडा हुन्छ र संवैधानिक अंगहरूका बीचमा लडाईंझगडा गराएर यो राष्ट्रलाई जताबाट पनि छिन्नभिन्न पार्ने काम मात्र हुन्छ । नेपालका जनता, नेपालका जनप्रतिनिधि, नेपालका राजनीतिक नेताहरू प्रजातन्त्र चलाउन सक्दैनन् भन्ने सिद्ध गर्न खोज्नेहरूलाई मात्र यस्ता कुराले बल पुग्दछ । त्यसकारण म के भन्छु भने कसैले पनि अधिकार छ भने पनि प्रजातन्त्रमा एकाएक यसरी त्यो अधिकार प्रयोग गर्न मिल्दैन ।



**संविधान संशोधनबाट प्रधानन्यायाधीश सर्वोच्चका न्यायाधीशहरूलाई पनि चलाउन सक्ने अथवा प्रधानमन्त्री, मन्त्रीलाई पनि चलाउन सक्ने अख्तियारको तह नै अर्को फेर्नुपर्दछ**

यदि अख्तियार दुरूपयोग अनुसन्धान आयोग प्रधानमन्त्रीदेखि प्रधानन्यायाधीशसम्म सबैलाई कारवाही चलाउन अधिकारसम्पन्न भएको छैन भने पहिले संविधान अपर्याप्त छ भन्नुपर्‍यो । होइन भने संविधानभित्र जे व्यवस्था गरिएको छ, त्यसको कार्यान्वयनलाई सक्रिय पार्नु पर्‍यो । जस्तो कि : यो अख्तियार दुरूपयोगले प्रधानमन्त्री र मन्त्रीहरूविरूद्ध कारवाही चलाउन पाउँदैन भन्ने छैन । तर राजनीतिक प्रभावको कारण कारवाही चलाउँदैन भने राजनीतिक प्रभावलाई कसरी अन्त्य गर्ने ? राजनीतिक प्रभावबाट अख्तियारलाई आफ्नो काम कर्तव्य निर्वाहमा अल्मल्याउने काम भएको छ भने त्यसलाई रोक्ने आधारभूत प्रश्नहरूमा जानुपर्‍यो ।

मलाई लाग्छ, पछि संसदले ऐन पारित गरेछ नै भने पनि एकछिनलाई बिर्सिदिऊँ त्यो संविधानविपरीत छ कि छैन अथवा त्यो बदर हुन्छ कि हुँदैन भन्ने कुरालाई । र, मानौं, सर्वोच्चमा पनि बदर गर्ने माग गरिएन र त्यो बदर भएन भने पनि यदि अख्तियार पनि त्यत्तिकै सबल, सक्षम र त्यस्तै इमान्दार र नैतिकवान मान्छेको नेतृत्वमा भएन भने त्यसले प्रधानमन्त्री र प्रधानन्यायाधीश, सर्वोच्चका न्यायाधीशहरूमाथि कारवाही नै गर्न सक्दैन । अहिले पनि त अख्तियारले पाएजति अधिकारको कार्यान्वयन गर्न सकेको छैन । सार्वजनिक सभा समारोहबाटै पार्टीहरूले भ्रष्टाचारका उदाहरणहरू देखाइदिएका छन् तर अख्तियारले कारवाही गर्न सकेको छैन । किनभने, राजनीतिज्ञहरूलाई हात हाल्ने कुरामा जतिसुकै दरिलो, आँटिलो अख्तियार प्रमुख भए पनि उसले धेरै नै किसिमको अप्ठ्यारो महसूस गर्नुपर्छ ।


जबसम्म कार्यकारिणीले, सरकारकै तहले त्यसलाई सहयोग गर्दैन, तबसम्म अख्तियारलाई अप्ठ्यारो परिरहन्छ । त्यसकारण सबभन्दा पहिलो कुरा के हो भने सरकार प्रमुख अर्थात् प्रधानमन्त्री हुने व्यक्ति नै भ्रष्टाचारविरूद्धको अभियानमा मनसा, वाचा, कर्मणा अर्थात् भनाइमा मात्र होइन, गराइमै सफा र दृढ व्यक्ति हुनुपर्दछ । अनि मात्रै अख्तियारले बल पाउँदछ । अनि मात्रै अदालतले पनि सँगसँगै काम गर्ने वातावरण पाउँदछ ।

कार्यकारिणी भ्रष्टाचारमुक्त भएपछि न्यायपालिकादेखि लिएर व्यवस्थापिकाका सांसदहरू सप्पैले भ्रष्टाचारमुक्त भएर काम गर्ने वातावरण बन्न सक्दछ । तर जबसम्म प्रधानमन्त्रीले नैतिक मूल्य, मान्यताको राजनीतिको नेतृत्व गर्दैन, तबसम्म कुनै पनि संवैधानिक निकायहरूमा जस्तोसुकै अधिकार दिए पनि भ्रष्टाचार निर्मूल भइहाल्दैन । हाम्रा प्रधानमन्त्री र संवैधानिक अंगका प्रमुखहरू कानूनभन्दा माथि कोही छैनन् तर उनीहरूबाट कानूनको उल्लंघन भएको छ, नैतिक मानदण्डलाई नाघेर काम भएको छ भने हर-कोहीमाथि कारवाही हुनसक्छ, हर-कोही अदालतको कठघरामा उपस्थित हुनुपर्छ । दण्डभन्दा कोही पनि माथि छैन भन्ने किसिमको वातावरण हामी जबसम्म बनाएर कार्यान्वियन गर्ने कुरा शुरू गर्दैनौं, तबसम्म यसले अस्तव्यस्तता मात्रै ल्याउनेछ । अहिलेको अवस्थामा संसदजस्तो छ, त्यसलाई मध्यनजर राखेर, संसदका सीमाहरूको मर्यादा गरेर, त्यहाँ राजनीतिक दलभन्दा माथि उठेर काम गर्न कति गाह्रो हुन्छ भन्ने कुरालाई पनि मर्यादा गरेर कानूनको कार्यान्वियन अरू क्षेत्रबाट हुने कुरालाई हेक्का राख्नु जरूरी छ । भएकाले जो अदालतलाई पनि अख्तियारको घेराभित्र ल्याउने चेष्टा गरिरहनुभएको छ, उहाँहरूलाई म हार्दिक अनुरोध गर्दछु : त्यसको लागि व्यापक राष्ट्रिय बहस नगरी अथवा संविधान संशोधन गर्ने दिनसम्म नपर्खी अहिलेजस्तो हतार हतारमा खालि एउटा राजनैतिक रूपमा कुनै न कुनै काम गरें भनेर देखाउने प्रवृत्तिको प्रदर्शन मात्रै गर्नुभएन । अख्तियारको दायराभित्र न्यायपालिकालाई ल्याउने अहिले बेला भइसकेको छैन ।

भ्रष्टाचार बढ्यो भनेरै यदि त्यसो गर्न लागिएको हो भने पनि यसले भ्रष्टाचारलाई छुन, चलाउन सक्ने नै छैन । किनभने प्रधानन्यायाधीश सर्वोच्चका न्यायाधीशहरूलाई पनि चलाउन सक्ने अथवा प्रधानमन्त्री, मन्त्रीलाई पनि चलाउन सक्ने अख्तियारको तह नै अर्को फेर्नुपर्दछ । संविधान संशोधनबाट सबभन्दा पहिला त अख्तियारको यो बनौट नै फेर्नुपर्छ । अहिलेको बनौट नै ठीक छैन । ❑

गएको भदौ २६ गते मध्यान्हतिर अमेरिकाका चारवटा विमानहरू अपहरित भए । ती अपहरित विमानहरू अमेरिकाको न्यूयोर्कस्थित विश्वको चौथो ठूला दुई भवनहरू विश्व ब्यापार केन्द्र (वर्ल्ड ट्रेड सेन्टर) र अमेरिकाको वाशिङ्टनस्थित रक्षामन्त्रालय र सैनिक मुख्यालय रहेको पेन्टागन भवनमा ठोक्काइयो । त्यो घटनामा करिव ७ हजार नागरिकहरू मरेका छन्, जसमध्ये एकहजार जति अरू देशका नागरिकहरू परेका छन् । ती मरेका मान्छेहरूका परिवारलाई ठूलो पीडा र दुःख भएको छ । त्यस पीडा र दुःखमा विश्वका सबैजसो राष्ट्र र मानिसहरूले सहानुभूति राखेका छन् ।

आतंकवाद मानवीयताविरोधी कार्य हो । मानवीय हिसाबले आतंकवादको भर्त्सना जति गरे पनि यथेष्ट हुँदैन, न यसले दिगो रूपले आर्थिक, राजनैतिक र सांस्कृतिक निकास नै दिनसक्छ । बरू यसले केही कालको लागि भए पनि आम जुझारू जन-राजनीतिलाई नोक्सान नै पुऱ्याउँछ ।



# किन भयो अमेरिकामा आतंककारी आक्रमण ?

- डा. चैतन्य मिश्र


यो घटना अमेरिकाको लागि पनि ठूलो पीडादायी घटना हो । किनभने, दोस्रो विश्वयुद्धमा हवाई राज्यको पर्ल हार्वरमा भएको जापानी आक्रमणपछिको यो दोस्रो ठूलो घटना हो । दोस्रो विश्वयुद्धपछि अमेरिकाले अमेरिकाभित्र कुनै युद्ध नै गर्नु परेको छैन । उसले जे जति युद्ध गऱ्यो, ती सबै अमेरिकाबाहिर नै गऱ्यो ।

यस घटनाबाट जति अमेरिकी र अन्य नागरिकहरू मरे, घाइते भए, त्यो अत्यन्त सम्वेदनशील वास्तविकता हो । हामीले पनि त्यो पीडालाई त्यसै रूपमा लिनुपर्छ । अमेरिकाले यस घटनाबाट अमेरिकाको राष्ट्रियताको अत्यन्त ठूलो हदको तेजोबध भएको सम्भ्यो । त्यसैले उसले यो घटनाबाट पैदा भएको शोकलाई शक्तिमा बदल्ने र शक्तिलाई आतंकवादका विरूद्ध युद्धकै रूपमा बदल्ने अठोट गऱ्यो । र, यो युद्धलाई सकेसम्म विश्वव्यापी र दीर्घकालीन रूप दिने योजना अमेरिकाले अहिले गरेको छ । यस काममा हाल, तत्कालमा अमेरिका केही हदसम्म सफल पनि भएको छ । यूरोप, अमेरिका, अरब क्षेत्रका लगायत भण्डै भण्डै सबै मुलुकका सरकारहरू आतंकवादको अन्त्य गर्नुपर्छ भन्ने कुरामा अमेरिकालाई साथ दिन एकमत भएका छन् ।

यो विश्वव्यापी सरकारी ऐक्यवद्धता कति दिगो हुन्छ, त्यो अहिले नै निर्क्यौल गरिहाल्न सकिने स्थिति छैन । तर पनि यति भन्न सकिन्छ कि, निकट भविष्यमा देखिने अमेरिकी आर्थिक र वित्तीय, राजनैतिक र कुटनैतिक, सांस्कृतिक र धार्मिक र खासगरी सामरिक नीति र यसको संचालनको दौरानमा प्रकट हुने कठोरता, एकलकाँटेपन, 'मेरो गोरूको बाह्रै टक्का'को भाव र धर्मान्धता एवं ध्वंशको सापेक्षिक व्यापकताले यो ऐक्यवद्धता कति दिगो हुन्छ भन्ने कुरा निश्चित गर्दछन् । यदि पारम्परिक अमेरिकी अहं यसपटक पनि सोही रूपमा प्रकट हुने हो भने धेरै मुलुकका जनता र राजनैतिक शक्तिहरूले छिटै आ-आफ्नो सरकारलाई हालको ऐक्यवद्धता फिर्ता लिन वाध्य पार्ने पनि निश्चित छ ।

यही दौरानमा अमेरिकाभित्र अनेकौं किसिमले उत्तेजना फैलाइएको छ र अन्तरदेशीय शक्ति परिचालन पनि व्यापक मात्रामा गरिएको छ । आतंकवादलाई समाप्त पार्ने काम टाढाको भए पनि अमेरिकालाई तत्काल कहीं गएर हान्न चाहिं परेको छ, चाहे त्यो हनाइ आतंकवाद समाप्त पार्ने बाटोमा लागोस् वा नलागोस् । नत्र अमेरिकी सरकारलाई सुखचैन मिल्दैन । अहिले अमेरिकामा अफ्रिका तथा एशियन जनताहरूका विरूद्ध ठूलो घृणा फैलाइएको छ, खास गरेर अरब मूलका मानिसहरूविरूद्ध प्रशस्त घृणा फैलाइएको छ । यतिसम्म कि अमेरिकाको नागरिकता लिएका दोस्रो पुस्ताका अरब मूलका मानिसहरूलाई समेत दुर्व्यव्यहार गर्ने काम आम रूपमा बढेको छ । अन्य देशका नागरिकहरूलाई मानसिक र भौतिक आक्रमण गर्न थालिएको छ । त्यस आक्रमणबाट एकजना सिख र ३/४ जना अरब मूलका मानिसहरू मरेका छन् र कैयौं मानिसहरू घाइते भएका छन् । मस्जिदहरूमा ढुंगामुढा गर्ने, गोली हान्ने, अरबहरूको पसलहरूमा दिउँसै समेत गएर तोडफोड गर्ने कामहरू भएका छन् । केही दिन अगाडिको घटना हो, प्लेनको टिकट लिइसकेका

*अमेरिकी राष्ट्रपति स्वयंले मित्री मनको भावना दबाउन नसक्दा सिंगो इस्लामविरूद्ध इसाई धर्मयुद्ध गर्नुपर्ने आवश्यकताको उच्चारण गर्न पुगे ।*



एकजना पाकिस्तानीलाई प्लेन चढ्नसमेत दिइएन । अमेरिकाका ५० प्रतिशत जनताले आम जनताले लिएर हिँड्नु पर्ने परिचय पत्रमा अरब मूलका वासिन्दाहरूलाई उनीहरू अरब मूलका हुन् भनेर प्रष्ट चिन्न सक्ने खालको परिचय पत्र दिनु पर्ने माग गरिरहेका छन् । अमेरिकी राष्ट्रपति स्वयंले भित्री मनको भावना दबाउन नसक्दा सिंगो इस्लामविरूद्ध इसाई धर्मयुद्ध गर्नुपर्ने आवश्यकताको उच्चारण गर्न पुगे ।

## *किन भयो यो घटना ?*

अमेरिकाभित्र यो आतंक फैलाउने घटना किन घट्यो भन्ने कुरामा विचार गर्ने हो भने यसको दोषको भागी साम्राज्यवादी अर्थतन्त्र, राजनीति र संस्कृति र यस संरचनाको मूल संचालक संयुक्त राज्य अमेरिका नै बन्नुपर्ने हुन्छ । साम्राज्यवाद र अमेरिका एकअर्काको पर्यायवाची होइनन्, तर पनि साम्राज्यवादको सबैभन्दा अग्र भागमा रहेको अमेरिकी आर्थिक, राजनैतिक र सांस्कृतिक नीति र व्यवहारप्रति घृणा, क्रोध र असन्तुष्टि पैदा भएको छ । विश्वमा आर्थिक, राजनीतिक, सांस्कृतिक तथा धार्मिक क्षेत्रमा जुन असमानता र विषमता उब्जिरहेको छ, त्यसको प्रमुख कारक तत्व पश्चिमा साम्राज्यवादी मुलुकहरू नै हुन् । र, त्यसको मूल नाइके अमेरिका हो । तेस्रो विश्वका मुलुकहरूले भण्डै आँखा चिम्लेर उनीहरूकै आर्थिक-राजनैतिक परिपाटी र नीति अवलम्बन गर्नुपर्ने बाध्यता बढ्दो छ । आफ्नो देशभित्रकै नीति निर्माण गर्न उनीहरूको आफ्नो कुनै निर्णायक भूमिका नहुने स्थिति बन्दैछ । ती देशका जनताहरू आफ्नै देशभित्र निमुखा भएका छन् ।

अर्कोतिर इस्लाम-अरबी मुलुकहरू ३-४ दशकयत्ता आर्थिक र सैनिक रूपले सम्पन्न एवं सांस्कृतिक र धार्मिक रूपले दृढ बन्दैछन् । यिनै आधारमा यी समाज र मुलुकहरूमा अभूतपूर्व ऐक्यवद्धता पनि बनेको छ । विश्व तेल भण्डारको केन्द्र रहेको यो क्षेत्रमा तेलको उत्खनन, प्रशोधन र बिक्री-वितरणमा पश्चिमी र खासगरी अमेरिकी औद्योगिक-व्यापारिक स्वार्थ र वर्चश्व काफी मात्रामा रहेको छ । साम्राज्यवादी र पश्चिमा विश्व प्रभुत्वको एक मुख्य आधार यही तेल बनेको छ । अमेरिकी र इजरायली सैनिक र राजनैतिक गठबन्धन पनि यो प्रदेश र जनताको लागि तितो सत्य बनेको छ, जुन इस्लाम-अरब गठबन्धनका विरूद्ध छ । यी विभिन्न कारणले गर्दा पश्चिम एशिया, पश्चिमेली र हाल खासगरी अमेरिकी नीतिविरूद्ध लामो कालदेखि संगठित असन्तुष्टि, क्रोध र विद्रोह जनसंस्कृतिकै एक प्रमुख पक्ष बन्न पुगेको छ ।


आजभन्दा तीन वर्षअगाडि पनि केन्या र तान्जानियास्थित अमेरिकी राजदूतावासमा बम आक्रमण भएको थियो । त्यस सम्बन्धमा अमेरिकाले अहिलेको घटनाको दोषी ठहऱ्याएका ओसामा बिन लादेनले एउटा अन्तरवार्ता दिएका थिए । त्यस अन्तरवार्तामा उनले भनेका छन् : "मैले त व्यक्तिगत रूपमा ती राजदूतावासहरूमा आक्रमण गरेको होइन । म त यहीं अफगानिस्तानमा नै बसिरहेको छु । गैर इस्लामहरूमध्ये प्रमुख रूपमा अमेरिका हाम्रो विरोधी हो । उनीहरूलाई हानि पुऱ्याउनुपर्छ भन्ने कुरा मैले मेरा शिष्यहरूलाई भन्ने गरेको छु । उनीहरूमध्ये को कहाँ गएर आक्रमण गरे, मलाई थाहा छैन । उनीहरूले जे गरे, राम्रै गरे होलान् । म अहिले पनि त्यस्तै भयो होला भन्ठान्छु ।"



यो उक्तिले दुई पारस्परिक पक्षहरूबारे प्रकाश पार्दछ । पहिलो, यो अत्यन्त गैर-जिम्मेवार र धर्मान्ध उद्घोष हो । चरम र धर्मान्ध घृणा फैलाउने र संगठनात्मक र भौतिक सहयोग गर्नेले त्यसबाट उत्पन्न हुने आतंक र हत्याबाट उन्मुक्ति खोज्नु न्यायसंगत हुनै सक्दैन । तर अर्कोतिर साम्राज्यवाद र अमेरिकाका विरूद्ध जनस्तरमै असन्तुष्टि र क्रोध नहुँदो हो त, बिन लादेनको यो उद्घोष बहुलट्ठीपूर्ण ठहर्थ्यो । केन्या र तान्जानियाको त्यो ध्वंश हुनसक्ने संभावना अत्यन्त न्यून हुन्थ्यो, अमेरिकी गगनचुम्बी भवन ढलेको देखेर प्यालेस्टिनी जनता सडकमा नाच्दैनथे, विश्वका जनता न्यूयोर्कबासीसरह रून्थे, विचलित हुन्थे । बिन लादेन सम्मिलित वा उनीद्वारा परोक्ष रूपमा संचालित ६० देशमा कार्यरत भनिएको 'अल काइदा' संजालले पनि यही निचोडतिर संकेत गर्छ । यस्तो व्यापक संजाल प्रत्यक्ष वा परोक्ष जनसमर्थनबिना टिक्नै सक्दैन । अमेरिकाले शुरू गरेको र अन्य मुलुकलाई पनि सोहीअनुरूप गर्न भनिएको व्यापक स्तरको गैर-सरकारी संस्थाहरूको गैर-कानूनीकरणको कार्यक्रमले पनि यही कुराको पुष्टि गर्छ कि आतंकवादको आर्थिक जरो व्यापक छ र यो जनस्तरमै पुगिसकेको छ ।

इस्लाम धर्मको उत्पत्ति कालदेखि नै इस्लाम धर्म र इसाई धर्मका बीच प्रतिस्पर्धा रहँदै आएको छ । बिन लादेनको दृष्टिमा यो आक्रमण धार्मिक कारणले भएको हो । जनतामा भएको पीडा, घृणा, क्रोध र असन्तुष्टिलाई बिन लादेनले इस्लामको स्वरूप दिए, इस्लामीहरूलाई संगठित तुल्याए, धर्मान्ध तुल्याए ।

तर साम्राज्यवाद र अमेरिकाको विरोध गर्न इस्लाम नै हुनु पर्दैन । गैर इस्लामले पनि त्यस्तो विरोध गर्न सक्छ । विरोधको बाटो पनि फरक फरक हुनसक्छ । लेख तथा वार्ताबाट वा अन्य बाटोबाट पनि अमेरिकी उत्पीडनको विरोध हुनसक्छ । यदि यस्ता किसिमका विरोधहरूले राजनैतिक निकास पाउन सकेमा त्यसले आतंकवादको रूप लिन पाउँदैन । तर साम्राज्यवाद र अमेरिका यति शक्तिशाली भएको छ कि कुनै




पनि देशले ऊसँग आमनेसामने भएर परम्परागत युद्ध नै गर्न सक्दैन । यस्तै किसिमको आतंकको माध्यमबाट मात्र अमेरिकामाथि रिस पोख्न सकिने धारणा प्रवल बन्दैछ । त्यसैले अमेरिकामाथिको यो आक्रमण विश्वका आम मानिसहरूमा भएको पीडा, क्रोध, घृणा तथा असन्तुष्टि अरू तरिकाबाट अभिव्यक्त गर्न नसकेको स्थितिको संगठित अभिव्यक्ति पनि मानिएको छ । जेहोस्, अमेरिकामा भएको यो आक्रमण साम्राज्यवादी एकाधिकार र अमेरिकाबाट भएको शोषण, उत्पीडन र अपमान सहन नसकेका समूहहरूले आफ्नै जीवन सखाप पार्ने मूल्यमा समेत पेन्टागन र विश्व व्यापार केन्द्रमा गरेको आक्रमणको रूपमा लिइएको छ । यी दुवै ठाउँहरू अमेरिकी पूँजीवादका स्नायु केन्द्रहरू हुन् ।

## *अमेरिकी नियत*

अमेरिकी सरकार यो आक्रमण ओसामा बिन लादेनले नै गरेका हुन् भन्ने निष्कर्षमा पुगेको छ, यद्यपि बिन लादेनले यो आक्रमण आफूले गरेको होइन भनेर भनेका छन् । र, यही निहुँमा उनलाई आश्रय दिने राष्ट्र अफगानिस्तानमाथि आक्रमण गर्न अमेरिकाले सारा तम्तयारी गरिरहेको छ । अहिले नाभिकीयबाहेक सबै शस्त्रअस्त्र र सैनिक बल खाडी क्षेत्रमा प्रवेश गर्न लागेको छ । साउदी अरबजस्ता मुलुकहरूमा अमेरिकाको सैनिक आधार क्षेत्र पहिलेदेखि नै थियो, अहिले त्यहाँ ठूलो मात्रामा युद्ध सामग्रीहरू, युद्धपोतहरू पठाइएका छन् । ती पोतहरूमा सयौंवटाभन्दा बढी सैनिक विमान अटाउँछन् ।

अफगानिस्तानसँग मात्र लड्न त यत्तिका युद्धसामग्रीहरू चाहिंदैन । यसको प्रयोजन के होला ? अफगानिस्तान त युद्ध शुरू गर्न सकिने मुलुकमात्र हो, विशेष गरेर अमेरिकाले त्यो सिंगो क्षेत्र र विश्वभरिका सरकार र जनतालाई तर्साउन खोजेको हो । वास्तवमा त्यहाँ जम्मा गरिएका युद्ध सामग्रीहरू विश्वयुद्ध भएमा मात्रै प्रयोग हुन सक्छन् । अन्यथा त्यहाँ जम्मा गरिएका सैनिकहरू र युद्ध सामग्रीहरू अफगानिस्तानसँग मात्र युद्ध गर्नमा प्रयोग हुनै सक्दैनन् । अहिले अफगानिस्तानमा त आक्रमण गर्ने नै होला, अर्को शिकार इराक हुन सक्ला । अझ, त्योभन्दा पनि महत्वपूर्ण कुरा त राजनैतिक प्रयोजनका लागि ती सामग्रीहरू राखिएका र ओसारिएका हुन् । मूलतः इस्लाम सम्प्रदायका मुलुकहरूको मनोबल गिराउनको लागि यसो गरिएको हो भन्न सकिन्छ ।


> ***युरोपेली सरकारहरु प्रायशः सैनिक युद्ध नभैदिए हुन्थ्यो भन्ने पक्षमा छन्, सैनिक युद्ध व्यापक तुल्याउने पक्षमा त सायद अमेरिकाको सबैभन्दा नजिकको मित्र बेलायत पनि छैन ।***



यस परिघटनाको शुरूका दिनहरूका दाँजोमा हाल आएर अमेरिकाले विराट र प्रत्यक्ष सैनिक युद्धको उद्‌घोष केही मत्थर पारेको छ । यो युद्ध सैनिक युद्धमात्र नभएर राजनैतिक, कुटनैतिक, कानूनी, आर्थिक, वित्तीय आदि सबै पक्षहरूसमेत समावेश भएको समग्र युद्ध हो भन्ने अवधारणाले बढी ठाउँ ओगट्न थालेको छ । अमेरिकाभित्रै पनि यस्ता स्वरहरूले शुरूका दिनहरूमा भन्दा बढी महत्व पाएका छन् । युरोपेली सरकारहरू प्रायशः सैनिक युद्ध नभैदिए हुन्थ्यो भन्ने पक्षमा छन्, सैनिक युद्ध व्यापक तुल्याउने पक्षमा त सायद अमेरिकाको सबैभन्दा नजिकको मित्र बेलायत पनि छैन । व्यापक सैनिक युद्धको दिगो समर्थन युरोपेली जनताबाट हुनसक्ने देखिँदैन । तर पनि सैनिक र युद्ध सामग्रीको आयात पर्सियन खाडी क्षेत्रमा बढेकोबढ्यै छ । केही हप्ता वा केही महिनापछि यो सैनिक बलले व्यापक सैनिक निकास पाउने संभावना त छँदैछ, तर तत्कालमा यसको प्रयोजन सिंगो साम्राज्यवाद, अमेरिका र केही हदसम्म युरोपका लागि उपयुक्त राजनैतिक निकास खोज्न उद्दत देखिन्छ ।

यसरी अमेरिकामा भएको 'आतंकवादी' आक्रमणको आडमा विश्वबाट नै आतंकवादलाई समाप्त पार्ने भन्ने निहुँमा अमेरिकाले विश्वकै अधिकांश सरकारहरूलाई आफूसँग संलग्न गराइसकेको छ र आफूलाई सहयोग गर्न नचाहने देशहरूलाई 'शत्रु' घोषणा पनि गरिसकेको छ । अमेरिकाको उद्‌घोष उल्लेख गर्न लायक छ : "कि त तिमी हामीसँग छौ, कि त आतंकवादीहरूसँग ।" साम्राज्यवादी र अमेरिकी नीति एवं व्यवहार एकातिर र आतंकवाद अर्कोतिर दुवै गलत हुन्, आलोच्य हुन् भनी ठान्ने र सो प्रष्टसँग व्यक्त गर्न खोज्ने राजनैतिक शक्ति, सरकार र व्यक्तिसमेत हाल दुर्लभ हुने अवस्था छ, सुनुवाइ नहुने स्थिति छ ।





११ सेप्टेम्बर २००१ का दिन विहान ८:४५ बजे (स्थानीय समयअनुसार) अमेरिकन एयर लाइन्सको अपहरित बोइङ्ग ७५७ विमान ठोक्किएपछि अमेरिकाको रक्षा मुख्यालय पेन्टागन आगो र धुवाँको लपेटामा (बायाँ) र क्षतिग्रस्त भाग (इनसेटमा)

तर अमेरिकाले खोजेझैं आतंकवादको अन्त्य यही युद्धबाट हुनसक्छ त ? के स्थानीय र अन्तर्राष्ट्रिय आतंकवाद साम्राज्यवाद र अमेरिकी नीति, व्यवहार र अहंकारद्वारा समेत निर्माण भएको होइन ? अन्य आतंकवादी संगठन र आतंककारी परिघटना र प्रक्रियाहरूको त के कुरा, स्वयं बिन लादेन र उनको भनिएको 'अल काइदा' संगठनको निर्माण गर्ने पनि त साम्राज्यवाद नै त हो ।

## *बिन लादेन, तालिवान र अमेरिकी क्रोधको जन्म*

सन् १९७३ अर्थात् २०३० सालसम्म अफगानिस्तान अल्पविकसित राजतन्त्रात्मक देश थियो । ऐतिहासिक रूपले अफगानिस्तानमाथि विश्वका शक्ति सम्पन्न मुलुकहरूले आँखा लगाउँदै आएका हुन् । त्यसपछि त्यहाँको कम्युनिष्ट र अन्य पार्टीले सोभियत संघको नैतिक सहयोगमा त्यहाँ संक्रमणकालीन किसिमको राज्यको स्थापना गरेका थिए । तर पाकिस्तानी दक्षिणपन्थी सैनिक शासन, पश्चिमा मुलुक र अमेरिकी सरकारले संचालन गरिरहेको राजनैतिक विद्रोहका घटनाहरू दबाउने नाममा पूर्वी युरोपमा लर्खराउन थालेको र आन्तरिक रूपले संटकग्रस्त हुँदै गएको सोभियत संघले सन् १९७९ मा अफगानिस्तानमा सैनिक हस्तक्षेप गरी कठपुतली शासन संचालन गर्न थाल्यो ।

सोभियत संघलाई त्यहाँबाट निकाल्नको लागि अरब मुलुकहरू र विश्वका पूँजीवादी देशहरू, विशेष गरेर अमेरिका, साउदी अरब र पाकिस्तान प्रमुख रूपमा लागिपरे । अमेरिका र साउदी अरबले पैसा खर्च गरे, पाकिस्तानले छापामार तयार गर्ने र अफगानिस्तानका सूचनाहरू संकलन गर्ने काम गर्‍यो । अरब मुलुकका ६० देखि ८० हजार 'स्वयंसेवी'हरू र धेरै पाकिस्तानीहरू पनि अफगानिस्तानमा 'धर्मयुद्ध' गर्न गए । यो धर्मयुद्ध त्यहाँ १० वर्षसम्म चल्यो । झण्डै एकहजार वर्षसम्म सुषुप्त अवस्थामा रहेको इस्लाम धर्मयुद्ध, जेहादको नारा एक्कासी घन्काइयो । इस्लाम र इसाई, पश्चिमा र पश्चिम एशियाली, धर्म र सैनिक, आर्थिक र मानवीय संसाधन, उदारवादी र सैनिक शासक सबै एकाकार भए र अफगानिस्तानमा जेहाद छेडे । ओसामा बिन लादेनको निर्माण यही पृष्ठभूमिमा भयो ।

ओसामा बिन लादेन आफैं पनि पुर्ख्यौली रूपमा धनी थिए । त्यसमाथि अफगानिस्तानमा भएको युद्धको दौरानमा उनले अमेरिकी गुप्तचर संस्थाहरू र साउदी अरबको सरकारबाट प्रशस्त धनसम्पत्ति आर्जन गरे । सन् १९८९ मा सोभियत संघ परास्त भएर अफगानिस्तानबाट फर्केपछि बिन लादेन पनि आफ्नो देश साउदी अरबमा फर्के । त्यतिबेलासम्ममा साउदी अरबमा अमेरिकी सरकारको प्रभुत्व धेरै

बढिसकेको थियो । र, त्यहाँको भूमिमाथि, त्यहाँको तेलमाथि उसको हालीमुहाली कायम भइसकेको थियो । त्यो देखेर पनि बिन लादेन अमेरिकाको विरोधमा लागे । र, उनी कट्टर इस्लाम पनि बने ।

अफगानिस्तानबाट सोभियत संघ फर्केपछि त्यहाँ केन्द्रीय सरकार स्थापना हुन सकेन । त्यहाँ विभिन्न समूहहरूको बीचमा गृहयुद्ध चलिरह्यो । त्यही बीचमा अफगानिस्तानको नियन्त्रण पाकिस्तानमार्फत् अमेरिका र साउदी अरेबियाको हातमा रहने गरी त्यहाँ कठपुतली सरकार स्थापना गर्ने प्रयास गरियो । त्यसको लागि धार्मिक कट्टरपन्थलाई उपयोग गर्दै तालिवानलाई अगाडि बढाइयो । सन् १९९६ मा अफगानिस्तानमा तालिवानको सरकार स्थापना भयो । तर १-२ वर्षभित्रै तालिबानले आफ्ना पहिलेका पृष्ठपोषकहरूको भन्दा भिन्दै र स्वतन्त्र अडान लिँदै गयो । धार्मिक कट्टरपन्थ झन् झन् बलियो बनाउँदै लग्यो । अमेरिका र पाकिस्तान भने अप्रत्यक्ष शासन गर्न खोज्ने, तर धार्मिक कट्टरपन्थलाई माथि जान नदिने पक्षमा रहे । यसैबाट तालिबानको अमेरिका, पाकिस्तानसँग अन्तरविरोध बढ्न थाल्यो ।

त्यसमाथि सुडानमा आतंककारी कार्य गरेको भनी अमेरिकाले दोष लगाएको व्यक्ति बिन लादेन सन् १९९६ देखि सुडान छोडी अफगानिस्तानमा नै आएर बसे । अमेरिका बिन लादेनलाई 'फर्काऊ' भन्ने, तालिवानहरू फर्काउन नमान्ने । अहिले भरखरै कुरा खुलेको छ- सन् १९९८ मा केन्या र तान्जानियामा रहेको अमेरिकी दुतावासमा आतंक मच्चाउने भनी दोषारोपण गरिएका बिन लादेनलाई अमेरिकाका तत्कालीन राष्ट्रपति बिल क्लिन्टनले समातेर ल्याउन वा मार्नको लागि अफगानिस्तानमा सैनिक दस्ता पठाएका थिए । तर उनीहरू असफल भएर फर्के ।

यही कारणले गर्दा पहिले अमेरिका आफैंले निर्माण गरेका बिन लादेन र अफगानी तालिवान सरकारलाई समाप्त पार्न अहिले उद्यत भएको छ । र, अफगानिस्तानको विरूद्ध युद्ध गर्ने क्रममा छ ।

यो अघोषित व्यापकताको र अनिर्णित कालको युद्ध संचालन गर्न अमेरिकी सरकारले आफ्नो देशभित्र धर्म र राष्ट्रियतालाई चरमचुलीमा पुऱ्याएको छ । त्यसै गरेर संचारमाध्यमहरूलाई, संगीतलाई, खेलकूदलाई राष्ट्रवादमय बनाएको छ । यसरी त्यहाँको समाजलाई नै यति राष्ट्रवादमय बनाइएको छ कि बिन लादेन र अफगानिस्तानलाई सैनिक रूपले नै नहानीकन अमेरिकी सरकारले 'बदला' पाउँदैन । यसलाई दीर्घकालीन युद्धको रूपमा हेरिएको छ । यस युद्धमा अमेरिकामा भएका सूचना, संगीत, राजनैतिक, आर्थिक, वित्तीय आदि जे जति स्रोतहरू छन्, ती सबै प्रयोग हुन्छन् भनिएको छ ।

## आतंकवादको मुहान

वास्तवमा अमेरिकाले आतंकवादलाई विश्वबाटै हटाउने नाममा अहिले गरिरहेको क्रियाकलापबाट विश्वमा झनै आतंक फैलिएको छ । वास्तवमा विश्वमा संरचनात्मक आतंकवादको सिर्जना साम्राज्यवाद र पश्चिमा मुलुकहरूबाट नै भएको छ । प्रत्यक्ष रूपमा जेलाई आतंकवाद भनेर साम्राज्यवादले परिभाषित गर्छ, त्यसलाई मात्र आतंकवाद भन्न सकिँदैन । बरू आतंक फैलाउने संरचनात्मक व्यवस्थालाई पनि आतंकवाद भन्नुपर्छ । किनकि त्यसले विश्वभरिका मान्छेको



*अहिले विकास भइरहेको साम्राज्यवादी विश्वव्यापीकरणको ऐतिहासिक घडीमा अर्थतन्त्रको विश्वव्यापीकरण मात्र नभएर आतंकवादको पनि विश्वव्यापीकरण हुन थालेको छ । र, अस्ति अमेरिकामा भएको आक्रमण त्यसैको थप संकेत हो ।*

जीवनमा नै व्यापक खलल ल्याइदिएको छ । त्यसैले आतंकवादको परिभाषा गर्दा त्यसलाई व्यापक परिप्रेक्ष्यमा हेर्नुपर्छ ।

अमेरिकी इतिहासकै कुरा गर्ने हो भने, धर्म, जातिवाद, र सम्पत्तिको नाममा अमेरिकन इण्डियन जातिहरू र कालाजातिमाथि विजय पाउनका लागि अमेरिका र अफ्रिकामा उनीहरूले आतंक नै मच्चाए । त्यस्तै किसिमले पूँजीवादले विभिन्न देशहरूमा औपनिवेशिक साम्राज्य फैलाएर ती देशहरूलाई आफ्नो कब्जामा पारे र त्यहाँ आतंक नै खडा गरे । दोस्रो विश्वयुद्धमा जापानको हिरोशिमा र नागासाकीमा अणु बम खसालेर ठूलो आतंक मच्चाए । ती बमहरू युद्धको दौरानमा खसालेको भए तापनि विश्वमै पहिलोपटक विशाल नागरिक बस्तीमा त्यस्तो विनाशकारी हतियार प्रयोग गरेर अपूर्व आततायी कर्म गरियो । त्यस्तै गरेर अमेरिकाको भियतनाम प्रवेश र त्यहाँ लामो समयसम्म चलाइएको भयानक र दर्दनाक युद्ध, कोरियामाथि गरिएको बारूदी आक्रमण, केन्द्रीय र दक्षिणी अमेरिकाका विभिन्न मुलुकहरूमा फैलाइएको आतंक, विशेष गरेर चिलीमा गरिएको आतंक, आतंकवादकै ज्वलन्त नमूना हुन् । चिलीमा अमेरिकाको पूर्ण समर्थन पाएका पिनोशेले त्यहाँका कति युवाहरूलाई प्लेनमा राखेर लगेर जिउँदै समुद्रमा फाल्न लगाए भने कति युवाहरूलाई गोली ठोकेर मार्न लगाए । त्यस्तै क्यूबाका राष्ट्र प्रमुखलाई अमेरिकाले कैयौंचोटि मार्न मान्छे पठाएको घटना इतिहाससामु छ ।

वास्तवमा अहिले चलिरहेको साम्राज्यवादी विश्वव्यापीकरण विश्व संरचनाकै तहको आतंकवाद नै हो । यसले विश्वका धेरै देशका जनताहरूमा आतंक फैलाइरहेको छ । यो साम्राज्यवादी विश्वव्यापीकरणको अवस्थामा कुनै पनि देशका जनताले चुनेर पठाएका प्रतिनिधिहरूले त्यस देशको राजनैतिक, आर्थिक र सांस्कृतिक नीतिहरू तर्जुमा गर्न नसक्ने अवस्था सृजना हुँदै गएको छ । ती देशहरूको राजनैतिक, आर्थिक र सामाजिक नीतिको तर्जुमा साम्राज्यवादी केन्द्रहरूको मातहतमा हुने क्रम छ । खासगरी तेस्रो विश्वका कुनै पनि देशका सरकारहरू अहिले निसहाय र निरीह हुँदैगएका छन् । किनभने, अब उनीहरूको हातमा त्यस देशको नीति-निर्माण गर्ने शक्ति नै छैन वा कम छ, आफ्नो देश तथा जनताको भविष्य निर्माण गर्न अब उनीहरू स्वायत्त बन्न सक्तैनन् । हाल कुनै पनि देशको भविष्य निर्धारण गर्ने शक्ति त्यहाँको जनता र सरकारबाट अन्तर्राष्ट्रिय पूँजीवादी, साम्राज्यवादी पश्चिमा सरकार र संगठनहरूको हातमा क्रमशः सर्दैगएको छ । यो स्थितिमा कुनै पनि देशका जनताले आफ्नो र आफ्नो देशको भविष्य निर्माण गर्ने हो भने आफ्नो देशको सरकार परिवर्तन गरेर मात्र नपुग्ने भएको छ । सिंगो साम्राज्यवादबाट निःसृत अन्याय, एकाधिकारवाद, असमानता आदिका विरूद्ध लड्न साम्राज्यवादले नै अत्यन्त दुर्बल बनाउँदै गरेको राष्ट्रिय घेराभित्र मात्र संघर्ष गरेर सफल हुनसक्ने स्थिति रहेन । साम्राज्यवादविरोधी शक्तिहरूबीचको ऐक्यबद्धता र दीर्घकालीन राजनैतिक, आर्थिक र सांस्कृतिक संघर्ष नै सफलताको एकमात्र बाटो हो । तर जब यस्तो ऐक्यबद्धता हुनसक्दैन, नाघ्नै नसकिने तगारो तेर्सिएको भेटिन्छ, त्यसबेला राजनैतिक संवाद र संघर्ष थाक्ने र टुट्ने हुन्छ । त्यसैबेला आतंकले वैधता प्राप्त गर्दछ ।

अहिले विश्वमा विकास हुँदैगरेको साम्राज्यवादी विश्वव्यापीकरणले गर्दा संवादबाट समस्या समाधान हुन सक्ने स्थिति कमजोर बन्दैछ । त्यसैले गर्दा विश्वमा केही कालयता अन्तर्राष्ट्रिय आतंकको विकास हुन थालेको हो । यस्ता आतंकहरू आफ्नो देशको सरकारप्रति मात्र केन्द्रित नभएर तिनै विदेशी मुलुक/संस्थाप्रति केन्द्रित हुन थाले । खास गरेर पश्चिम एशिया क्षेत्रमा आतंकवादले आमरूपमा वैधता पाएको छ । त्यसैले ती र अन्य क्षेत्रमा समेत जनताहरूले आफ्नो सरकारलाई हटाएर पनि आफ्नो देशको समस्या हल हुने भएन । किनकि त्यसको मूल जरो साम्राज्यवाद, यूरोप र अमेरिकामा नै गाडिएको छ ।


यसरी अहिले विकास भइरहेको साम्राज्यवादी विश्वव्यापीकरणको ऐतिहासिक घडीमा अर्थतन्त्रको विश्वव्यापीकरण मात्र नभएर आतंकवादको पनि विश्वव्यापीकरण हुन थालेको छ । र, अस्ति अमेरिकामा भएको आक्रमण त्यसैको थप संकेत हो ।

वर्तमान साम्राज्यावादी विश्व संरचना रहिरहेसम्म विश्वबाट आतंकवादको निर्मूल गर्न सक्ने सम्भावना नै छैन । यस सम्बन्धमा कतिपय विचारकहरूले भनेका छन् : "आतंकको त अन्त्य हुनुपर्छ, तर आतंकको अन्त्य गर्ने हो भने आतंकवादको कारणको पनि अन्त्य हुनुपर्छ ।"

त्यसकारण अहिलेको आतंकको कारणको छानबिन नगर्ने हो र त्यसको निदान हुँदै नजाने हो भने यो अहिलेको युद्धबाट मात्रै आतंकवाद निर्मूल हुन सक्दैन । युद्धबाट एक वा दुई वर्ष आतंकवाद घटेको जस्तो देखिएला वा घट्ला नै, तर यो दीर्घकालीन निदान हुन सक्दैन । एकजना बिन लादेन मर्लान्, तर अर्को बिन लादेन जन्मन सक्छ र, विश्व फेरि पनि आतंकित हुन्छ । ❑



सतहमा हेर्दा यस्ता आक्रमणहरूले अमेरिकी शासकवर्गको बेइज्जति गर्न सफल भए तापनि यसले अमेरिकी जनता र विश्वको जनमतलाई तिनै शासकवर्गको युद्धपिपासु नीतिको पक्षमा तान्दछ



# अमेरिकाको 'आतंकवाद-विरोधी युद्ध'को वास्तविकता के हो ?

–सागर


संयुक्त राज्य अमेरिकाको न्यूयोर्कस्थित विश्वव्यापार केन्द्रका जोडा भवनहरू (जुम्ल्याहा भवन) र वाशिंगटनमा रहेको प्रतिरक्षा भवन 'पेन्टागन'माथि आतंकवादी आक्रमण भएको अहिले चार हप्ता बितिसकेको छ । यी दुवै भवन अमेरिकाको आर्थिक तथा सामरिक साम्राज्यवादका प्रतीक केन्द्रहरू थिए । ती भवनहरूलाई धराशायी पार्नु आतंकवादीहरूको आश्चर्यजनक सफलता थियो र अमेरिकी सुरक्षा संयन्त्रको लज्जास्पद हार । यो अकल्पनीय घटनापछि 'नक्षत्र युद्ध' र 'क्षेप्यास्त्र प्रतिरक्षा प्रणाली'बारे बेला-बेलामा ठूलो स्वरले गर्जीरहने संयुक्त राज्य अमेरिका आफ्नो नाकैमुनि आक्रमणको योजना तैयार हुँदा पनि केही थाहा नपाउने 'कागजी बाघ' पो रहेछ भन्ने विश्वव्यापी चर्चा चलेको छ ।

अमेरिकी राष्ट्रिय पंक्षी चीलका नंग्राहरूभैं कठोर र निर्दयी अमेरिकी विदेश नीतिको पञ्जामा छटपटाई रहेका कैयौं खाडी देशका जनताहरूले यो घटनामा अमेरिकाको मानमर्दन भएको देखेर खुशीयाली पनि मनाए । तर अर्कोतिर आक्रमणकारीहरूद्वारा सैयौं नागरिकहरू सवार भएका विमानलाई क्षेप्यास्त्रभैं भवनहरूमा ठोकाइएर हज्जारौं निर्दोष व्यक्तिहरूको ज्यान लिने निन्दनीय कार्यले अमेरिका र विश्वकै जनतामा गहिरो शोक, क्रोध र घृणा पनि जन्मायो । अमेरिकी जनताको दुःख र आक्रोशको मनस्थितिलाई तुरुन्तै युद्धको पक्षमा मोड्न अमेरिकाको घोर प्रतिक्रियावादी सरकार र त्यसको नाइके राष्ट्रपति बुशलाई निकै सजिलो भयो । आतंकवादविरूद्ध युद्ध लड्ने नारा दिएर बुशले विरोधी डेमोक्रेटिक पार्टी, कांग्रेस र सिनेटको पूर्ण समर्थन प्राप्त गरे र राष्ट्रिय ढुकुटीबाट ४० औं अरब डलर खर्च गर्ने अनुमति पनि पाए ।

अमेरिकी साम्राज्यवादी स्वार्थलाई बिना कुनै लाजशरम पृष्ठ पोषण गर्ने अमेरिकी संचार माध्यमहरूले 'तेस्रो विश्वयुद्ध'को शुरूवात भएको दावी गरे र आवश्यकता परे नाभिकीय अस्त्र प्रयोग गर्न नहिच्किचाउने सुझाव पनि दिए । यो घटनामा आतंकवादी जालोका नाइके मानिने साउदी अरबी धनकुबेर ओसामा बिन लादेनलाई शंका गरियो । बिन लादेनले यसमा आफ्नो कुनै हात छैन भनी स्पष्टिकरण दिएको, छानवीनले अभै पनि बिन लादेनलाई अपराधी ठहऱ्याई नसकेको र बिन लादेन गुप्त रूपमा अफगानिस्तानबाहिर गैसकेको आशंका गरिएता पनि उसलाई 'जीउँदो या मुर्दा' पक्रिन अफगानिस्तानमाथि अमेरिकी आक्रमण शुरू भएको छ । सो आक्रमणमा अमेरिकालाई सघाउन

नेपालको हवाई मार्ग र विमानस्थल उपलब्ध गराइने जानकारी देउवा सरकारले दिएपछि र यतिले पनि नपुगेर नेपालमा अमेरिकी सैनिक राख्ने अमेरिकी प्रस्तावसमेत आएको परिप्रेक्ष्यमा यो युद्धमा नेपाल पनि प्रत्यक्ष रूपले मुछिनपुगेको छ । असंलग्न परराष्ट्र नीति बोकेको नेपालको यस संलग्नताको संभावित दुष्परिणाम आज सबै नेपालीहरूको चिन्ताको विषय बनेको छ ।

विगतका आतंकवादी आक्रमणहरू झैं यस घटनाले पनि यो प्रष्ट पारेको छ कि सतहमा हेर्दा यस्ता आक्रमणहरूले अमेरिकी शासकवर्गको बेइज्जति गर्न सफल भए तापनि यसले अमेरिकी जनता र विश्वको जनमतलाई तिनै शासकवर्गको युद्धपिपासु नीतिको पक्षमा तान्दछ । त्यसैले, साम्राज्यवादका विरूद्धमा सबैभन्दा अघिल्लो मोर्चामा संघर्षरत रहेका मार्क्सवादीहरू आतंकवादी कार्यहरूको कडा रूपले भर्त्सना गर्दछन् । मानव जीवनको यस्तो गैर-जिम्मेवार ध्वंशबाट कुनै पनि प्रगतिशील सामाजिक लक्ष प्राप्त हुन सक्दैन भन्ने उनीहरूको प्रष्ट अडान रहेको छ । भयावह हिंसात्मक कार्यद्वारा अमेरिकी शासकवर्गको नीतिलाई बदल्न सकिन्छ भन्ने भ्रमपूर्ण मान्यता राखेका आतंकवादी समूहहरूको आलोचना गर्दै मार्क्सवादीहरू यो प्रष्ट पार्दछन् कि अमेरिकी विदेश नीति बदल्नसक्ने सबैभन्दा निर्णयकारी पक्ति भनेको अमेरिकी जनता र विश्वका उत्पीडित जनताको संघर्षद्वारा तैयार हुने प्रभावशाली जनमत नै हो । हज्जारौं मानवजीवनको विभत्स हत्या गरेको यस कार्यवाहीले अमेरिकी र विश्वका जनतालाई अमेरिकी विदेश नीतिबारे सजग बनाउँछ कि उनीहरूलाई अझ बढी क्रूर नीतिको पछाडि लामबन्द गर्दछ ? घटनाक्रमले देखाएको छ- शोकग्रस्त अमेरिकी जनतामा अहिले 'रगतको बदला रगत'को भावनालाई नियोजित प्रकारले भड्काइएको छ । र, विवेकशून्य हुँदै गएका अमेरिकी जनता अत्याधिक संख्यामा युद्धको पक्षमा उभिन थालेका छन् । सुरक्षा व्यवस्थाको त्यस्तो निकम्मापन प्रदर्शित हुनु र देशलाई त्यत्रो क्षति पुग्दा राजीनामा दिनुपर्ने राष्ट्रपति बुश अहिले अमेरिकी 'काउ ब्वाय' शैलीमा मध्ययुगीन न्यायदाताको भेष धारण गरेर 'हिरो' हुनथालेका छन् । तर प्रतिशोधको यस प्रचण्ड हुरीमा पनि अमेरिकाभित्र नोम चोम्स्की, हावर्ड जीन, एडवर्ड साईदजस्ता बुद्धिजीवीहरू र विभिन्न वामपन्थी दल, संघ-संस्थाहरूले अमेरिकी जनतालाई आफ्नो विवेकको आवाज सुन्न अपील गरिरहेका छन् । र, यो आक्रमणपछाडि स्वयं अमेरिकाकै दोष कति रहेको छ भन्नेबारे पनि उनीहरूले जनसमुदायलाई सचेत पारेका छन् ।



*प्रसिद्ध लेखक तथा बुद्धिजीवी : नोम चोम्स्की*

**प्रतिशोधको यस प्रचण्ड हुरीमा पनि अमेरिकाभित्र नोम चोम्स्की, हावर्ड जीन, एडवर्ड साईदजस्ता बुद्धिजीवीहरू र विभिन्न वामपन्थी दल, संघ-संस्थाहरूले अमेरिकी जनतालाई आफ्नो विवेकको आवाज सुन्न अपील गरिरहेका छन्**


छानविनको रिपोर्टलाई गोप्य राखिएको हुनाले विश्वव्यापार केन्द्र भवन र पेन्टागनमाथि कसले आक्रमण गरेको हो भन्ने अझै यकिनसाथ भन्ने स्थिति छैन । तर अहिलेसम्मका समाचारहरूले यसमा अरब नागरिकहरूको संलग्नता देखाएको छ । अमेरिकी सरकारले बिन लादेनलाई शंका गरेको छ र अरबी नागरिकहरूको यसमा हात हुनसक्ने प्रवल संभावना छ । तर चोम्स्की, जीन र साईदहरूले प्रश्न गरेझैं यो सोध्नु आवश्यक छ कि अरबी जनतालाई आतंकवादी घटना घटाउने स्थितितिर धकेल्नमा स्वयं अमेरिकी विदेश नीतिकै कति हात छ ?

विगत १८ वर्षदेखि अमेरिकी सरकार मध्यपूर्वमा अघोषित युद्ध लडिरहेको छ । यसका बमवर्षक विमानले लेवनान, लिविया, इराक, इरान, सुडान र अफगानिस्तानमा यो अवधिभरि नै लगातारजसो बम वर्षाएका छन् । युद्धको घोषणा नगरीकनै इराकमा विगत ११ वर्षदेखि सैनिक अपरेशन भइरहेको छ । अरबी जनताले भोगेका बम वर्षाका रातहरू र आर्थिक नाकाबन्दीका पीडाहरूबारे अमेरिकी संचार माध्यम संवेदनरहित देखिन्छन् । अमेरिकी विदेश नीतिको कारणले गर्दा लाखौंको संख्यामा जुन देशका बालबच्चा र बयस्कहरू अकाल मृत्युको शिकार बनिरहेका छन्, त्यहाँका बासिन्दाहरू बदलाको भावनाले प्रेरित भएर आतंकवादी बन्न पुग्छन् भने त्यसको लागि प्रमुख जिम्मेवार को हो ? अमेरिकी विदेश नीति कि त्यसको उत्पीडनमा परेका अरब जनता ?


अहिले शंका गरिएका मुख्य आतंकवादी ओसामा बिन लादेन र उनका संरक्षक तालिवानलाई शुरूमा सि.आई.ए.ले नै तालिम दिएको कुरा पनि कसैबाट छिपेको छैन । जतिबेला अफगानिस्तानमा केटीहरूले स्कूलमा पढ्न पाउँथे र महिलाहरूलाई काम गर्न पाउने स्वतन्त्रता थियो, त्यतिबेला सोभियत समर्थित काबुल सरकारको तख्ता पल्टाउन अमेरिकाले नै बिन लादेन र तालिवानलाई प्रशिक्षण तथा हात-हतियार दिएको थियो । तालिवानहरू सत्तासीन भएपछि ती सबै न्यूनतम् स्वतन्त्रता पनि समाप्त भयो । समयको चक्रले यिनीहरूलाई नै अमेरिकाको अरब नीतिविरूद्ध उभ्याएपछि अमेरिकाले 'गाजर र छडी'को नीति अफगानिस्तानमाथि प्रयोग गर्दै आएको हो । आर्थिक नाकाबन्दीमार्फत् यसले अफगानिस्तानका ४० लाख देशबासीहरूलाई भोकमरीको शिकार बनायो, तर अर्कोतिर यो वर्ष १२ करोड डलरभन्दा बढीको 'मानवीय सहयोग' (केही हप्ताअघि मात्रै ४ करोड डलरको सहयोग) प्रदान गरेर अहिले पनि अफगानिस्तानको सबैभन्दा ठूलो दाता राष्ट्र अमेरिका नै भइरहेको छ । त्यसैले, अफगानिस्तानमाथि हाल चलिरहेको युद्ध बिन लादेनलाई 'दुलोबाट निकाल्न' मात्रै गरिएको हो भन्ने कुरा पत्याउन निक्कै गाह्रो छ । अमेरिकीहरू यो युद्धबाट अफगानिस्तानका रणनैतिक महत्वका क्षेत्रहरूमा आफ्नो सैनिक अखडा बनाउन चाहन्छन् र मध्य एशियाका तेलका कुवाहरू हात पार्न चाहन्छन् भन्ने विश्लेषण नै तर्कसंगत देखिन्छ ।

अफगानिस्तानको सामरिक महत्व किन यसरी बढेर गयो त ? यस प्रश्नप्रति विचार गर्दा हामीले विश्व शक्ति-सन्तुलन र महाशक्तिहरूको मोर्चाबन्दीमा आएका महत्वपूर्ण परिवर्तनलाई ध्यानमा राख्नुपर्ने हुन्छ ।

अमेरिका र चीनको बीच बढिरहेको आर्थिक तथा सामरिक प्रतिस्पर्धा, केही समयअघि रूस र चीनबीच भएको पारस्परिक रक्षाको सहमति, त्यसको लगत्तैपछि भएको अमेरिका र भारतको सामरिक सहयोगको सम्झौता आदिले विश्वमा नयाँ ध्रुवीकरण भएको देखिन्छ । शीत युद्धकालीन समयमा सोभियत संघ र भारतको घनिष्टता थियो र त्यसका



**अहिले शंका गरिएका मुख्य आतंकवादी ओसामा बिन लादेन र उनका संरक्षक तालिवानलाई शुरूमा सि.आई.ए.ले नै तालिम दिएको कुरा पनि कसैबाट छिपेको छैन**



विरूद्ध अमेरिका र चीनको मोर्चाबन्दी भएको थियो । अहिले स्थिति उल्टिएको छ । रूस अहिले पनि सैन्य शक्तिको हिसावले र नाभिकीय शक्तिको हिसावले अमेरिकालाई टक्कर दिनसक्ने शक्ति हो । त्यससँग चीनको मित्रता अमेरिकाको लागि राम्रो समाचार हैन । त्यसैले रूसलाई कमजोर पार्नु र चीनलाई घेर्ने एउटा स्थलको रूपमा अफगानिस्तानलाई प्रयोग गर्नु अमेरिकी रणनीतिभित्र स्वभाविक रूपले पर्ने कुरा हुन् । अफगानिस्तान इरान, पाकिस्तान, भारत र चीनजस्ता अमेरिकाका लागि अति महत्वपूर्ण देशहरूका साथै पूर्व सोभियत संघका उज्वेकिस्तान, तुर्कमेनिस्तान र ताजिकिस्तानजस्ता मध्य एशियाली गणतन्त्रहरूसँग पनि जोडिएको छ । यी देशहरू कजाकिस्तानसँग जोडिन्छन्, जसको सीमा रूससँग जोडिएको छ । यदि अमेरिकाले यी देशहरूलाई आफ्नो प्रभावमा लिनसक्यो भने (उज्वेकिस्तानले पहिलेदेखि नै अमेरिकालाई सैनिक अखडा प्रयोग गर्न दिइसकेको छ) 'नेटो'का सैनिक अखडाहरू वाल्टिक क्षेत्र, वाल्कन क्षेत्र, टर्की र यी गणतन्त्रहरूमा रहने छन् । यसरी रूसको घाँटीमा नेटोको सैन्य शक्तिले फन्दा हाल्न सक्छ ।

तर अमेरिकाको यस अभिप्रायबारे थाहा पाउँदापाउँदै पनि रूसले तालिवानविरोधी युद्धमा अमेरिकालाई सघाउने विवादास्पद निर्णय लिएको छ । तालिवानको शिर झुकाउनु अहिले अमेरिकाको प्रतिष्ठाको विषय भएकोले रूसलगायतका तालिवानविरोधी शक्तिहरूले यो स्थितिबाट फाइदा उठाउन खोजेका छन् । रूस आर्थिक सहयोगको निम्ति अमेरिकामाथि आश्रित छ, साथै चेचेन्याको युद्धबाट अमेरिका र तालिवानले हात झिकून् भन्ने यो चाहन्छ । तालिवानको

रूसको लागि 'उत्तरी मोर्चा'को जीत अफगानिस्तान-माथि अमेरिकाको पूर्ण प्रभुत्व हुन नदिने उपाय हो



रुसी राष्ट्रपति : पुटिन

विरोधमा अफगानिस्ताभित्रै विगत ५ वर्षदेखि युद्धरत 'उत्तरी मोर्चा' रूसद्वारा समर्थित मोर्चा हो । अफगानिस्तानका विरूद्ध युद्धको घोषणा गरेपछि अमेरिकाले 'उत्तरी मोर्चा'को सहयोग लिन हर संभव कोशिस गरेको छ, किनकि तिनीहरूको सहयोग नलिइकन अमेरिकाले अफगानिस्तानसँगको युद्ध जित्न सक्ने संभावना नै छैन । र, रूस समर्थित 'उत्तरी मोर्चा'को लागि तालिवानलाई पराजित गर्ने यो एउटा सुनौलो मौका भएको छ । रूसको लागि 'उत्तरी मोर्चा'को जीत अफगानिस्तानमाथि अमेरिकाको पूर्ण प्रभुत्व हुन नदिने उपाय हो । साथै सो सहयोग गरेबापत रूसले अमेरिकाबाट आर्थिक सहयोग पाउने तथा चेचेन्यामा अमेरिकाबाट हस्तक्षेप नहुने प्रत्याभूति लिने अवसर पनि छ । त्यसैले रूसी सेनाका केही प्रमुख जनरलहरूले विरोध गर्दागर्दै पनि राष्ट्रपति पुटिनले अमेरिकालाई रिझाउने नीति लिएको देखिन्छ ।


अफगानिस्तानसँगको युद्ध अमेरिकालाई महँगो पर्ने र यो अर्को भियतनाम बन्न सक्ने चेतावनीहरू पनि आइसकेका छन् । अफगानिस्तानलाई हवाई बमवर्षाबाट घुँडा टेकाउन सकिँदैन । सोभियतसँगको युद्धले गर्दा संसारमा सबैभन्दा बढी जमिनभित्र रहेका बारूदी सुरूङ्गहरू अफगानिस्तानमै छन् (करिब १० लाख जति) । यस अवस्थामा स्थलसेनाको प्रयोग गरेर अफगानिस्तानलाई बसमा ल्याउनु फलामको च्यूरा चपाउनुसरह हुनेछ । जुन उत्तरी मोर्चाको सहयोग लिएर अमेरिका यो युद्ध जित्न चाहन्छ, त्यो शक्ति रूसद्वारा समर्थित छ । यो थाहा पाउँदा पाउँदै पनि अमेरिका अफगानिस्तानसँग किन युद्ध गर्न चाहन्छ र सो युद्धको अभिप्राय के हो ?

यस प्रश्नबारे आफ्नो विचार राख्दै जारेद हजरायल र सह-लेखकहरू भन्छन् : "अमेरिका अफगानिस्तानलाई पराजित गर्न चाहँदैन । यो त अफगानिस्तानमा आफ्नो सैनिक अखडा स्थापित गर्न चाहन्छ, जसद्वारा छिमेकी गणतन्त्रहरूमा सशस्त्र झै-झगडाहरू मच्चाउन सकियोस् र आफ्नो प्रभुत्व स्थापित गर्न सकियोस् । तालिवानलाई हटाउनुको सट्टा वाशिंगटनले तिनीहरूलाई अमेरिकी शैलीमा यस्तो प्रस्ताव गर्नेछ, जो तालिवानले अस्वीकार गर्न सक्ने छैनन् । "या त अमेरिकासँग युद्ध लड र सखाप होऊ, या त हामीसँग हातेमालो गर र प्रशस्त पैसा र हात-हतियारका साथै लागु पदार्थको खुलेआम व्यापार गर, त्यसरी नै, जसरी अमेरिकाले युगोस्लाभियाविरोधी कोसोभो-मुक्ति सेनालाई त्यस्तो व्यापारबाट अकूत सम्पत्ति जोड्न सहयोग गरेको थियो ।"

तर अमेरिका यो उद्देश्यमा त्यति सजिलै सफल होला भनेजस्तो देखिँदैन । आतंकवादी आक्रमणको विरोधमा उठेको विश्वजनमतले अफगानिस्तानमाथिको बम प्रहारलाई न्यायोचित मान्न सक्दैन । एउटा आतंकवादी आक्रमणको विरोधमा यो अर्को, खुला र चर्को आतंकवादी आक्रमण ठहरिनेछ । यसै कारणले गर्दा सरकारहरूले समर्थन जनाए पनि पाकिस्तान र मध्यपूर्वका धेरै देशहरूमा अमेरिकाविरोधी आन्दोलन तीव्र भएर गएको छ । भर्खरै ग्रीसमा यूरोपेली संघअन्तर्गत भएको फूटबल खेलमा अमेरिकी र इजरायली झण्डाहरूलाई जलाइयो र 'अमेरिकी हत्याराहरू' भन्दै भीडले नारा लगायो । युरोपमा यसरी अमेरिकाविरोधी भावना देखिनुले अमेरिकी शासक वर्ग चिन्तित भएको छ । भूमण्डलीकरणको विरोधमा उठेको विश्वव्यापी विरोधको लहरले अहिलेको युद्ध पिपासु नीतिको तीव्र विरोध गर्न थालेको छ र अमेरिकाभित्रै युद्धको विरोधमा जुलुस प्रदर्शन हुन थालेको छ । अमेरिकालाई थप अर्को संकट के पनि छ भने यो लगायत सम्पूर्ण जी-८ राष्ट्रहरू आर्थिक मन्दीको दलदलमा फसेको बेला यो युद्ध हुन थालेको छ । युद्धले अमेरिकाको अर्थ व्यवस्थालाई झनै संकटमा फसाउन बेर छैन ।

हुन त सन् २००१ को शुरूदेखि नै अमेरिकाको आर्थिक स्थिति तीव्र रूपले खस्किरहेको हो । र, आफ्नो आर्थिक स्थितिलाई मन्दीबाट बचाउन पूँजीवादी देशहरूले बेला बेलामा युद्धको सहारा लिने गर्दछन्, ता कि सैन्य उद्योगहरूको मुनाफाबाट आफ्नो डाँवाडोल आर्थिक स्थिति सुधार्न सकियोस् । यो विन्दुबाट हेर्दा विश्वव्यापार केन्द्र र पेन्टागनमाथि आक्रमण हुने स्थिति सृजना गर्न दुवै अमेरिकी सुरक्षा निकायको आफ्नै भूमिका पनि रहेको त छैन भन्ने आशंका पनि उठेको छ । विशेषतः बेलायतको गुप्तचर विभागले अमेरिकाको सुरक्षा प्रबन्धको ढिलासुस्ती 'आश्चर्यलाग्दो र अविश्वसनीय' भनेर टिप्पणी गरेपछि त्यस्ता प्रश्नहरू उठेका थिए । युद्ध गर्न अमेरिकी जनतालाई सहमत गराउन अमेरिकाको संवेदनशील स्थानमा आतंकवादी आक्रमण होस् भन्ने चाहना राखेको, त्यसैले सेनाको

*बीसौं वर्षदेखि चल्दै आएको गृहयुद्धमा युद्धको पर्याप्त अनुभव हासिल गरेका तालिवानी सेना*



**अफगानिस्तान-सँगको युद्ध अमेरिकालाई महँगो पर्ने र यो अर्को भियतनाम बन्न सक्ने चेतावनीहरू पनि आइसकेका छन् ।**


एउटा अंगले सुरक्षा प्रबन्धमा केही ढिलाइ गरेको, तर स्थिति नियन्त्रणभन्दा बाहिर गएकोले उनीहरूले कल्पना गरेको भन्दा कैयौं गुणा ठूलो आक्रमण भएको हुनसक्ने संभावनाप्रति टेड ग्रान्ट र एलेन वुड्सले आफ्नो लेखमा औंल्याएका छन् । बुशको डाँवाडोल भएको राजनैतिक स्थितिलाई सुदृढ बनाउन र अमेरिकी अर्थव्यवस्थालाई पिंध नभएको खाल्डोमा खस्नबाट बचाउन युद्धको सहायता लिने योजनाअन्तर्गत त्यस्तो घटना घट्न सक्ने संभावनालाई नकार्न सकिँदैन ।

युद्धको कारणले गर्दा हतियारहरूको उत्पादन र बेच-बिखनमा तीव्रता आउँछ र त्यसले अमेरिकी अर्थ व्यवस्थाको हालतमा सुधार ल्याउँछ भन्ने सोचअनुरूप अहिले अमेरिकामा शेयरको मूल्यमा केही सुधार आउन थालेको देखिन्छ । तर कथम्-कदाचित यो सोचअनुरूप आफूमाथि आक्रमण गराउने बुश प्रशासनकै हात रहेछ भने पनि यसमा उनीहरूको क्षमताले भ्याउनेभन्दा ठूलो जुवा खेलेको मान्नु पर्नेछ । यो द्वितीय विश्वयुद्धको अमेरिका होइन, जो युद्धमा एक लामो अवधिसम्म आफै संलग्न थिएन, तर अरू युद्धरत देशहरूलाई हातहतियार र अन्य सरसामान बेचेर र कर्जा दिएर संसारको सबैभन्दा धनी राष्ट्र बन्न पुगेको थियो । मुख्य रूपले अमेरिकाले नै लड्नु पर्ने यो युद्धमा अमेरिकाको संचित पूँजी खर्च भई द्वितीय विश्वयुद्धपछिको बेलायतभैं अहिलेको स्थानबाट खस्केर तल भर्ने संभावना नै बढी छ । अमेरिकाको युद्ध चाहनाले विश्वका उत्पीडित जनताको युद्धविरोधी भावनालाई प्रज्वलित गर्ने नै छ र यसले एकपछि अर्को जनक्रान्तिको लहरलाई जन्म दिनेछ । अमेरिकी जनताको आँखामा सुरो देखिन युद्धका नगराहरू बजाइरहेको बुशले के कुरामा ध्यान पुऱ्याएको देखिँदैन भने, 'जुम्ल्याहा धरहरा'भैं अमेरिकी अर्थव्यवस्था पनि धुलीसात हुन सक्छ । र, त्यो बुशकै युद्ध नीतिहरूको कारणले घटित हुनसक्छ । ❑


सन्दर्भ सामाग्रीहरू:

- नोम चोम्स्कि : बम आक्रमणबारे, १४ सितेम्बर- २००१
- सिउमास मिल्न : अमेरिकामा आतंकवाद, 'द गार्जियन' १३ सितम्बर- २००१
- विश्व सामाजावदी वेवसाइट : न्यूयोर्क र वाशिंगटनमा भएका आक्रमणका राजनैतिक जराहरू, १२ सितम्बर- २००१
- टेड ग्रान्ट र एलेन वुड्स : यू.एस. आत्मघाती बम प्रहार- आतंकवादले प्रतिक्रियावादलाई सघाउँछ, १२ सितम्बर- २००१
- जारेद हजरायल र साथीहरू : वाशिंगटन किन अफगानिस्तान चाहन्छ ?, १८ सितम्बर- २००१
- विश्व समाजवादी वेव साईट : (सम्पादकीय) किन बुश प्रशासन युद्ध चाहन्छ ?, १४ सितम्बर- २००१


# नेपाल अमेरिकी स्वार्थसिद्धिको सामरिक केन्द्र बन्ने खतरा !



- लीलामणि पोखरेल, सांसद तथा महासचिव, संयुक्त जनमोर्चा

गत सेप्टेम्बरको ११ तारिखमा अमेरिकाको वाशिङ्टन र न्यूयोर्क शहरमा गरिएको विमान आक्रमणको जिम्मेवारी औपचारिक रूपमा अहिलेसम्म कसैले लिएको छैन । अमेरिका र ऊसँग सम्बद्ध राष्ट्रहरूले एकपक्षीय रूपले त्यो आक्रमण अहिले अफगानिस्तानमा रहँदै आएका साउदी अरबका धनाढ्य ओसामा बिन लादेनले गराएका हुन् भनेर आरोप लगाइरहेछन् ।

अमेरिकाले अहिलेसम्म कुनै बेलामा पनि विश्वमा शान्तिको रक्षा सहयोग गर्ने भनेर जुन बचनबद्धता जाहेर गरेको छ, त्यो असंवैधानिक रहेको छ । र, त्यो नेपालको राष्ट्रिय सार्वभौमिकता विरूद्धमा पनि छ ।

नेपालको वर्तमान संविधानको धारा २६ को उपधारा १५ ले संयुक्त राष्ट्र संघको बडापत्रमा उल्लेखित पंचशीलको सिद्धान्तमा आधारित रहेर असंलग्न परराष्ट्र नीति अवलम्बन गर्ने र विश्वशान्तिलाई अगाडि बढाउने प्रतिबद्धता जाहेर गरेको छ । अमेरिकी सैनिक गतिविधि र त्यसको गूटबन्दीमा लाग्नु भनेको असंलग्न नयाँ सामरिक गठनबन्धन भएको छ ।

एकातिर भारत सँधैभरि नेपाललाई आफ्नो सुरक्षा-छातामुनि राख्न चाहन्छ । अर्कोतिर, अमेरिका पनि चीनको विरूद्ध गतिविधि गर्नको निम्ति नेपाली भूमि प्रयोग गर्न धेरै समय पहिलेदेखि प्रयत्नरत रहँदै आएको छ । यस्तो अवस्थामा भारत र अमेरिका दुवैको संयुक्त प्रयास र नेपालको सरकारको साम्राज्यवाद-प्रतिको दलाल प्रवृत्तिले गर्दा अहिलेको खतरनाक स्थिति पैदाभएको छ । यो स्थितिले नेपाललाई दूरगामी ढंगबाट प्रतिकूल दिशामा लग्नेछ । र, नेपालमा अमेरिकी साम्राज्यवादको स्वार्थ-सिद्धिको निम्ति एउटा सामरिक केन्द्र बन्नसक्ने खतरा प्रस्तुत भएको छ ।

गर्न सकेको छैन । यसको उल्टो साम्राज्यवादी चरित्र ग्रहण गर्दै उसले विश्वव्यापी रूपमै हत्या, हिंसा र आक्रमण गर्दै अशान्तिको वातावरण सिर्जना गर्दै आइरहेको छ । जहाँसम्म बिन लादेनको सवाल छ, हिजो अमेरिकाले नै सोभियत संघविरूद्ध हिंसा भड्काउन उसलाई जन्माएको थियो । तर अहिले उही बिन लादेन अमेरिकी साम्राज्यवादीको निम्ति दुश्मन बनिरहेछन् । अहिले विश्वबाट कथित आतंकवाद हटाउन भनेर साम्राज्यवादी अमेरिकाको अगुवाइमा बिन लादेन बसिरहेको देश अफगानिस्तानविरूद्ध जनमत तयार गर्न गरिएका गतिविधिहरू र त्यहाँ गरिन थालेको युद्ध स्वयं नै विश्वयुद्ध निम्त्याउने अमेरिकाको अपराधिक षडयन्त्र हो । यस्तो षडयन्त्रमा हाम्रो देशको वर्तमान सरकारले अमेरिकी नेतत्वमा हुने गतिविधिलाई पूर्ण रूपमा नीतिको विरूद्धमा जानुका साथै नेपालको संविधानको पनि विरूद्धमा जानु हुन्छ ।

अर्को कुरा, मैले अगाडि पनि भनें, यो कदम हाम्रो राष्ट्रिय सार्वभौमिकताको विरूद्धमा छ । मुलुकभित्र विदेशी सेना बस्नु, विदेशी सेनाले अड्डा जमाउनु र विदेशी सैनिक जहाजहरू अवतरण गर्नु तथा तिनीहरूलाई इन्धन भर्न दिनु हाम्रो राष्ट्रिय सुरक्षाको विरूद्धमा जानु हुन्छ । हाम्रो राष्ट्रिय सार्वभौमिकताको विरूद्धमा जानु हुन्छ ।

त्यस्तै, अहिले अमेरिकाले नेपालमा सैनिक गतिविधि बृद्धि गर्नको निम्ति एउटा बहाना भेटेको छ । दक्षिण पूर्वी एशियाली मुलुकहरूमा नयाँ शक्ति सन्तुलनको स्थिति विकास भएको छ । चीनको बढ्दो शक्तिको स्थिति र त्यसलाई नियन्त्रण गर्नको निम्ति अमेरिका र भारतको बीचमा

> **अहिले अमेरिकाले नेपालमा सैनिक गतिविधि बृद्धि गर्नको निम्ति एउटा बहाना भेटेको छ ।**

सरकारले चालेको यस्तो असंवैधानिक, राष्ट्रिय स्वार्थ विपरित र राष्ट्रिय सार्वभौमिकताको विपरित, दूरगामी रूपले नेपालको भविष्यलाई अत्यन्तै नकारात्मक प्रभाव पार्ने काम कार्वाहीविरूद्ध जनताका बीचमा जनमत तयार गर्ने र साम्राज्यवाद-विरूद्धमा जनसंघर्ष तेज पार्ने दिशामा हामी अगाडि बढिरहेका छौं ।

यसै कुरालाई लिएर प्रतिनिधि सभामा सबभन्दा पहिले मैले कुरो उठाएको छु । जब सरकारले नेपाली आकाश अमेरिकी युद्धक जहाजहरूलाई उपलब्ध गराउने र तिनीहरूलाई नेपालमा तेल भर्न स्वीकृति दिने कुरा जानकारीमा आयो, त्यसलाई विरोध गरेर प्रतिनिधि सभामा सबभन्दा पहिले र सबभन्दा कडा अवाज मैले उठाएको छु । मलाई लाग्छ, मेरो यो आवाजले संपूर्ण स्वाभिमानी नेपालीहरूको आवाजलाई प्रतिनिधित्व गरेको छ । ◉



सैनिक आयोगद्वारा आफूमाथि लगाइएको देशद्रोहको आरोपविरूद्ध बयान दिँदै क. सिसों (बीचमा) आफ्ना वकिलहरूका साथ

**शान्तिवार्ता र जनयुद्धबीच कसरी बढ्दैछ फिलिपिनो कम्युनिष्ट आन्दोलन ? २**

# वार्तामा कम्युनिष्टहरूको क्रान्तिकारी एजेण्डा

- राजेन्द्र महर्जन -

फिलिपिन्समा सन् १९८६-८७ को युद्धविराम र शान्तिवार्ता भंग भएपछि यस्तो स्थिति देखिएको थियो- अब भीषण युद्धबाहेक अर्को कुनै विकल्प छैन ।

हो, निश्चित रूपमा भीषण युद्ध शुरू भयो । यसका साथसाथै युद्ध अन्त्य गर्नका लागि शान्तिवार्ताको प्रयास पनि जारी रह्यो ।

अक्विनो सरकारका लागि युद्ध र शान्ति वार्ताको केवल एउटै मात्र उद्देश्य थियो- सशस्त्र संघर्षलाई निमिट्यान्न पार्नु र आफ्नो प्रतिक्रियावादी सत्ता सुनिश्चित पारिराख्नु । तर जनताको संघर्षको नेतृत्व गरिरहेको फिलिपिनो कम्युनिष्ट पार्टी (CPP)को भने युद्ध र शान्ति-वार्ताको अर्कै ध्येय थियो- जनताका लागि न्याय र स्थायी शान्ति कायम गर्नु ।

सरकार र कम्युनिष्टहरूको यही अन्तरविरोधी उद्देश्यले गर्दा युद्ध र शान्ति-वार्ताको प्रयास समानान्तर रूपमा चलिरह्यो, कहिले अनौपचारिक वार्तामार्फत्, कहिले युद्ध क्षेत्रका गोलीहरूमार्फत् ।

सन् १९८७ को मार्चमा कम्युनिष्ट पार्टी र लालसेना सम्मिलित संयुक्त मोर्चा : नेशनल डेमोक्रेटिक फ्रन्ट (NDF)ले नयाँ चरणका शान्ति-वार्ता चलाई सशस्त्र संघर्षको मुख्य कारणहरूलाई सम्बोधन गर्नका लागि प्रस्ताव राख्यो । तर सरकारले आफूले क्षेत्रीय र स्थानीय स्तरका लालसेनाका कमाण्डरहरूसँग वार्ता चलाइरहेको भूठो दावी गरेर फ्रन्टको जायज र समयसापेक्ष प्रस्तावलाई हावामा उडायो ।

अमेरिकी साम्राज्यवादले सैनिक सहायता बढाएको कारणले उत्ताउलो भएको सरकारले एकातिर सैनिक परिचालनलाई तीव्र र व्यापक पार्‍यो, अर्कोतिर 'शान्ति र सुव्यवस्था परिषद्' गठन गर्ने र हत्याराहरूको दस्ता भिजिलान्तेहरूको परिचालनद्वारा नरसंहारलाई सर्वत्र फैलाउने कार्य पनि थाल्यो । यस्तो स्थितिमा समेत शान्ति-वार्ताको प्रस्ताव राख्दै फ्रन्टले सरकारलाई नंग्याउने क्रममा आफूले सही गरेको जेनेभा महासन्धिको प्रोटोकल नं. २ लागू गर्न दवाब दियो । पटक-पटक वार्ताका लागि आह्वान गर्दै बसेको फ्रन्टले अन्ततः डिसेम्बर २४-२६ सम्म र डिसेम्बर ३१ देखि जनवरी १ सम्म मानवीय नाताले एकपक्षीय रूपमा युद्धविराम लागू गरेर सरकारलाई अप्ठ्यारोमा पारिदियो । र अन्ततः सरकारले पनि नाकको चालले अनिच्छापूर्वक युद्धविराम घोषणा गर्नु पर्‍यो ।



फिलिपिन्स सरकारको सेनाका एक जवान : लालसेनाहरूका विरूद्ध तिखो आँखा लगाउँदै

**कम्युनिष्ट पार्टी र लालसेना सम्मिलित संयुक्त मोर्चा : NDF ले नयाँ चरणको शान्ति-वार्ता चलाई सशस्त्र संघर्षका मुख्य कारणहरूलाई सम्बोधन गर्नका लागि प्रस्ताव राख्यो, तर सरकारले....**

## *युद्धबीच भण्डाफोरको कार्य*

सन् १९८८ मा सरकार र कम्युनिष्टहरूको फ्रन्टबाट युद्धविराम र शान्ति-वार्ताका लागि महत्वपूर्ण प्रयासहरू भएनन् । गरम युद्ध र शीत युद्धमा तीब्रता थप्ने क्रममा राष्ट्रपति कोराजोन अक्विनोले आफ्नो कार्यकालभित्रै लालसेनालाई निमिट्यान्न पार्ने नीतिअन्तर्गत सेनाद्वारा 'सम्पूर्ण युद्ध' अघि बढाइन् ।

उता सरकारसँग वीरतापूर्वक सम्पूर्ण युद्ध लडिरहेका कम्युनिष्टहरूले अमेरिकी साम्राज्यवादको पेन्टागन र विदेश मन्त्रालयको आदेश र सहयोगमा 'सम्पूर्ण युद्ध' संचालन गरिरहेको अक्विनो सरकारको शान्ति-वार्ताविरोधी रबैयाको भण्डाफोर गर्दै सबै विपक्षी पार्टीसँग वार्ता चलाउने र ती वार्ताहरूमार्फत् अक्विनो सरकारलाई शान्तिवार्ता गर्न दवाब दिने नीति अख्तियार गऱ्यो । यसले गर्दा सरकार झन् नराम्ररी एक्लियो ।

यस्तो अवस्थामा डिसेम्बर, १९८८ मा एकाएक सरकार र कम्युनिष्टहरूबीच शान्ति-वार्ता गराउन तेस्रो पार्टीको रूपमा 'कोयलिशन फर पीस' नामक मंच देखापऱ्यो । तर उसले प्रस्तावित गरेको वार्ताको घेरो दमनकारी सरकारमाथि आस्था राख्नुपर्ने, सरकारी संविधान मान्नुपर्ने र स्थानीय स्तरमा शान्ति-वार्ता गर्ने कार्यमै सीमित थियो, जुन घेरो सरकारद्वारा दशौं पटक निर्माण गरेर थोत्रो पारिइसकेको थियो ।

## वार्ताको प्रयास तुहियो

सन् १९८९ मा फिलिपिन्सका क्याथोलिक धर्मावलम्बीको संस्था-एन.सी.सी.पी.ले सरकार, फ्रन्ट र मोरो नेशनल लिबरेशन फ्रन्टबीच सशस्त्र संघर्षको सवालमा शान्ति-वार्ता चलाउने प्रस्ताव अगाडि राख्यो । 'वर्ल्ड काउन्सिल अफ चर्चेज'जस्ता शान्ति-वार्ताका लागि विश्वभरि नै चर्चित अन्तर्राष्ट्रिय संस्थाहरूको समर्थन प्राप्त यो प्रस्ताव केही समयसम्म चर्चित रह्यो । तर यो फलदायी भने हुनसकेन ।

सन् १९८९, फेब्रुअरी मा फ्रन्टका प्रमुख अन्तर्राष्ट्रिय प्रतिनिधि लुइस जालान्दोनीले शर्तसहित नयाँ चरणको शान्ति-वार्ताको थालनी गर्ने पक्षमा आफ्नो विचार सावजनिक गरे । उनले शर्तको रूपमा सन् १९९१, सेप्टेम्बर १६ भन्दा पछिको समयका लागि फिलिपिन्सस्थित अमेरिकी सैनिक अखाडासम्बन्धी सम्झौता नवीकरण नगर्ने घोषणा गरेमा वार्ता सजिलै गर्न सकिने विचार प्रस्तुत गरेका थिए । उता, अक्विनो सरकारले अमेरिकी साम्राज्यवादद्वारा आफ्नो सार्वभौमसत्ता मिचिरहेको इतिहासलाई बिर्सेर अर्को शर्त राख्यो : लालसेनाले आफ्ना हात-हतियारहरू समर्पण गरेमा वार्ता हुनसक्छ ।

अप्रिलमा फ्रन्टका प्रवक्ता सातुर ओकाम्पोले आफ्ना प्रमुख अन्तर्राष्ट्रिय प्रतिनिधि जालान्दोनीकै शर्त र विचारलाई दोहोऱ्याउँदै शान्ति-वार्ताका लागि एकतर्फी रूपमा युद्धविराम घोषणा गर्ने विचार राखे । उनले



राष्ट्रपति : कोराजोन अक्विनो

**गरम युद्ध र शीत युद्धमा तीव्रता थप्ने क्रममा राष्ट्रपति कोराजोन अक्विनोले आफ्नो कार्यकालभित्रै लालसेनालाई निमिट्यान्न पार्ने नीतिअन्तर्गत सेनाद्वारा 'सम्पूर्ण युद्ध' अघि बढाइन्**

जुलाईमा सोही प्रस्ताव अगाडि राखेपछि अक्विनो सरकारले आफूलाई फ्रन्टका थोत्रा मन्त्रहरू नचाहिएको टेढो जवाफ दियो । त्यसको लगत्तै शान्ति-वार्ताको वातावरण विथोलिने शर्तमा पनि उसले फ्रन्टका प्रवक्ता तथा पहिलेका वार्ताकार ओकाम्पो र क्यारोलिना मलयलाई मनिलाबाट गिरफ्तार गऱ्यो ।

अगस्टमा अक्विनो सरकारले लाजै नमानीकन वार्ताको कुरा चलाउन आफ्ना आसेपासेहरूको टोली नेदरल्याण्ड पठायो । त्यहाँ उनीहरूले फिलिपिनो कम्युनिष्ट पार्टीका संस्थापक अध्यक्ष क. होसे मारिया सिसों र लुइस जालान्दोनीसँग भेटेर वार्ताको शुरूवात गर्न कुराकानी चलाए । विदेशमा वार्ता गर्ने समझदारी बनिसकेको स्थितिमा डिसेम्बर, १९८९ मा भएको सैनिक विद्रोहको प्रयासपछि यो पहलकदमी पनि तुहियो ।

यसैबीच नेशनल पीस कन्फरेन्स, इन्टरनेशनल अलर्टजस्ता धार्मिक र मानवअधिकारवादी संस्थाहरूले शान्ति प्रयासका लागि नघचघच्याएका होइनन् । तर सरकारको शान्ति-वार्ताविरोधी रबैयाले व्यवधान खडा गरिरह्यो ।

अन्ततः फिलिपिन्सको उत्तरी लुजोन क्षेत्रमा गएको ठूलो नरसंहारकारी भूकम्पको कारणवश फ्रन्टले मानवीय सरोकार देखाएर एकतर्फी रूपमा त्यस क्षेत्रमा युद्धविराम घोषणा गरेपछि सरकार र फ्रन्टका प्रतिनिधिबीच भेटघाट भयो । तर सरकारले फ्रन्टको एकतर्फी युद्धविरामलाई ध्यानमा राखेर आफूले पनि युद्धविराम घोषणा गर्नु जरूरी ठानेन र शान्ति-वार्ताका लागि अरूचि प्रकट गरिरह्यो । र, मानवअधिकार, धर्म, वर्गसँग सम्बन्धित संगठनहरूले देशव्यापी रूपमा चर्को दवाब दिन थालेपछि मात्रै उसले अनिच्छापूर्वक युद्धविरामको घोषणा गऱ्यो ।

## संविधानको सीमा अस्वीकार्य

यही दवाब निर्माणको क्रमसँगै 'मल्टिसेक्टरल पीस एड्भोकेट्स' (MSPA) नामक मंचको निर्माण भयो । दक्षिणपन्थीदेखि वामपन्थीहरूको सहभागिता भएको यस मंचले सरकार र फ्रन्टबीच द्विपक्षीय वार्ताको आधारशीला र प्रक्रिया निर्धारण गरेर वार्ताको तेस्रो पार्टीको भूमिका खेल्न थाल्यो । त्यसले वार्ताले सशस्त्र संघर्षका मूल जराहरूलाई सम्बोधन गर्नुपर्ने र आवश्यक भए विदेशमा गएर भए पनि शान्ति-वार्ता गर्नुपर्ने प्रस्ताव अगाडि ल्यायो ।

यस मंचले अन्य प्रस्तावहरूमा फ्रन्टलाई सरकारले विद्रोही पक्षको रूपमा मान्यता दिनु पर्ने, फ्रन्टले सरकारी संविधान स्वीकार्नु पर्ने, स्थानीय स्तरमा शान्ति कायम गर्ने, फ्रन्टले हतियार समर्पण गर्नुपर्ने शर्त पनि राखेको थियो । फ्रन्टले आफू सरकारसँग युद्धरत पक्ष भएकोले सोही दर्जा पाउनु पर्ने र सरकारी संविधान स्वीकार्य नभएको अडान राख्यो भने अरू शर्तहरूलाई भने ठाडै अस्वीकार गऱ्यो । अतः यो प्रयास पनि तुहियो ।

यसैबीच फ्रन्टको आह्वानमा राष्ट्रपति अक्विनोका नजीकका सहयोगी र लुइस जालान्दोनीबीच सिंगापुरमा सेप्टेम्बर २३ र २४ मा वार्तचित भयो । तर कुनै महत्वपूर्ण सहमतिबिना नै सम्पन्न भएको सो कुराकानीपछि समझदारीको वातावरण भने बन्न थाल्यो ।

## विदेशमा अनौपचारिक कुराकानी

त्यसको लगत्तै फिलिपिन्सको संसदको नेशनल डिफेन्स कमिटीका अध्यक्ष तथा अक्विनोका निकटतम सहयोगी होसे याप सहितको टोलीले नेदरल्याण्डको आम्स्टर्डम गएर होसे मारिया सिसों, जालान्दोनी र फ्रन्टका अन्तर्राष्ट्रिय प्रतिनिधि बाइरन बोकारसँग भेटघाट गऱ्यो । द्विपक्षीय

*नेदरल्याण्डमा सरकारी प्रतिनिधिहरूले फिलिपिनो कम्युनिष्ट पार्टीका संस्थापक अध्यक्षसँग भेटेर वार्ताको शुरूवात गर्न कुराकानी चलाए*



फिलिपिनो कम्युनिष्ट पार्टीको अठारौं वर्ष प्रवेशको उपलक्ष्यमा पिलिपिन्सको एउटा गाउँमा आयोजित गाउँसभा

# कम्युनिष्टहरूद्वारा प्रस्तुत क्रान्तिकारी एजेण्डा

## मानव अधिकार र मानवतावादी कानूनहरुको बारे

क) जेनेभा महासन्धि र अन्य अन्तर्राष्ट्रिय मानवतावादी कानूनहरुको सम्मान र पालना गर्ने ।

ख) सरकारका 'सम्पूर्ण युद्ध'को नीतिको अन्त्य, मानवअधिकार उल्लंघनको छानबिन र उल्लंघन-कर्ताहरुमाथि कारवाही र उल्लंघनको शिकार भएका व्यक्तिहरुलाई क्षतिपूर्ति एवं आन्तरिक शरणार्थीहरुको आ-आफ्नो स्थायी वासस्थान फर्कने व्यवस्था गर्ने ।

ग) सम्पूर्ण दमनकारी ऐन-कानूनहरुको खारेजी र वारेन्ट जारी नगरिकन गरिएका गैर-कानूनी गिरफ्तारीहरुलाई सर्वोच्च अदालतद्वारा उल्टाउने व्यवस्था गर्ने ।

घ) युद्ध क्षेत्र र युद्ध प्रभावित इलाकाहरुमा रेडक्रसको अन्तर्राष्ट्रिय समिति र अन्य औषधोपचारमा संलग्न व्यक्ति र संस्थाहरुको सुरक्षित आवागमन र कामकाजको व्यवस्था गर्ने ।

ङ) शिक्षा, स्वास्थ्य र धर्मसँग सम्बन्धित स्कूल, हेल्थपोष्ट, अस्पताल, मन्दिरहरुलगायत शरणार्थीसम्बन्धी स्वयंसेवी संस्थाहरु र जेनुइन खालका एनजीओहरुका विकासे परियोजनाहरुका व्यक्ति, सुविधा र कामहरुको सम्मान गर्ने ।

च) संयुक्त राष्ट्रसंघीय एजेन्सी वा अन्तर्राष्ट्रिय रेडक्रसमार्फत् राजबन्दीहरुको आदान-प्रदान गर्ने ।

छ) प्राकृतिक प्रकोप भएको बेला र औषधोपचारको आवश्यकता भएको बेला नेशनल डेमोक्रेटिक फ्रन्ट र सरकारको राष्ट्रिय प्राधिकारको सहमतिमा (स्थानीय अधिकारीहरुको सहमतिमा होइन) मानवीयताको आधारमा कहिलेकाहीं स्थानीयस्तरमा निश्चित छोटो अवधिका लागि युद्धविराम गर्ने ।

ज) आ-आफ्ना गुनासाहरु आदान-प्रदान गर्न, काम-कारवाहीको अनुगमन गर्न र सहमतिहरुको पालना गर्नका लागि एउटा द्विपक्षीय संरचना र प्रक्रिया निर्माण गर्ने ।

## सामाजिक-आर्थिक परिवर्तनसम्बन्धी

१) आर्थिक र समाजिक अधिकारहरुसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको बाटो अनुशरण गर्ने ।

२) जेनुइन खालको भूमिसुधार कार्यक्रम दृढतापूर्वक लागू गर्ने ।

३) स्थानीय उद्यमी र व्यवसायीहरुलाई बलियो टेवा दिने र विदेशी बहुराष्ट्रिय कम्पनीहरुमाथि कडा नियन्त्रण गर्न सक्ने खालको राष्ट्रिय औद्योगीकरणको नीति अख्तियार गर्ने ।

४) कपटपूर्ण ऋण रद्द गर्ने, ऋणको रकम तिर्ने क्रम स्थगित गर्ने वा नयाँ समयावधि तय गर्ने र अन्य उपायहरु प्रयोग गरेर विदेशी ऋणको पाशोबाट मुक्ति हासिल गर्ने ।

५) ऋणको सावाँ-ब्याज तिर्नका लागि छुट्याइने रकम र सैनिक खर्चको रकमलाई नयाँ दिशा दिई सामाजिक सेवा र सक्कली खालका विकासे कामहरुका लागि विनियोजन गर्ने ।

६) जनतालाई घरवारविहीन बनाउने श्रृंखलालाई रोक्ने र गरिब जनतालाई अत्यन्त कम मूल्यमा घरबार उपलब्ध गराउने तथा जीविकाका लागि सर-सहयोग, सुविधा र उपाय दिलाउने खालको शहरी विकास योजना तर्जुमा गर्ने ।

७) वातावरणीय विनाशलाई तुरुन्त रोक्ने र स्वच्छ-स्वस्थ वातावरण सृजना र संरक्षण गर्ने खालका कडा उपायहरु लागू गर्ने ।

## संवैधानिक, राजनीतिक र निर्वाचनसम्बन्धी सुधारहरुबारे

१) मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणा र राजनीतिक एवं नागरिक अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय सहमतिहरुको पालना गर्ने ।

२) जनताका आधारभूत मानवअधिकार र प्रजातान्त्रिक अधिकारहरुको प्रत्याभूति गर्ने, विशेषतः सरकार र नेशनल डेमोक्रेटिक फ्रन्टले द्विपक्षीय ढंगले स्वीकारेका सिद्धान्त र संविधान-विधानका आधारमा मजदूर र किसानहरुको अधिकारको प्रत्याभूति गर्ने ।

३) असमान सन्धि र सहमतिहरु, विशेषतः अमेरिकासँग गरिएका सैनिक अखडासम्बन्धी सहमति, सैनिक सहयोगसम्बन्धी सहमति र पारस्परिक रक्षासम्बन्धी सन्धि (MDP) को खारेज गर्ने ।

४) अमेरिकी सैनिक अखडाहरु बन्द गर्ने र अखडा राखिएको फिलिपिन्सको भूमिसम्बन्धी सम्झौतालाई तुरुन्तै उल्टाउने ।

५) बाङ्सा मोरो, कोर्दिलेरा र अरु आदिवासी र जनजातिहरुको आत्मनिर्णयको अधिकारलाई सम्मान गर्ने ।

६) दलाल पूँजीपति र जमिन्दार वर्गका राजनीतिक पार्टीहरुको स्वार्थ पूरा गर्ने खालका चुनावी ऐन-कानूनहरु खारेज गर्ने, मजदूर, किसान र अन्य मध्यमवर्गको प्रतिनिधित्व गर्ने राजनीतिक पार्टीलाई स्वच्छ र निष्पक्ष अवसर दिएर साँच्चैको प्रजातान्त्रिक बहुलवाद (Pluralism) फलाउने-फुलाउने खालको चुनावी सुधार गर्ने ।

७) सहमति भएका आर्थिक र सामाजिक सुधारका कार्यक्रमहरुको अनुगमन गर्न र स्वतन्त्र र निष्पक्ष चुनावहरु सम्पन्न गर्न राजनीतिक, संवैधानिक र चुनावी सुधारहरुको क्रियान्वयन र अनुगमनका लागि राष्ट्रिय एकता परिषद् (Council of National) जस्ता संरचनाहरु निर्माण गर्ने ।

## सशस्त्र सेनाको पुनरसंरचना गर्नेबारे

१) फिलिपिन्सको सशस्त्र सेना (AFP) माथिको अमेरिकी नियन्त्रण हटाउने,

२) सशस्त्र सेनालाई नयाँ दिशा र नयाँ संगठन दिन पुनर्गठन गर्ने र त्यसको साइज घटाउने,

३) सशस्त्र सेनाका इकाईहरुलाई ब्यारेकमा फर्काउने र अर्द्धसैनिक हत्यारा दस्ता र निजी सेनालाई भंग गर्ने,

४) पारस्परिक सहमतिमा राजबन्दीहरुलाई आममाफी दिने,

५) न्यू पिपुल्स आर्मी (लालसेना)को हैसियत निर्धारण गर्ने,

६) र, स्थायी युद्धविराम गर्ने ।

❑ *(The People's Struggle for a Just Peace बाट स्वतन्त्र रुपमा अनूदित)*



*छापामार तालिम लिँदै एक फिलिपिनो युवती*

वार्ताका लागि वातावरण बनाउने समझदारीका साथ तिनीहरूले राजनीतिक बन्दीहरूको मुद्दा फिर्ता लिनु पर्ने, उनीहरूको रिहाइको ग्यारेन्टी हुनुपर्ने र मार्कोसकालीन काला कानूनहरू खारेज गर्नुपर्ने सहमति व्यक्त गरे ।

होसे याप मनिला फर्केर पत्रकार सम्मेलन र अक्विनोसँगको भेटघाटमा शान्ति-वार्ताको संभाव्यताका बारेमा गहिरो आशा र विश्वास प्रकट गरे । अनि फ्रन्टका अध्यक्ष म्यानुअल रोमेरोले अक्विनोको नाममा पठाएको शान्ति-वार्तासम्बन्धी लिखित प्रस्ताव पनि हस्तान्तरण गरे ।

होसे यापको नेदरल्याण्ड भ्रमण र शान्ति-वार्ताको प्रयासपछि फिलिपिन्समा फ्रन्टका अध्यक्ष रोमेरोको लिखित प्रस्तावले ठूलो हलचल मच्चायो । त्यसलाई कति हदसम्म लागू गर्न-गराउन सकिन्छ भन्ने विषयमा सरकारभित्र गृहकार्य शुरू नभएको पनि होइन, तर सरकारभित्रका अति दक्षिणपन्थी शक्तिहरू वार्ताको संभावना देखेर तर्से । अनि फेरि एकपटक वार्ताको संभावना बीचैमा तुहियो ।

सन् १९९० को अन्तिम अवधितिर शान्ति-वार्ताका लागि नयाँ प्रयासहरू भए । फ्रन्टले वार्ताका लागि 'न्यायपूर्ण शान्तिको वकालत गर्नेहरूको नाममा अपील' प्रकाशित गर्ने र वार्ताका लागि प्रयासरत मल्टिसेक्टरल पीस एड्भोकेट्स (एमएसपीए)लाई चिट्ठी लेखेर घचघच्याउने काम पनि गऱ्यो । एमएसपीएले धमाधम नागरिक मंचहरू संगठित गरी वार्ताको वातावरण बनाउने क्रममा नागरिक सम्मेलनहरू गर्न थाल्यो । तर ती सम्मेलनहरूबाट दक्षिणपन्थी र प्रतिक्रियावादी आवाज अत्यधिक मात्रामा गुञ्जन थाले, जसले गर्दा सरकार शान्ति-वार्ता गर्नका लागि विवश भएन ।

### *दोस्रोपटक विदेशमा छलफल*

नोभेम्बर, १९९० मा होसे यापले दोस्रोपटक आम्स्टर्डम, नेदरल्याण्ड गई फ्रन्टका नेताहरूसमक्ष सरकारको पक्षबाट भएका प्रयासहरूको बारेमा जानकारी दिए । तर उनले फ्रन्टका अध्यक्ष रोमेरोको लिखित प्रस्तावको जवाफमा राष्ट्रपति अक्विनोको कुनै

ठोस लिखित प्रस्ताव लान सकेनन् । उनले सरकारी प्रस्तावको रूपमा फ्रन्टसमक्ष राखेका शर्तहरू मूलतः शान्ति-वार्ताका लागि सहज वातावरण बनाउनेभन्दा पनि त्यसलाई असहज बनाउने र आत्मसमर्पणका लागि दवाब दिने खालका थिए ।

शान्ति-वार्ताको प्रयासको हत्या हुने खालका शर्तहरूमध्ये एउटा शर्त थियो- फ्रन्टले प्रतिक्रियावादी सरकारी संविधानको थोत्रो पुरानो घेरालाई बैज्ञानिक र राजनैतिक सीमाको रूपमा स्वीकार्नु पर्ने र लालसेनाले आफ्नो हात-हतियारसहित आत्मसमर्पण गरेमा मात्रै वार्ता हुने शर्त ।


पछि के थाहा भयो भने सरकारी प्रस्तावको रूपमा आएका ती शर्तहरू मूलतः रक्षामन्त्रालय र सेनाका रहेछन् । सरकारलाई बाइपास गरेर आएका ती प्रतिक्रियावादी शर्तहरूले वार्ताको संभावनाको हत्या गरे । यसमा जनरल फिडेल रामोस कुख्यात खलनायकको रूपमा देखापरे । उनले दोस्रोपटकको आम्स्टर्डम यात्राको क्रममा होसे याप र फ्रन्टका प्रतिनिधिबीच भएका समभदारीको समेत भ्रूणहत्या गरिदिए ।

त्यतिखेर दुई पक्षबीच राजनीतिक बन्दीहरूको रिहाइ गर्ने, क्रिसमस र नयाँ वर्षको उपलक्ष्यमा मानवीय नाताले द्विपक्षीय युद्धविरामको घोषणा गर्ने, सरकार-फ्रन्टबीच मानव अधिकारसम्बन्धी कार्यदल गठन गरेर शान्ति-वार्तासम्बन्धी र मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवतावादी प्रावधानहरूबारे सहमति कायम गर्नका लागि आधारभूत गृहकार्य गर्ने समभदारीसमेत बनेको थियो । र, त्यसपछि केही हदसम्म युद्धविराम गर्ने कार्य सम्पन्न भए तापनि अरू समभदारीहरू पूरा हुन पाएनन् ।

जनरल फिडेल रामोसले शान्ति-वार्ताको अन्तर्ध्वंशका लागि अमेरिकी साम्राज्यवादका अधिकारीहरूदेखि लिएर सरकारभित्रका दक्षिणपन्थीहरूको सहयोग लिए । उनले एमएसपीएलाई सरकार र फ्रन्टबीचको वार्ताको बाटोको बैधानिक व्यवधानको रूपमा खडा गर्ने क्रममा त्यस सरकारले समूहसँग वार्ता नगरीकन फ्रन्टसँग वार्ता गर्न नपाइने प्रावधानलाई स्वीकार्न लगाइयो ।

## चालबाजीको रूपमा शान्तिवार्ता

सन् १९९२ को चुनावलाई ध्यानमा राखेर सरकारले पनि शान्ति-वार्ताको प्रक्रियालाई अत्यन्त ढिलो पार्ने प्रयास गर्न थाल्यो । र, सत्ताको संकट टार्न, सामाजिक विद्रोहलाई मत्थर पार्ने र क्रान्तिकारी शक्तिहरूको आक्रमणलाई रोकथाम गर्न उसले फ्रन्टलाई आफ्नो कार्यनीतिको गोटी बनाई घुमाईराख्ने चाल चल्न थाल्यो । तर फ्रन्टले भने यी चालबाजीहरूबाट पूरै सतर्क हुँदै जनताका नयाँ सारभूत एजेन्डाहरूसहित शान्ति-वार्ताका लागि जन-जनसमक्ष पुग्ने कार्यनीति अपनायो ।



फिडेल रामोस

*जनरल फिडेल रामोस कुख्यात खलनायकको रूपमा देखापरे । उनले दोस्रोपटकको आम्स्टर्डम यात्राको क्रममा होसे याप र फ्रन्टका प्रतिनिधिबीच भएका समभदारीको समेत भ्रूणहत्या गरिदिए*

फ्रन्टले मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय प्रावधानहरूको बारेमा, सामाजिक-आर्थिक परिवर्तनको बारेमा, संवैधानिक राजनैतिक र निर्वाचनसम्बन्धी सुधारहरूका बारेमा र सशस्त्र सैनिकहरूको पुनर्संरचनाका बारेमा विस्तृत र गहन खाका देश र जनतासमक्ष प्रस्तुत गरेर वार्ता वा संघर्षद्वारा हल गर्ने प्रतिबद्धतालाई चारैतिर फैलाउन थाल्यो । सडक, सदन, जंगल र शान्तिवार्ताको टेबुललाई संघर्षको माध्यम ठान्ने फ्रन्ट र फिलिपिनो कम्युनिष्ट पार्टीले यसै क्रममा देशको जनवादी क्रान्तिका कार्यभारहरूको स्पष्ट रूपरेखा जनसमक्ष प्रस्तुत गर्ने कार्यमा सफलता हासिल गरे ।

## फ्रन्टलाई राष्ट्रिय अन्तर्राष्ट्रिय मान्यता

शान्ति-वार्ताका लागि भएका अनेकौं सफल-असफल प्रयासहरूको कारणवश फ्रन्ट देशभित्र र बाहिर नयाँ जनवादी क्रान्तिका लागि प्रतिक्रियावादी संस्थापनाविरूद्ध संघर्षरत सशक्त जन-आन्दोलनको रूपमा स्थापित भयो । एकातिर यसलाई सन् १९८६-८७ मै 'युद्धरत पक्ष'को रूपमा सरकारले समेत मान्यता दिनुपरेको थियो र आतंककारी विद्रोही भन्न छोड्नु परेको थियो । अर्कोतिर, यूरोपेली संसदले समेत सरकार र फ्रन्टबीच शान्ति-वार्ताको प्रयासलाई टेवा दिने घोषणा गर्दै फ्रन्टलाई सरकारविरोधी राजनीतिक शक्तिको वैधानिकता प्रदान गऱ्यो । अरू थुप्रै अन्तर्राष्ट्रिय संघ-संस्था र संस्थानहरूले पनि फ्रन्टको न्याय र पूर्ण शान्ति स्थापनालाई, फ्रन्टद्वारा प्रस्तुत नयाँ जनवादीकरणको खाकालाई नैतिक र भौतिक समर्थन गर्न थाले ।

सके शान्तिपूर्ण बाटोबाट, नसके हिंसात्मक मार्गबाट भए पनि देश र व्यवस्थाको मुहार फेरी नयाँ जनवादीकरणलाई तीव्र पार्न फ्रन्ट र त्यसका विभिन्न घटकहरू क्रियाशील भइरहे । सत्ताका लोभी-पापीहरूका अन्तरसंघर्ष, राज्यव्यवस्थाको अन्तर्ध्वंश र जनसंघर्षको तीव्रताबीच बढ्दो क्रममा रहेको वर्तमान फिलिपिनो कम्युनिष्ट आन्दोलन शान्ति-वार्ताका सफल-असफल प्रयासपछि संघर्षबाट भन् बेसी खारिएको छ, समृद्ध भएको छ, जुन क्रान्तिका लागि अत्यावश्यक पूँजी हो । ☐

*प्रमुख सन्दर्भ ग्रन्थ :*


- *The People's Struggle for a Just Peace : Two Articles by Jose Maria Sison*
- *The Philippine Revolution : The Leader's View/José Maria Sison*
- *Communism in the Philippines - An Introduction/Alfredo B. Saulo*
- *The Continuing Struggle in the Philippines/Jose Maria Sison*
- *Philippine Society and Revolution/Amado Guerrero*
- *Inside the Philippine Revolution/Willim Chapman*


## शान्तिवार्तासम्बन्धी कम्युनिष्टहरूको रूपरेखा

सेप्टेम्बर २०, १९९० मा नेशनल डेमोक्रेटिक फ्रन्टका अध्यक्ष म्यानुअल रोमसद्वारा अक्विनो सरकारलाई पठाइएको शान्ति-वार्तासम्बन्धी आधारशिला

☐ कहिलेदेखि कहिलेसम्म युद्धविराम गर्ने भन्ने कुरा तय गर्ने

☐ वार्ताकारहरुको सुरक्षा र संविधानको प्रत्याभूति गर्ने

☐ वार्ताको वातावरण बनाउन काला-कानूनहरूका खारेजी, राजबन्दीहरूको रिहाइ, झूठा मुद्दाहरुको खारेजी, रिहा भएका राजबन्दीहरु वार्ताका सहभागी, सहयोगी वा कार्यदलमा सहभागी हुन पाउने व्यवस्था गर्ने ।

☐ वार्ताको वैधानिक र राजनीतिक आधारको रुपमा दुवै पक्षलाई मान्य हुने ढंगले राष्ट्रिय सार्वभौमिकता, प्रजातन्त्र र सामाजिक न्यायलाई स्वीकार्ने, सरकार र फ्रन्टले आ-आफ्नो संविधान र विधान एवं नीति-कार्यक्रमलाई थोपर्ने हिसावले वार्ताको वैधानिक र राजनीतिक आधार नबनाउने ।

☐ शान्ति-वार्ताको सारभूत र एजेण्डाका रुपमा तलका विषयहरुमा सहमति बनाउन थाल्ने

-सर्वप्रथम वार्ताको उद्देश्य र जनताका आधारभूत समस्याहरुबारे द्विपक्षीय समभदारी तय गर्ने ।

- मानवअधिकार र अन्तर्राष्ट्रिय मानवतावादी कानून र प्रावधानहरुमा द्विपक्षीय सम्मान व्यक्त गर्ने ।

- सामाजिक र आर्थिक परिवर्तनको थालनी गर्ने ।

- राजनीतिक, संवैधानिक र निर्वाचनसम्बन्धी सुधार गर्ने ।

- सशस्त्र सैनिकहरुको पुनसंरचना गर्ने ।

☐ देश र जनतासँग सम्बन्धित ठूलठूला सवालहरुमा मतैक्यता कायम गर्न नसके पनि जनजीविका, मानवअधिकार र अन्तर्राष्ट्रिय मानवतावादी प्रावधानहरुको बारेमा सहमति कायम गरी त्यसको क्रियान्वयन र अनुगमनको संरचना र प्रक्रिया गर्ने ।

☐ सारभूत एजेण्डाहरुमा सहमति कायम गर्न ४ महिनासम्म लाग्ने संभावना भएकोले कार्यदलहरु र सल्लाहकारको नियुक्ति गर्ने ।

☐ वार्ताका लागि अति आवश्यक सुरक्षा र सुविधाका लागि द्विपक्षीय समभदारीमा विदेशी भूमिमा वार्ता गर्ने ।

# सरकार-माओवादी वार्ता दुर्घटनातिर ?!

- श्याम श्रेष्ठ -

भदौ १४ गते गोदावरी ललितपुरमा पहिलो र भदौ २८ र २९ गते बर्दियाको ठाकुरद्वारामा दोस्रो चरणको सरकार-माओवादी वार्तापछि बहुचर्चित वार्ता छिचोल्नै गाह्रो हुनेगरी संकटग्रस्त भएको छ । यो अब कुनै पनि क्षण टुट्यो भने आश्चर्य मान्नुपर्ने छैन ।

### *समस्याहरू र तगाराहरू*

"सरकार वार्ताप्रति पटक्कै गम्भीर छैन", माओवादी वार्ता टोलीका संयोजक कृष्णबहादुर महरा बताउनुहुन्छ । "वार्ताका लागि विश्वसनीय वातावरण बनाउन हामीले राखेका तथा सरकारले पूरा गर्छु भनेर बचन दिएका कुनै पनि शर्त सरकारले पूरा गरेको छैन । त्यो पूरा नभई तेस्रो चरणको वार्तामा जानुको कुनै अर्थ छैन । हामी जान्नौं ।"

परन्तु देउवा सरकारका शक्तिशाली गृहमन्त्री खुमबहादुर खड्काको दावी छ- "माओवादीले तेस्रो वार्ता गर्नुअघि पूरा गर्नुपर्ने भनेर राखेका तीनमध्ये दुईवटा माग पूरा गर्न असंभव छ । यदि ती माग पूरा गर्न पार्टी र प्रधानमन्त्रीले दवाव दिए म राजीनामा दिन्छु ।"

स्मरणीय छ, ने.क.पा. (माओवादी)ले वार्ताको निम्ति विश्वसनीय वातावरण बनाउन यी तीनवटा मुख्य शर्तहरू राखेको थियो : एक, केन्द्रीय समितिका सदस्य दण्डपाणि न्यौपानेलगायत विगतका सरकारद्वारा कब्जामा लिई पुलिस हिरासतबाट बेपत्ता पारिएका सबैको स्थिति सार्वजनिक गरिनुपर्दछ । दुई, नेकपा (माओवादी)का केन्द्रीय सदस्य मातृका यादवलगायतका सम्पूर्ण बन्दीहरू तत्काल रिहा गर्नुपर्दछ । र, तीन, जनयुद्धका विरूद्ध लक्षित गरेर हिजो गिरिजा सरकारद्वारा षडयन्त्रमूलक ढंगले लागू गरेका कथित सुरक्षा नियमावली लगायतका ऐन-कानून, नियमहरू खारेज हुनुपर्दछ । गृहमन्त्री खड्काका अनुसार, अरू मागबारे विचार गर्न सकिए पनि सशस्त्र प्रहरी बलसम्बन्धी ऐन खारेज गर्न सकिँदैन र वार्ता शुरू भएपछि पक्राउ परेका थप व्यक्तिहरूलाई कुनै हालतमा पनि रिहा गर्न सकिँदैन । अहिले यही कुराले वार्ताको ढोकामा भोटे ताल्चा लगाइदिएको छ : शर्तहरू पूरा नभई माओवादी वार्तामा जाँदै नजाने, देउवा सरकार शर्त पूरा गर्दै नगर्ने ।

त्यसो त प्रधानमन्त्री शेरबहादुर देउवाले माओवादीले राखेका यी शर्तहरू पूरा गर्न सकिन्छन् भनेर माओवादी वार्ता टोलीलाई आश्वासन नदिएका होइनन् । माओवादी उच्च सूत्रले **मूल्यांकन**लाई बताएअनुसार पहिलो चरणको वार्तापछि नै बन्दीहरू चरणबद्ध रूपमा सबै छोडीदिने, सुरक्षा नियमावली खारेज गरीदिने र बेपत्ता पारिएकाहरूको सूची सार्वजनिक गरीदिने भनेर उहाँले वार्ता टोलीलाई बचन दिइसक्नु भएको थियो । वार्तापछि लगत्तै ३३ जना बन्दी छोड्ने किटानी प्रतिज्ञासमेत उहाँले गर्नुभएको थियो । यही बचनमा विश्वास गरेर माओवादीहरू आफ्ना शर्तहरू पूरा नहुँदै पहिलो चरणको वार्तामा गए पनि । तर त्यसपछि कुनै पनि बचन कार्यान्वयन गरिएनन् । त्यसले सृजना गरेको विश्वासको संकट नै यतिबेला वार्ता संकटग्रस्त हुनुको एउटा मुख्य कारण बनेको छ ।





***शर्तहरू पूरा नभई माओवादी वार्तामा जाँदै नजाने, देउवा सरकार शर्त पूरा गर्दै नगर्ने - यही कुराले वार्ताको ढोकामा भोटे ताल्चा लगाइदिएको छ***





"मलाई पार्टीभित्रैबाट ठूलो समस्या छ, मेरो समस्या बुझीदिनु पर्‍यो भन्ने, रोई कराई गर्ने, समस्या परेको होला त नि भनेर लचिलो भई दियो, काम केही नगर्ने, बचन पटक्कै पूरा नगर्ने । कति दिन बोक्ने निरीह र कायर प्रधानमन्त्री देउवालाई हामीले यसरी हाम्रो काँधमा ?", एकजना माओवादी उच्च सूत्रले **मूल्यांकन**लाई बतायो ।

यस्तो प्रतीत हुन्छ, प्रधानमन्त्री देउवा प्र.म.को कुर्सीमा त छन्, तर सरकार र सत्ता दुवै उनको हातमा लगभग छैन । पर्दापछाडि अर्को कोही छ, जसले उनको हातबाट प्र.म.को हक र हैसियत अपहरण गरिरहेछ । त्यो भूमिगत गिरोहको अगुवाइ स्पष्टतः पार्टी सभापति गिरिजाप्रसाद कोइरालाबाट भइरहेछ । भित्र भित्र देउवालाई लोकप्रिय हुने कुनै काम नै गर्न नदिने, बाहिर बाहिर सबै काम गर्न पार्टीले जनादेश दिएको र सघाएको भान पार्ने : यस्तो द्वैत भूमिका सभापति गिरिजाको गिरोहले गरिरहेको देखिन्छ । त्यसको प्रत्यक्ष शिकार सरकार-माओवादी वार्ता भएको छ ।

गृहमन्त्री खुमबहादुर खड्काको दावी छ– "माओवादीले तेस्रो वार्ता गर्नुअघि पूरा गर्नुपर्ने भनेर राखेका तीनमध्ये दुईवटा माग पूरा गर्न असंभव छ । यदि ती माग पूरा गर्न पार्टी र प्रधानमन्त्रीले दवाब दिए म राजीनामा दिन्छु ।"




कीर्तिपुरको पांगामा आयोजित आमसभामा उपस्थित माओवादी वार्ता टोलीका सदस्यहरू

'सफल हुन मैले पार्टीलाई साथै लिएर काम गर्नुपर्छ । मलाई समस्या बाहिरबाट हैन, पार्टीभित्रैबाट छ", समस्या कसबाट छ भनेर नखोले पनि यति कुराचाहिँ प्र.म. देउवा हाकाहाकी बताउनुहुन्छ । असलमा जरो समस्या चाहिँ प्रधानमन्त्री देउवाको चरित्र स्वयंमा देखिन्छ । देउवामा भिजनमा स्पष्टता र हिम्मत देखिँदैन । अन्ततः कुर्सीबाट जानु परे पनि देश र जनताको प्रगति र हितको पक्षमा लोकप्रिय कदमहरू उठाएर जाने कि गिरिजाझैं चरम अलोकप्रिय भएर साथसाथै निकम्मा र निरीह प्रधानमन्त्रीसमेत साबित भएर पदबाट बिदा हुने ? यी दुईमध्ये एउटा सही विकल्पको छनौट प्र.म. देउवाले गर्न सकेको देखिन्न । प्र.म. देउवाले दोस्रो विकल्पको छनौट गरिरहेको महसूस हुन्छ, जुन देश र जनताको लागि घातक त छ नै, स्वयं देउवाको लागिसमेत यो आत्मघाती छ ।

अहिले न त वार्ता टोली प्रधानमन्त्रीको खटनमा देखिन्छ, न त गृहमन्त्री नै, न शाही सेना नै । वार्ता टोलीमा चिरंजीवी वाग्लेभन्दा ज्यादा महेश आचार्य हावी भइरहेको माओवादी वार्ता टोलीका एक सदस्य बताउँछन् । गृहमन्त्री खुमबहादुर खड्का- प्रधानमन्त्रीले आदेश दिए पनि म सबै बन्दी छोड्दिनँ र माओवादी वार्ताको शर्त पूरा गर्दिनँ, बरू राजीनामा दिन्छु भनेर खुलेआम चुनौती दिइरहेछन् । शाही सेना दरवारको आदेशमा प्र.म.को जानकारीबेगर सिधै परिचालित भइरहेछ । गोर्खाको गोलीकाण्ड रक्षामन्त्री देउवाको जानकारीबेगर सेना आफैंले गरेको बताइन्छ । र, अनेरास्ववियु (क्रान्तिकारी) को कार्यालयमा छापा मार्ने कार्य सेनाकै गुप्तचर सूत्रको सूचनामा दरवारको दवाबमा गृहमन्त्रीबाट सिधै भएको एक विश्वस्त सूत्रले **मूल्यांकन**लाई बताएको छ ।

रक्षा मन्त्रालयबाट असोज ५ गते जारी गरिएको वक्तव्यले के प्रष्ट गरेको छ भने रक्षा मन्त्रालयको मातहतमा सेना काम गरिरहेको होइन कि सेनाको दवाबमा रक्षामन्त्रालय चलिरहेछ, वक्तव्य दिइरहेछ । स्मरणीय छ, त्यस वक्तव्यमा राजसंस्था वा राजपरिवारप्रति अपहेलना गर्ने/गराउने उद्देश्यले प्रेरित भएर कसैले सार्वजनिक सभामा बोलेमा सुरक्षा निकायहरूले कडा कारवाही गरिने कुरा उल्लेख छ । सुरक्षा निकाय भन्नाले शाही सेनासमेत पर्छ । त्यसैअनुरूप शाही सेनालाई रक्षामन्त्रालयबाट निर्देशनसमेत भइसकेको रक्षामन्त्रालयका अधिकारीहरूले बताएका छन् । पहिलो कुरा त आमसभामा कसले के बोल्छ, त्यो रक्षामन्त्रालयको सरोकारको विषय नै होइन । रक्षा मन्त्रालयको सरोकार त राष्ट्रिय रक्षा र प्रतिरक्षामात्र हो । गृहमन्त्रालय वा अन्य मन्त्रालयको कार्यक्षेत्रमा दखल दिने रक्षा मन्त्रालयलाई कुनै हक छैन । दोस्रो कुरा, नेपालको संविधानले सार्वभौम आम नेपाली नागरिकलाई राजसंस्था र राजपरिवारबारे सहीसही कुराको सार्वजनिक आलोचना गर्न कुनै बन्देज लगाएको छैन । यो सार्वभौम जनताको मौलिक अधिकार हो कि उसले जोकोहीबारे पनि देखेको, महसूस गरेको कुरा सार्वजनिक रूपमा व्यक्त गर्न पाउँछ । नेपाली जनतालाई संविधानमै सार्वभौमसत्ता सम्पन्न अर्थात् सर्वाधिकार संपन्न र सर्वोच्च भन्ने, अनि सार्वभौम सत्ता सम्पन्न जनताको अभिव्यक्ति र आलोचनाको परिधिभन्दा बाहिर र माथि राजसंस्था र राजपरिवारलाई राख्न खोज्ने, यो कसरी मिल्छ ? तेस्रो कुरा, देशमा युद्ध वा संकटकालीन स्थिति घोषणा गरेको परिस्थितिमा बाहेक सेनालाई आफ्नै देशको सार्वभौम नागरिकविरूद्ध कार्यवाही गर्ने कुनै हक नेपालको संविधानले प्रदान गरेको छैन । यी सबै कोणबाट हेर्दा रक्षा मन्त्रालयको वक्तव्य नितान्त गैर-संवैधानिक र आपत्तिजनक देखिन्छ ।

यो वक्तव्यले के देखाएको छ भने, सेना संविधानले तोकेको परिधिभन्दा बाहिर जान खोज्दैछ । यो सरकारको रक्षा मन्त्रालयको खटनमा चल्दै छैन, सरकारलाई र रक्षा मन्त्रालयलाई यसले आफ्नो खटनमा चलाउन खोज्दैछ ।

वार्ताकारहरूमा गिरिजा पक्षधर र वार्ता विफल पार्न प्रयत्नशील



प्रधानमन्त्री : शेरबहादुर देउवा

*गृहमन्त्री खुमबहादुर खड्का- प्रधानमन्त्रीले आदेश दिए पनि म सबै बन्दी छोड्दिनँ र माओवादी वार्ताको शर्त पूरा गर्दिनँ, बरू राजीनामा दिन्छु भनेर खुलेआम चुनौती दिइरहेछन् ।*



गृहमन्त्री : खुमबहादुर खड्का




रक्षामन्त्री : महेश आचार्य

***भूमिगत गिरोहको अगुवाइ स्पष्टतः नेकाका सभापति गिरिजाप्रसाद कोइरालाबाट भइरहेछ***

●

**वार्ता टोलीमा चिरंजीवी वाग्लेभन्दा ज्यादा महेश आचार्य हावी भइरहेको माओवादी वार्ता टोलीका एक सदस्य बताउँछन्**



सभापति : गिरिजाप्रसाद कोइराला

यथास्थितिवादी पक्षको बाहुल्य हुनु, आफ्नै मन्त्रीहरू आफ्नो खटनमा नहुनु र सेना दरवारको स्वार्थ रक्षाका लागि सरकारको नियन्त्रणभन्दा बाहिर अति क्रियाशील हुनथाल्नु- यी तीनवटै परिघटनाले वार्तालाई दुर्घटनातर्फ डोऱ्याइरहेछ ।

त्यसमाथि थप, भदौ २६ गते न्यूयोर्क र वाशिंगटनमा घटेको आतंकवादी आक्रमणको घटनापछि अमेरिकी सरकारले विश्वव्यापी रूपमा आतंकवाद उन्मूलन गर्ने घोषणा गरेको छ । माओवादीलाई आतंकवादी ठहऱ्याएर यसलाई सैनिक, प्रशासनिक दमनको बाटोबाट सिध्याउनुपर्छ भन्ने धारणा राख्ने यथास्थितिवादी प्रतिक्रियावादी तत्वलाई यो घोषणाले निकै हौस्याएको छ, आड-भरोसा प्रदान गरेको छ । गृहयुद्ध चर्किंदा बर्षेनी ६-८ अर्बको हातहतियार- अन्य युद्ध सामग्री खरीद गर्न पाइने, त्यसबाट कमिशनवापत कम्तीमा १-२ अर्ब फाइदा लिन सकिने स्वार्थ भएको हतियार-माफिया पनि पहिलेदेखि नै सरकार-माओवादी वार्ता भाँड्न उद्यत थिए । वार्ताको संभावित सफलताले उनीहरूको स्वार्थमा बन्चरो हानिरहेको थियो । परन्तु अमेरिकी सरकारका आतंकवादविरोधी विश्वव्यापी लडाईंको घोषणापछि उनीहरूलाई पनि ठूलो त्राण मिलेको छ । उनीहरू अब वार्ता भिथोलेर सैनिक-दमनको सहारा लिन देउवा सरकारमाथि चर्को दवाव हाल्दैछन् । त्यो भएन भने, असहयोगद्वारा सरकार नै गिराएर भए पनि वार्ता विफल तुल्याउन उनीहरू प्रयत्नशील देखिन्छन् ।

परिणामतः असोजको पहिलो हप्तादेखि सरकारको बोलीको टोन निकै बदलिन थालेको छ । गृहमन्त्रीले प्रधानमन्त्रीको आदेशको ठाडो अवज्ञा गर्न थालेका छन् । असोज ५ गते खारेज गरिने भनिएको सार्वजनिक सुरक्षा नियमावलीको खारेजी पर सारिएको छ । गृहमन्त्री मात्र होइन, प्रधानमन्त्री स्वयंको बोली पनि माओवादीप्रति निकै आक्रामक हुनथालेको छ । देउवा पक्षधर भू.पू. प्र.म. कृष्णप्रसाद भट्टराईले समेत 'माओवादी समस्याको निकास भनेको माओवादीको अन्त्य हो' भनेर सार्वजनिक रूपले बोल्न थालेका छन् ।

भनिन्छ, पार्टी सभापति गिरिजाले संसदीय दलमा प्र.म. देउवाविरूद्ध अविश्वासको प्रस्ताव दर्ता गर्न ५० जनाभन्दा ज्यादा सांसदहरूको हस्ताक्षर जुटाइसकेका छन् । आफू र आफ्ना ४-५ जना अत्यन्त विश्वास पात्रहरूको हस्ताक्षर गर्न मात्र बाँकी राखिएको छ । गिरिजा अब एमाले र रा.प्र.पा.लाई साथमा लिएर कथित "ब्रोड डेमोक्रेटिक एलायन्स" अर्थात् व्यापक प्रजातान्त्रिक गठबन्धन बनाउने कसरतमा जुटेका छन् । देउवा सरकारको ठाउँमा सबैलाई मिलाएर एउटा सर्वदलीय सरकार बनाउने खाका खिच्न खोजिँदैछ । सभापति गिरिजा यतिबेला कांग्रेस, दरवार र एमालेलाई माओवादीविरूद्ध एक गठ गर्न प्रयत्नशील देखिन्छन् ।

## *माओवादी प्रयत्न र महाभूलहरू*

गिरिजाप्रसाद कोइरालाविरोधी संघर्षमा माओवादी नेतृत्वले अपनाएको गिरिजालाई चारैतिरबाट एक्लो पार्ने र प्रहार केन्द्रित गर्ने कार्यनीति बुद्धिमतापूर्ण थियो । वार्ताको प्रक्रिया शुरूभएपछि सम्पूर्ण वामपन्थी शक्तिलाई एकगठ पार्ने र वार्तालाई सम्पूर्ण जनपक्ष र सरकार- बीचको वार्तामा बदल्ने कार्यनीति पनि सही थियो । वार्ताको पक्षमा सशक्त जनदबाव सृजना गर्न वार्ताको अघिपछि व्यापक जनपरिचालन गर्ने यसको नीति पनि सामयिक र सही थियो । यी जम्मै नीति, काम र व्यवहारले शहरी क्षेत्रमा माओवादीप्रति व्यापक जनआकर्षण सृजना भइरहेको स्थिति थियो । शहरिया मध्यमवर्ग, निम्न पूँजीपतिवर्ग र बौद्धिक समुदाय ठूलो संख्यामा माओवादीप्रति आकर्षित भइरहेको थियो । यो स्थितिलाई बचाएर लान सकिएको भए शहरी क्षेत्रमा व्यापक जनउभारको स्थिति सृजना हुने र वार्तामाथि सशक्त जनदवाव सृजना गर्न सकिने स्थिति बनिरहेको थियो ।



परन्तु असोज ५ गते काठमाण्डौमा गर्न खोजिएको जनसभाको निम्ति तैयारीको सिलसिलामा माओवादी पक्षबाट गम्भीर गल्तीहरू भए । चन्दा, खाद्यान्न, सहयोग र आवास सुविधा जुटाउनका निम्ति माओवादी कार्यकर्ताहरूबाट विल्कुलै श्वेत-सेनाको शैलीमा आम जनताविरूद्ध व्यापक पैमानामा बल प्रयोगका घटनाहरू भए । सर्वसाधारण जनताको पसलबाट 'हामी माओवादी हौं' भन्ने धम्कीका भरमा मुफ्तमा जबर्दस्ती औकातभन्दा ज्यादा खाद्यान्न संकलन गरिँदा आम जनतामा माओवादी भनेका मुक्तिदाता होइन, लूटेराहरू हुन् भन्ने धारणा सृजना हुनगयो । त्यस्तै बल प्रयोगको शैली र प्रवृत्ति चन्दा संकलन, अन्य सहयोग र आवास सुविधा जुटाउने क्रममा पनि अभ्यास हुँदा काठमाण्डौ उपत्यकामा भाद्रको प्रारम्भमा चुलीमा पुगिसकेको जन-आकर्षण र जन-उभार भाद्र महिनाको अन्तिम दुई हप्तामा एक्कासी जन विकर्षणमा रूपान्तरित भयो । आम जनता माओवादीप्रति प्रेम र आस्था होइन, भय र आक्रोशले भरिपूर्ण भए । पक्षमा आइसकेका वर्गहरू भाँडिए ।

हामीसित सेना छ, यसको भरमा हामीले जे गरे पनि हुन्छ, जनताले नाकाचालले मान्छन् भन्ने खालको सैन्यवादी प्रवृत्ति माओवादी पंक्तिमा व्यापक पैमानामा हावी भएको देखियो । कतिपय घूसपैठ गरेका नक्कली माओवादीहरूले पनि यस्ता घटना घटाए होलान् । परन्तु यस्तो घटना केवल नक्कली माओवादीहरूले मात्र घटाएको नभएर सक्कली माओवादीहरूले नै घटाएको थुप्रै ठाउँमा देखियो । सबभन्दा खराव कुरा के भयो भने माओवादीका अध्यक्ष क. प्रचण्डबाट बल प्रयोगको विरूद्ध

**हामीसित सेना छ, यसको भरमा हामीले जे गरे पनि हुन्छ, जनताले नाकाचालले मान्छन् भन्ने खालको सैन्यवादी प्रवृत्ति माओवादी पंक्तिमा व्यापक पैमानामा हावी भएको देखियो**

राम्रो वक्तव्य जारी भयो, परन्तु त्यसको असर व्यवहारमा देखिएन । माओवादी नेतृत्वको नियन्त्रणमा उसकै कार्यकर्ता पंक्ति देखिएन ।


आफ्नो कार्यक्रममा उर्लेको विशाल जन-सागरबाट उत्ताउलिएर माओवादी नेतृत्व र कार्यकर्ता पंक्तिमा ठूलो शक्ति अहंकारवाद छाएको पनि यतिबेलै देखियो । यो अहंकार र उत्ताउलोपनको फलस्वरूप माओवादी कार्यकर्ताहरूले पहिलेभन्दा सहयोगी बनिरहेका वाम आन्दोलनका मित्रशक्तिहरूलाई जथाभावी प्रहार गर्ने, गालीगलौज गर्ने, पद वा पार्टी छोड्न दवाव दिने कार्य गरेर सबैलाई एकैचोटि चिढ्याउने कार्य गरे । एमालेका महासचिव माधवकुमार नेपाललाई 'दोस्रो रायमाभी'को नाम दिइयो, 'माओवादीका दोलखा जनसरकार प्रमुख तथा एक जिम्मेवार नेता रितबहादुरले दुई महिनाभित्र पूर्वबाट एमाले सिध्याइदिने सार्वजनिक ऐलानसमेत गरे । यी र यस्ता गतिविधिहरूले सम्पूर्ण मित्रशक्तिहरूलाई माओवादी नेतृत्वको नियतप्रति सशंकित गराए र माओवादीलाई चारैतिरबाट एक्ल्याए । सरकार-माओवादी वार्तालाई सम्पूर्ण जनपक्ष र सरकारबीचको वार्तामा रूपान्तररित गर्ने माओवादी नेतृत्वको योजनामा यसले पानी फेरिदियो । भर्खरै नजिकिन थालेका एमाले, मसाल, मालेजस्ता पार्टीहरू माओवादीहरूबाट निकै चिढिए । सबैभन्दा ज्यादा नोक्सानी देशको शक्ति सन्तुलनमा निर्णायक शक्तिका रूपमा रहेको र वामपक्षमा उर्लदो जन-लहरका कारणले भर्खरै वृहत् वाम एकताको पक्षमा आउन थालेको एमाले माओवादीबाट बिच्किनुबाट भयो । माओवादी प्रहारकै कारण क्रुद्ध भएर ढुलमुले स्थितिमा रहेको एमालेले साइड बदलेर गिरिजा पक्षको 'व्यापक प्रजातान्त्रिक गठबन्धन'तिर खुट्टा अघि बढायो । वाम खेमामा फुट सृजना भयो । संविधान सभाको निर्वाचनको सफलताको निम्ति अत्यावश्यक हुने वृहत वाम एकता, जुन सिलीगुडी बैठकबाट संभावनाको दिशातर्फ अघि बढेको झीनो संकेत मिलेको थियो, त्यो एक्कासी भाँडियो ।

उता यति नै बेला माओवादी समर्थक विद्यार्थी संगठनले दरवारको टावर भाँचिएको र जनसेनाले शाही सेनालाई लखेटेको उत्तेजक पोष्टर निकालेर दरवार र शाही सेनालाई असोज ५ गतेको कार्यक्रमप्रति आवश्यकताभन्दा ज्यादा सशंकित हुने र दमनकारी प्रतिक्रिया जनाउन आधार दिने कार्य गरे । केही माओवादी नेता कार्यकर्ताले असोज ५ गते दरवार र सिंहदरवार दुवै घेरिनेजस्ता उत्तेजक भाषणसमेत गरे ।

आम जनसमुदायमा क्रान्ति, संविधान सभा र गणतन्त्रको आवश्यकता सम्बन्धमा सहीसही कुरा लानु, आम समुदायलाई शिक्षित गर्नु र शक्तिबोध गराउनु असोज ५ गतेको कार्यक्रमको मूल उद्देश्य हुनुपर्दथ्यो । त्यो कार्यक्रम शान्तिपूर्ण, अनुशासित, नियन्त्रणभित्रको विशाल हुनु जरूरी थियो । त्यसमा रोल्पा र बाजुरादेखि गाडीमा मान्छे ओसार्नु जरूरी थिएन । काठमाण्डौ वरिपरिकै जिल्लाबाट मान्छे आउँदा पनि काठमाण्डौमा डेढ दुई लाख मान्छे जुट्नु नितान्त संभव थियो । स्वेच्छामा आधारित सडक चन्दा-सहयोग अभियान गरिएको भए लाखौंको चन्दा पनि उठ्थ्यो, व्यापक जनसहभागिता पनि जुट्थ्यो, जनता र आयोजकबीच खाडल खडा पनि हुने थिएन । सरकारले चाहेता पनि असोज ५ गतेको कार्यक्रम भाँड्न सक्ने थिएन । परन्तु यसो गरिएन । चन्दा सहयोग संकलनमा माओको प्रशिद्ध जननीति पटक्कै अपनाइएन । दरवारलाई र सेनालाई अनावश्यक ढंगले उत्तेजित र संशकित पार्ने कार्यमात्र भए, जनताको मन र व्यापक समर्थन जित्ने कार्यचाहिँ भएनन् ।

माओवादी पार्टी चारैतिरबाट एक्लिएको महशूस सरकारलाई जब भयो, दरवारको दबावमा सरकारले उपत्यकामा निषेधाज्ञा जारी गर्‍यो । उपत्यकामा व्यापक सेना परिचालन भयो । छात्रावासहरूमा सेनाको घेराउमा प्रहरीले छापा मार्ने काम २०३६ सालपछि पहिलोचोटि भयो ।

यो स्थितिमा असोज ५ गतेको कार्यक्रम गर्नु बिल्कुलै आत्मघाती र प्रत्युत्पादक हुन्थ्यो । तसर्थ यो कार्यक्रमलाई बेलैमा स्थगित गरेर माओवादी नेतृत्वले बुद्धिमानी गरेको छ । त्यतिखेर गरेको महाभूलमा उपत्यकावासीसमक्ष क्षमायाचना गरेर माओवादी नेतृत्वले अर्को प्रशंसनीय काम गरेको छ । त्यस्तै, वृहत् वाम एकताको फेरि पहल शुरू गरेर अर्को बुद्धिमत्ता पनि माओवादी नेतृत्वले देखाएको छ ।



नेकपा माओवादीको पक्षबाट काठमाण्डौमा भएको आमसभाको दृश्य

## काठमाण्डौ उपत्यकामा भाद्रको प्रारम्भमा चुलीमा पुगिसकेको जन-आकर्षण र जन-उभार भाद्र महिनाको अन्तिम दुई हप्तामा एक्कासी जन विकर्षणमा रूपान्तरित भयो

परन्तु त्यतिबेलाको महाभूलको असर अहिले सरकार-माओवादी वार्तामा परिरहेछ । जुन शर्तहरू पूरा गर्न सरकार सहजै तयार भएको थियो, अहिले तिनलाई पूरा गर्न देउवा सरकार इन्कार गर्दैछ । दोस्रो चरणको वार्ता तिनै शर्तहरूमा झगडा गर्दै वार्ता जारी छ भन्ने सन्देश मात्र दिएर उत्तिकै टुंगिएको छ । तेस्रो चरणको वार्ता कहिले हुने हो कुनै टुंगो छैन । कुनै पनि क्षण वार्ता दुर्घटनाग्रस्त हुने स्थिति यतिबेला विद्यमान छ ।

त्यसमाथि थप, भारतीय विदेशमंत्रीले माओवादीलाई 'आतंककारी' भनेर यतिखेरै घोषित गरेको छ । भारतीय सीमाक्षेत्रमा माओवादीलाई आश्रयस्थल नदिने गरी पश्चिम बंगाल राज्यमा सैनिक अपरेशन शुरू गरिएको छ । गत असोज १२ गते पश्चिम बंगालको सिलीगुडी क्षेत्रका तीन ठाउँमा भारतीय सशस्त्र बलले छापा मारी माओवादी भनी आशंकित केही नेपाली र भारतीय नागरिकहरूलाई गिरफ्तार गरी लगेको छ । सो छापामारि नेकपा माओवादीका अध्यक्ष क. प्रचण्डलाई गिरफ्तार गर्ने योजनाअन्तर्गत भएको कुरा प्रकाशमा आएको छ । यसभन्दा अघि संपूर्ण नेपाल-भारत सीमा क्षेत्रमा ७० हजारभन्दा ज्यादा भारतीय विशेष सैनिक जत्था तैनाथ गरिसकिएको छ । अमेरिकाले नेपालमा सैनिक अखडा राख्ने अपुष्ट चर्चा पनि यतिखेरै चलेको छ । यी संपूर्ण परिवर्तित परिस्थितिमा अनुकूलताभन्दा ज्यादा प्रतिकूलता थपिएका छन् । माओवादी नेतृत्वले यो बेला जनताबाट अलग्गिने र वाम खेमामा फुट आउने कुनै पनि कार्य गर्नु आत्महत्यासरह हुनेछ । माओवादीको सफलता न्यूनतम साझा कार्यक्रममा आधारित एमालेसहितको वृहत् वामएकता निर्माण गर्न सक्नुमा निहित छ । यसो गर्न सकिएमा वार्ताको टेबिलमा माओवादीको मोलतोल गर्ने क्षमता पनि काफी बढ्नेछ । सडकमा जन-आन्दोलन पनि निकै शक्तिशाली हुनेछ ।

माओवादी नेतृत्वले यतिबेला सैनिक एजेण्डा केही समय स्थगित गरेर लोकप्रिय सामाजिक एजेण्डामा आधारित संघर्ष उठानमा केन्द्रित हुने नीति अप्नाउनु बुद्धिमानी हुनेछ । शक्ति देखाउनुभन्दा शक्ति जोगाउनु यतिखेरको सही नीति हुनसक्छ । वार्ता टुटाउनुभन्दा जारी राख्नु बेस हुनेछ ।

देउवा सरकारको अस्तित्व र औचित्य वार्ताको सफलता र निरन्तरतासित जोडिएको छ । प्र.म. देउवाले दरो मुटु र दृढ अठोटका साथ वार्ताका न्यूनतम शर्तहरू पुरा गर्ने र लोकप्रिय कदमहरू उठाउने आँट गरेमा टुट्न लागेको वार्ताको डोरी फेरि जोडिनु संभव छ ।

परन्तु देउवा सरकार भने बदलिँदो कथित 'आतंकवादविरोधी' अन्तर्राष्ट्रिय परिस्थितिबाट उत्प्रेरित भएर दरवारसित साँठगाँठ गर्ने र वार्ताको मखमली पर्दाभित्र सैनिक दमनको ब्यापक तयारी गर्ने बाटोमा अघि बढेको देखिएको छ । देउवाले घुमिफिरी गिरिजाप्रसादकै चरम अलोकप्रिय दमनकारी बाटो समात्न थालेको महसूस हुन्छ । हालै असोजको दोस्रो हप्तामा थप ६ जिल्लामा एकीकृत विकास तथा सुरक्षा अवधारणा लागू गर्ने निर्णय त्यसैको पूर्व संकेत हो । यो कदमले वार्तालाई दुर्घटनाग्रस्त पार्ने प्रायः निश्चित छ, जसको प्रतिफल हुनेछ- गृहयुद्धको अन्तहीन सिलसिला । ❑

# सरकार-माओवादीबीच भएको

# दोस्रो चरणको वार्तामा के भयो ?

- अग्नीप्रसाद सापकोटा, नेकपा (माओवादी) वार्ता टोलीका सदस्य

हामी र सरकारबीच पहिलो चरणको वार्ता यही २०५८ साल भाद्र १४ गते गोदावरीमा भएको थियो । त्यो वार्ता परिचयात्मक कार्यक्रमको रूपमा सम्पन्न भएको थियो । दोस्रो चरणको वार्ताको लागि वातावरण सहज पार्नको लागि सरकारले वेपत्ता पारेका हाम्रा नेता तथा कार्यकर्ताहरू सार्वजनिक गर्नुपर्ने, सरकारले बन्दी बनाएका हाम्रा साथीहरूको रिहाइ गर्नुपर्ने, हामीविरूद्ध लक्षित गरेर बनाइएका ऐन, नियम र नीतिहरू खारेज गर्नुपर्ने र सेनाहरू फिर्ता बोलाउनुपर्ने जस्ता केही कुराहरू सरकारी वार्ता टोलीसमक्ष हामीले त्यतिबेला राखेका थियौं । तर दोस्रो चरणको वार्ता हुने बेलासम्म सरकारले ती कामहरू गरेन । बरू झन् वार्ताको वातावरण विगार्ने जस्ता कामहरू सरकारले गऱ्यो । त्यसैले, दोस्रो चरणको वार्तामा त्यही कुराहरूमाथि बढ्ता बहस केन्द्रित भयो ।

दोस्रो चरणको वार्ता करिव साढे चार बजे बर्दियाको ठाकुरद्वारा गाविसस्थित निकुञ्जमा शुरू भयो । त्यो दिन हामीले पहिलो चरणको वार्तामा राखेका ५ वटा बूँदाहरूमाथि नै जोड दियौं र त्यसबारे नै छलफल केन्द्रित भयो । उहाँहरूले वेपत्ता पारिएकाहरूका बारेमा के भन्नुभयो भने सरकारको अभिलेखमा भएकाहरूलाई ७ दिनभित्रमा सार्वजनिक गरिनेछ । सात दिनपछि पनि सरकारले वेपत्ता पारिएका थुप्रै नाम 'हाम्रो अभिलेखमा छैन' भन्ला जस्तो त्यतिबेला नै उहाँहरूको कुराबाट हामीलाई लागेको थियो । त्यो अहिले सावित पनि भयो । जबकि हामीले कसलाई कहाँ पक्रेको, पक्रेको देख्ने मान्छेसमेत हामी दिन सक्छौं भनेका थियौं । त्यस्तै गरेर, बन्दी रिहा गर्ने सम्बन्धमा पनि हामीलाई विश्वस्त पार्ने खालको कुरा भएन । बन्दी रिहा गर्ने प्रक्रिया चलिरहेको छ र त्यो प्रक्रिया जारी छ भनेर टार्ने कुराहरूमात्र उहाँहरूले गर्नुभयो । त्यस्तै गरेर, सार्वजनिक सुरक्षा नियमावलीको सम्बन्धमा उहाँहरूले त्यसमा खालि परिमार्जन र सुधार गर्ने कुरामात्र गर्नुभयो । तर त्यसमा हामी राजी भएनौं । सेना फिर्ता बोलाउने कुरामा पनि सरकारी वार्ता टोलीका सदस्यहरूमा नै विरोधाभाष देखिन्थ्यो । र, उहाँहरूबाट गोलमटोल र रकमी कुराहरू मात्र आयो । यसरी कुनै पनि कुरामा उहाँहरूबाट जिम्मेवारीपूर्ण र स्पष्ट जवाफ आएन ।

त्यस वार्तामा राजनैतिक वैचारिक हिसावले बहस, छलफल गर्ने र समस्याको निकास खोज्नेतिर हाम्रो जोड रह्यो । तर सरकारी वार्ता टोलीमा भने युद्धको गम्भीरतालाई बुझ्ने र नेपाली जनताको भावनालाई बुझ्ने खालको रवैया देखिँदैनथ्यो । उहाँहरूले हामीसँग सामान्य मागहरू लिएर आएका मानिसहरूसँग गरेजस्तै व्यवहार गरिरहनुभएको जस्तो हामीलाई आभास हुन्थ्यो । मुख्य गरेर सरकारी वार्तटोलीका सदस्यहरूमा एकरूपता नै थिएन । त्यस टोलीले त्यहाँ उठाइएका कुनै पनि सवालमा निर्णय नै गर्न सक्तैनथ्यो । वार्तटोली खाली वार्ताको लागि मात्र आएको तर माग पूरा गर्ने म्याण्डेट उसले पाएको देखिँदैनथ्यो । पर्दा पछाडिबाट कुनै शक्तिले वार्ता टोलीलाई वार्ता ठीक ढंगबाट नजाओस् भनेर दवाव दिइरहेको जस्तो हामीलाई लाग्थ्यो । त्यस्तै गरेर, सरकार पनि वार्ताविरोधी तत्वहरूको घेरामा परेको र त्यो घेरालाई सरकारले तोड्न नसकेको, ऊ निरीह र लाचार भएको जस्तो हामीलाई लागेको छ ।

> 'तपाईंहरूले हाम्रो सार्वजनिक सभाहरू गर्ने अधिकारमाथि नै प्रतिबन्ध लगाउने हो भने तपाईंहरूले नै घुमाउरो पाराले हामीलाई फेरि युद्ध शुरू गर्नु भन्नुभएको हो ?'



त्यो दिनको वार्तामा सरकारी वार्ताटोलीका प्रतिनिधिहरूले हामीलाई विश्वस्त पार्न नै सकेनन् । कता कता हामीलाई वार्तामा अल्झाइराख्ने र हाम्रोविरूद्ध कुनै षडयन्त्र गर्न लागेको आभास हामीलाई भयो । त्यो दिन राती साँढे नौ बजेसम्म हामी त्यही कुराहरूमा नै छलफल गरिरह्यौं र २९ गते बिहान ८ बजे वार्ता शुरू गर्ने समझदारी बनाएर त्यो दिन वार्ता स्थगित गरियो ।

२९ गते बिहान ८ बजे शुरू गर्ने भनिएको वार्ता सरकारी वार्ता टोलीको ढिलाइका कारणले १० बजेमात्र शुरू भयो । त्यो दिनको वार्ताको शुरूमा पनि अघिल्लो दिन उठाइएका कुराहरूमा नै बहस केन्द्रित भयो । सरकारी वार्ता टोलीका संयोजक र सहजकर्ताहरूले हाम्रो एजेण्डा प्रस्तुत गर्नु भनेपछि हामीले हाम्रो एजेण्डा लिखित रूपमा पेश गऱ्यौं र त्यसको मर्मबारे हाम्रो वार्ता टोलीका संयोजक क. कृष्णबहादुर महराले व्याख्या गर्नुभयो । त्यहाँ असोज ५ गते काठमाण्डौको खुलामंचमा गर्ने भनेको आमसभाबारे पनि कुरा उठ्यो । त्यसबारेमा हामीले के कुरा भन्यौं भने हामीले अहिले बन्दूक बिसाएका छौं र तपाईंहरूकै संविधानले दिएको अधिकार प्रयोग गरेर सार्वजनिक सभाहरू गर्नतिर हामी ओर्लेका छौं । यदि तपाईंहरूले हाम्रो यो अधिकारमाथि नै प्रतिबन्ध लगाउने हो भने हामी फेरि बन्दूक समाउन जानुपर्ने हो वा तपाईंहरूले नै घुमाउरो पाराले हामीलाई फेरि युद्ध शुरू गर्नु भन्नुभएको हो ? हामीले वार्तालाई अत्यन्त गम्भीरतापूर्वक र जिम्मेवारीपूर्वक लिएका छौं र वार्ताबाट निकास खोज्न प्रतिबद्ध छौं । त्यसमा हामीलाई विश्वास दिलाउन सक्नुहुन्छ भने हामी असोज ५ गतेको आमसभाबारे पुनर्विचार गर्न पनि सक्छौं ।

त्यस्तै गरेर, वार्तामा अन्तरिम सरकारको कुरा पनि उठेको थियो । सरकारी वार्ताकारहरूले यही संविधानभित्रैको अन्तरिम सरकारको कुरा राख्नुभयो । तर हाम्रो माग हालको संविधानभित्रको अन्तरिम सरकारको होइन, हालको संविधान खारेज गरेर नयाँ प्रक्रियामा जानको लागि चाहिने सबै पार्टीहरू समावेश भएको अन्तरिम सरकारको माग हो । तर उहाँहरू हालकै संविधान वरिपरिमात्र घुमिरहनुभयो । र, हालको संविधानभित्रै निकास खोज्न सकिन्छ र खोज्नुपर्छ भन्ने उहाँहरूको मूल आग्रह थियो । तर हामीहरूको आग्रह जनतालाई सबै अधिकार दिएर नयाँ संविधान बनाउने प्रक्रियामा जानुपर्छ भन्ने थियो ।

माओवादीले हात-हतियार प्रदर्शन गर्ने कुरामा रोक लगाउनुपर्ने कुरा उठाएर घुमाउरो तरिकाले हामीले स्थापना गरेका जन-सरकारहरू र सेनाको विघटन गर्नुपर्ने कुरालाई पनि उहाँहरूले वार्तामा राख्नुभएको थियो । हामीले यस कुरामा- "हामीसँग सेना पनि छ, जन-सरकारहरू पनि बनिरहेका छन्, तिनीहरू क्रियाशील पनि छन् र केन्द्रीय जनसरकार

**दिउँसो २ बजे फेरि बस्ने भनेर बिहानको बैठक स्थगित भयो । तर २ बजे बस्ने भनेको बैठक बेलुकी ५ बजेमात्र बसियो । शायद उहाँहरु हामीले राखेका प्रस्तावहरुमा छलफल गर्न लाग्नु भएकोले ढिला भएको होला ।**

बनाउनेतिर पनि हामी गृहकार्य गरिरहेका छौं । मूल एजेण्डा तय नभएसम्म तिनीहरूलाई भंग गर्दैनौं भनेर स्पष्ट पार्‍यौं । किनभने वार्तामा जानुभन्दा पहिले नै हाम्रा अध्यक्षले "हाम्रा छापामारहरू र सेना सक्रिय रक्षाको अवस्थामा रहनेछन्" भनेर स्पष्ट पार्नुभएको थियो । यसबाहेक हामीले के पनि स्पष्ट पार्‍यौं भने हामीले जहाँ जहाँ स्थानीय सत्ता बनिरहेको छ, त्यहाँ त्यहाँ छापामारहरू परिचालन भइरहेको छ । तर वार्तालाई असर पार्ने गरी हाम्रो सत्ता नबनेको ठाउँमा वा शहरी क्षेत्रमा सेना तथा हात-हतियार प्रदर्शन गरेका छैनौं र गर्दा पनि गर्दैनौं ।

त्यस्तै, हामीले चन्दालगायत अरू कुरामा ठाउँ ठाउँमा बल प्रयोग गरेको कुरा पनि त्यहाँ उठाइएको थियो । यस सम्बन्धमा- 'हामीले युद्धविराम गरेपछि बल प्रयोग गर्ने नीति पनि नभएको, तर कतै यस्तो भएको छ भने हामीले अनुसन्धान गरेर हामी त्यसमा सुधार गर्न तयार छौं ।' भन्ने कुरा हामीले राख्यौं । तर त्यहाँ घटना घटनामाथि छलफल गरेर निर्ख्यौल गर्नसक्ने स्थिति थिएन । त्यहाँ सरकारी वार्ता टोलीले उठाएको बल प्रयोगको कुरा खालि वार्ता विथोल्ने बहानाबाजी गर्न लागेको जस्तो देखिन्थ्यो । यसरी बाहानाबाजीको कुरा आएपछि छलफल गरेर निश्कर्ष निकाल्न सक्ने कुरा नै थिएन ।

दिउँसो २ बजे फेरि बस्ने भनेर बिहानको बैठक स्थगित भयो । तर २ बजे बस्ने भनेको बैठक बेलुकी ५ बजेमात्र बसियो । शायद उहाँहरू हामीले राखेका प्रस्तावहरूमा छलफल गर्न लाग्नु भएकोले ढिला भएको होला । त्यस बैठकमा सरकारी वार्ताटोलीबाट ठोस जवाफ आउला भनेर हामीले आशा गरेका थियौं । तर त्यतिबेला पनि कुनै पनि कुरामा ठोस जवाफ आएन । उहाँहरू खालि पुरानै कुराको वरिपरिमात्र घुमिरहनु भयो । त्यसपछि हामीलाई लाग्यो- 'अब यो वार्ता तोडिंदै छ ।' हामीले उहाँहरूलाई भन्यौं पनि- 'यसरी तपाईहरू पुरानै कुराको वरिपरि घुमिरहने हो र तपाईहरूबाट नयाँ कुरा केही हुँदैन भने वार्ता सफल हुँदैन र वार्ता तोडिने निश्चित छ ।' त्यसको जवाफमा उहाँहरूले भन्नुभयो- 'यहाँ सरकार र माओवादीमात्र छैनन्, यहाँ वार्ता नहोस् वा वार्ता सफल नहोस् भन्ने तत्वहरू पनि छन् । वार्ता नहोस् भन्नाको लागि षडयन्त्रहरू पनि भइरहेका छन् ।'

उहाँहरूको यो कुरा सुनिसकेपछि त्यहाँ वार्ता गरेर कुनै निक्यौंल निक्लेला जस्तो लागेन । हुन त वार्ता विथोल्न नदिनको लागि सहजकर्ताहरूले पनि ठूलो भूमिका निभाउनुभएको थियो । देशको गम्भीर स्थितिलाई बुझेर उहाँहरूले हामी वार्ता टोलीका दुबै पक्षको गल्ती औंल्याई दिएर त्यसलाई सच्याउनुपर्ने कुरामा सुझाव दिइरहनु हुन्थ्यो र आवश्यक परेको बेलामा सल्लाह पनि दिइरहनु भएको थियो । उहाँहरूको भूमिका साँच्चै नै मुलुकको गम्भीर स्थितिलाई आत्मसात् गरेको जस्तो देखिन्थ्यो । यसरी उहाँहरूको प्रयासको बावजुद पनि दोस्रो चरणको वार्ता सफल होलाजस्तो हामीलाई लागेन ।

त्यसैले हामीले भन्यौं- 'अब हामी काठमाण्डौ जान्छौं । त्यहाँ गएर वार्ता भाँड्न चाहने तत्वहरू को को हुन् भन्ने कुरा पनि हामी बुझ्छौं र अन्य राजनैतिक पार्टीहरूसँग पनि कुराकानी गर्छौं । त्यहाँ हामी जहिले पनि वार्ताको लागि तयार भएर बस्छौं । यदि तपाईहरूले हाम्रा वेपत्ता पारिएका साथीहरू सार्वजनिक गर्ने, बन्दीहरू रिहा गर्ने तथा सार्वजनिक सुरक्षा नियमावली खारेज गर्ने कुरा हामीलाई विश्वस्त पार्ने गरी घोषणा गर्नुभयो भने त्यसको एक घण्टापछि तपाईहरूको बन्दी छाड्ने तथा हामीले जवर्जस्ती नगर्ने कुराको पनि तपाईहरूलाई विश्वस्त पार्ने गरी हामी घोषणा गर्छौं ।' र, वातावरण तयार भयो भने तेस्रो चरणको वार्ता गर्न 'तयार छौं' भन्ने सहमति बनाएर दोस्रो चरणको वार्ता स्थगित गर्‍यौं । 'वार्ता जारी' छ भन्ने संयुक्त विज्ञप्ति पनि निक्लियो ।

हामी काठमाण्डौ पुगेपछि हाम्रो वार्ता टोलीका संयोजक क. कृष्णबहादुर महराले एयरपोर्टबाटै प्रधानमन्त्रीलाई दुई बजे फोन गर्नुभयो र वार्ताको रिपोर्ट गर्नुभयो । मलाई लाग्छ, वार्ताको रिपोर्ट सबभन्दा पहिला उहाँले नै गर्नुभएको थियो । वार्ताको रिपोर्ट गरिसकेपछि- "यदि सरकार जिम्मेवारीपूर्वक वार्ताको लागि विश्वासयोग्य वातावरण बनाउन तयार छ भने हामी असोज ५ गतेको आमसभाको कार्यक्रम सम्बन्धमा पनि पुनर्विचार गर्न तयार छौं ।" भन्ने कुरा पनि उहाँले प्रधानमन्त्री शेरबहादुर देउवालाई भन्नुभएको थियो । त्यो कुरा गरेर कोठामा पुग्दा नपुग्दै काठमाण्डौ उपत्यकाभरि निषेधाज्ञा जारी भएको समाचार हामीले सुन्यौं ।


त्यसपछि त झन् वार्ताको वातावरण नै विगार्ने कामहरू सरकारबाट भइरहेको छ । छात्रावासहरूमा सैनिक प्रहरी अप्रेसन पनि भयो । हाम्रा सयौं साथीहरू गिरफ्तार भए । रक्षामन्त्रालयले नेपाली जनताको वाक-स्वतन्त्रता हनन गर्नेजस्ता खालका विज्ञप्तीहरू जारी गर्‍यो । बाटोबाटोमा सेनाहरूको गस्ती लगाइयो । सरकारका यी सबै क्रियाकलापबाट हामीलाई के लाग्दैछ भने सरकारले अझै युद्ध जारी राखेको छ । तर पनि हामी अझै वार्ता गर्न चाहन्छौं । र, हाम्रो तर्फबाट हामीले अझैं वार्ता जारी राखेका छौं ।

तेस्रो चरणको वार्ताको लागि अझै पनि हामी प्रयत्नरत छौं । भर्खरै हाम्रा अध्यक्षले अझै वार्ता होस् भन्ने आशयको वक्तव्य दिनुभएको छ । र, आफ्नो तर्फबाट भएको कमीकमजोरीहरूबारे पनि उहाँले क्षमायाचनासहित स्पष्ट पार्नुभएको छ । अध्यक्षले दिनुभएको नीतिगत अन्तरवार्ताको आधारमा हामी वार्तटोलीका सदस्यहरू पनि वार्ताको वातावरण बनोस् भन्ने चाहिरहेका छौं । र, सार्वजनिक जनसभाहरूमा पनि त्यही कुरा भनिरहेका छौं ।

यदि सरकारले हामीले राखेका ५ वटा कुराहरूमा ठोस रूपमा बोल्यो, अहिले सरकारभन्दा सैनिक हावी भइरहेको काम रोकियो, सरकारले अफगानिस्तानमाथि अमेरिकाले गर्न लागेको आक्रमणमा हाम्रो देशको सार्वभौमसत्ता नै खतरामा पर्नेगरी र हामीले अपनाउँदै आएको असंलग्न परराष्ट्रनीतिकै उल्लघन हुनेगरी दिएको वचनवद्धता फिर्ता लियो र सरकारले गरेको गल्ती सुधार गर्‍यो भने फेरि वार्ता हुनसक्छ । त्यसको लागि हामी प्रतिज्ञारत छौं । ❑

*(यो लेख क. सापकोटासँगको वार्तामा आधारित छ ।)*

**प्रस्तुति : मुक्ता श्रेष्ठ**


माओवादी वार्ता टोलीका संयोजक क. महरा

हामीले उहाँहरूलाई भन्यौं पनि- 'यसरी तपाईहरू पुरानै कुराको वरिपरि घुमिरहने हो र तपाईहरूबाट नयाँ कुरा केही हुँदैन भने वार्ता सफल हुँदैन र वार्ता तोडिने निश्चित छ ।'


सरकारी वार्ता टोलीका संयोजक : बाग्ले

# दोस्रो चरणको वार्ता



कृष्णबहादुर महरा



चिरञ्जीवी वाग्ले

# माओवादी एजेण्डा र त्यसमाथि सरकारको प्रारम्भिक टिप्पणी

## नेकपा माओवादीका तर्फबाट प्रस्तुत विषयहरु :

श्री ५ को सरकारलाई यो विदितै छ कि हामीले २०५२ सालपूर्व खुला र भूमिगत दुवै रुपमा राष्ट्र र जनताको पक्षमा अधिकतम अधिकार प्राप्तिको लागि निरन्तर संघर्ष गर्दै आएका हौं । जनताको बलिदानीपूर्ण संघर्षको परिणाम २०४६ सालमा प्राप्त हुनआएको आंशिक जन-अधिकार समेतलाई संसदद्वारा सरकारमा पुगेका सबै राजनैतिक पार्टीहरुले कुल्चँदै जनभावना विपरीत कार्य गरेपछि हाम्रो पार्टीले २०५२ साल फागुन १ गतेदेखि मार्क्सवाद-लेनिनवाद-माओवाद र प्रचण्डपथको आलोकमा जनताको पक्षमा जनताको आफ्नै राज्यसत्ता स्थापना गर्ने उद्देश्यका साथ विद्यमान राज्यसत्ताविरुद्ध विद्रोह गर्न जनयुद्धको थालनी गऱ्यो । यो सशस्त्र विद्रोह हाम्रो रहर नभई विद्यमान राज्यसत्ताद्वारा सिर्जित जनतामाथि गरिएको उत्पीडन, राष्ट्रियतामाथि भएको हस्तक्षेप एवं जनताको गिर्दो जीवनस्तरका विरुद्ध गरिएको बाध्यता हो । हाम्रो सबै युद्ध कारवाहीहरुको अन्तिम उद्देश्य राष्ट्र र जनताको पक्षमा एक समुन्नत, स्वाभिमान, स्वतन्त्र र शान्तिपूर्ण समाज निर्माण गर्ने र जनतालाई अधिकारसम्पन्न गराउनु रहेको छ ।

जनयुद्धको विगत ६७ महिनामा हाम्रो तर्फबाट जनता र राष्ट्रको समस्याको नयाँ निकासको लागि वार्ताको प्रक्रियाद्वारा अघिबढ्न पनि तयार रहँदै आएका हौं । तर यस दिशामा विगतका कुनै पनि सरकार इमान्दार र गम्भीर बन्न सकेनन् । अहिले सरकारले वार्ताको प्रक्रियाद्वारा समस्या समाधानमा देखाएको अग्रसरतालाई हामीले स्वीकार गर्दै छलफलद्वारा नयाँ निकासका लागि हाम्रो तर्फबाट निम्नलिखित विषयवस्तुहरु प्रस्तुत गरेका छौं –

एक्काइसौं शताब्दीमा प्रवेश गरेको आजको युगमा हाम्रो मुलुकलाई अग्रगति प्रदान गर्न अब पुराना सबै मूल्य, मान्यतामा आधारित व्यवस्था र संरचनाभित्र होइन, त्यस घेराबाट मुक्त भएरमात्र नयाँ निकास सम्भव छ । त्यसका लागि आजको वस्तुगत आवश्यकता र जनभावनालाई सम्मान गर्दै हामी आफ्नो अधिकतम लक्ष्यबाट धेरै लचिलो भएका छौं । विद्यमान राज्यसत्ता अन्तर्गतका सरकार र सबै राजनीतिक शक्तिहरुले पनि आजको यही यथार्थतालाई गम्भीरतापूर्वक आत्मसात् गरी अघि बढ्न विशेष आग्रह गर्दछौं ।

### (क) वार्ताको वातावरण सहज बनाउन तत्काल गरिनुपर्ने कार्यहरु

१. जनयुद्धपूर्व र पश्चात् विभिन्न समयमा पुलिस हिरासतबाट बेपत्ता पारिएका दण्डपाणि न्यौपाने लगायतका व्यक्तिहरुको स्थितिबारे सार्वजनिक गरिनुपर्दछ ।

२. नेकपा माओवादीका केन्द्रीय सदस्य मातृका यादव लगायतका सम्पूर्ण बन्दीहरु तत्काल रिहा गरिनुपर्दछ ।

३. जनयुद्धका विरुद्ध लक्षित गरेर बनाइएका सुरक्षा नियमावली, सशस्त्र सुरक्षा बललगायतका सम्पूर्ण ऐन कानून खारेज गरिनुपर्दछ ।

४. जनताका विरुद्ध षड्यन्त्रमूलक ढंगबाट लागू गर्न खोजिएको एकीकृत विकास र सुरक्षा कार्यक्रम फिर्ता लिनुपर्दछ ।

५. विभिन्न बहानामा जनतालाई आतंकित पार्दै परिचालन गरिएका शाही सेनालाई ब्यारेकमा फिर्ता गरिनुपर्दछ ।

### (ख) मुख्य राजनैतिक विषयहरु

१. देश र जनताका समस्या समाधानको निकास खोज्न बाधक भएको वर्तमान संविधान खारेज गरी नयाँ संविधान निर्माणका लागि जनतालाई अधिकार प्रदान गरिनुपर्दछ ।

२. वर्तमान संसद र सरकार विघटन गरी नयाँ प्रक्रिया आरम्भ गर्दै अन्तरिम सरकारको गठन गरिनुपर्दछ ।

३. परम्परागत राजतन्त्रको अन्त्य भइसकेको र जनताको हृदयमा गणतन्त्रको उदय भइसकेको परिप्रेक्ष्यमा गणतन्त्रको संस्थागत विकासको प्रक्रिया आरम्भ गरिनुपर्दछ ।

### (ग) जनसरोकारका तत्कालीन विषयवस्तुहरु

१. सन् १९५० को नेपाल-भारतबीचको सन्धि, एकीकृत महाकाली सन्धि (२०५२) लगायत सम्पूर्ण असमान सन्धि-सम्झौताहरु खारेज गरिनुपर्दछ । कालापानीबाट भारतीय सेना हटाउनु पर्दछ । र, सीमा अतिक्रमण बन्द गरिनुपर्दछ ।

२. नेपाल-भारत खुला सीमाना नियन्त्रित र व्यवस्थित गरिनुपर्दछ र वर्कपरमिट प्रणाली लागू गरिनुपर्दछ ।

३. सबै खाले जातीय र क्षेत्रीय शोषण, उत्पीडनको अन्त्य गर्नको लागि आत्मनिर्णयको अधिकार प्रदान गर्दै जातीय तथा क्षेत्रीय स्वायत्त शासन लागू गरिनुपर्दछ । धर्म निरपेक्षता कायम गरिनुपर्दछ ।

४. कृषि क्षेत्रमा विकासको लागि जमीन जोत्नेको नाराका आधारमा क्रान्तिकारी भूमिसुधार लागू गरिनुपर्दछ । सामन्त, नोकरशाही पूँजीपतिहरुको र विभिन्न प्रकारका गुठीहरुको स्वामित्वमा रहेको जमीन बिनामुआब्जा जफत गरेर भूमिहीन तथा गरिब किसानहरुमा वितरण गरिनुपर्दछ ।

५. साम्राज्यवादी र भारतीय एकाधिकार पूँजीको चंगुलबाट राष्ट्रिय उद्योगधन्दालाई मुक्त गरी देशमा तीव्र औद्योगिकरणको मार्ग प्रशस्त गरिनुपर्दछ । देशका साना तथा घरेलु उद्यमीहरु र अल्पसंख्यामा रहेका राष्ट्रिय पूँजीपतिहरुको पूँजीलाई संरक्षण र प्रोत्साहन गरिनुपर्दछ ।

६. देशको वाणिज्य क्षेत्रमा एकाधिकार पूँजीपतिहरुलाई नियन्त्रण गरिनुपर्दछ र स्वदेशी व्यापारीहरुलाई राज्यले संरक्षण दिइरहनुपर्दछ । आपसी फाइदा र बराबरीको आधारमा सबैसँग व्यापारिक सम्बन्ध राखिनुपर्दछ ।

७. सार्वजनिक खर्च बजेट प्रणालीअन्तर्गत व्यवस्थित गरिनुपर्दछ । आर्थिक पुनर्निर्माणलाई ध्यानमा राखी प्रगतिशील कर नीति लागू गरिनुपर्दछ ।

८. शिक्षाको मूल चरित्र राष्ट्रिय र वैज्ञानिक हुनुपर्दछ । आम जनसमुदायमा देशप्रेम, विज्ञानमा विश्वास, श्रममा श्रद्धा, सार्वजनिक सम्पत्तिप्रति चासोको भाव पैदा गर्ने खालको शिक्षा नीति लागू गरिनुपर्दछ । र, शिक्षामा भइरहेको निजीकरण र व्यापारीकरण बन्द हुनुपर्दछ ।

९. जनताको सांस्कृतिक स्तर अभिबृद्धि गर्न, सामाजिक तथा राष्ट्रिय पुनर्निर्माण गर्न र दक्ष जनशक्ति उत्पादन गर्न सामन्ती दलाल र जनविरोधी विचारधाराको सट्टा जनताको सेवा गर्ने

## श्री ५ को सरकारको प्रारम्भिक टिप्पणीः

### (क) वार्ताको वातावरणबारे

१. हराएका भनिएका व्यक्तिका सम्बन्धमा श्री ५ को सरकारले थुनामा रहेका, जेलमा रहेका तथा हराएक भनिएका व्यक्तिहरुका बारेमा आफ्नं अभिलेखमा भएका विवरण एक साताभित्र यथार्थ रुपमा जानकारी गराउने छ ।

२. गिरफ्तार व्यक्तिका रिहाइबारे- वार्ताको वातावरण निर्माण गर्न श्री ५ को सरकारले आफ्ना तर्फबाट राखेका भनाइसँग तादात्म्य राख्दै गिरफ्तार भएका व्यक्तिहरुलाई प्रक्रिया पुऱ्याई रिहाइ गरिनेछ ।

३. सार्वजनिक सुरक्षा नियमावलीबारे- नयाँ ऐन कार्यान्वयन गर्ने सन्दर्भमा पुरानो नियमावली संशोधन गरी आएको सार्वजनिक सुरक्षा नियमावली- २०५८ को संविधान र ऐनका भावनासँग तालमेल नखाने अंश भएमा हटाउने गरी आवश्यक संशोधन तथा परिमार्जन गरिनेछ ।

सशस्त्र प्रहरी बल- मुलुकमा हुनसक्ने सम्भावित हिंसात्मक घटना, दंगा नियन्त्रण, सार्वजनिक स्थलहरुको सुरक्षा, सीमा सुरक्षा आदि प्रयोजनका निम्ति कानून बमोजिम गठन भएको निकाय हो । त्यसैले यसको विघटन सम्भव छैन । तर यो बल कुनै पनि राजनीतिक पक्षका विरुद्ध लक्षित छैन र हुँदैन ।

४. एकीकृत आन्तरिक सुरक्षा विकास- शान्ति र सुरक्षाको प्रत्याभूति र विकास आयोजनाको कार्यान्वयनलाई सहयोग पुन्याउने सन्दर्भमा आएको यो योजना विकास निर्माणको निर्बाध सञ्चालन, शान्ति सुरक्षाको स्थितिमा सुधार हुनेबित्तिकै स्वतः निष्क्रिय हुनेछ । साथै ५ नं. बुँदा पनि यसैसँग सम्बद्ध भएको तर्फ ध्यानाकर्षण गराउँदछौं ।

यसका साथै वार्ताको वातावरण बनाउन नेकपा (माओवादी) पक्षले तत्काल गर्नुपर्ने कार्यका बारेमा श्री ५ को सरकारको दृष्टिकोणलाई पनि स्पष्टताका साथ राख्दछौं ।

१. नेपाल अधिराज्यभरि हतियारको प्रयोग, ओसार-पोसार, प्रदर्शन, संकलन तथा लुटपाट तत्काल बन्द हुनुपर्ने ।

२. निर्वाचित प्रतिनिधिहरुलाई जबर्जस्ती राजीनामा गराउने, काम गर्न नदिने तथा कार्यालयमा तालाबन्दी गर्नेजस्ता कार्य तत्काल रोक्नुपर्ने ।

३. जनसरकारको घोषणा र त्यसको आडमा भएका जनअदालतका सम्पूर्ण कारबाही तत्काल बन्द गर्नुपर्ने ।

४. जबर्जस्ती चन्दा असुल्ने, निजी र सार्वजनिक सम्पत्ति-साधनहरुलाई करकाप र त्रासमा पारी प्रयोग गर्ने काम तत्काल बन्द गर्नुपर्ने ।

५. औद्योगिक-व्यापारिक, पर्यटन, शिक्षण संस्थाहरुलाई बलपूर्वक बन्द गर्ने र निर्बाध ढंगले सञ्चालन हुन नदिने जस्ता बल प्रयोगका सबै घटना रोक्नुपर्ने ।

६. माओवादी पक्षद्वारा अपहरण गरिएका, बेपत्ता पारिएका सर्वसाधारण नागरिक, प्रहरी-सुरक्षाकर्मी तथा विभिन्न राजनीतिक पार्टीका कार्यकर्ताहरु तत्काल मुक्त गर्नुपर्ने ।

७. वार्ताको अवधिभरि वार्तालाई प्रतिकूल प्रभाव पार्ने गरी कुनै पनि सभा, जुलुस प्रदर्शन नगर्ने ।

### (ख) राजनीतिक विषयहरुका बारेमा

१. नेपाल अधिराज्यको संविधान-२०४७ ले मुलुकको सार्वभौमसत्ता जनतामा निहित गर्दै जनताका आधारभूत मानवअधिकार कुनै पनि बहानामा खोसिन नसक्ने गरी प्रत्याभूत गरेको छ । यो संविधान जनताको चाहनाअनुरुप नै बनेको र वर्तमान अवस्थामा संवैधानिक विकासक्रमका लागि जनताले चाहेअनुरुप आफ्ना प्रतिनिधिमार्फत् नयाँ ढंगबाट सुधार र परिमार्जन गर्न सक्ने संवैधानिक अधिकार जनतामा नै रहेको छ । त्यसैले वर्तमान संविधानको खारेजीको धारणासँग हामी असहमति प्रकट गर्दछौं ।

सार्वभौमसत्ता जनतामा निहित भएको वर्तमान संविधानले सबै दार्शनिक-वैचारिक आस्थालाई प्रकट हुन दिने, जनतालाई संगठित हुन दिने र जनताको अभिमत माग्ने अवसर प्रदान गर्नाका साथै अहिले हाम्रा माझ छलफलमा उठेका आर्थिक, सामाजिक र सांस्कृतिक तथा राष्ट्रिय एकता र स्वाभिमानसँग सम्बन्धित सबै विषय र समस्याको निकास दिनसक्ने संविधानको गतिशील र लचिलो स्वरुपलाई नयाँ परिप्रेक्ष्य अनुकूल बनाई सबैले सदुपयोग गर्न सकिन्छ भन्ने हाम्रो प्रष्ट मान्यता प्रकट गर्दछौं ।

२. नेपालको ऐतिहासिक एवं सामाजिक सांस्कृतिक पृष्ठभूमि र भूराजनीतिक परिप्रेक्ष्यमा संवैधानिक राजसंस्थाको आवश्यकतालाई हामीले गम्भीर रुपले स्वीकार गरेका छौं । नेपालको राजसंस्थाको ऐतिहासिक स्वरुपलाई नेपाल अधिराज्यको संविधान-२०४७ ले संवैधानिक राजसंस्थाका रुपमा स्थापित र मर्यादित गरेको छ । यसैले संवैधानिक मान्यताभित्र मर्यादित राजसंस्थालाई अस्थीर बनाउने गरी आएको गणतन्त्रको अवधारणासँग हामी पूर्णतः असहमत छौं ।

३. संविधान र संवैधानिक राजसंस्थाका बारेमा माथि प्रकट भएका हाम्रा धारणाका सन्दर्भमा संवैधानिक प्रक्रियाअनुरुप संसदको गठन-विघटन, नयाँ सरकारको गठन र परिवर्तन जनताको अभिमत र मुलुकमा क्रियाशील राजनीतिक पार्टीहरुका माझ विकसित हुने समझदारीका साथै निश्चित एवं स्पष्ट उद्देश्यका निम्ति हुन सक्ने सम्भावनातर्फ ध्यानाकर्षण गर्दछौं ।

### (ग) जनताका सरोकारका तात्कालिक विषयबारे

यसबाहेक विभिन्न आर्थिक, सामाजिक-सांस्कृतिक एवं शैक्षिक क्षेत्र लगायतका विषयहरुमा आपसी छलफलद्वारा एउटा साझा निष्कर्षमा पुग्न सकिन्छ भन्ने धारणा राख्न चाहन्छौं ।

यहाँ उल्लेखित कतिपय सुधारका विषयहरु श्री ५ को सरकारका तर्फबाट कार्यान्वयका चरणमा छन्, उपयुक्त कानून निर्माणका लागि संसद्‌मा विचाराधीन र छलफलका क्रममा छन् ।

सत्तारुढ पार्टी नेपाली कांग्रेस तथा संसदमा क्रियाशील प्रमुख विपक्षी दल एमालेलगायत अन्य राजनीतिक पार्टीहरुद्वारा समेत पृथक पृथक र साझा रुपमा उठाइएका विषयहरु पनि हाम्रो छलफलका विषय भएका छन् ।

मुलुकको राष्ट्रियता-स्वाभिमान र एकतालाई अझ बढी उच्च र सुदृढ बनाउने कृषि र भूमि व्यवस्था सुधारलगायत सबल राष्ट्रिय अर्थतन्त्रको निर्माणसँग सम्बन्धित विषयहरुमा, सामाजिक भेदभाव शोषण समाप्त गर्ने मुद्दाहरुमा तथा स्थानीय निकायहरुलाई थप सुदृढ र अधिकारसम्पन्न बनाई स्थानीय जनसहभागिता, विकेन्द्रित पद्धति तथा संरचनाअनुरुप स्थानीय स्वशासनलाई विकसित गर्ने विषयहरुमा समेत सजिलैसँग सहमतिमा पुग्न सकिन्छ भन्ने हाम्रो धारणा छ ।

जनताका प्रत्यक्ष चासो र सरोकारका विषयहरुमा एक एक गरी विषयगत रुपमा उपलब्धिमूलक ढंगले वार्ता गरी हाम्रो मुलुकको आर्थिक-सामाजिक रुपान्तरण, जनताका अधिकारको अझ बढी सुदृढीकरण गर्ने प्रयोजनका लागि श्री ५ को सरकार सधैं धैर्यपूर्वक छलफल गर्न र निष्कर्षमा पुग्न तत्पर रहेको तर्फ यस वार्तामा सहभागी नेकपा (माओवादी)का वार्ताकार मित्रहरुको ध्यानाकर्षण गर्दछौं ।

**चिरञ्जीवी वाग्ले,**
संयोजक वार्ता टोली,
श्री ५ को सरकार

प्रगतिशील संस्कृतिको विकास गर्न जोड दिइनुपर्दछ ।

१०. सम्पूर्ण न्यायपूर्ण युद्ध र विशेष गरेर जनयुद्धका क्रममा सरकारद्वारा हत्या गरिएका सम्पूर्ण नागरिकहरुलाई शहीद घोषणा गर्ने, शहीद परिवार र घाइतेहरुलाई क्षतिपूर्ति दिइनुपर्दछ ।

११. स्वास्थ्य उपचार जनताको मौलिक अधिकार मानिनुपर्दछ र स्वास्थ्यसेवा निःशुल्क, सर्वसुलभ ढंगले उपलब्ध गराउनुपर्दछ । गाउँले क्षेत्रमा स्वास्थ्य सेवाको विचारमा विशेष ध्यान दिइनुपर्दछ ।

१२. अन्धा, अपांग, बृद्ध, असहाय र बालबालिकाहरुको अधिकारको रक्षा गरिनुपर्दछ र उनीहरुको हेरचाहको विशेष व्यवस्था गरिनुपर्दछ ।

१३. महिलाहरुमाथि भएका सामन्ती तथा पूँजीवादी शोषणका सबै रुपहरुको अन्त्य गरिनुपर्दछ र महिलाहरुलाई सबै क्षेत्रमा पुरुषसरह समान अधिकार दिइनुपर्दछ । छोरीलाई छोरासरह पैतृक सम्पत्तमाथि समान अधिकार दिइनुपर्दछ । महिला बेचबिखनलाई कडाइपूर्वक रोकिनुपर्दछ ।

१४ दलित जातिहरुमाथि हुँदै आएका शोषण-उत्पीडनका सबै रुपहरुको अन्त्य गरिनुपर्दछ र दलितहरुलाई पूर्णरुपले अरुसरह समान व्यवहार गरिनुपर्दछ ।

१५. मजदूरहरुको निम्ति हप्ताको ४० घण्टाको कार्यदिन र न्यूनतम ज्याला निर्धारण गरी त्यसको कडाइपूर्वक कार्यान्वयन गरिनुपर्दछ । उद्योगहरुको व्यवस्थापनमा मजदूरहरुको सहभागिताको ग्यारेन्टी गरिनुपर्दछ ।

१६. जनताको अभिव्यक्तिको स्वतन्त्रतालाई सुनिश्चित गरिनुपर्दछ । तथ्यपूर्ण समाचार सम्प्रेषण गर्ने पत्र-पत्रिकाहरुको प्रकाशनलाई अभिप्रेरित गरिनुपर्दछ ।

१७. युवाहरुको सर्वाङ्गीण विकासका लागि ठोस नीति बनाई योजनाबद्ध ढंगले लागू गरिनुपर्दछ ।

१८. बुद्धिजीवी, डाक्टर, वकिल, पत्रकार, लेखक, पाइलट, इन्जिनीयर र साहित्यकारहरुलाई देश र जनताको सेवामा समर्पित गराउन उनीहरुको प्राज्ञिक स्वतन्त्रता तथा पेशागत संरक्षणको सुनिश्चित गरिनुपर्दछ ।

१९. एनजीओ/आइएनजीओको नाउँमा भइरहेको साम्राज्यवादी वित्तीय घूसपैठ र अन्तर्ध्वंशको अन्त्य गरिनुपर्दछ ।

२०. विदेशमा बस्ने नेपालीहरुको हित रक्षाको सुनिश्चित गरिनुपर्दछ ।

२१. जेठ १९ गते भएको नारायणहिटी राजदरबारको हत्याकाण्डको सत्यतथ्य पत्ता लगाई सार्वजनिक गर्न जनस्तरबाट एउटा शक्तिशाली आयोग बनाइनुपर्दछ ।

२२. राष्ट्रको पूर्वाधार विकासको लागि विशाल रुपमा रहेको ग्रामीण क्षेत्रमा कूल बजेटको ७० प्रतिशत छुट्याउनु पर्दछ ।

२३. सम्पूर्ण तह र तप्काका जनसमुदायले राखेका न्यायपूर्ण मागहरु पूरा गरिनुपर्दछ ।

अन्त्यमा, हामी फेरि पनि, वार्ताद्वारा जनतालाई अधिकारसम्पन्न गराउन प्रयत्नरत छौं । श्री ५ को सरकार पनि यहीअनुरुप अघि बढोस् भन्ने चाहन्छौं । जनता र देशको समस्याको कारण र समाधानको मूल केन्द्र राजनीतिक विषय बन्ने भएकाले बहस मूल राजनीतिक विषयमा केन्द्रित हुने स्पष्ट छ । साथै विभिन्न वार्ताविरोधी षड्यन्त्र गर्ने तत्वहरुबाट सरकार प्रभावित नहुन पनि विशेष आग्रह गर्दछौं ।

**कृष्णबहादुर महरा**
संयोजक : वार्ताटोली-
नेकपा (माओवादी)

**यो सशस्त्र विद्रोह हाम्रो रहर नभई विद्यमान राज्यसत्ताद्वारा सिर्जित जनतामाथि गरिएको उत्पीडन, राष्ट्रियतामाथि भएको हस्तक्षेप एवं जनताको गिर्दो जीवनस्तरका विरुद्ध गरिएको बाध्यता हो ।**

# माओवादी गतिविधिहरूमा देखिएका सांस्कृतिक कमजोरीहरू

- चन्द्रदेव नेपाली -

विगत बाह्र वर्षदेखि यता मुलुकमा शान्तिपूर्ण रूपमा माग गरिएका सैयौं कुराहरूप्रति रत्तिभर पनि वास्ता नगर्ने सरकारहरू देखेर दिक्क मानिरहेका नेपाली जनताहरू अहिले आएर ने.क.पा. माओवादीका गतिविधिहरूप्रति आकर्षित भएका छन् । ने.क.पा. माओवादीले 'शान्तिपूर्ण माग' हैन, 'बलपूर्वक माग' राख्न थालेको र यसले गर्दा सरकार जन-आवाज सुन्न केही हदसम्म बाध्य भएको, भूमिसुधार लगायत आठ सूत्रीय सुधारका कदमहरूको घोषणा गर्न यो बाध्य भएको, गाउँ गाउँमा जाली-फटाहाउपर जन-कारवाही भएको र जाँडरक्सी आंशिक रूपमा भएपनि नियन्त्रित भएको आदि घटनाहरू देखेर जनता केही उत्साहित भएको पनि छ । शिक्षा क्षेत्रको अनियमित र भ्रष्ट स्थितिप्रति माओवादी निकट छात्र-संगठनले ठूलो स्वरमा आवाज निकाली सबैको ध्यानाकर्षण गरेको विषय पनि यतिखेर सकारात्मक चर्चाको विषय बनेको छ । नयाँ व्यक्तिहरू र क्षेत्रहरूमा वाम-आन्दोलनको विस्तार भएको पक्ष पनि यस्तै चर्चाको विषय बनेको छ ।

तर यतिबेला माओवादी पार्टीका कतिपय गतिविधिहरूउपर जन-मनमा व्यापक रूपमा प्रश्नहरू र दिक्दारीहरू पनि पैदा भएका छन् ।

हो, कतिपय प्रसंगहरूमा प्रतिकृयावादीहरूले पनि वामपन्थीहरूप्रति झुठा र अनर्गल प्रचारहरू गरिदिने गर्छन् र यस्ता प्रचारहरूको भ्रममा परेर आम-जनताले उनीहरूप्रति नकारात्मक सोच राख्ने गर्छ । यस्तो ने.क.पा. माओवादीका सन्दर्भमा पनि भएको छ । यस्तोमा ने.क.पा. माओवादीले आफ्ना सक्कली कुराहरू छिटो र जस्ताकोतस्तै जनतामा लैजाने उपाय निकाल्नु र आफूबारे फैलाइएका भ्रमहरूको सटीक खण्डन गर्नुबाहेक अर्को विकल्प छैन । यसकारण, प्रतिकृयावादी दुस्प्रयत्नहरूको भण्डाफोर गर्ने काम व्यापक स्तरमा र विविध स्तरमा हुन जरूरी हुन्छ । यसको निम्ति सर्वश्रेष्ठ उपाय यही नै हो ।

**जब स्वयं ने.क.पा. माओवादीमै कमजोरी र त्रुटीहरु विद्यमान रहन्छन्, तब भने प्रतिक्रियावादीहरुलाई आलोचना गरेर वा गाली गरेर समस्याको समाधान प्राप्त हुन्न**

तर जब स्वयं ने.क.पा. माओवादीमै कमजोरी र त्रुटीहरू विद्यमान रहन्छन्, तब भने प्रतिक्रियावादीहरूलाई आलोचना गरेर वा गाली गरेर समस्याको समाधान प्राप्त हुन्न । यसका निम्ति आफ्ना कमजोरी र त्रुटीहरूलाई सर्वप्रथम चिन्नु जरूरी छ र केलाउनु जरूरी छ । त्यसपछि तिनलाई हटाएर आफूलाई सच्चाउनु, सुधार्नु नै एक मात्र विकल्प हो ।

ने.क.पा. माओवादीका समग्र गतिविधिहरूको चर्चा यहाँ संभव छैन । यहाँ उसका गतिविधिहरूमा देखिने केही सांस्कृतिक कमजोरी वा त्रुटीहरूको पक्षलाई मात्र केलाउने कोशिस गरिएको छ ।

**माथिबाट लाद्ने प्रवृत्ति :**

क. माओको शिक्षालाई केलाउने हो भने आम जनतालाई सम्झाएर-बुझाएर, उनीहरूको स्तर बढाएर, उनीहरूकै माझबाट उनीहरूका मागहरू अघि सारेर काम गर्ने शैली त्यहाँ पाइन्छ । माओपछिका अन्य समाज-बैज्ञानिकहरूको पनि दह्रो अडान रहेको पक्ष हो- जनतालाई साथ लिएर मात्र अगुवाहरू हिंड्नु जरूरी छ भन्ने पक्ष ।

आफैंले नबुझीकन जति नै असल कुरो पनि जनताको 'आफ्नो' भैसकेको हुन्न ।

ने.क.पा. माओवादीका पछिल्ला कतिपय असल मागहरू स्वयंका सन्दर्भमा यस्तो भएको छ । रक्सीलाई देशभरि नै नियन्त्रण गरिनु राम्रो कुरा हो । तर माओवादी पार्टी नजिकका व्यक्तिहरूले रक्सीको उत्पादन र बिक्री-वितरणमा रोक लगाइने छ भन्ने र अवज्ञा गर्नेलाई कारवाही गरिने छ भन्ने सूचना जति धेरै जारी गरे, त्यसको तुलनामा रक्सीको खराबीबारे एकदमै कम चर्चा र प्रचार गरे । किन रक्सी र रक्सी सेवनको अतिले हाम्रो समाजमा हानी पुगिरहेको छ, त्यसका खराव असरहरू के के भैरहेका छन् ? र किन अब यसलाई हामीले नियन्त्रण गर्नु जरूरी भयो भन्नेबारेमा माओवादी निकटका छापामाहरूमा चर्चा, परिचर्चा नै भएनन् भने पनि हुन्छ । कुनै व्यवस्थित पर्चा, पुस्तिका वा शहरी केन्द्रहरूमा व्यापक अन्तर्क्रिया, गोष्ठीहरू भएनन् । एकैपटक देशव्यापी नियन्त्रण वा प्रतिबन्धको कुरा बाहिर आयो । केही वर्षयता महिला समूहहरूले स्थानीय स्तरमा रक्सीविरोधी आन्दोलन चलाएका स्थानहरूमा बाहेक अन्यत्र गाउँहरूका असचेत व्यक्तिहरूमा अझै रक्सीविरोधी आन्दोलन आफ्नो हितमा छ भन्ने कुरा स्थापित भएको छैन । यो 'माओवादीको लागि मानीदिनु पर्ने' विषय भएको छ । जुवा-तास खेल्ने र रक्सी धोक्नेहरूलाई पटापट पिट्न माओवादीहरू जति सक्रिय छन्, जुवा-तास र रक्सीका खराबीबारे व्यवस्थित प्रचार अभियानमा त्यत्तिकै निस्कृय छन् । हालको उनीहरूको केन्द्रीय माग 'गणतन्त्र'बारे पनि यस्तै स्थिति रहेको छ । 'राजतन्त्र' किन खराब



माओवादी छापामारहरू जनताका बीचमा

छ र 'गणतन्त्र' किन असल छ भन्ने आफ्नो मान्यतालाई प्रष्ट पार्न माओवादी पार्टीले कहीं पनि व्यवस्थित व्याख्यात्मक सामग्रीहरू प्रकाशमा ल्याएको छैन । उसका आफ्नै कार्यकर्ताहरूले पनि यसबारे तीनवटा प्रश्नसम्मको जवाफ त देलान्, जनताले चौथो, पाँचौं प्रश्न गर्‍यो भने उनीहरू अवाक् हुने स्थिति रहेको पाइन्छ ।

## जोर-जबर्जस्ती

ने.क.पा. माओवादी पछिल्लो स्थितिमा चन्दा र बन्दको सन्दर्भमा जोर-जबर्जस्तीका कारण जनस्तरबाट ठूलै आलोचनाको शीकार भएको छ । पार्टीको निम्ति चन्दा रकम आफैं तोक्ने र जबर्जस्ती त्यो रकम व्यक्ति वा संस्थाबाट असुल गर्ने अनि चन्दादाताहरूलाई सम्झाइ बुझाइ गर्ने हैन, धम्क्याउने शैली यसले अपनायो । यस क्रममा काठमाण्डौमा गत असोज ५ मा हुने भनिएको र पछि रद्द भएको बृहद जनप्रदर्शनका लागि भनेर यस पार्टीका कार्यकर्ताहरूले काठमाण्डौ उपत्यकामा थुप्रै यस्ता व्यवहारहरू गरे, जसले गर्दा यसले विगतमा जनताको माझमा कमाएको इज्जत धेरै हदसम्म सखाप भयो । सानो खुद्रा-पसलेसँग पनि दुई बोरा चिनी र दुई बोरा चिउरा जबर्जस्ती मागेर लैजाने, गाडी ल्याएर पसलअगाडि रोक्ने अनि ६-७ बोरा चामल किनेझैं गरी माग्ने अनि गाडीमा राखीसकेपछि 'लौ त हामी त माओवादी हौं, यो चामल तपाईंको तर्फबाट हाम्रो पार्टीलाई चन्दा भयो भन्ने ठान्नुस्' भनेर हिंड्ने । 'हाम्रो जुलुसमा आउनेमध्ये यतिजना मान्छेहरूलाई बस्ने-खाने व्यवस्था तपाईंले गर्नू ।' भनेर काठमाण्डौका स्कूलहरूलाई आदेश दिने काम पनि उनीहरूले

> **कुनै पनि हालतमा जनतालाई करकापमा नपार भन्ने 'लाइन' कमरेड माओको लाइन हो । कमरेड माओको नाममा सक्रिय ने.क.पा. माओवादीका कार्यकर्ताहरूले यो लाइन किन त्यागेका हुन् ?**



माओवादी जन-सरकार घोषणा सभामा सांस्कृतिक झाँकी प्रस्तुत गर्दै

गरे । 'हाम्रा मान्छे ओसार्न बस चाहियो' भन्ने र 'हाम्रा जुलुसमा तपाईंको स्कूलबाट विद्यार्थीहरू पठाइदिनु पर्‍यो' भन्ने खालका कडा मागहरू पनि उनीहरूले गरे ।

वास्तवमा, कमरेड माओको व्यवहार र शिक्षाले कदापी यस्तो जोर-जबर्जस्तीलाई स्वीकारेको छैन । कुनै पनि हालतमा जनतालाई करकापमा नपार भन्ने 'लाइन' कमरेड माओको लाइन हो । कमरेड माओको नाममा सक्रिय ने.क.पा. माओवादीका कार्यकर्ताहरूले यो लाइन किन त्यागेका हुन् ? - यो बुझ्न नसकिने रहस्य भएको छ । राजीखुसीले जेजति जनताले दिन्छ, त्यसैलाई स्वीकार्नु नै जन-नीति हो । बढीभन्दा बढी दिनका निम्ति जनतालाई सम्झाइ बुझाइ गर्नु एउटा कुरा हो, जोर-जुलूम गर्नु अर्कै कुरा हो । सम्झाइ बुझाइ गर्दा मान्छे ज्यानै अर्पण गर्ने गरी 'जनयुद्ध'मै सामेलसमेत त हुन आउँदोरहेछ भने सम्झाइ बुझाइ गर्दा जनताले आफूलाई बढीभन्दा बढी सघाउँछ भन्ने कुरा माओवादीहरूले किन नबुझेका होलान् ?

## धाक-धक्कू

पछिल्लो स्थितिमा के देखियो भने, ने.क.पा. माओवादी पनि संख्या शक्तिको धाकधक्कू लगाउने कुरालाई महत्व दिन पुग्यो । जुन प्रवृत्तिका निम्ति ऊ विगतमा एमालेहरूलाई गाली गर्ने गर्थ्यो, आज त्यही प्रवृत्ति ने.क.पा. माओवादी आफैंले अपनाइरहेको पाइएको छ । हामी सभामा लाखौं मान्छे जम्मा गरिदिन सक्छौं, हामी हज्जारौं मान्छे जुलुसमा जम्मा गर्न सक्छौं भन्ने देखाउन ऊ ज्यादा लालयित भएको देखियो ।

हो, आफ्नो सांगठनिक र अन्य प्रभावका कारण स्वाभाविक रूपमा जनतालाई मैदानमा उतारेर देखाउनु खराब कुरा हैन । तर जब अस्वाभाविक रूपमा यस्तो गर्न थालिन्छ, तब प्रश्न उठ्छ, आखिर किन माओवादीलाई भीड नै देखाउनु परेको हो ? जबरजस्ती गाडी व्यवस्था गरेर, व्यक्तिहरूलाई पनि जबरजस्ती गरेर, स्कूल स्कूलमा खाने-सुत्ने व्यवस्था गरेर, पश्चिमबाट यतिसय बसहरूमा र पूर्वबाट यतिसय बसहरूमा हामी मान्छे ओसार्छौं भनी भनी, प्रचार गरी गरी काठमाण्डौमा भीड जुटाउनै पर्छ भन्ने के जरूरी छ ?

काठमाण्डौमा केही समयअघि माओवादीले बसन्तपुरमा आयोजना गरेको आमसभा आफैंमा ठूलो थियो, उल्लेखनीय थियो । पछि खुलामंचमा सहज रूपमा उसले आमसभा गरेको भए पनि स्वतः योभन्दा निकै बढी मानिसहरू त्यहाँ आउँथे । त्यो सहज उपस्थिति आफैं माओवादीका निम्ति ठूलै उपलब्धी हुन्नथ्यो र ? किन ऊ 'दुई लाख, तीन लाख वा पाँच लाख जनता टुँडिखेलमा उतारिने' जस्ता प्रचारमा खुसी हुन थाल्यो ?

यसले देखाउँछ, माओवादी पार्टी र यसका कार्यकर्ताहरू यथार्थलाई यसको आफ्नै गतिमा विकास भएको देख्न हैन, कृत्रिम गतिमा 'सुन्निएर मोटाएको' अर्थमै भए पनि छिटोछिटो विकास भएको देख्न आतुर छन् । यो अधैर्यताले उनीहरूलाई यथार्थभन्दा ज्यादा धाकधक्कूप्रेमी बनाउन थालेको देखिन्छ ।

## अवस्तुवादी मूल्यांकन

पछिल्लो स्थितिमा माओवादी पार्टीप्रति जनता ज्यादा आकर्षित भएको साँचो हो । तर माओवादी पार्टीका कतिपय व्यक्तिहरूले यो आकर्षणलाई अधिक मूल्यांकन गरेको पनि पाइएको छ । गाउँमा आफैंले अनिवार्य उपस्थितिको लागि उर्दी जारी गरेको कारण सभा-जुलुसमा जम्मा भएका जनताहरू वा शहरमा जिज्ञासावश कुरा सुन्न आमसभामा आएका अन्य पक्षका बौद्धिकहरू-समेतको भीडलाई 'आफ्नो बलियो सांगठनिक आधार' हदको समर्थन ठान्ने गल्ती उनीहरूले गर्ने हो भने यस आधारमा बनाइएका उनीहरूका योजनाहरू असफल हुने खतरा नै ज्यादा रहने हुन्छ । शहरी क्षेत्रमा अहिले माओवादीहरूप्रति 'सहानुभूति राख्ने र उनीहरूको कुरा बुझ्न चाहने' जिज्ञासुहरूको संख्या बढेको छ । यसलाई यही अर्थमा माओवादीले बुझ्यो भने यो वस्तुवादी हुनेछ, हैन 'सहानुभूतिशील जिज्ञासुहरू'लाई पनि आफ्नो संगठित शक्तिसरह सोच्न थाल्ने प्रवृत्ति नत्याग्ने हो भने यसबाट ऊ आफैंलाई धोका हुनेछ ।

## गुणस्तरमा कम ध्यान

अहिले माओवादी पार्टीप्रति जनचासो बढेकै सन्दर्भमा यस पार्टीमा

प्रवेश गर्न चाहनेहरूको संख्या पनि ह्वात्तै बढिरहेको छ । यस स्थितिमा यदि सावधानी नअपनपाउने हो भने यस पार्टीभित्र थुप्रै गलत तत्वहरूले पनि प्रवेश पाउने खतरा टड्कारो रहेको छ ।

आफूलाई समर्थन गर्नेहरू जोकोहीलाई पनि बिनाशर्त र बिना जाँचबुझ पार्टीमा प्रवेश गराउने प्रवृत्तिका कारण अन्य कतिपय वाम पार्टीहरू बिग्रेर गएको आरोप लगाउने गरेको ने.क.पा. माओवादीले आफूले पनि के त्यही प्रवृत्ति नै अपनाउन थालेको हो ? पार्टी वा जनवर्गीय संगठनहरूको नजिक आउनेहरूलाई काम र व्यवहार अनि वैचारिकता र नैतिकताको पाटोमा खारेर, जाँचेर मात्र लामो परीक्षणपछि मात्र प्रवेश दिने कम्युनिष्ट पार्टी परम्परालाई त्याग गर्ने हो भने निश्चित छ केही समयपछिदेखि नै ने.क.पा. माओवादी पार्टी आफैं अराजकहरू, आवाराहरू र संदिग्ध तत्वहरूको अखडा बन्नेछ । अनि शत्रुहरूको कडा आक्रमणबाट समेत जोगाएको पार्टी आफैंभित्रका नखारिएका, गैर कम्युनिष्ट अहंकारीहरू र षडयन्त्र-कारीहरूको आक्रमणमा पर्न बेर छैन । सोभियत संघमा यस्तै भएँको हो । नेपालका केही अवसरवादी चरित्रका वाम पार्टीहरूमा यस्तै भएको हो । यसबाट ने.क.पा. माओवादीले पाठ सिक्ने कि नसिक्ने ? खुला रूपमा जनसेनामा भर्ती खोलेर दरखास्त आह्वान गरिरहेको माओवादी पार्टीले सैनिक मोर्चामा समेत यस्तो धोका खाने खतरा ज्यादा रहेको छ । यसबारे यो पार्टी बेलैमा सचेत हुने कि नहुने ? चन्दा उठाएर खाइदिने, लुटपाट गर्ने, पार्टीको आदेश नमान्ने आदि प्रवृत्ति त केही मात्रामा यो पार्टीले भोग्दै आएको पनि छ ।

## सांस्कृतिक वैचारिक काम

ने.क.पा. माओवादी निकट महिला संघले जनताको निम्ति रक्सी प्रतिबन्धित गर्ने, तर ने.क.पा. माओवादी कार्यकर्ताले नै भने रक्सी धोकेर हिंड्ने स्थिति उत्पन्न भयो भने के होला ? यदि जथाभावी कार्यकर्ता भर्ती गर्ने प्रवृत्ति त्यागिदैन भने यस्तो हुने खतरा ने.क.पा. माओवादीमा ज्यादा नै रहने सम्भावना छ । पार्टीले आफ्ना नयाँ पुराना नेता कार्यकर्तालाई व्यक्तिगत जीवनमै पनि सामाजिक स्वभावको, नम्र, मार्क्सवादको आधारभूत ज्ञान हासिल गरेको, जिम्मेवार, संवेदनशील र सभ्य बनाउने कार्यक्रम नराख्ने हो भने यसको छवी धूमिल हुने प्रष्ट संभावना रहेको छ ।

पछिल्ला दिनहरूमा कतिपय ठाउँमा के पनि देखिएको छ भने, माओवादीले रहस्यमय ढंगमा छापामार शैलीमा बदमासीका केन्द्रहरूमा आक्रमण गर्दा यो पार्टी जति लोकप्रिय भएको थियो, सरकार-माओवादी वार्ता प्रसंगका कारण अलि खुकुलो स्थिति पैदा भई यसका केही कार्यकर्ताहरूले खुलेर प्रस्तुत हुँदा त्यो लोकप्रियता स्वाट्टै घटेको पनि छ ।

**लामो परीक्षणपछि मात्र पार्टीमा प्रवेश दिने कम्युनिष्ट परम्परालाई त्याग गर्ने हो भने निश्चित छ- ने.क.पा. माओवादी पार्टी आफैं अराजकहरू, आवाराहरू र संदिग्ध तत्वहरूको अखडा बन्नेछ**



नेकपा माओवादीका समर्पित छापामारहरू शहीदहरूको सम्झनामा मौनधारण गर्दै

'ए ! माओवादी भनेको त के के न होला भन्ठानेको त हाम्रो गाउँको फलानु पो रहेछ त !' -यसो भनेर उनीहरूले भनेको त्यो 'फलानु' व्यक्ति गाउँभरिमै अलोकप्रिय, अल्छी, जनताको सुखदुःखमा साथ नदिने स्वार्थी, आफ्नो घरमै पनि नारीलाई हेप्ने, रूढीवाद फैलाउने, शोषकहरूमध्ये एकथरि शोषकसँग मिलेर फाइदा उठाउने, अनि अर्कोथरि शोषकलाई मात्र खेद्ने र केवल अरू पक्षका वामपन्थीको मात्रै खेदो गर्ने खालको-व्यक्ति पो रहेछ ।

जताततै यस्तो भएको छ भन्न खोजिएको हैन, तर यस्तो प्रवृत्ति देखापर्न थालेको छ । पार्टी 'सचेत सर्वहारा'को सट्टा आवार सर्वहारा वा लफंगा सर्वहाराको अखाडा बन्यो भने त्यसले अरूथोक धेरै कुरा गर्ला, तर 'क्रान्ति'चाहिँ गर्नेछैन भन्ने कुरामा ने.क.पा. माओवादीका जिम्मेवार नेता-कार्यकर्ताहरू सचेत हुने कि नहुने ?

निश्चित प्रकारको नैतिक-सांस्कृतिक र वैचारिक स्तर प्राप्त गरेपछि मात्र पार्टीमा नयाँ प्रवेश दिने र पुरानाहरूलाई पनि निरन्तर यो स्तर बृद्धिको कार्यक्रममा सहभागी गराइरहने प्रकृया विद्यमान नभएमा घुसपैठियारहरू सजिलै पार्टीमा पस्न र बस्न सक्ने ! अनि हिजोको असल, आज खराव हुनपुग्ने प्रकृया तेज हुने खतरा रहन्छ नै ।

ने.क.पा. माओवादी नजिकका गतिविधिहरू र पत्रपत्रिकाहरू समेतलाई हेर्दा नैतिक-सांस्कृतिक र वैचारिक उत्थानका निम्ति यो पार्टीको चासो कम रहेको देखिन्छ । पुस्तक, पुस्तिका, लेखहरूको प्रकाशन, गोष्ठी, भेला आदिको आयोजन देखिएका छैनन् । 'हातलाई सशस्त्र गर्नुअघि दिमागलाई सशस्त्र पार' भन्ने प्रशिद्ध कथनको पर्याप्त कदर भएको देखिन्न ।

सरकार-माओवादी वार्ता प्रसंग चलेपछि सरकारी बलसँग मात्र हैन, सरकारी दिमागसँग पनि लड्नुपर्ने चुनौति माओवादी पार्टीसामु आएको छ । तर भौतिक बल जुटाउन, बन्दुक जुटाउन र सैनिक तालिम दिन यो पार्टीले जुन प्राथमिकता दिएको छ, के त्यसको एक खण्ड पनि ध्यान यसले बौद्धिक-वैचारिक बल जुटाउनका लागि दिएको छ त ? यो लेखकले राजधानीमा माओवादी वार्ता टोलीले आयोजना गरेको एउटा पत्रकार सम्मेलनमा एकजना स्वयंसेवक कार्यकर्ताले 'रायटर समाचार एजेन्सी'को नाम पहिलो पटक सुनेर 'ब्रायटर भन्नुभएको हो ?' भनेर सोधिरहेको पनि पायो बौद्धिक क्षेत्रको संघर्षलाई पनि महत्व दिइएको भए उनको जानकारीको स्तर योभन्दा धेरै माथि हुन संभव थियो नै ।

नेपाली वाम आन्दोलनको यो एक विडम्बना नै हो कि यहाँ बौद्धिकता र सूचना-सम्पन्नतालाई 'बुर्जुवा'को पर्यावाची मान्ने बौद्धिकता विरोधीहरूको ठूलो जमात विद्यमान छ । तर अबको युग भने बौद्धिक टक्करसमेतको युग बन्न पुगेको छ । अब हासीले भौतिक सम्पदा मात्रको हैन, बौद्धिक सम्पदासमेतको प्राप्ति र रक्षामा लाग्नुपर्ने बध्यता खडाभएको छ ।

यदि हाम्रो आजको युगको यो नयाँ पाटोलाई आत्मसात गर्ने हो भने ज्यानै अर्पण गरेर जनयुद्धमा होमिन तयार व्यक्तिहरूले यसलाई उचित महत्व अवश्यै दिन्थे होलान् भन्ने मैले ठानेको छु । के जनयुद्धकारीहरूले खोजेको आन्दोलन एकाँगी वा एकपाखे आन्दोलन मात्रै हो त ?

ने.क.पा. माओवादीका माथि उल्लिखित कमी-त्रुटीहरूका सन्दर्भहरूमा कतिपय स्थानमा सो पार्टीका कार्यकर्ताहरूले राम्रो र उन्नत व्यवहार प्रदर्शन गरी जनताको मन जितेका उदाहरणहरू पनि केही नपाइएका हैनन् । बौद्धिक वैचारिक कामको महत्वबोध गर्न थालेका संकेतहरू केही देखिन थाल्नु, विविध पत्रपत्रिका र पुस्तकहरूको खोजी गरी अध्ययन गर्ने प्रणाली बसाल्न थाल्नु, अपराधिक गतिविधि गर्ने कार्यकर्तालाई कारवाही गर्नु जोर जबरजस्ती भएकोमा अध्यक्ष क. प्रचण्डबाटै जनतासमक्ष क्षमायाचना गर्नु आदि यसका सकारात्मक पक्षहरू हुन् । ❑

# संग्रहणीय पुस्तक

# सम्झनाको तरेलीमा

नेपाली कम्युनिष्ट आन्दोलनका शीर्षस्थ व्यक्तित्व निर्मल लामासम्बन्धी आधारभूत कुराहरूको जानकारी दिने एउटा महत्वपूर्ण कृति हो- 'सम्झनाको तरेलीमा क. निर्मल लामा' । निर्मल लामाको देहावसान भएको एक वर्षपछि यो कृति स्मारिकाको रूपमा प्रकाशित भएको छ । कृतिको प्रकाशक हो : क. निर्मल लामा संकलित रचना तथा स्मारिका प्रकाशक समिति ।


सुप्रशिद्ध प्रगतिवादी समालोचक निनु चापागाईं प्रधान सम्पादक रहनुभएको यस कृतिको पहिलो प्रकाशन २०५८ असारमा भएको हो । यस पुस्तकमा निर्मल लामाको संक्षिप्त जीवनवृत्त, निर्मल लामासम्बन्धी संस्मरणहरू, राष्ट्रको चौथो अंगको अभिमत र श्रद्धाञ्जली एवं शोक वक्तव्यहरू गरी चार खण्डमा चारथरि सामग्रीहरू प्रस्तुत गरिएका छन् । ती चार खण्डहरूमध्ये यस स्मारिकाको सबभन्दा प्रमुख र महत्वपूर्ण खण्ड संस्मरण खण्ड नै हो । त्यो किन पनि हो भने त्यस खण्डभित्रका संस्मरणहरूमार्फत् निर्मल लामाको व्यक्तिगत, पार्टीगत र योद्धागत छवि जीवन्त र टड्कारो ढंगले प्रकट भएको छ ।

राष्ट्रिय राजनीति, विशेषतः वाम राजनीतिको क्षेत्रमा क्रियाशील व्यक्तिहरूले इतिहासका अलग-अलग कालखण्डहरूमा निर्मल लामासँग गर्नुभएका संसर्गहरूका छापहरू संस्मरणका रूपमा प्रस्तुत स्मारिकामा शब्दबद्ध भएका छन् ।

वामपन्थी व्यक्तित्वहरू वासुदेव गौतम, चित्रबहादुर आले, हिरण्यलाल श्रेष्ठ, श्यामप्रसाद, देवेन्द्रलाल श्रेष्ठ, महेश मास्के, माणिकलाल श्रेष्ठ, कृष्णदास श्रेष्ठ, नरबहादुर कर्माचार्य, प्रकाश, माधवकुमार नेपाल, खगेन्द्र संग्रौला, सीताराम तामाङ, राधाकृष्ण मैनाली, कमानसिंह लामा, भक्तबहादुर श्रेष्ठ, लोककृष्ण भट्टराई, डि.आर. पोखरेल, नारायणमान विजुक्छे, मोहनविक्रम सिंह, भरतमोहन अधिकारी, श्याम श्रेष्ठ, कमल कोइराला, पद्मरत्न तुलाधर, भैरव रिसाल र निनु चापागाईंका महत्वपूर्ण संस्मरणहरूले यस स्मारिकाको संस्मरण खण्डलाई गरिमायुक्त तुल्याएका छन् । त्यस्तै कमलराज रेग्मी, लक्ष्मण राजवंशी, डा. बल्लभमणि दाहाल, दमननाथ ढुंगाना, कृष्णप्रसाद भट्टराईजस्ता गैर-वामपन्थी क्षेत्रका व्यक्तिहरूका संस्मरणहरू पनि यसमा संकलित छन् ।

ती संस्मणहरूले गैर वामपन्थी क्षेत्रमा पनि निर्मल लामाको प्रभाव र लोकप्रियतालाई व्यक्त गरेका छन् ।

प्रजय शुक्ल, नन्दकुमार थापा, सुकन्या, चन्द्रानन्द नेवा, कान्ता ढकाल, डा. सुमन ढकाल, राम रिझन यादव, सत्यभामा माथेमा, तीर्थ ज्यापू र नरेन्द्र लामाजस्ता निर्मल लामासँग जोडिएका र




उहाँबाट शिक्षित तथा प्रेरित भएका विविध क्षेत्रका व्यक्तिहरूका संस्मरणहरूले प्रस्तुत स्मारिकामा निर्मल लामाको निजात्मक स्वभाव र विशेषताहरू बढी मुखरित भएका छन् । त्यसले गर्दा स्मारिकाको संस्मरण खण्ड बढी सुरूचिपूर्ण भएको छ ।

स्मारिकाको प्रारम्भमा 'हाम्रो भनाइ' शीर्षकअन्तर्गत आएको विचार संभवत : यस स्मारिकाको सम्पादक तथा प्रकाशक दुवैथरिको संयुक्त विचार हो । त्यस विचारअन्तरगत उठाइएका तीनवटा प्रश्नहरू निर्मल लामाको सन्दर्भबाट शुरू भए पनि वाम-आन्दोलनमा समग्र सन्दर्भमै अनुत्तरित प्रश्नहरूको रूपमा बुझ्न सकिन्छ, जसको उत्तर अपेक्षित छ । ती महत्वपूर्ण प्रश्नहरू निम्न छन् :

१. के जुन उद्देश्य (सर्वहारा क्रान्ति)का निम्ति व्यवहार समर्पित छ, त्यस उद्देश्यलाई अस्वीकार गरेर कुनै व्यक्तिको व्यवहारमाथि सम्मानभाव प्रकट गर्नु संभव हुन्छ ?

२. के जुन अडान वा लाइनमा त्यो व्यबहार आधारित छ, त्यस अडान वा लाइनलाई इन्कार गरेर कुनै व्यक्तिको साँच्चैको सम्मान संभव हुन्छ ?

३. नेपालको कम्युनिष्ट आन्दोलनमा वास्तविक रूपमा सर्वहारा वर्गको नेतृत्वअन्तरगत हुने क्रान्तिमाथिको प्रतिबद्धता र बुझाइ कति गहन छ ? श्रमजीवी वर्गप्रति सम्मान र विश्वास साँच्चै नै कति गहन छ ?

निर्मल लामाभन्दा भिन्न विचार समूहमा क्रियाशील व्यक्तित्वहरूले समेत गरीखाने वर्गप्रति निर्मल लामाको अनवरत प्रतिबद्धताको प्रशंसा गरेका छन् । माथिका प्रश्नहरू त्यही तथ्यबाट निःसृत भएका प्रश्नहरू हुन् ।

हाम्रो भनाइअन्तरगत आएको अर्को कुरा पनि यहाँ उल्लेखनीय छ । प्रस्तुत स्मारिकाको सीमा र औचित्यबारे त्यसमा भनिएको छ : "यस पुस्तकको उद्देश्य क. निर्मल लामाको आधिकारिक मूल्यांकन गर्नु नभएर उहाँका व्यक्तित्वका विभिन्न पक्षहरू जनतासामु उद्घाटन गर्नु रहेको छ । तथापि यस संकलनमा समावेश संस्मरणात्मक लेखहरूले क. लामाको मूल्यांकन गर्नमा केही न केही सहयोग त पुऱ्याउने नै छन् भन्ने हामीलाई लागेको छ । यसबाहेक नेपालको कम्युनिष्ट आन्दोलनको मूल्यांकन र इतिहास लेखनलाई पनि यस संकलनले धेरथोर योगदान पुऱ्याउला भन्ने हामी ठान्दछौं ।"

ठीकै हो, खासगरी मोहनविक्रम सिंह ! श्याम श्रेष्ठ, महेश मास्के, प्रकाश, निनु चापागाईं र खगेन्द्र संग्रौलाका संस्मरणहरूले नेपालको कम्युनिष्ट आन्दोलनको मूल्यांकनलाई पनि निर्मल लामाको परिप्रेक्ष्यबाट व्यक्त गरेका छन् । त्यसैले संस्मरण खण्ड स्मारिकाको आत्मा बनेको छ । इस्मालीद्वारा लिखित जीवनीका स्रोतहरूको उल्लेख नहुनु बेठीक देखिन्छ । चौथो अंगअन्तरगत दैनिक र साप्ताहिक समाचारपत्रका उद्गारहरू औपचारिकता र यथार्थबोधको सिमानामा देखापरेका छन् । श्रद्धाञ्जली र शोक वक्तव्यहरू भावुकताको सन्तुलित प्रक्षेपणजस्ता लाग्दछन् ।


जम्मा ३१०+५ पृष्ठको प्रस्तुत स्मारिकाको मूल्य रू. १३५/- रहेको छ । प्रस्तुत कृति अत्यन्त महत्वपूर्ण भएकाले संग्रहणीय छ ।

❑ समीर थापा


**सम्झनाको तरेलीमा : निर्मल लामा**

| | | |
|---|---|---|
| विधा | : | स्मारिका |
| प्रधान संपादक | : | निनु चापागाईं |
| प्रकाशक | : | क. निर्मल लामा संकलित रचना तथा स्मारिका प्रकाशन समिति, काठमाण्डौ |
| मूल्य | : | रू. १३५/- |


## ◄ उल्लेख्य




**क्यानभास नपाएका चित्र**
विधा : कविता संग्रह
कवि : उषा हमाल
प्रकाशक : मध्यपश्चिमाञ्चल साहित्य परिषद्, काठमाण्डौ
पृष्ठ : ९३+१६
मूल्य : रू. ५०/-




**कुरा साँचो**
विधा : लेख निबन्ध संग्रह
लेखक : आशाकाजी सेवक
प्रकाशक : जनमत प्रकाशन, बनेपा- ७, काभ्रे
पृष्ठ : १३६+६
मूल्य : रू. ७५/-




**बुद्धिबंगाराको फोन** (भाग-१)
विधा : व्यक्तिगत स्वास्थ्य-सम्बन्धी संवाद संगालो
लेखक : डा. कविताराम श्रेष्ठ
प्रकाशक : सिर्जनशील प्रकाशन, काठमाण्डौ
पृष्ठ : ३६
मूल्य : रू. २०/-

# राजपरिवारमा भतिजाद्वारा काकाको हत्या

- मुक्ता श्रेष्ठ -



बहादुर शाह



रणबहादुर शाह

नेपालको इतिहासमा यस्तो घटना पनि घटेको थियो, जुन घटना सम्झँदा पनि अचम्म लाग्छ । पृथ्वीनारायण शाहका कान्छा छोरा बहादुर शाहमाथि यस्तै खालको अचम्मको घटना घटेको थियो । परम्परागत 'जेष्ठभागी' रोलक्रममा खलल पार्न हुँदैन भनेर राजा बन्न नपाएका बहादुर शाहले पछि गिर्वाण युद्धविक्रम शाहलाई राजा बनाउँदा त्यही कुराको विरोध गरेकाले आफू मारिनु पऱ्यो । हो, बहादुर शाह आफ्नै भतिजा राजा रणबहादुर शाहको क्रूरताको शिकार हुनु परेको थियो । नेपालको राजदरवारभित्र सत्ताको लागि होडवाजी चल्दा थुप्रै सपूतहरूले ज्यान गुमाउनु परेको छ । विशेष गरेर पृथ्वीनारायण शाहको मृत्युपछि यस्ता हत्याकाण्डहरू तीव्र रूपमा बढ्न गएको देखिन्छ । यस्तो हत्याकाण्ड आजसम्म पनि कायम नै रहेको पाइयो ।

हो, बहादुर शाहले पनि सत्ता हत्याउन लागेको शंकैशंकामा धेरैचोटि नजरबन्दमा रहनुपऱ्यो र आखिर उनी मारिनु नै पऱ्यो ।

पृथ्वीनारायण शाहले उपत्यका विजय गरिसकेपछिदेखि नै दरवारभित्र सत्ताको लागि खटपट शुरू भइसकेको थियो । काठमाण्डौ र पाटन राज्य जितिसकेपछि पृथ्वीनारायण शाहका भाइहरू महोद्दमकीर्ति शाहले मकवानपुरको र दलमर्दन शाहले ललितपुरको राजा हुने अभिलाषा प्रकट गरे । यो कुरालाई पृथ्वीनारायण शाहले स्वीकार गरेनन् । यसले गर्दा दाजु भाइबीच बैमनस्यता शुरू भयो । भक्तपुर विजय अभियानमा ती दुवै भाइले भाग लिएनन् । भक्तपुर विजयपछि पृथ्वीनारायण शाहका कान्छा भाइ शुरप्रताप शाहले पनि आफूले चाहेजस्तो पुरस्कार नपाउनाले दाजु पृथ्वीनारायण शाहदेखि रिसाएर उनी चौबीसे राज्यमा गएर बस्न थाले । र, उनको त्यहीं नै मृत्यु भयो । महोद्दमकीर्ति शाहले मकवानपुर राज्य हत्याउन पछिसम्म पनि प्रयास गरिरहे । तर पृथ्वीनारायण शाहका अगाडि उनको केही नलागेपछि उनी भारतमा गएर बस्न थाले ।

उपत्यका विजयपछि पनि पृथ्वीनारायण शाह पूर्व र पश्चिमका राज्यहरू कब्जामा पार्नको लागि लागिपरिरहे । उनी आफ्ना जेठा छोरा युवराज प्रतापसिंह शाहलाई पनि विजय अभियानमा आफूसँगै हिंडाउन चाहन्थे । तर प्रतापसिंह शाह विजय अभियानलाई रोकेर आनन्दपूर्वक बस्न चाहन्थे । उनी वसन्तपुर दरवारमा मैजुरानीलगायत अन्य सुन्दरी केटीहरूद्वारा घेरिएर र तन्त्रमन्त्रमा लागेर मोजमस्तीमा दिन बिताइरहेका थिए । युवराजको यस्तो चाला देखेर पृथ्वीनारायण शाह अत्यन्तै विह्वल भएका थिए । त्यसको ठीक उल्टो, कान्छा राजकुमार बहादुर शाह भने बाबुको योजनामुताविक काममा लागेका थिए र विजय अभियानमा बाबुको सहयोगीको भूमिका निभाइरहेका थिए ।

बहादुर शाहको यो कार्यकुशलता देखेर पृथ्वीनारायण शाहका भाइ दलजित शाह र केही भारादारहरूले प्रतापसिंह शाहलाई युवराज पदबाट हटाएर उनको ठाउँमा बहादुर शाहलाई युवराज घोषणा गर्न सल्लाह पनि दिएका थिए । तर परम्परागत रूपमा रहिआएको 'जेष्ठभागी' रोलक्रममा खलल पार्दा पछि बेथिति बस्न जान्छ भनेर पृथ्वीनारायण शाहले त्यो सल्लाहलाई स्वीकारेनन् ।

वि.सं. १८३१ मा पृथ्वीनारायण शाहको मृत्यु भयो र, प्रतापसिंह शाह गद्दीमा बसे । पहिला आफ्ना काकाहरूले गरेका कामकुराबाट तर्सेका राजा प्रतापसिंह शाह बाबुको मृत्युपछि आफ्नो विरूद्ध आफ्ना भाइ बहादुर शाहले पनि केही षडयन्त्र गर्लान् कि भनेर तर्सिन थाले । त्यसैले उनले नुवाकोटमा अशौच बारिरहेका बहादुर शाहलाई नजरबन्दमा राखे । नजरबन्दी अवस्थामा नै बहादुर शाहले आफ्ना बाबुको काजक्रिया सके । त्यसपछि उनी भारतको बेतियामा गएर रहन थाले ।

यता प्रतापसिंह शाह भने बाबुले थालेको विजय अभियानलाई चटक्कै बिर्सेर सुविस्तासाथ बसिरहेका थिए । बहादुर शाह भने प्रवासमा बसेर पनि आफ्ना बाबुले अघि बढाएको विजय अभियानलाई कसरी चालु राख्ने भन्ने चिन्तामा थिए । त्यसैले उनले प्रवासबाटै 'अंग्रेजहरूले चितवनमाथि आक्रमण गर्न लागेका छन्, त्यो ठाउँ उनीहरूले जिते भने काठमाण्डौलाई आपत आउन सक्छ, त्यसैले उनीहरूले आक्रमण गर्नुभन्दा पहिला नै आक्रमण गरिहाल्नू र त्यहाँ कब्जा गरिहाल्नू' भन्ने खबर पठाए । त्यो खबर पाएपछि प्रतापसिंह शाहले तुरून्तै चितवनमाथि आक्रमण गर्न लगाए र सजिलैसित चितवन आफ्नो कब्जामा लिए ।

चितवन कब्जा गरेको तीन महिना जति पछि नै प्रतापसिंह शाहको अकस्मात मृत्यु भयो । उनको मृत्युपछि उनको साथमा कसलाई सती पठाउने भन्ने कुरामा द्वन्द चल्दा दरवारका केही भारदारहरू महारानी राजेन्द्रलक्ष्मी देवीलाई सती पठाउने पक्षमा रहे । महारानीलाई सती पठाउन पाएमा अढाई बर्षका युवराजा रणबहादुर शाहलाई राजगद्दीमा राखेर आफूखुसी शासन चलाउन पाइन्छ भन्ने कुरामा ती भारदारहरू बिश्वस्त थिए । यस्तो आपतको बेलामा राजेन्द्रलक्ष्मीले बेतियामा बसिरहेका आफ्ना देवरलाई सम्झिन् । र, उनलाई तुरून्तै काठमाण्डौ बोलाइयो । बहादुर शाह पनि तुरून्तै काठमाण्डौ आइपुगे । केही समयसम्म देवर भाउजू मिलेर शासन चलाए ।

बहादुर शाह पृथ्वीनारायण शाहले चलाएको विजय अभियानमा तुरून्तै लाग्नुपर्छ भन्ने पक्षमा थिए । तर राजेन्द्रलक्ष्मी देवी शाह भने यसको पक्षमा थिइनन् । उनको विचार रणबहादुर शाह ठूलो भएपछि उनैले यो काम थाल्नु पर्छ र देशको एकीकरणको श्रेय आफ्नै छोरालाई आओस् भन्ने थियो । यही कुरामा देवर भाउजूमा खटपट पऱ्यो । र, राजेन्द्रलक्ष्मीले सर्वजित रानाको सहयोग लिएर बहादुर शाहलाई दरवारमै नजरबन्द गरिन् । पछि पण्डित गजराज मिश्रको आग्रहमा मुमामहारानीले बहादुर शाहलाई नजरबन्दबाट मुक्त गरिदिइन् ।

दरवारभित्र मुमामहारानीको र सर्वजित रानाको बीच अनैतिक सम्बन्ध रहेको कुरा हल्ला चल्न थाल्यो । यही मौका पारेर बहादुर शाहले दरवारभित्रका केही मानिसहरूलाई हातमा लिएर महारानीलाई नजरबन्दमा राखे र

> नेपालको राजदरवारभित्र सत्ताको लागि होडवाजी चल्दा थुप्रै सपूतहरूले ज्यान गुमाउनु परेको छ । विशेष गरेर पृथ्वीनारायण शाहको मृत्युपछि यस्ता हत्याकाण्डहरू तीव्र रूपमा बढ्न गएको देखिन्छ ।

सर्वजित रानालाई काट्न लगाइयो । र, अब उनी आफूले शासन चलाउन थाले ।

यसरी बहादुर शाहले आफ्नो हातमा शासन लिएपछि उनी पश्चिमी राज्यको विजय अभियानमा लाग्न थाले । उनी गोरखामा बसेर विजय अभियान संचालन गरिरहेका थिए, त्यही मौका पारेर मुमामहारानी राजेन्द्रलक्ष्मीले आफ्ना मान्छेलाई प्रवास पठाई आफ्नो काका-ससुरा महोद्दमकीर्ति शाहलाई काठमाण्डौ झिकाइन् । महोद्दमकीर्ति शाहले काठमाण्डौ आएर राजेन्द्रलक्ष्मीलाई नजरबन्दबाट मुक्त गरे । र, बहादुर शाहको हातमा भएको सबै अधिकार उनलाई सुम्पिदिए । बहादुर शाह गोरखाबाटै बेतियातिर लागे । तर पछि महोद्दमकीर्ति शाहलाई पनि राजेन्द्रलक्ष्मीले ब्राम्हणको हत्या गरेको आरोपमा देश निकाला गरिदिइन् ।

आफ्नो हातमा सत्ता परेपछि अब मुमामहारानी राजेन्द्रलक्ष्मी देवी शाह आमोदप्रमोदमा मस्त रहन थालिन् । तर त्यति नै बेला 'मौका यही हो' भनेर पश्चिमका राज्यहरू नेपालमा आक्रमण गर्ने तयारीमा लाग्न थाले । यता राजेन्द्रलक्ष्मीले पनि आफूसँग भएभरका सैनिकहरूलाई पुनर्गठन गरेर उनीहरूसँग भिड्ने तयारी गर्न थालिन् । आखिर पश्चिमका चौबिसे राज्यहरू र गोरखाली सैनिकहरूबीच सिरानचोक गढी नजिकै मुठभेड पनि भयो । यस मुठभेडमा चौबीसे राज्यहरू नराम्ररी हारे । यसबाट उत्साहित भएका गोरखाली सेनाहरूले लमजुङ राज्यमाथि पनि आक्रमण गरे र विजय पनि गरे । कास्की राज्यले पनि गोरखाको अधिपत्य स्वीकार गऱ्यो । त्यसपछि पाल्पा र पर्वतमा पनि आक्रमण गर्ने योजना बन्न थाल्यो ।

तर यसै समयमा राजेन्द्रलक्ष्मीलाई क्षय रोग लाग्यो । यतिबेलासम्म राजा रणबहादुर शाहको ब्रतबन्ध गर्ने उमेर एकवर्ष बाँकी नै रहेको थियो । तै पनि आफ्नो स्वास्थ्यको ख्याल गरेर राजेन्द्रलक्ष्मीले ब्रतबन्ध गर्ने निर्णय गरिन् । उनी ब्रतबन्धको लागि आफ्ना छोरा रणबहादुर शाह तथा भाइ भारादारहरू लिएर गोर्खा रमाना भइन् । निर्वासित रहेका बहादुर शाहलाई पनि झिकाइन् । बहादुर शाह आए पनि । तर उनी पूरै नजरबन्दकै स्थितिमा रहे । ब्रतबन्ध सकेर सबै काठमाण्डौ फर्के ।

क्षयरोगले मुमामहारानीको शरीर झन्झन् गल्दै गइरहेको थियो । अब उनी आफ्नो मृत्युपछि बहादुर शाहले आफ्ना छोरा रणबहादुर शाहसँग बदला पो लिने हुन् कि ? अथवा उनलाई सत्ताच्युत गरेर आफै राजा हुने हुन् कि ? भनेर चिन्तित हुनथालिन् । किनभने अहिलेसम्म उनले बहादुर शाहलाई निकै सताइसकेकी थिइन् । त्यसैले उनले केही भारदारहरूको सहयोग लिएर बहादुर शाह पक्षका भारदारहको हत्या गराइन् र बहादुर शाहलाई पक्रेर फर्पिङको किल्लामा कैद गराइन् ।

तर बहादुर शाहलाई कैद गरेको १२ औं दिनमा नै राजेन्द्रलक्ष्मी देवीको मृत्यु भयो । अब उनको काजक्रिया गर्नको लागि सबभन्दा नजिकको ब्यक्ति भनेकै बहादुर शाह थिए । त्यसैले उनलाई कारागारबाट मुक्त गरेर काजक्रिया गर्न लगाइयो । काजक्रिया सकेपछि सबै भारदारहरूको सर्वसम्मतिमा बहादुर शाहले 'मुख्तियार' भई शासन सम्हाल्न थाले । र, उनले आफ्नै पक्षका भारदारहरू राखेर भारादारी सभाको पुनर्गठन गरे ।

आफूले शासन सम्हाल्नेबित्तिकै बहादुर शाह पाल्पासँग वैवाहिक सम्बन्ध राखेर पश्चिमी राज्यहरूको विजय अभियानमा लागे । उनकै योजनाअनुसार कालीगण्डकी पारीका अधिकांश राजाहरू उनको कब्जामा आए । यति नै बेला भोटसँग पनि पृथ्वीनारायण शाहको पालादेखि भइरहेको मुद्रासम्बन्धी खिचलोले तीब्र रूप लियो । र, आखिर भोटसँग नेपालको युद्ध नै भयो । यस युद्धमा नेपालको जीत भएकोले भोटले नेपाललाई वर्षेनी ५० हजार हर्जाना तिर्नुपर्ने गरी दुवै देशबीच सम्झौता भयो ।

यतातिर वि.सं. १८४९ सम्ममा नेपालको पश्चिमी सीमाना गढवालसम्म पुगिसकेको थियो । गढवाल र कुमाउको विजयले गर्दा हिन्दू धर्मको प्रमुख तिर्थस्थल बद्री, केदार, गंगोत्री, यमुनोत्री आदि नेपाल भूभागमा परिसकेका थिए । यसले गर्दा नेपालीहरूमा अपार प्रशन्नता छाएको थियो । बहादुर शाहले ती विजित ठाउँहरूमा सुव्यवस्था मिलाउनको लागि अनेक किसिमका ऐन-कानून तर्जुमा गर्ने तथा व्यवस्था मिलाउने काम गरेका थिए । त्यसको साथै नेपालको लागि चाहिने सामानहरू देशभित्रै उत्पादन गर्ने, विद्वानहरूलाई पढ्ने, लेख्ने व्यवस्था मिलाइदिने, हातहतियार बनाउने कारखाना खोल्ने आदि काम बहादुर शाहले गर्न थालेका थिए । यसले गर्दा नेपालमा बहादुर शाहको प्रभाव बढ्न थालेको थियो । उनका विरोधी भारादारहरू उनको प्रभाव बढेको मन पराइरहेका थिएनन् । ती भारादारहरूले उनको विरूद्धमा राजा रणबहादुर शाहसामु 'राजा रणबहादुर शाहलाई हटाएर आफै राजा हुन खोजेको छ' भन्ने चुक्ली लगाउन थाले ।

यस्तै समयमा चीनले नेपालमाथि आक्रमण गऱ्यो । चीनियाँ फौज बेत्रावती नदीसम्म आइपुगे । त्यहाँ नेपाली सैनिकहरूद्वारा चिनियाँ सैनिकहरू हराइए । र, दुवै देशबीच सन्धि भयो । यतिबेलासम्म राजा रणबहादुर शाह पनि १८ वर्ष पुगिसकेका थिए । उनले बिस्तार-बिस्तार बहादुर शाहको हातबाट राज्यशक्ति आफ्नो हातमा पार्न थाले । बहादुर शाह अधिकारविहीन हुनथाले । उनी बस्दै आएको घरबाट निकालिए । उनी पशुपतिको धर्मशालामा गएर बस्न थाले ।

यता रणबहादुर शाह आफूले सत्ता सम्हाले तापनि उनको मन राज्य चलाउनुमा भन्दा मनमोज गर्नतिर नै बढी आर्कषित भइरहेको थियो । यसै समयमा उनले एकजना विधुवी ब्राम्हणी कान्तिवतीसँग विहा गरे । यो विवाह उनकी माहिली महारानीबाट जन्मेको जेठो छोरालाई राजा नबनाई कान्तिवतीको छोरालाई राजा बनाउने बचनबद्धतामा भएको थियो । यसको विरोध केही ब्राम्हणहरू र चौतरीयाहरूले खुलेरै गरे । बहादुर शाहले पनि रणबहादुर शाहको यो कार्यको खुलेरै विरोध गरे । रणबहादुर शाहले यसको विरोध गर्ने ब्राम्हणहरूलाई अभक्ष खुवाएर, चारपाटा मुडेर देश निकाला गरे भने बहादुर शाहलाई समातेर विष्णुमतीको पुरानो किल्लामा कैद गरे । बहादुर शाह यस कैदबाट उम्केर विदेश गएर बस्न चाहन्थे । तर यसपटक भने उनी भारत नगएर चीनमा जान चाहन्थे । त्यसैले उनले चिनियाँ अधिकारीलाई यस आशयको चिठी पनि पठाएका थिए । तर चिनियाँ अधिकारीले बहादुर शाहलाई कुनै उत्तर नदिएर राजा रणबहादुर शाहलाई 'बहादुर शाहले चीनमा आउन इच्छा गरेको छ, के गर्ने ?' भनी सोधनी गरेर चिठी पठाए ।

यसैबेला कान्तिवती पनि गर्भवती भएकी थिइन् । बच्चा जन्मेपछि उनको छोरालाई राजगद्दी दिलाउँदा बहादुर शाहले ठूलै बखेडा गर्ने डर रणबहादुर शाहलाई हुन थाल्यो । त्यसैले उनले 'बहादुर शाहले रणबहादुर शाहलाई मारेर आफै राजा हुन खोजेको, अंग्रेजसँग मित्रता बढाएको, तिब्बतसँग अनाहकमा युद्ध गरेको' आदि आरोप लगाएर लेखेको चिठीसहित सर्वजित पाण्डेको नेतृत्वमा एउटा प्रतिनिधि मण्डल चीन पठाए । तर त्यो प्रतितिनिधि मण्डल चीन नपुग्दै वि.सं. १८५४ आषाढ १४ गते राती जेलभित्रै बहादुर शाहको हत्या भयो । यो हत्यालाई दवाउनको लागि उनी कालगतिले नै मरेका हुन् भनेर त्यही राती नै हतार हतार उनको दाहसंस्कार गरियो । नेपाली जनता र अधिकांश भारदारहरू बहादुर शाह कालगतिले मरेका हुन् भन्ने कुरामा विश्वास गरिरहेका थिएनन् । तर रणबहादुर शाहको क्रूरताको अगाडि भने आफ्नो ज्यानको मायाले कसैले चुँसम्म बोल्ने आँट गर्न सकेनन् । यो हत्याकाण्ड पछि दरवारमा यस्ता खालका षडयन्त्र र हत्याकाण्डहरूको क्रम बृद्धि हुनथाल्यो र त्यो अहिलेसम्म पनि कायम छ । ❑


प्रतापसिंह शाह



महारानी राजेन्द्रलक्ष्मी शाह

***यता प्रतापसिंह शाह भने बाबुले थालेको विजय अभियानलाई चटक्कै बिर्सेर सुविस्तासाथ बसिरहेका थिए***

*- सन्दर्भ स्रोत :*
*१ नेपालको महाभारत - ज्ञानमणि नेपाल*
*२ अब यस्तो कहिल्यै नहोस् - बाबुराम आचार्य*
*३ नेपालको ऐतिहासिक रूपरेखा - बालचन्द्र शर्मा*

# कारण र कार्य सम्बन्ध

- प्रज्ञानरत्न -



*फ्रेडरिक एंगेल्सको प्रशिद्ध भनाइ छ- "हामी के पाउँछौं भने कारण र कार्य त्यस्ता अवधारणा हुन् जुन एउटा फुट्टो केसको हकमा लागु गर्ने हो भने मात्र त्यस्तो देखापर्छ, परन्तु जब हामी त्यो फुट्टो केसलाई सिंगो ब्रम्हाण्डसितको आम सम्बन्धमा जोडेर हेर्छौं, तिनीहरुको विलय हुन्छ, तिनीहरू सार्वभौम क्रिया र प्रतिक्रियाको अवधारणमा विलीन हुन्छन्"*

संसारमा त्यस्तो कुनै घटना हुँदैन जसको कारण हुँदैन । विज्ञानको विकास नै कुनै पनि घटनाको कारण पत्तो लाउने क्रममा भएको हो । प्रकृति र समाजमा हुने कुनै पनि घटनाको कारण मान्छेले जति गहिराइमा थाहा पायो, मान्छे उति प्रकृति र समाजको मालिक बन्छ । ऊ घटनाक्रमलाई प्रभावित पार्न, नियन्त्रण गर्न सक्षम बन्छ । घटना वा प्रक्रियाको कारण थाहा पायो भने मान्छे कृत्रिम रूपमा त्यस्तो घटना र प्रक्रिया सृजना गर्न सक्षमसमेत बन्छ ।

आदिम मानवहरूलाई पानी पर्नुको कारण थाहा थिएन । न त चट्याङ्ग पर्नुको कारण नै उनीहरूलाई थाहा थियो । त्यसैले वर्षा र चट्याङ्गका सामु उनीहरू निरीह थिए । उनीहरू ती घटनालाई प्रभावित पार्न सक्दैनथे । परन्तु अहिलेका मान्छेलाई पानी पर्नुको कारण पनि थाहा छ, चट्याङ्ग पर्नुको कारण पनि । यही कारणले अहिले उनीहरू कृत्रिम रूपमा पानी पार्न सक्ने भएका छन् । बादललाई रकेटद्वारा तितरबितर पारेर पर्न लागेको पानीलाई नपर्ने पनि गर्न सक्ने भएका छन् । उनीहरू अब घरमा तामाको रड छानादेखि भुइँसम्म गाडेर घरमा चट्याङ्ग नै नपर्ने गर्न सक्ने पनि भएका छन् । भनाइको तात्पर्य, कारण थाहा पाएपछि मान्छेहरू अब कतिपय प्राकृतिक घटनालाई नै प्रभावित पार्न समर्थ भएका छन् । उनीहरू प्रकृतिको मालिक बन्न थालेका छन् ।

कारणको ज्ञानले मान्छे हरेक घटनाको मालिक बन्छ । कारणको अज्ञानताले मान्छे हरेक घटनामा निःसहाय र निरीह बन्छ । कारणको ज्ञान सत्यतिरको, मान्छे अझ ज्यादा शक्तिशाली बन्नुतिरको सिँढी हो । प्रभावकारी कार्य तब नै संभव हुन्छ, जब मान्छेलाई कुनै पनि घटना वा प्रक्रियाको कारण थाहा हुन्छ ।

संसारमा थुप्रै रोगहरूमाथिको विजय अहिले संभव भएको छ । टि.बी. अर्थात् क्षयरोग एक शताब्दीअघि मान्छेको नियन्त्रणभन्दा बाहिरको प्राणघातक रोग थियो । अहिले त्यो रोगको उपचार सरल र संभव भएको छ । यो त्यो रोगको कारण थाहा पाउनाले संभव भएको हो । अहिले क्यान्सर र एड्स् त्यस्तै प्राणघातक रोग भइरहेछन् । भरे तिनीहरूको पनि सरल इलाज संभव हुनेछ । त्यसैले, कुनै पनि समस्याको कारण थाहा पाउनु भनेको त्यसको समाधान गर्न मान्छे समर्थ बन्नु हो । कुनै पनि समस्याको सही कारण पत्ता लगाऊ, समस्याको आधा समाधान त सही कारण थाहा पाउनुबाटै हुनेछ भन्नुको तात्पर्य यही हो ।

त्यसैले, मान्छेको सामर्थ्य र शक्तिको विकासमा र मान्छेको ज्ञान र चेतनाको विकासमा कारण-कार्य सम्बन्धको ज्यादै ठूलो महत्व छ ।

संसारमा हरेक कार्यको, हरेक घटनाको कारण हुन्छ । कारणविनाको कुनै कार्य नै हुँदैन । मान्छेको वर्तमान चेतनाले भलै कुनै घटना वा कार्यको कारण अहिले नै पत्तो लगाउन नसकियोस्, परन्तु त्यस्ता घटनाको वा कार्यको कारण अवश्य हुन्छ, हुन्छ । तसर्थ, कारण कार्यसम्बन्ध वस्तुगत यथार्थ हो । यो तपाई-हाम्रो चेतनाभन्दा बाहिर स्वतन्त्र रूपले अस्तित्वमा हुन्छ । अहिले मलाई कुनै कार्यको कारण थाहा छैन भन्नुको मतलब यो होइन कि त्यसको कारण नै हुँदैन । आदर्शवादीहरूको दोष नै यही हो कि उनीहरू या त कारण-कार्यलाई वस्तुगत यथार्थ नै मान्दैनन्, या उनीहरू संसारका हरेक कार्य वा घटनाको कारण हुने कुरालाई अस्वीकार गर्छन् । यसको ठीक विपरीत, भौतिकवादीहरू भने प्रकृति र समाजका प्रत्येक घटना वा कार्यको कारण हुने कुरालाई स्वीकार गर्छन् । उनीहरू यो धारणा राख्छन् कि मान्छेको इच्छा वा चेतनाभन्दा बाहिर हरेक घटना वा कार्यको कारण स्वतन्त्र रूपमा अस्तित्वमा रहिरहेको हुन्छ । मान्छेको चेतना वा विचारले स्वतन्त्र रूपमा अस्तित्वमा रहिरहेको कारणलाई पत्तो लाउने र प्रतिविम्बित गर्ने मात्र कुरा हो ।

कारण-कार्य सम्बन्ध प्रकृति र समाजका हरेक घटनामा अस्तित्वमा हुन्छ । त्यसैले, कारण-कार्य सम्बन्ध सार्वभौम कुरा हो । ब्रम्हाण्डमा त्यस्तो कुनै घटना नै हुँदैन, जसको कारण हुँदैन । कारण-कार्य सम्बन्ध प्रकृति र समाजमा जे-जति गति वा परिवर्तनहरू भइरहेका छन्, ती सबैमा अटुट रूपमा विद्यमान छ । यसरी कार्य-कारणसम्बन्ध भनेको एउटा वस्तु र अर्को वस्तुबीचको अटुट अन्तरसम्बधको कुरो हो । जसरी वस्तु वस्तुबीचको अन्तरसम्बन्ध सार्वभौम छ, ठीक त्यसरी नै कारण-कार्य सम्बन्ध पनि सार्वभौम छ ।

बर्षाको कारण बादल हो । बादलको कारण पानीको बाफ, बाफका कारण पानी, ताप । पानी र तापका पनि फेरि आफ्नै कारण छन् । यसप्रकार बर्षा, बादल, बाफ, पानी, ताप सबै अन्तर्सम्बन्धित छन् । कारण-कार्य सम्बन्धले यसरी वस्तु-वस्तुबीचको अटुट अन्तर्सम्बन्ध देखाउँछ । यसले देखाउँछ कि कुनै पनि वस्तु अलग-थलग छैन, एउटा वस्तु ऐतिहासिक तवरले अरू थुप्रै वस्तुसित अन्तर्सम्बन्धित छ । जुन जुन वस्तुहरूको कारणले अथवा ती वस्तुहरूबीचको द्वन्द र अन्तर्क्रियाको कारणले नयाँ भिन्नै वस्तु पैदा हुन्छ, त्यो नयाँ वस्तु सतही तवरले सर्सर्ती हेर्दा मात्र अलग्गै देखिन्छ, वास्तवमा गहिराइमा गएर नियाल्ने हो भने पैदा भएको कुनै पनि नयाँ वस्तु पुराना थुप्रै वस्तुको अन्तर्सम्बध र अन्तर्द्वन्दबाट पैदा भएको हुन्छ । तसर्थ, कारण र कार्यको अवधारणाले संसारमा अस्तित्वमा रहेका अनगिन्ती वस्तुहरूबीचको अन्तर्सम्बन्ध र अन्तरद्वन्दलाई देखाइरहेको हुन्छ ।

हामी जसलाई बिरूवा भन्छौं, त्यो सतही तवरले हेर्दा मात्रै एक्लो र ठिंगो देखिन्छ । एउटा हरियो बिरूवा अस्तित्वमा आउन र रहीरहनका लागि बीउमात्र भएर पुग्दैन, उपयुक्त मात्रामा घाम, पानी, जमीन, हावालगायतका थुप्रै वस्तुहरूको जरूरत पर्छ । बिरूवा

उभ्रनु एउटा कार्य भयो, यो कार्य अरू थुप्रै कारणहरूको अन्तर्सम्बन्ध र अन्तरद्वन्दबाट मात्रै घटेको हुन्छ । यस अर्थमा कारण-कार्यको अवधारणा भनेको सारमा ब्रम्हाण्डका अनगिन्ती वस्तुहरूबीच अन्तर्सम्बन्ध र अन्तरद्वन्द छ भन्ने अवधारणा हो । यो कुनै पनि वस्तु शून्यबाट फुत्त निक्लेको हुँदैन, ऐतिहासिक रूपमा अरू थुप्रै अस्तित्वमा रहेका वस्तुहरूको द्वन्द र सम्बन्धबाट यो निक्लेको हुन्छ भन्ने विल्कुलै भौतिकवादी-द्वन्दवादी अवधारणा हो । कारण-कार्यको अवधारणाले आदर्शवादी सोचको जरा नै काटिदिने काम गर्छ । हरेक कार्य वा घटनाको वास्तविक कारण खोज्ने पद्धतिले मान्छेलाई ईश्वर र परमात्माको भ्रमबाट मुक्त बनाउँछ । यसले मान्छेलाई बिज्ञानमुखी र भौतिकवादी बनाउँछ ।

कारण-कार्य सम्बन्धलाई अधिभूतवादीहरू पनि स्वीकार्छन् । परन्तु अधिभूतवादीहरूको सीमा र दोष के हुन्छ भने उनीहरू निश्चित र स्थिर कारण-कार्य सम्बन्धको कुरा गर्छन् । भनाइको मतलव, यहाँ अहिले एउटा घटनामा जुन कुरो कारण वा कार्य भयो, त्यो सबै ठाउँमा, सबै बेला कारण-कार्य भइराखेको हुन्छ भन्ने उनीहरूको धारणा हुन्छ । प्रकृति र समाजमा यथार्थमा यस्तो त हुँदैन । त्यहाँ त अहिले यहाँ एउटा केसमा जुन कुरो कार्य भइराखेको हुन्छ, अर्को समयमा र स्थितिमा र अर्को केसमा त्यो कार्य अर्को घटनाको कारण भइरहेको हुन्छ । कारण र कार्य स्थिर र निश्चित नभएर तिनीहरूले लगातार ठाउँ बदलिरहेका हुन्छन् । भिन्न समय र स्थितिमा कार्य कारण बनिरहेको हुन्छ, कारण कार्य । उदाहरणका लागि, पानी परेको घटनामा हेर्ने हो भने बादल कारण हो, पानी पर्नु कार्य, तर बाढी आउनुको घटनामा हेर्ने हो भने पानी पर्नु कारण हो, बाढी आउनु कार्य । अझ खेत बगाएको घटनामा हेर्ने हो बाढी आउनु कारण हुन जान्छ, खेत बगाउनु कार्य । यसप्रकार, एउटा घटना वा केसमा जुन कुरो कार्य हुन्छ, अर्को घटना वा केसमा त्यो कारण हुनसक्छ ।

एउटा भनाइ छ- मान्छे निराश भएको कारणले निराशा भेल्न रक्सी खान्छ, परन्तु परिणाममा हुन्छ के भने रक्सी खानुकै कारणले त्यो मान्छे अरू ज्यादा निराश बन्छ र फलस्वरूप भन् ज्यादा रक्सी खान्छ । यो भनाइमा पहिलो घटनामा रक्सी खानु कार्य हो, त्यसको कारण निराशा हो । परन्तु दोस्रो घटनामा रक्सी खानुचाहिँ कारण हो, भन् ठूलो निराशाचाहिँ कार्य । अझ, तेस्रो घटनामा भन् ठूलो निराशा कारण हुन जान्छ र अझ ज्यादा रक्सी सेवनचाहिँ कार्य । यसप्रकार, कारण र कार्य स्थिर अवधारणा होइनन्, यी लगातार ठाउँ बदलिरहने तरल अवधारणा हुन् । अधिभूतवादले स्थिर र ठाउँ नबदल्ने कारण-कार्यको वकालत गर्छ, त्यसको ठीक विपरीत द्वन्दवादले तरल र ठाउँ बदलिरहने कारण-कार्यको धारणा राख्छ ।

यस सम्बन्धमा फ्रेडरिक एंगेल्सको प्रशिद्ध भनाइ छ- "हामी के पाउँछौं भने कारण र कार्य त्यस्ता अवधारणा हुन्, जुन एउटा फुट्टो केसको हकमा लागु गर्ने हो भने मात्र त्यस्तो देखापर्छ, परन्तु जब हामी त्यो फुट्टो केसलाई सिंगो ब्रम्हाण्डसितको आम सम्बन्धमा जोडेर हेर्छौं, तिनीहरूको विलय हुन्छ, तिनीहरू सार्वभौम क्रिया र प्रतिक्रियाको अवधारणमा विलीन हुन्छन्, जसमा कारण र कार्यहरूले हमेशा ठाउँ बदलिरहेका हुन्छन् ता कि यहाँ र अहिले जुन कार्य भइरहेको हुन्छ, त्यो त्यहाँ र त्यतिखेर कारण भइरहेको हुन्छ र त्यसको ठीक विपरीत पनि भइरहेको हुन्छ ।"

*(हेर्नुहोस् : Anti-Duhring अर्थात् ड्युहरिंगका विचारहरूको खण्डन, पेकिंग, १९७६, पृष्ठ २७)*

द्वन्दवादका अनुसार कारण र कार्य दुई विपरीत पक्ष मात्र होइनन्, तिनीहरू एक आपसमा अन्तर्क्रिया गरिरहने अन्तर्निर्भर पक्षहरू पनि हुन् । कारणले कार्य पैदा गरिरहेको मात्र हुँदैन, कार्यले पनि कारणलाई प्रभावित गरिरहेको हुन्छ । यसप्रकार कारण र कार्यबीचको सम्बन्ध पारस्परिक प्रकृतिको हुन्छ । कारणले कार्य पैदा गर्छ, परन्तु कार्यले पनि कारणलाई असर पार्छ र भिन्नै रूपमा बदल्छ । वर्ग संघर्षको उत्कर्षले क्रान्ति पैदा हुन्छ, परन्तु क्रान्तिले वर्गसंघर्षको पुरानो स्वरूप नै बदलिदिन्छ । राम्रो मिहेनतको कारणले जाँचमा राम्रो नतिजा प्राप्त हुन्छ । परन्तु, राम्रो नतिजाले भविष्यमा अरू ज्यादा मिहेनत गर्न प्रोत्साहित गर्छ । तसर्थ कारण र कार्यको बीचमा पारस्परिक क्रिया, प्रतिक्रिया हुन्छ । कारणले कार्यमात्र पैदा गर्ने, अनि कार्यले चाहिँ कारणलाई केही पनि प्रभाव नपार्ने- यस्तो हुँदैन ।

सबै कारणहरू उति नै घनत्व र महत्वका हुँदैनन् । कुनै कारण मुख्य हुन्छ, कुनै सहायक, कुनै कारण आधारभूत हुन्छ, कुनै सहयोगी । कुनै पनि समस्याको समाधान खोज्नेले त्यो समस्याको मुख्य जरो वा आधारभूत कारण पनि पत्तो लाउनैपर्ने हुन्छ, सहायक कारण पनि ।

❑


# मकालु यातायात बस सेवा

फोन नं. २८१७०४

| *जाने स्थान* | *छुट्ने समय* |
|---|---|
| काकडभिट्टा | बिहान ५:०० बजे |
| भद्रपुर | बिहान ५:१० बजे |
| उर्लाबारी-मधुमल्ला | बिहान ५:२० बजे |
| विराटनगर | बिहान ५:४५ बजे |
| राजविराज | बिहान ६:०० बजे |
| सिरहा-माडर | बिहान ६:१५ बजे |
| मलंगवा | बिहान ६:३० बजे |
| विराटनगर दोस्रो | बिहान ६:४५ बजे |
| धरान | बिहान ७:०० बजे |
| जनकपुर | बिहान ७:२० बजे |
| गौर | बिहान ७:४० बजे |
| बिरगंज | बिहान ७:०५, ८:००, १०:००, १०:१५, ११:०० र १२:१५ बजे |
| कलैया | बिहान ८:०० र १०:१५ बजे |
| बरहथवा | बिहान ८:३० बजे |
| भरतपुर | बिहान ८:३०, ८:१५ र ११:४५ बजे |
| गितानगर | दिउँसो १:३० बजे |
| पर्साढाप-मेघौली | दिउँसो १:५५ बजे |
| नारायणगढ-विशालचोक | दिउँसो २:२० बजे |
| बिरगंज रात्री | बेलुका ८:१५ बजे |

आरामदायी तथा भरपर्दो सेवाको लागि
मकालु यातायातलाई सम्झनुहोस् ।



सरकार भनेको जनताका माझबाट आएका, जनताको हितमा काम गर्ने जनप्रतिनिधिहरूको संस्था हो । यसर्थ सरकारबाट रचनात्मक कामहरूमा पूर्वाग्रहरहित भएर सहयोग गर्नु र सरकारबाट कुनै त्रुटी भएमा त्यसको निराकरण गर्न सुझाव दिनु प्रत्येक सचेत नागरिकको कर्तव्य हुन आउँछ । जनताका पीरमर्का सुन्न र रचनात्मक सुझावहरू ग्रहण गर्न श्री ५ को सरकार सधै तत्पर र जागरूक छ ।

श्री ५ को सरकार
सूचना तथा संचार मंत्रालय
सूचना विभाग

◄ आत्मकथा



- निर्मल लामा -

# क. आजादले गलत गरेका थिए



क. ऋषि देवकोटा (आजाद)

जनकपुरमा भएको जुलुस पंचायती व्यवस्थाको समयमा एउटा ऐतिहासिक जुलुस रह्यो । तर त्यो जुलुस प्रत्युत्पादक बन्यो ।

त्यस जुलूसबाट हाम्रा लडाकू दलहरूका कमाण्डरहरू खासगरी ऋषि देवकोटा अर्थात् कमरेड आजादले गलत समझदारी बनाउन पुगे । 'हामीले बाहिर प्रचार नगरी भित्रभित्र मात्र तयारी गरी गरेको जुलुस त हज्जारौंको हुन्छ भने बाहिर प्रचार गरी जुलुस गर्दा त्यो कति हुने होला ? जनता त वास्तवमा तयार भइसकेका रहेछन्, अब सशस्त्र संघर्ष थालिहाल्नु पर्छ' भनेर उनले महोत्तरीको किसान नगरमा रायमाझी गुटको एकजना कार्यकर्तालाई मारिदिए ।

कमरेड आजाद त्यस एरियाको फुल पावर भएका कमाण्डर थिए । उनले 'गाउँका सबैभन्दा जाली-फटाहालाई मारौं' भनेर त्यहाँका लडाकू दलहरूलाई खबर पठाए । त्यही क्रममा राइटर भन्ने एकजना जाली-फटाहालाई लडाकू दलले मारिदियो । तर त्यो कुरो गोप्य भएन । चौथो महाधिवेशनमा पार्टीको लडाकू दलले मारेको हो भन्ने कुरो सार्वजनिक भयो । क. आजादले त्यस्तो गलत काम गरेका थिए ।

संजोगले त्यतिखेर म बर्दिबासमा आएर बसिरहेको थिएँ । मलाई त्यहीं नै लडाकू दलले मान्छे मारेको खबर आयो । उत्तिखेरै क. आजाद कहाँ छन् भनेर मैले बुझ्न खोजें । खबर के आयो भने क. आजाद माइथानको जंगलमा लडाकू दलका मानिसहरूलाई हतियारको ट्रेनिङ्ग दिँदै थिए । यो कुरो थाहा पाउनासाथ मैले ढल्केवरछेउको जमुनीबासको एकजना जिम्मेवादर कमरेड आशबहादुरलाई 'आजादलाई तुरून्त बोलाएर आऊ' भनी माइथांनको जंगलतिर पठाएँ ।

माइथानको जंगल म बसेको ठाउँ बर्दिबासबाट दुई तीन किलोमिटर टाढा पूर्व-पश्चिम राजमार्गसँग जोडिएर रहेको थियो । त्यहाँ पुगेर आशबहादुरले क. आजादलाई मैले बोलाएको कुरा सुनाए । क. आजादले उनलाई 'यहाँ ६०/७५ जनाले ट्रेनिङ्ग लिँदैछन् । मैले उनीहरूलाई छोडेर जान मिल्दैन । दाई नै एकचोटी यहाँ आइदिनु पर्‍यो' भनी जवाफ दिइ पठाए ।

मैले क. आजादलाई भेटेर आउने त्यही कमरेडलाई नै मलाई क. आजाद कहाँसम्म पर्‍याइदिन भनें । तर घरमा काम छ भनी उनी आफ्नो घरतिर लागे । साथ लिएर जाने अरू कोही कमरेड मसित भएनन् । त्यतिखेर मेरो साथमा काँकडभिट्टा बस्ने मेरा आफ्नो साख्खै भाइ अरूण लामा थिए । उनी राजनीतिमा लागेका व्यक्ति थिएनन् । मैले उनलाई 'जान्छस् भाइ ?' भनें ।

उनले 'जान्छु नि किन नजाने ?' भनेर मसित जान उत्सुकता देखाए । त्यसपछि उनलाई लिएर म माइथानको जंगलमा गएँ । त्यहाँ यताउती हेरें, तर क. आजाद र ट्रेनिङ्ग लिइरहेकाहरू कसैलाई पनि भेट्टाउन सकिनँ । जंगलमा ठूलो स्वरले कति बोलाएँ, तर कोही पनि देखा परेनन् । ठाउँ-ठाउँमा खाएर छोडेका पातहरू देखिन्थे । मान्छेहरू रहेका संकेत चिन्हहरू देखिन्थे । तर कोही पनि भेटिएन । खोज्दा-खोज्दा हैरान भएर हामी फर्क्यौं ।

हामी फर्केको ठीक एक घण्टापछि त्यस जंगलमा सेनाले अपरेशन थाल्यो । सेनाले जंगललाई चारैतिरबाट घेरेर भित्र अपरेशन गर्न थाल्यो ।

घटना के भएको रहेछ भने क. आजादले त्यो जंगल नजिक रहेको एउटा गाउँलाई निर्देशन दिएका रहेछन् । त्यो गाउँ पार्टीको कमिटि भएको गाउँ थियो । उनको निर्देशन थियो- 'केही गरेर प्रहरी आयो भने च्योइ-च्योइ भनेर गाउँका तीन-चारजना मान्छेहरू कराउने ।' गाउँमा कुकुरलाई च्योइ-च्योइ' भनेर बोलाउने गरिन्छ ।

त्यसदिन हामी पुग्नुभन्दा अगाडि गाउँका मानिसहरू 'च्योइ-च्योइ' भनेर कराएका रहेछन् । क. आजादले त्यो सुनेर कुरो बुझी नै हाले । तुरून्तै उनी र ट्रेनिङ्गमा बसेकाहरू सबै नै जंगलको एक छेउबाट बाहिर निस्की पहाडतिर लागेका रहेछन् ।

म अहिले कल्पना गर्छु । हामी दुई दाजुभाइ क. आजादलाई खोजेर हिंडेको बेलामा उनीहरूले खाना खाई पात फलिराखेको स्थानमा सेनासँग हाम्रो जम्काभेट भएको भए पक्कै पनि हामी गोली हानिएर मारिन्थ्यौं होला । हामीले बेकारमा ज्यान गुमाउनु पर्ने हुन्थ्यो ।

हामी जंगलमा गएको कुरा आशबहादुरलाई थाहा छ । मेरो भाइलाई थाहा छ, त्यस्तै गरी घरमा आशुलाई थाहा छ । आशु मेरी काकी हुन् । सायद् त्यतिखेर मेरा काका पनि ज्यूँदै थिए ।

त्यसरी एउटा मृत्युबाट हामी दुई दाजुभाइ बच्यौं । क. आजादको त्यो एउटा गल्तीले गर्दा झण्डै एउटा ठूलो दुर्घटना घट्न लागेको थियो ।

क. आजादको गल्तीको कारणबाट अन्य प्रतिक्रियात्मक घटनाहरू घट्न गए । जंगलमा सैनिक अपरेशन भएपश्चात त्यही क्रममा महोत्तरी र धनुषाका प्रत्येक गाउँमा, अनि सर्लाही र सिराहाका केही गाउँमा समेत मिलीटरी अपरेशन हुन पुग्यो । गाउँमा एकजना लोग्ने मानिस पनि बस्न सकेन ।

मिलीटरी अपरेशन हुँदाको समयमा पार्टीले एउटा विशेष संकेत दिने व्यवस्था गरेको थियो । त्यो संकेत पाउनासाथ लोग्ने मानिसहरू मात्र विशेष सतर्कतासाथ जंगल पस्ने व्यवस्था थियो । र, जंगल छिचोलेर महेन्द्र राजमार्गको सडक काटी सकभर उत्तरतिर जाने भन्ने थियो ।

गाउँ-गाउँमा मिलीटरी अपरेशन भयो । तर धेरै थोर लोग्ने मानिसहरू मात्र पक्राउमा परे । सबैजसो नै गाउँ छोडी जान सफल भए ।

लोग्ने मानिसहरू गाउँ छोडी गएपछि गाउँमा आइमाईहरू मात्र रहन पुगे । सिपाहीहरूले आइमाईहरूलाई समेत बाँकी राखेनन् । उनीहरूले आइमाईहरूलाई पनि अमानवीय ढंगले कुटे, पिटे, र लुटे । सिपाहीहरूले गाउँबाट अन्न, गहना, पैसा सबै नै लुटेर लगे ।

त्यतिबेलामा म भारतको सीतामढीमा थिएँ । सीतामढीमा विभिन्न गाउँबाट ३/४ सय साथीहरू आइपुगे । ती भन्दा अन्य कतिपय साथीहरू आ-आफ्ना इष्टमित्रहरूकहाँ भागेर लुकन गए । मलाई लाग्छ, त्यतिखेर कम्तिमा २ हजार भन्दा बढी पुरूष साथीहरू आफ्नो गाउं छाडी अन्यत्र भाग्न बाध्य भए ।

सीतामढीमा भागेर आउने सबैलाई खाने बस्ने व्यवस्था पार्टीले राम्ररी नै गर्‍यो । त्यतिखेर त्यतिका मानिसहरूलाई डेढ/दुई महिनासम्म व्यवस्थित ढंगले लुकाएर पार्टीले आफ्नो तगडा क्षमता देखाएको थियो । सीतामढी बाहेक कलकत्ता, लखनऊ, कानपुर र गोरखपुरमा पनि सयौं साथीहरूलाई पार्टीले लुकाएर राख्ने बन्दोबस्त गर्‍यो ।

तर पार्टीले सबै साथीहरूलाई भारतको भूमिमा

## ◀ आत्मकथा



**डेढ दुई सय साथीहरूलाई चितवनमा राख्ने कुरो भयो । त्यतिखेर चितवनका स्थानीय नेता अमिक शेरचन थिए । पार्टीले उनलाई अगाडि नै साथीहरू आउँदैछन् भन्ने खबर पठायो ।**



क. अमिक शेरचन

राख्न सकेन । डेढ दुई सय साथीहरूलाई चितवनमा राख्ने कुरो भयो । त्यतिखेर चितवनका स्थानीय नेता अमिक शेरचन थिए । पार्टीले उनलाई अगाडि नै साथीहरू आउँदैछन् भन्ने खबर पठायो । यो घटनाको कारणले साथीहरूलाई पठाइएको हो, उनीहरूलाई खेत-मजदूरको काममा लगाउने भन्ने कुरा पनि खबरमा उल्लेख गरिएको थियो ।

साथीहरू चितवनमा पुगेपछि त्यहाँ दुई विगाहा, चार विगाहा, पाँच विगाहा खेत हुने साथीहरूकहाँ तिनीहरूलाई खेत-मजदूरको रूपमा बाँडेर राख्ने काम पार्टीले गऱ्यो ।

दुई तीन महिनापछि फाट्टफुट्ट एकजना दुईजना गरी साथीहरू गाउँ फर्कन थाले । र, करिब ६ महिनापछि मात्र सबै साथीहरू आ-आफ्नो गाउँमा फर्के । तर एकजना साथी घर फर्केनन् । उनी हराए । उनलाई हामी गीताङ्गे भन्थ्यौं । उनी किसान नगरका थिए ।

पछि कुनै एक समयमा म घुम्दै-घुम्दै सिलगुडी पुगें । त्यहाँ म जाँदा लाङ्घाली भन्ने एकजना साथीकहाँ बस्ने गर्थे । ती गीताङ्गे साथीलाई त्यो कुरा थाहा रहेछ । र, त्यहाँ आई उनले आफू भुटानको कुनै एक ठाउँमा मजदूरी काम गर्दै गुजारा चलाइराखेको कुरा बताउँदै आफ्नो ठेगानासहित मलाई खबर छोडी गएका रहेछन् । त्यो खबर पाएपछि म भुटानमा गएर उनले दिएको ठेगानामा पुगें । त्यहाँ उनी बस चल्ने मेनरोडमै बसेका रहेछन् । म त्यहाँ बसबाट ओर्लेर हेरें- मजदूरहरू ढुङ्गा फोडिरहेका थिए ।

ती मजदूरहरूको बीच फलामको ठूलो घन (उता जाम्बल भनिन्छ) लिएर ती साथी इयाङ्ग कि इयाङ्ग ढुङ्गा फोडिरहेका थिए । पाँच मिनेट जत्ति मैले उभेर हेरें । त्यसपछि मैले उनको नाम किटेर बोलाएँ । देख्नासाथ उनले मलाई समाएर दुई तीन मिनेटसम्म छोडेदै छोडेनन् ।

उनी बसेको त्यो ठाउँ दार्जिलिङ्गको बोर्डरनजिक भएकोले हामी हिंडेर नै दार्जिलिङ्ग आइपुग्यौं । र, त्यसपछि त्यहाँबाट बस चढेर हामी खर्स्याङ्ग आइपुग्यौं ।

क. आजादको गल्तीले गर्दा त्यस्तो किसिमले साथीहरू फसे । पार्टी छताछुल्ल भयो । स्थानीय पार्टीभित्र पूरै आतंक छायो । जनतामा छाएको त्यो आतंक मेट्नको निम्ति हामीले करिब करिब पंचायत सिद्धिने बेलासम्म अर्थात् २०४६/४७ सालसम्म पर्खनु पऱ्यो । २०४६/४७ सालपछि मात्र जनतामा भएको पुरानो डर त्रास मेटियो ।

क. आजादको गल्तीबाट त्यत्रो ठूलो हानी भयो । त्यत्रो ठूलो अनुत्पादक काम संगठनभित्र भयो । तर बाहिर भने राम्रो छाप बस्यो ।

*- क्रमश*

❑ प्रस्तुति : तुल्सीदास महर्जन

## ◀ घटना र प्रवृत्ति



**महासचिवको स्वीकारोक्ति**

# एमालेमा दक्षिणपन्थी भड्काव !

**यी गुनासाहरूको सन्दर्भले विगतमा एमालेको छैठौं महाधिवेशनको केही समयअघि एमालेको केन्द्रिय समितिले पास गरेको एउटा निचोडको सम्झना दिलाएको छ**

यही असोज १० गते पोखरामा आयोजित एक समारोहबीच ने.क.पा. एमालेका महासचिव क. माधवकुमार नेपालले आफ्नो पार्टीलाई दक्षिणपन्थी भड्कावबाट प्रमुख खतरा रहेको कुरा स्वीकार गर्नुभएको छ । समग्र मुलुकको कम्युनिष्ट आन्दोलनलाई भने हाल उग्रवामपन्थी भड्कावको खतरा नै प्रमुख खतरा हो भन्ने धारणा व्यक्त गर्दै उहाँले आफ्नो पार्टीका सन्दर्भमा यो धारणा व्यक्त गर्नुभएको हो । सो अवसरमा आफ्नो पार्टीभित्र सांगठनिक शिथिलता बढेको र अनुशासन कमजोर भएको अनि सुविधाभोगी प्रवृत्ति बढेको गुनासो पनि उहाँले गर्नुभएको छ ।

एमालेको वैचारिक सुदृढीकरण अभियानअन्तरगत गण्डकी अंचलस्तरीय अभिमुखीकरण कार्यक्रमको उद्‌घाटन गर्दै क. माधवकुमार नेपालले व्यक्त गर्नुभएका यी गुनासाहरूको सन्दर्भले विगतमा एमालेको छैठौं महाधिवेशनको केही समयअघि एमालेको केन्द्रिय समितिले पास गरेको एउटा निचोडको सम्झना दिलाएको छ । सो केन्द्रिय समितिले महासचिव क. माधवकुमार नेपालद्वारा प्रस्तुत गरिएको लामो प्रस्ताव पारित गरेको थियो, जसमा एमालेभित्र पूँजीवादी संस्कृति हावी हुन थालेको ठहर गरिएको थियो ।

वास्तवमा यतिखेर दक्षिणपन्थी भड्‌कावको कुरा त महासचिव एक्लैले मात्र गर्नुभएको छ, तर त्यतिखेर त उहाँ एक्लैले हैन, समग्र पार्टी केन्द्रले नै पूँजीवादी संस्कृति हावी हुनथालेको कुरा स्वीकारेको थियो ।

त्यतिखेर एमालेले आफूभित्रको रोग चाहिँ पत्ता लगायो तर उसले त्यसको उपचार चाहिँ शुरू नै गरेन । साम्यवादको लक्ष्य लिएर हिंडेको पार्टीको आन्तरिक जीवनमा पूँजीवादी संस्कृति हावी हुनु कम गम्भीर कुरा थिएन, तर त्यसलाई त्यत्तिकै गम्भीरतापूर्वक लिने काम गरिएन । पूँजीवादी संस्कृतिको उन्नत विकल्प भनेको समाजवादी संस्कृति नै हो । यसको पक्षमा पार्टीभित्र व्यापक बहस, छलफल, चिन्तन र कार्ययोजनाहरू सम्पन्न हुनु जरूरी थियो । यसअघि 'हावी हुन लागेको भनिएको पूँजीवादी संस्कृति पार्टीभित्र नेता, कार्यकर्ता र संगठनका कुन कुन तहमा, कुन व्यवहार र चिन्तनमा कसरी देखापरेका हुन्, त्यसको किटानीपूर्ण विश्लेषण हुनुपर्थ्यो । तर एमालेले केही पनि गरेन । के अहिले महासचिवले पोखरामा व्यक्त गरेको स्वीकारोक्तिलाई पनि एमालेले विगतको जस्तै 'भन्नको लागि भनिएको औपचारिक कथनमै मात्र त सीमित गर्ने होइन ?

- गम्भीर प्रश्न गरिनु जरूरी छ भन्ने हामीलाई लाग्छ ।

*❑ हरिगोविन्द लुइँटेल*

# संपूर्ण वाम पुनः एकठाम

## बाह्र वामको ऐतिहासिक बैठक

(मूल्यांकन विशेष संवाददाताबाट)



कृष्णबहादुर महरा



बामदेव गौतम

नेकपा. (माओवादी) को आयोजनामा असोज ४ गते र ७ गते नेपालका सम्पूर्ण १२ वटा वामपन्थी संगठनहरूको ऐतिहासिक बैठक काठमाण्डौमा सम्पन्न भएको छ । यद्यपि बालाजुमा सम्पन्न पहिलो बैठकमा ने.क.पा. (मसाल) को उपस्थिति थिएन, थानकोटमा सम्पन्न दोस्रो बैठकमा भने रा.ज.मो.को तर्फबाट भनेर सांसद डिलाराम आचार्यसमेत आउनुभएकाले नेपालका सम्पूर्ण वामपन्थी पार्टीहरू एक ठाउँमा भेला भएर छलफल गर्ने प्रक्रिया यथार्थमै शुरू भएको छ । **मूल्यांकन**ले आफ्नो गएको अंकमा 'वृहत् वाम एकता -अहिलेको आवश्यकता'को सवाल सम्पादकीयमार्फत् जबर्जस्त रूपमा उठाएको थियो । अहिले लगत्तैपछि वृहत् वाम एकता विकास गर्ने उद्देश्यले नै यो बैठक हुनु सुखद संयोग भएको छ ।

वृहत् बाम बैठकमा माओवादी वार्ता टोलीका संयोजक तथा पोलिट्ब्यूरो सदस्य क. कृष्णबहादुर महराले सरकार-माओवादी वार्ताको संक्षिप्त रिपोर्ट प्रस्तुत गर्नुभएको थियो । उहाँको टिप्पणी थियो-"सरकार वार्ताप्रति गम्भीर देखिंदैन । माओवादीलाई हतियार छोडाउनु, जनसरकार भंग गराउनु, निर्वाचित जनप्रतिनिधिलाई राजीनामा दिन बन्द गराउनु, असोज ५ गतेको कार्यक्रम रद्द गराउनु र उनीहरूका अपहरित मान्छेहरू छोडाउनुमै मात्र उनीहरूको मुख्य चाख देखिन्थ्यो ।"

"हामीले स्पष्ट रूपमा भन्यौं : हामीसित हात-हतियार पनि छ, जनसेना पनि छ, जनसरकार पनि छ, यी अहिले हरहालतमा भंग गरिने छैनन् । यिनै कुरा हामीसित भएकाले नै त सरकार हामीसित वार्ता गर्न बाध्य भएको हो । मुख्य एजेण्डामा कुरा मिलेमा मात्र यी सवालबारे सोच्न सकिएला ।" -क. महराको भनाइ थियो ।



खोज्ने होइन ।"

माओवादीको राजनीतिक प्रस्ताव सम्बन्धमा क. वामदेवको टिप्पणी थियो: "नयाँ जनवादमुनिको र अहिलेको व्यवस्थाभन्दा माथिको भन्ने कुनै अर्को बीचको राजनीतिक व्यवस्था हुँदैन । साम्राज्यवाद, सामन्तवाद र दलाल नोकरशाही पूँजीवादको अन्त हुन्छ भने व्यवस्था सारमा नयाँ जनवादी नै हुन्छ । त्यो अन्त हुँदैन भने त्यो राजा नभएको सुधारवादी सत्ता मात्रै हुन्छ, अथवा यथास्थितिवाद मात्रै हुन्छ । त्यसैले माओवादीको 'अन्तरीम सरकार, नयाँ संविधान र गणतन्त्रको संस्थागत विकासको कार्यक्रम नयाँ जनवादभन्दामुनिको कार्यक्रम हो भन्नु गलत छ ।"

"अहिले देशमा आमूल परिवर्तनको स्थिति छैन । सबै वाम पार्टी एक भएको खण्डमा यतिबेला संविधानमा अधिकतम सुधार गर्नु संभव छ । वार्ताबाट गणतन्त्र आउँदैन । तसर्थ, संविधान संशोधनको लागि सबै वाम एक होऔं । वृहत् वाममोर्चा निर्माण गरौं । वार्ता सरकार-माओवादीबीच मात्र नभएर यथास्थितिवादविरोधी र सरकारबीच हुनुपर्‍यो ।" -क. वामदेवको भनाइ यस्तो रहेको थियो ।

एमालेका पोलिट्ब्यूरो सदस्य खड्ग ओलीको बैठकमा संक्षिप्त टिप्पणी थियो: "अहिले देशमा आमूल परिवर्तनको स्थिति छैन । अन्तर्राष्ट्रिय परिस्थिति पनि क्रान्तिको लागि अनुकूल छैन । त्यसैले क. वामदेवको भनाइ सही छ- संविधानमा अधिकतम सुधार नै यति बेलाको सही कार्यनीति हो । यतिखेर संविधान सभाको चुनाव भयो भने प्रतिगामी तत्वले फाइदा उठाउँछन् । ०४६ सालको उपलब्धिसमेत खेर जान सम्भव छ । गणतन्त्रको माग मन-मनमा राख्नु त ठीकै छ, तर अहिलेको यथार्थमा हुनसक्ने कुरा यो होइन । अन्तरीम सरकारको मागचाहिँ ठीक छ । हाम्रो महासचिवले पनि सर्वदलीय सरकारको कुरा गरेर सारमा सर्वदलीय अन्तरीम सरकारकै माग गर्नुभएको हो ।"

"माओवादी मित्रहरू, आलोचना राम्ररी गरौं, तर आपसमा मारकाट नगरौं, मित्रमाथि नै शत्रुतापूर्ण प्रहार नगरौं । हाम्रो पार्टीका महासचिवलाई 'दोस्रो रायमाझी' भन्ने आक्षेप लगाएको जस्तो आपत्तिजनक र आवेशपूर्ण वक्तव्य आउनु भएन । बीचमा कटुता धेरै बढ्यो । कार्यगत एकता र सहकार्य गर्न नसकिए पनि साझा कुरामा चाहिँ साथै छौं ।

पहिलो चरणको वार्ता चिनापर्चीमा सकिएको र दोस्रो चरणको वार्तामा वार्ताको लागि जरूरी वातावरण निर्माण गर्ने सवालमा बढी समय वादविवाद भएको र माओवादीले आफ्नो लिखित एजेण्डा पेश गरेको क. महराको कथन थियो ।

"हामी तेस्रो चरणको वार्तामा तपाईहरूको राय र सुझाव लिएर जान चाहन्छौं । हामीबाट कमी-कमजोरी भएका छन् भने हामी तिनलाई हटाउन तयार छौं । हामीले अघिसारेको अन्तरीम सरकार, नयाँ संविधान र गणतन्त्रको संस्थागत विकास सम्बन्धमा तपाईहरूको राय के छ, त्यसबारे स्पष्ट धारणा आओस्, यो हाम्रो नयाँ जनवादभन्दा मुनिको कार्यक्रम हो" -क. महराको भनाइ थियो ।

ने.क.पा. (माले) का महासचिव बामदेव गौतम त्यसपछिका पहिलो वक्ता हुनुहुन्थ्यो । "बामपन्थी पार्टीहरू बीचको सम्बन्ध कटु बनाउने, जबर्जस्ती चन्दा उठाउने, पदबाट राजीनामा गराउने, अरू मित्रशक्तिलाई प्रहार गर्ने, लघार्ने, जबर्दस्ती आमसभामा ल्याउने काम गरेर वार्ता भाँड्ने काम माओवादीबाटै भएको छ" -उहाँको भनाइ थियो । "माओवादीको भूमिका सबैलाई समेटेर लाने हुनुपर्‍यो, मित्रशक्तिलाई नै प्रहार गर्ने र स्वाहा पार्ने

"हामी तेस्रो चरणको वार्तामा तपाईहरूको राय र सुझाव लिएर जान चाहन्छौं । हामीबाट कमी-कमजोरी भएका छन् भने हामी तिनलाई हटाउन तयार छौं ।"



खड्गप्रसाद ओली



श्याम श्रेष्ठ

तेस्रो वक्ताका रूपमा समाजवादी आन्दोलन, नेपालका संयोजक श्याम श्रेष्ठको बोल्ने पालो थियो ।

"सुधारको लागि संघर्ष गर्ने स्थिति त जहाँ पनि हमेशा रहन्छ । परन्तु अहिले त नेपालमा विशेष परिस्थिति छ । सत्तासीनहरू पुरानै ढंगले शासन गर्न नै नसक्ने स्थिति, जनताहरू पुरानै ढंगले शासित भइराख्न नै बेतयार स्थिति नेपालमा यतिखेर छ । यो भनेको आमूल परिवर्तनको लागि ज्यादै अनुकूल वस्तुगत स्थिति हो । आमूल परिवर्तनको न्यूनतम साझा कार्यक्रममा सम्पूर्ण वामपन्थी शक्तिहरू एक हुने हो र त्यसको वरिपरि देशभक्त र प्रजातान्त्रिक तत्वहरूलाई पनि एक ढिका पार्ने हो भने जनमत संग्रह गरे पनि जित्न सकिने, संविधान सभाको चुनाव गरे पनि जित्न सकिने र नेपाललाई यतिबेला

आमूल परिवर्तनतर्फ नै डोर्‍याउन सकिने स्थिति हो । अहिले १२ वर्षको बहुदलीय संसदीय अभ्यासबाट जनता घाँटी घाँटीसम्म अघाएको स्थिति हो । सुधार चाहने पार्टीतिरभन्दा माओवादीतिर ठूलो संख्यामा जनता आकर्षित हुनुको मुख्य कारण नै यही हो कि उनीहरू यतिबेला आमूल परिवर्तन चाहन्छन्, सुधार होइन ।" -श्याम श्रेष्ठको भनाइ थियो ।

"त्यसैले अन्तरीम सरकार र संविधान सभाको निर्वाचनको माग सही छ । बृहत् वाम एकता भयो भने संविधान सभामा हार्ने सवाल नै छैन । माओवादीको तर्फबाट भइरहेको जनता र मित्रशक्तिमाथि नै प्रहार, बल प्रयोग र सैन्यवादी प्रवृत्तिले वृहत् वाम एकतामा आँच पुर्‍याइरहेछ । शहरी क्षेत्रका जनतामा माओवादीको छवि बिग्रिरहेछ । तसर्थ, जनता र मित्रशक्तिमाथि बल प्रयोगको घटना पूर्णतया बन्द गरियोस्, त्यसरी संकलित गरिएका चन्दा फर्काइयोस् र क्षमायाचना गरियोस् र सैन्यवादी प्रवृत्ति त्यागियोस् । स्थिति फेरि उल्टनेछ ।" -श्याम श्रेष्ठको थप भनाइ यस्तो थियो ।

फेरि असोज ७ गते भेट्ने कार्यक्रमसहित पहिलो वृहत् वाम बैठक टुंगियो । यो बैठकमा ने.क.पा. (माओवादी) का तर्फबाट कृष्णबहादुर महरा, अग्नि सापकोटा, टोपबहादुर रायमाझी, एमालेका तर्फबाट खड्गप्रसाद ओली, मालेका तर्फबाट वामदेव गौतम र अशोक राई, ने.म.कि.पा.का तर्फबाट नारायणमान बिजुक्छे र बुद्धिकुमार गोसाइँ, नेकपा (एकता केन्द्र) का तर्फबाट सोनाम लामा, स.ज.मो.का तर्फबाट दिलबहादुर श्रेष्ठ, नेकपा (मार्क्सवादी) का तर्फबाट प्रभुनारायण चौधरी, मालेमाका तर्फबाट कृष्णदास श्रेष्ठ, समाजवादी आन्दोलन, नेपालका तर्फबाट श्याम श्रेष्ठ, ने.क.पा. संयुक्तका तर्फबाट गणेश शाह र हेमन्त बिसी, सं.रा.ज.आ.स.बाट भक्तबहादुर श्रेष्ठ र कृष्णध्वज खड्काको उपस्थिति थियो ।

दोस्रो बृहत वाम बैठक पहिलेकै बैठकको निरन्तरतामा असोज ७ गते बिहान ९:३० बजे थानकोटमा बस्यो । यो बैठकमा पहिलेको बैठकमा नहुनुभएका राजमोका प्रतिनिधि डिलाराम आचार्य थपिनुभएको थियो । मालेबाट राधाकृष्ण मैनाली, स.रा.ज.आ.बाट चित्रबहादुर श्रेष्ठ, संजमोबाट अमिक शेरचन मालेमाबाट रामबहादुर श्रेष्ठ र नेमकिपाबाट सुनील प्रजापति नयाँ आउनुभएको थियो ।

क. कृष्णबहादुर महराले बैठकको प्रारम्भ गर्दै रक्षा मन्त्रालयको हालैको वक्तव्य र अफगानिस्तानविरूद्ध हवाइ मार्ग दिने सरकारी निर्णयको विरोध गर्दै संयुक्त वक्तव्य दिने प्रस्ताव बैठकसमक्ष राख्नुभयो ।

बैठकमा बोल्दै ने.क.पा.(एके) का पार्टी प्रतिनिधि सोनामले यतिखेरको राजनीतिक संकटको निकास भनेको संविधान सभाको निर्वाचन हो भन्ने धारणा राख्नुभयो । उहाँको भनाइ रह्यो- "राजा पनि आतंकित नहुने, कांग्रेस पनि आतंकित नहुने, अग्रगमन पनि हुने, ०४६ सालको उपलब्धि पनि खेर नजाने, संविधान सभा निर्वाचनको त्यस्तो प्रक्रिया सोच्न सकिन्छ र सोच्नु पर्दछ । तर जनतामा सार्वभौमसत्ता छ भन्ने सिद्धान्त मानेपछि 'तिनै सार्वभौम जनताले निर्णय गरून् न' -भनेर किन नभन्ने ?"

"कालो मण्डलेको बिगविगी हामीले ३० वर्ष भोग्यौं, सेतो मण्डलेको १२ वर्ष भोग्यौं, अब रातो मण्डले भएर कोही ननिक्लोस् भनेर माओवादी मित्रहरूले सोच्नुपर्छ" -क. सोनामको टिप्पणी थियो । "नेतृत्वले गल्ती स्वीकारेर वक्तव्य दिएको छ, तर कार्यकर्ताले मानिरहेको छैन, यो के भएको माओवादीमा ? मित्रशक्तिहरूलाई प्रहार गर्ने र जनतामाथि बल



अशोक राई




नारायणमान बिजुक्छे (रोहित)


"माओवादीको तर्फबाट भइरहेको जनता र मित्रशक्तिमाथि बल प्रयोगको घटना पूर्णतया बन्द गरियोस्, त्यसरी संकलित गरिएका चन्दा फर्काइयोस् र क्षमायाचना गरियोस् र सैन्यवादी प्रवृत्ति त्यागियोस् ।"



"यो संविधानलाई संशोधन गर्ने कुरा नै अहिलेको माग हुनुपर्छ । राजा वीरेन्द्रको मृत्यु हुनेबित्तिकै राजतन्त्र ढल्यो, गणतन्त्र आयो भन्ठान्नु गलत हुन्छ ।"



प्रभुनारायण चौधरी



कृष्णदास श्रेष्ठ

प्रयोग गर्ने कार्य माओवादीले बन्द गर्नुपर्‍यो । यो अहिलेसम्म बन्द भएन ।"

ने.क.पा. (मार्क्सवादी)का अध्यक्ष प्रभुनारायण चौधरीले बैठकमा बोल्दै भन्नुभयो- "माओवादी नेतृत्वले मित्रको पहिचान गर्नुपर्‍यो, माओवादीहरूले एमाले, मालेमात्र होइन, मार्क्सवादीमाथि पनि बल प्रयोग र आक्रमण गर्न थालेका छन् । त्यो रोक्नुपर्‍यो ।"

"हामी अन्तरीम सरकारको सवालमा सहमत छौं । संविधानमा मौलिक परिवर्तन हुनुपर्छ भन्ने हाम्रो धारणा छ । तर संविधान सभाको निर्वाचन आवश्यक छैन । यसो गर्दा २०४६ सालको उपलब्धि त कतै गुम्ने होइन ? संविधानमा थप जनतान्त्रिक अधिकार दिनेगरी मौलिक परिवर्तन हुनुपर्‍यो । जनता सार्वभौम हुन् भने संविधानको अपरिवर्तनीय धारा बदल्नुपर्‍यो ।" -चौधरीको भनाइ थियो ।

त्यसपछि बोल्ने क्रम थियो क. खड्ग ओलीको, जो ने.क.पा.(एमाले) का वरिष्ठ पोलिटब्यूरो सदस्य हुनुहुन्छ । उहाँको टिप्पणी थियो : "वस्तुगत परिस्थितिको हिसाबले माओवादीको माग ज्यादा देखिन्छ । तर उसले हासिल गरेको फौजी र राजनीतिक उपलब्धिका हिसाबले उसको माग ज्यादा होइन । माओवादी मित्रहरू आफ्नो उपलब्धिको कोणबाट हेर्नुहुन्छ र राजनीतिक माग राख्नुहुन्छ, अनि हाम्रो सोचलाई दक्षिणपन्थी ठहर्‍याउनुहुन्छ । हामी ती मागलाई वस्तुगत परिस्थितिको कोणबाट हेर्छौं । यसरी हेर्दा ती मागहरू उग्र-वामपन्थी लाग्छन् । यही कारणले राजनीतिक मागमा हाम्रो सोचमा भिन्नता आइरहेछ ।"

"संविधान सभा र गणतन्त्रको माग नेपालको अहिलेको यथार्थसँग मेल खाने माग होइनन् । ती मागलाई हृदयमा राखीछोड्नु मात्र ठीक छ । माओवादीले अघिसारेको अन्तरीम सरकारको मागचाहिँ ठीक छ । अहिले संविधान सभाको मागले प्रतिगामी पक्षलाई मात्र फाइदा गर्छ । यो संविधान बदल्न प्रस्तावना नै बदल्नुपर्छ । परन्तु अहिलेको शक्ति सन्तुलनमा गणतन्त्र ल्याउन नसकिएपछि प्रस्तावनाबाट संवैधानिक राजतन्त्र त हट्ने भएन । फेरि नयाँ व्यवस्था एकदलीय हुने छैन भनेर त माओवादी नेतृत्व आफैं भन्दैछ । यसको मतलब यो बहुदलीय पनि हुने भयो । संवैधानिक राजतन्त्र पनि रहिरहने, बहुदलीयता पनि रहिरहने भएपछि अहिलेको प्रस्तावनाको २ वटा आधारभूत कुरा त ज्यूँकात्यूँ रहिरहने भयो । अनि संविधान सभाबाट ल्याइएको त्यो व्यवस्था कसरी नयाँ र क्रान्तिकारी हुने भयो त ?" -क. खड्ग ओलीको तर्क थियो ।

"माओवादीसित यतिबेला कार्यगत एकता गर्ने, संयुक्त वक्तव्य दिने हाम्रो पार्टीको नीति छैन ।" - क. ओलीको थप भनाइ थियो ।

ने.क.पा. (मालेमा) का अध्यक्ष क. कृष्णदास श्रेष्ठले बैठकमा आफ्नो धारणा राख्दै भन्नुभयो : "संविधान सभा चाहिएको गणतन्त्रका लागि न हो । त्यसैले गणतन्त्र र संविधान सभा जोडिएका छन् । यी दुबै क्रान्तिपछि मात्र आउँछन् । वार्ताबाट गणतन्त्र आउँदैन । अहिले संविधान सभाको चुनाव भयो भने त्यो जनताको पक्षमा हुँदैन । दरबार, भारत र सरकार मिलेर संविधान सभालाई आफ्नो अनुकूल पार्न सक्छन् । तसर्थ, यतिबेला संविधान सभाको माग बेठीक छ । यो संविधानलाई संशोधन गर्ने कुरा नै अहिलेको माग हुनुपर्छ । राजा वीरेन्द्रको मृत्यु हुनेबित्तिकै राजतन्त्र ढल्यो, गणतन्त्र आयो भन्ठान्नु गलत हुन्छ ।"

"मित्र शक्तिविरूद्ध बल प्रयोग गर्ने, बलजफ्ती पार्टी परिवर्तन गराउने, अनि वाम

एकता खोज्ने ? बृहत् वाम एकता यतिखेरको आवश्यकता हो । तर यो संभव हुन माओवादीले मित्रशक्ति विरूद्धको प्रहार बन्द गर्नुपर्‍यो ।" उहाँको जोड थियो ।

ने.क.पा. (संयुक्त) का उपमहासचिव गणेश शाहको विचार थियो : "संविधान सभाको चुनाव भयो भने यसले प्रतिगमनलाई नै फाइदा गर्छ, दरवारलाई नै फाइदा गर्छ । त्यसैले हामी संविधान सभाको पक्षमा छैनौं । गणतन्त्रको संस्थागत विकास सम्बन्धमा पनि हामी सहमत छैनौं । हामी संयुक्त सरकारको पक्षमा छौं । संविधान संशोधनको पक्षमा छौं ।"

"माओवादीको बदनामी हुनथालेको छ- बलपूर्वकको चन्दाले गर्दा । यो हटाउनु पर्‍यो र मित्रशक्तिप्रतिको प्रहार पनि हटाउनु पर्‍यो । साझा न्यूनतम कार्यक्रमका आधारमा माओवादीसित सँगै जान हामी तयार छौं ।" -उहाँको टिप्पणी थियो ।

राष्ट्रिय जनमोर्चाको तर्फबाट बोल्दै क. डिलाराम आचार्यले भन्नुभयो: "माओवादीको तीनवटा राजनीतिक मागमा हाम्रो सहमति छैन । संविधान सभाको मागमा हामी सिद्धान्ततः सहमत भए पनि यतिबेला त्यसको चुनाव भयो भने प्रतिगामी तत्वलाई फाइदा पुग्छ । माओवादीका आर्थिक-सामाजिक माग र वार्ताको वातावरण बनाउन राखिएका मागचाहिँ ठीक छन् ।"

"हाम्रो पार्टीले माओवादीसितको कार्यगत एकता स्थगित गरेको छ । हाम्रोविरूद्ध माओवादीले गरेको ज्यादतीले गर्दा यस्तो गरिएको हो । हाम्रा साथीलाई अपहरित गरिएको छ, माओवादीको हिरासतमा डेढ-डेढ महिना राखिएको छ, हाम्रा वरिष्ठ नेता चित्रबहादुर केसीलाई प्यूठानमा जाँदा माओवादी छापामारले बसेको घरमै बन्दूक पड्काएर आतंकित पार्न खोजिएको छ । हामीसित माओवादीले शत्रुतापूर्ण व्यवहार गर्दैछ । हामी कसरी ऊसित कार्यगत एकता गर्न सक्छौं ? माओवादीले आफ्नो पोजिशन क्लियर गरोस् । अनि हामी निर्णय गर्छौं ।" -क. आचार्यको टिप्पणी थियो ।

ने.म.कि.पा.का तर्फबाट सुनील प्रजापतिले विचार प्रस्तुत गर्दै भन्नुभयो : "माओवादीका ४० सूत्रीय माग हाम्रा पनि साझा माग हुन् । त्यसमा राजनीतिक मागबाहेक अरू ठीक छन् । अहिले संविधान सभाको चुनाव भयो भने हाम्रो बहुमत आउँदैन । रोल भारतले पनि खेल्नेछ, अमेरिकाले पनि खेल्नेछ र हामी जित्ने छैनौं । फलस्वरूप, संविधान अहिलेभन्दा पनि प्रतिगामी बन्नेछ, ०४६ सालको उपलब्धि खेर जानेछ । त्यसैले हामी संविधान संशोधनमा जानुपर्छ । संविधानका अपरिवर्तनीय धारालाई परिवर्तनीय बनाउनुपर्छ भन्ने कुरा जनतामा लानुपर्छ ।"

"नौ वामले माओवादीलाई हमेशा साथ दिएको छ तर माओवादीले नौ वामलाई भत्काउने नीति लिएको छ । पद, पैसा र बन्दूकका भरमा आस्था परिवर्तन गराउनु बेठीक कुरा हो । हाम्रा साथीहरू माओवादीबाट कुटिएका छन्, तर पनि हामीले माओवादीलाई मित्रवत् व्यवहार गरिरहेका छौं ।" -उहाँको टिप्पणी थियो ।

सं.ज.मो.को तर्फबाट धारणा प्रस्तुत गर्दै अमिक शेरचनले भन्नुभयो : "अन्तरिम सरकार र संविधान सभाको चुनाव नै अहिलेको निकास हो । पूँजीवादी क्रान्ति २०४६ सालमा पूरा भएको छैन, त्यो अब पूरा गर्ने हो । गणतन्त्रको नारा दिने बेला भएको छैन, जनताले गणतन्त्र बुझेको छैन । तसर्थ, गणतन्त्रको संस्थागत विकास भन्ने माग ठीक छैन ।"


गणेश साह


भक्तबहादुर श्रेष्ठ


**"माओवादीका आर्थिक-सामाजिक माग र वार्ताको वातावरण बनाउन राखिएका मागचाहिँ ठीक छन् ।"**


"असोज ५ गतेको आमसभा हुन पाएको भए धेरै मान्छे र पार्टीहरू संविधान सभाको पक्षमा आउँथे, तर माओवादीकै व्यवहारको कारणले त्यो सभा हुन पाएन । ठूलो अवसर गुम्यो । वार्ता शुरू भएपछि सबै वाम मित्रसित सद्भाव बढ्नुपर्नेमा प्रहार बढेको छ । माओवादीका तल्लो स्तरका कार्यकर्ताहरू माथिको नियन्त्रणमा देखिन्नन् । या त भर्तीमा गडबडी छ, या घूसपैठ ज्यादा भएको छ, या प्रशिक्षणमा गल्ती छ । माओवादीले आफ्नो आचरण बदल्नु जरूरी छ । मुलुकको यतिबेलाको आवश्यकता वाम एकता हो । वाम एकता भयो भने यतिबेला अग्रगामी परिवर्तन संभव छ ।" -क शेरचनको टिप्पणी थियो ।

त्यसपछि सामाजवादी आन्दोलन, नेपालको तर्फबाट बोल्दै यसका संयोजक श्याम श्रेष्ठले यस्तो धारणा अभिव्यक्त गर्नुभयो : "धेरै मित्रहरूले यहाँ संविधान संशोधनको पक्षमा मत राख्नुभयो र संविधान सभाको निर्वाचनको लागि स्थिति अनुकूल छैन, त्यसो भएमा अहिलेभन्दा पनि प्रतिगामी संविधान आउँछ भन्नुभयो । हामी यसमा असहमति राख्न चाहन्छौं । संविधान सभाको चुनाव पनि संसदीय चुनावजस्तै हो - बालिग मताधिकार र गोप्य मतदानमा आधारित । २०५१ सालको र २०५६ सालको संसदीय चुनावको मतसम्बन्धी तथ्यांकलाई हेर्ने हो भने सम्पूर्ण वामपन्थी एक भएको खण्डमा ती दुवै चुनावमा वामपन्थीको अत्यधिक बहुमत आउने निश्चित देखिएको छ । त्यसमाथि थप, त्यतिबेला माओवादी चुनावी मैदानमा थिएन । अहिले त माओवादी पनि संविधान सभाको चुनावमा थपिन्छ । त्यो थपिँदा त दुईतिहाई बहुमत वामपन्थीकै पक्षमा आउने अत्यन्त प्रवल संभावना छ । वृहत वाम एकता भयो भने संधिवान सभामा हार्ने र संविधान प्रतिगामी बन्ने संभावना ज्यादै न्यून छ । त्यसमाथि थप, त्यतिबेला वामपन्थी शक्तिहरू यति बलिया र आपसमा एकताबद्ध थिएनन्, जति अहिले छन्, त्यतिबेला चुनाव लड्ने पार्टीहरूसित, वामपन्थीहरूसित सेना थिएन,



**हाम्रा साथीहरू माओवादीबाट कुटिएका छन्, तर पनि हामीले माओवादीलाई मित्रवत् व्यवहार गरिरहेका छौं ।"**


अमिक शेरचन


टोपबहादुर रायमाझी

जुन अहिले छ । त्यसैले कुन वस्तुगत यथार्थका आधारमा मित्रहरू संविधान सभाको चुनावमा हामी हाछौं भनिरहनुभएको छ ? - यतिबेलाको माग त आमूल परिवर्तनको कार्यक्रममा आधारित वृहत् वाम एकता र संविधानको सभाको निर्वाचन नै हुनुपर्छ ।"

"मुख्य फरक अहिलेको वस्तुगत परिस्थितिको मूल्यांकनमा पर्‍यो र बृहत् वाम एकता हुँदा आम जनताको उत्साह र शक्तिमा आउने गुणात्मक हेरफेरको मूल्यांकनमा पर्‍यो । यतिखेर देशमा विशिष्ट परिस्थिति छ : आम जनता पहिलेजस्तै गरी शासित भइरहन नचाहने, शासकवर्ग पहिलेजस्तै गरी शासन गरिहन नसक्ने, त्यो विशिष्ट विद्रोहकारी परिस्थिति अहिले नेपालमा छ । त्यो सत्य हो कि होइन ? संविधान संशोधन र सुधार त यतिखेर देउवा सरकारले समेत गर्न खोजेको छ, त्यो नगरी उसलाई समेत धरै छैन । वामपन्थीहरू नेपाली कांग्रेस र देउवाभन्दा माथि त उठ्नु पर्‍यो नि ! आम-जनताले यतिबेला खोजेको सुधार होइन, आमूल परिवर्तन हो, यो सही हो कि होइन ? वृहत् वाम एकताको वरिपरि अहिलेको यथास्थितिमा आमूल परिवर्तन खोजिरहेका लाखौं जनता गोलबद्ध हुँदा, उनीहरूको संयुक्त आन्दोलित शक्तिका सामुन्ने कुनै अर्को शक्ति ज्यादा शक्तिशाली हुनसक्दैन । यो हो कि होइन ? त्यसैले मुख्य समस्या हामीलाई हाम्रो संयुक्त वाम शक्ति र परिवर्तनकामी आम जनताको संयुक्त आन्दोलनकारी शक्तिमा पटक्कै भर नभएर खडा भएको हो । हामीले यथास्थितिको स्थितिमा मात्र घटनालाई हेर्‍यौं, परिवर्तित परिस्थितिमा र संभावनाको पाटोमा हाम्रो ध्यानै गएन । हाम्रो हेराइमा जनताबाट नितान्त अलग्गिएको हाम्रो आफ्नो सानो संगठनको शक्तिमात्र अलग-थलग रूपमा पर्‍यो, यथास्थितिमा आमूल परिवर्तन खोजिरहेको र विद्रोहको लागि छटपटाइरहेको विशाल जनसमुदायमा हामी त्योसित एकाकार हुने कुरामा हाम्रो आँखा गएन । चाहे कथित ऋत्तिक रोशन काण्डमा होस्, अथवा जेठ १९ को काण्ड, परिवर्तनकामी लाखौं जनता विद्रोह गर्दै सडकमा ओर्लने, तर सडकमा नेतृत्व नहुने र विद्रोह, अराजक भएर खेर जाने, यो नै यतिबेलाको हाम्रो प्रमुख समस्या हो ।" - श्याम श्रेष्ठको टिप्पणी थियो ।

"जनताले यतिबेला खोजेको व्यापक आर्थिक-सामाजिक क्रान्ति हो, त्योसित अन्तरीम सरकार र संविधान सभाको नारा गाँसिनुपर्‍यो । अरू पार्टीले सडक संघर्ष र संसद संघर्षबाट हासिल गरेको उपलब्धिसित माओवादीको सैनिक सांगठनिक उपलब्धि गाँसिनुपर्‍यो । त्यसैका लागि वृहत् वाममोर्चा बन्नुपर्‍यो, एउटा साझा सामन्तवादविरोधी, साम्राज्यवादविरोधी न्यूनतम कार्यक्रममा आधारित । त्यसैको वरिपरि देशभक्त र प्रजातान्त्रिक तत्वहरूलाई पनि गोलबद्ध गराउन प्रयत्न गर्नुपर्‍यो । अनिमात्र यो शक्ति अजेय बन्नेछ र प्रमुख शत्रु एक्लिने छ । यो मोर्चाले भुँई तहमा यहीं र अहिल्यै संयुक्त जनसत्ता अभ्यास गर्दै अधिकतम क्रान्तिमुखी सुधारको अभ्यास गर्नुपर्‍यो, माथि सडक संघर्ष पनि चलाउनुपर्‍यो, संविधान सभामा बहुमत पनि हासिल

"दोस्रो राष्ट्रिय सम्मेलनअघि हामीबाट केही ज्यादती भएका थिए, त्यो हामी स्वीकार्छौं । केही गल्ती अहिले पनि भएका छन्, हामी त्यसलाई पनि सच्याउन तैयार छौं । हाम्रा केही विद्रोही कार्यकर्ताहरू पार्टीको नियन्त्रणमा भइरहेका छैनन् । त्यो पनि हामी स्वीकार्छौं । परन्तु हाम्रै कारणले मात्र वाम एकता असंभव भएको हो भन्ने धारणाचाहिँ सही होइन ।



गरेर नयाँ संविधान पनि ल्याउनु पर्‍यो । संविधान सभा भन्नेबित्तिकै गणतन्त्र नै हुन्छ भन्ने बुझ्नु पनि जरूरी छैन । तागत पुग्यो भने त्यो गणतन्त्र नै होला, हाम्रो तागत पुगेन भने त्यो नियन्त्रित राजतन्त्र हुनेगरी संविधान संशोधन मात्र पनि हुन सक्छ । एकाध दशकको लामो समय लगाएर चरणबद्ध रूपमा गणतन्त्रको संस्थागत विकास गर्ने पनि हुन सक्छ । त्यो त्यतिबेलाकै शक्ति सन्तुलन हेरेर निधो गर्ने कुरा हो ।" -श्रेष्ठको भनाइ यस्तो थियो ।

"बृहत् वाम एकता त्यस हिसाबले धेरै महत्वपूर्ण कुरा हो । माओवादीको सैन्यवादी प्रवृत्ति, जनता र मित्रशक्तिमाथि नै बल प्रयोग गर्ने प्रवृत्ति, ठूलो शक्ति अहंकार यसको लागि एउटा मुख्य तगारो बनिरहेछ । यो हटाउनु पर्‍यो ।" -श्रेष्ठको टिप्पणी थियो ।

अन्तमा बैठकमा ने.क.पा. (माओवादी) का प्रतिनिधि कृष्णबहादुर महराले भन्नुभयो - "वामपन्थी शक्ति आमूल परिवर्तनकारी हुनुपर्ने, तर त्यस्तो भइरहेको देखिएन । नेपाल अहिले विशेष परिस्थितिमा छ र त्यहाँ चाहिएको आमूल परिवर्तन हो भन्ने कुरामा हाम्रो ध्यान गएन । जनता यतिबेला आमूल परिवर्तन चाहिरहेका छैनन्, सुधार चाहिरहेका छन् भन्ने कुरा गलत हो । जनता निरीह र निकम्मा छन् भन्ने धारणा पनि गलत हो । जनता यतिबेला छलांग हान्न तैयार भइरहेका छन् । हामी सबै थोरै छलांग हान्न तयार होउं भन्ने हाम्रो अपील हो ।"

"दोस्रो राष्ट्रिय सम्मेलनअघि हामीबाट केही ज्यादती भएका थिए, त्यो हामी स्वीकार्छौं । केही गल्ती अहिले पनि भएका छन्, हामी त्यसलाई पनि सच्याउन तैयार छौं । हाम्रा केही विद्रोही कार्यकर्ताहरू पार्टीको नियन्त्रणमा भइरहेका छैनन् । त्यो पनि हामी स्वीकार्छौं । परन्तु हाम्रै कारणले मात्र वाम एकता असंभव भएको हो भन्ने धारणाचाहिँ सही होइन । धेरै वाम मित्रहरू radical change को पक्षमा हुनुहुन्न, सुधारको पक्षमा मात्र हुनुहुन्छ । समस्याको चुरो त्यहाँ छ । हाम्रो प्रस्ताव छ- आमूल परिवर्तनलाई आधार बनाएर नयाँ वाम एकता खोजौं । क्रान्तिको मोडेल सम्बन्धमा अब हामीसित पुरानो जड धारणा बाँकी छैन । नेपाललाई चाहिने वस्तुगत परिस्थितिसित मिल्दो नयाँ क्रान्तिको मोडेल खोजौं । यसमा हामी पर्याप्त लचिलो हुन तैयार छौं । तर त्यति लचिलो चाहिँ हामी हुन सक्दैनौं कि हामी पुरानै संरचनाभित्र पसौं र त्यहीं घुलमिल होऊँ । हामीले नयाँ संरचनाको कुरा गरेका हौं । यही संविधानअन्तर्गत होइन, यो संविधान र संसद निषेध गरेर आउने अन्तरीम सरकार र नयाँ संविधानको कुरा हामीले गरेका हौं ।" -क. महराको टिप्पणी थियो ।

बैठकमा माओवादी वार्ता प्रतिनिधि क. अग्निप्रसाद सापेकाटाले पनि आफ्नो संक्षिप्त धारणा राख्नुभएको थियो ।

यस्तो बृहत् वाम बैठक वारम्बार भइरहनुपर्ने कुरामा उपस्थिति सबैको सर्वसम्मति बनेको थियो । बैठक ऐतिहासिक बनेको र यो सौहार्दपूर्ण भएको सबैको अनुभूति थियो । ❑


प्रतिभा

बाल पत्रिका



**पाठकबृन्द, मूल्यांकन** र **नवयुवा**को प्रकाशनपछि एउटा सहयोगी बाल पत्रिकाको रूपमा **प्रतिभा**को प्रकाशन गर्ने खबर यहाँहरूसमक्ष पुर्‍याउन पाउँदा हामी हर्षित भइरहेका छौ । विगतमा साहित्यिक मासिक गोजिका र पछि बाल पत्रिकाको रूपमा प्रकाशित भएको **प्रतिभा**लाई अब हामी सबै बालबालिकाको असल साथी बनाउन चाहन्छौं । यसका लागि यहाँहरूको हार्दिक सहयोग र सुझावको आशा गरिरहेका छौ ।

इतिहासमा कालो पोतिएको अनुहार

खगेन्द्र संग्रौला

प्रकाशित भएको एक हप्तापछि दोस्रो संस्करण छापिएको लोकप्रिय पुस्तक बजारमा सर्वत्र उपलब्ध छ ।



# जीवविज्ञानद्वारा पुरूषभन्दा महिला नै श्रेष्ठ भएको पुष्टि

- तुल्सीदास महर्जन -


## 'पोथी बासेर बिहान हुन्न, भाले बास्नुपर्छ ।'

सार्वजनिक विषयसँग सम्बन्धित सवालको त के, परिवारभित्र हुने सामान्य सर-सल्लाहमा पनि महिलाले आफ्नो विचार दिन खोज्दा यो उखान तेर्स्याएर उसलाई चूप लगाउने परम्परा अझै हाम्रो गाउँ घरमा विद्यमान छ । हाम्रो समाजको परम्परागत धारणा के रहेको छ भने महिलामा बुद्धि, विवेक हुँदैन । उसबाट नयाँ विचार र नयाँ सोच केही पनि सिर्जना हुँदैन । किनकि प्रकृतिले नै उनीहरूलाई बुद्धि, विवेक, विचार र सोचमा गरीब बनाएको छ । त्यसैले पुरूषले जे गर्नसक्छ, महिलाले त्यो गर्न सक्दिन ।

तर आधुनिक समाजमा परम्परागत धारणा विपरीत महिलाहरूले पनि क्रमशः हिजो पुरूषले मात्र गर्ने गरेका कामहरू धमाधम गर्न थालेका छन् । मोटर चलाउने ड्राइभरदेखि देश चलाउने प्रधानमन्त्री, राष्ट्रपतिसम्म पनि महिलाहरू बन्न थालेका छन् । आधुनिक समयमा महिलाहरू पुरूषहरूसँग समान हैसियतका सहयात्री बन्न थालेका छन् ।

चाखलाग्दो कुरो त के छ भने आधुनिक जीवविज्ञानले महिलाहरू पुरूषहरूसँग समान हैसियतका सहयात्री हुन सक्ने मात्र होइनन् कि बरू तिनीहरू आनुवंशिक रूपले पुरूषहरूभन्दा उन्नत वा श्रेष्ठ भएको तथ्य अगाडि ल्याएको छ ।

उन्नाइसौं शताब्दीको उत्तरार्द्धको शुरू समयमा अष्ट्रियायी पादरी ग्रेगर मेण्डलले जन्माएको यस विज्ञानले एक्काइसौं शताब्दीको शुरूसम्म आइपुग्दा थुप्रै वैज्ञानिकहरू जन्माइसकेको छ



ग्रेगर मेण्डल (१८२२-१८८४)
आनुवंशिक विज्ञानका जन्मदाता

आनुवंशिक विज्ञान (Genetics) आधुनिक जीवविज्ञानको एउटा महत्वपूर्ण हांगा हो । उन्नाइसौं शताब्दीको उत्तरार्द्धको शुरू समयमा अष्ट्रियायी पादरी ग्रेगर मेण्डलले जन्माएको यस विज्ञानले एक्काइसौं शताब्दीको शुरूसम्म आइपुग्दा थुप्रै वैज्ञानिकहरू जन्माइसकेको छ ।

आनुवंशिक विज्ञानले पुरानो समाजको अवशेषको रूपमा रहेको वंशसम्बन्धी भ्रमहरूलाई निमिट्यान्न पार्न ठूलो भूमिका खेलेको छ ।

आनुवंशिक विज्ञानका अनुसार पुरूषत्वको गुण पुरूषको शरीरमा रहेको हरेक कोषभित्र कैद भएको हुन्छ । त्यो हो- 'Y' क्रोमोजोम ।

मानव कोषभित्रको न्यूक्लेसमा २३ जोडी अर्थात् ४६ वटा क्रोमोजोम रेशाहरू रहेका हुन्छन् । हाम्रो शरीरको सम्पूर्ण गुण त्यही ४६ वटा क्रोमोजोमभित्र रहेका करिब १ लाख ४० हजार वंशाणु (Gene) हरूले निर्धारण गर्छन् ।

वैज्ञानिकहरूले के पत्ता लगाएका छन् भने मानवकोषको न्यूक्लेसभित्र रहने २३ जोडी क्रोमोजोमहरूमध्ये एक जोडी क्रोमोजोममा लिङ्ग निर्धारण गर्ने वंशाणु हुन्छ ।

पुरूषमा लिङ्ग निर्धारण गर्ने क्रोमोजोम-जोडीमा एउटा क्रोमोजोम रेशा लामो र अर्को छोटो तथा अलि घुम्रिएको हुन्छ । लामो क्रोमोजोम रेशालाई 'X' क्रोमोजोम भनिन्छ भने छोटो र घुम्रिएको क्रोमोजोमलाई 'Y' क्रोमोजोम भनिन्छ । वास्तवमा त्यही 'Y' क्रोमोजोमभित्र नै पुरूषको लिङ्ग निर्धारण गर्ने लगायत अन्य पुरूषत्वका गुणहरूका वंशाणुहरू लुकेर रहेका हुन्छन् । तर महिलाहरूमा लिङ्ग निर्धारण गर्ने छुट्टै क्रोमोजोम हुँदैन । उनीहरूको कोषभित्रको न्यूक्लेसमा लिङ्ग निर्धारण गर्ने वंशाणु हुने क्रोमोजोम-जोडीमा दुवै नै 'X' क्रोमोजोम हुन्छ ।


अर्थात् पुरूषको लिङ्ग निर्धारण गर्ने क्रोमोजोम-जोडी 'XY' हुन्छ भने महिलाको 'XX' हुन्छ ।

आनुवंशिक विज्ञानका अनुसार, प्रजनन् अंगहरूमा कोष विभाजनको प्रक्रियाबाट प्रजनन् कोषहरू (डिम्ब वा शुक्रकिट) बन्दा तिनीहरूमा क्रोमोजोम रेशाहरूको संख्या आधामात्र हुन्छ । अर्थात् प्रजनन् कोषहरूमा क्रोमोजोम रेशाहरूको संख्या २३ मात्र हुन्छ ।

चाखलाग्दो कुरा यो छ कि कोष विभाजन प्रक्रियाबाट प्रजनन् कोषहरू निर्माण हुँदा 'XX' वा 'XY' क्रोमोजोम-जोडी छुट्टिएर अलग अलग रूपमा अलग अलग कोषहरूमा रहन पुग्छन् । त्यसैले महिलाको कोषमा 'XX' क्रोमोजोम-जोडी रहने भएकोले कोष विभाजित हुँदा ती क्रोमोजोमहरू छुट्टिएर नयाँ बनेका प्रजनन् कोषहरूमा एउटा एउटा 'X' क्रोमोजोम रहन पुग्छन् । अर्थात् प्रत्येक डिम्बमा एउटा एउटा 'X' क्रोमोजोम रहन पुग्छ ।

तर पुरूषमा 'XY' क्रोमोजोम-

मानव कोषभित्र २३ जोडा क्रोमोजोम रेशामध्ये एक जोडा क्रोमोजोम रेशाले लिङ्ग निर्धारण गर्छ । त्यो एकजोडा क्रोमोजोम कि 'XX' हुन्छ, कि त 'XY' हुन्छ । 'XX' ले महिलाको गुण धारण गर्छ भने 'XY' ले पुरूषको गुण धारण गर्छ ।




मानव कोषमा पाइने क्रोमोजोमहरू

**के प्रष्ट हुन्छ भने छोरा वा छोरी जन्मनुमा जैविक रूपले महिला जिम्मेबार छैन । यसको जिम्मेवार पुरूष मात्रै हो । शतप्रतिशत पुरूष मात्रै ।**

**गर्भाधान हुँदा महिलाको डिम्बमा पुरूषको शुक्रकिट पसेर संयुक्त कोष बन्न पुग्छ । डिम्बमा भएको २३ वटा क्रोमोजोमसँग शुक्रकिटको २३ वटा क्रोमोजोमले जोडा बनाउँछन् ।**

जोडी रहने भएकोले ती क्रोमोजोमहरू छुट्टिएर प्रत्येक शुक्रकिटमा अलग अलग रूपमा रहन जाँदा कुनै शुक्रकिट 'X' क्रोमोजोम भएको र कुनै 'Y' क्रोमोजोम भएको हुन जान्छ ।

गर्भाधान हुँदा महिलाको डिम्बमा पुरूषको शुक्रकिट पसेर संयुक्त कोष बन्न पुग्छ । डिम्बमा भएको २३ वटा क्रोमोजोमसँग शुक्रकिटको २३ वटा क्रोमोजोमले जोडा बनाउँछन् ।

त्यसैले गर्भाधानको समयमा यदि 'X' क्रोमोजोम भएको शुक्रकिट डिम्बभित्र छिर्छ भने 'XX' क्रोमोजोम जोडा भएको संयुक्त कोष बन्छ अर्थात् त्यो छोरीको भ्रूण बन्न पुग्छ । र, यदि 'Y' क्रोमोजोम भएको शुक्रकिट डिम्बभित्र छिर्छ भने 'XY' क्रोमोजोम जोडा भएको संयुक्त कोष बन्छ अर्थात् छोराको भ्रूण बन्न पुग्छ ।

यसबाट के प्रष्ट हुन्छ भने छोरा वा छोरी जन्मनुमा जैविक रूपले महिला जिम्मेबार छैन । यसको जिम्मवार पुरूष मात्रै हो । शतप्रतिशत पुरूष मात्रै ।

हाम्रो समाजमा विद्यमान परम्परागत धारणाअनुसार छोरा वा नेरी जन्माउनुमा जैविक रूपमा नालाई जिम्मेबार ठहऱ्याइएको । त्यसैले छोरा चाहेर पनि छोरीहरू जन्मँदै गरेमा पुरूषहरूले अर्की स्वास्नी बिवाह गरेर महिलाविरूद्ध ज्यादती गर्ने चलन समाजमा अझै विद्यमान छ ।

तर आनुवंशिक विज्ञानले समाजमा विद्यमान त्यस्तो सोचाइलाई पूर्णतः गलत सावित गरिदिएको छ । र, त्यो सोचाइ आधारहीन भएको मात्र होइन कि बरू पुरूषहरूले आफ्नो कमजोरी लुकाउन मनगढन्त ढंगले बनाएको मूर्खतापूर्ण विचार भएको कुरा वैज्ञानिक तवरले पुष्टि भएको छ ।

आनुवंशिक वैज्ञानिकहरूले के कुरा पत्ता लगाएका छन् भने 'Y' क्रोमोजोमको टुप्पानिर पुरूष लिङ्ग निर्धारण गर्ने वंशाणु रहेको हुन्छ । तर यस क्रोमोजोमले नै पुरूषत्व निर्धारण गर्ने भए पनि भ्रूणलाई पूर्ण विकसित पुरूष मानिसमा निर्माण गर्न 'X' क्रोमोजोमले महत्वपूर्ण र निर्णायक भूमिका खेलेको हुन्छ । 'Y' क्रोमोजोम नभइकन पनि भ्रूण पूर्ण विकसित मानवमा विकसित हुन सक्छ । तर 'X' क्रोमोजोम नभइकन भने त्यस्तो हुन सक्दैन ।

'Y' क्रोमोजोमले पूरूष लिङ्ग तथा त्यससम्बन्धी अरू गुणहरू निर्धारण गर्नुका अलावा अन्य थप केही काम गर्दैन । किनकि त्यो क्रोमोजोम यति छोटो छ कि त्यसमा केवल करिब १५ वटा वंशाणुहरू मात्र अटाएका हुन्छन् । तर त्यसको तुलनामा 'X' क्रोमोजोम धेरै नै लामो तथा विशाल हुन्छ । त्यसमा २५०० देखि ५००० सम्म वंशाणुहरू रहेका हुन्छन् ।

महिलामा 'XX' क्रोमोजोम जोडा रहेको हुन्छ । त्यसैले महिलाहरूमा यदि दुईटा 'X' क्रोमोजोमहरूमध्ये कुनै एकमा खराब वंशाणु रहन आएको छ भने पनि कुनै चिन्ता लिनु परेन । किनकि अर्को 'X' क्रोमोजोममा त्यो वंशाणु खराब छैन भने कुनै नकारात्मक असर देखा पर्दैन ।

तर पुरूषहरूको स्थितिमा यो सवाल भयावह छ । किनकि पुरूषहरूमा 'XY' क्रोमोजोम-जोडा रहेको हुन्छ । अर्थात् एउटामात्र 'X' क्रोमोजोम रहेको हुन्छ । यसको अर्थ यदि 'X' क्रोमोजोममा खराब अथवा रोग ल्याउने वंशाणु रहेको छ भने त्यसलाई रोक्ने स्थिति हुँदैन । किनकि महिलामा जस्तो एउटा 'X' क्रोमोजोम बिग्रँदा त्यसलाई सम्हाल्न अर्को 'X' क्रोमोजोम त्यहाँ हुँदैन, 'Y' क्रोमोजोमले त्यो काम गर्न सक्दैन । एउटामात्र 'X' क्रोमोजोम भएको कारणले गर्दा पुरूषहरूले बोक्नुपरेका वंशाणुगत रोगहरू करिब २०० वटा पत्ता लागिसकेका छन् । ती रोगहरूमा रंग-अन्धता (Colour blindness) अर्थात् सेतो र कालोबाहेक अन्य रंग नदेख्ने रोग र हेमोफिलिया (Hemophilia) अर्थात् घाउ हुँदा रगत नजमी बगिरहने रोग महत्वपूर्ण छन् । यसरी वंशाणुको कारणले आउने रोगबाट महिलाभन्दा पुरूष बढी प्रभावित हुने कुरा वैज्ञानिक तवरले पुष्टि भइसकेको छ ।

मस्तिष्कले शरीरका सम्पूर्ण अंगहरूलाई परिचालन गर्नुका साथै चेतना प्राप्त गर्ने काम पनि गर्छ । मानवमा यी कुराहरूको अलावा बुद्धि, विवेक, सोच र विचार निर्माण गर्नेजस्ता सम्पूर्ण आत्मिक कार्य मस्तिष्कले गर्छ ।


चाखलाग्दो कुरो यो छ कि मस्तिष्क विकासको लागि पुरूषमा रहेको वंशाणुले नभई स्त्रीमा रहेको वंशाणुले भूमिका खेल्ने कुरा प्रयोगद्वारा पुष्टि भएको छ । तर वैज्ञानिकहरूले यो प्रयोग मानिसमा नभई मुसामा गरेका हुन् । उनीहरूको के विश्वास छ भने यो मानिसमा पनि लागु हुन्छ ।

यो प्रयोग सन् १९८४ मा बेलायतको क्याम्ब्रिज विश्वविद्यालयमा वैज्ञानिकहरू इरिक केवर्ने र अजिम सुरानीले गरेका हुन् ।

उनीहरूका अनुसार, केही त्यस्ता खासखास वंशाणुहरू पनि छन्, जुन सन्तानमा कि आमाबाटै आउँछन् कि त बाबुबाटै आउँछन् । त्यस्ता वंशाणुहरूलाई मुद्रित वंशाणु (imprinted gene) भनिन्छ ।

मुद्रित वंशाणुहरू पत्ता लगाउने क्रममा वैज्ञानिकहरू इरिक र अजिमले एउटा परीक्षणमा साधारण भाले मुसाको शुक्रकिटलाई पोथी मुसाको डिम्बसँग मिलन गराई बनेका दुई भ्रूणहरू लिए । त्यसपछि ती दुई भ्रूणहरूमध्ये एउटामा पोथीको मात्र वंशाणु राखी विशेष तबरले तयार पारिएको अर्को भ्रूण र अर्को भालेको मात्र वंशाणु राखी विशेष तबरले तयार पारिएको अर्को भ्रूण मिसाइयो । उनीहरूले त्यो परीक्षणमा केही थोरैमात्र कोषहरू विकसित भइसकेका भ्रूणहरू लिएका थिए ।

परीक्षणको नतिजा के भयो भने दुवै भ्रूण गर्भभित्रका असामान्य (abnormal foetus) मुसामा विकसित भए । गर्भभित्र विकसित ती मुसाहरू जन्मेको धेरै समयसम्म बाँचेनन् ।




**छोरा वा छोरी जन्मनुमा महिला होइन, शतप्रतिशत पुरुष नै जिम्मेवार हुन्छ**

*एउटामात्र 'X' क्रोमोजोम भएको कारणले गर्दा पुरूषहरूले बोक्नुपरेका वंशाणुगत रोगहरू करिव २०० वटा पत्ता लागिसकेका छन्*

तर एउटा चाखलाग्दो कुरो के देखियो भने, जुन भ्रूणमा भाले मुसाको वंशाणु बढी हालियो, त्यो ठूलो भद्दा शरीर तर सानो मस्तिष्कको शिशु मुसामा परिणत भयो । यसको ठीक उल्टो जुन भ्रूणमा पोथी मुसाको वंशाणु बढी हालियो, त्यो सानो शरीर तर ठूलो मस्तिष्क अर्थात् ठूलो टाउको भएको मुसामा परिणत भयो ।

अन्य थप परीक्षणहरूबाट के कुरा पनि पत्ता लाग्यो भने भालेको वंशाणु बढी भएको शिशु मुसाको शरीरमा बाबुको वंशाणु त्यस्ता ठाउँहरूमा केन्द्रित भएको रहेछ, जहाँबाट प्राकृतिक स्वभावहरू (insticting behaviour) जस्तो कि खाने, लड्ने र सन्तान उत्पादन गर्ने कार्यहरूलाई नियन्त्रण हुन्छ ।

तर पोथीको वंशाणु बढी भएको शिशु मुसाको शरीरमा आमाको वंशाणु मस्तिष्कको माथिल्लो भाग, जहाँबाट सम्झना गर्ने, विचार गर्ने तथा उच्चस्तरको दिमागी कार्य हुन्छ, त्यस क्षेत्रमा केन्द्रित भएको पाइयो ।

यस परीक्षणबाट के पुष्टि भयो भने मुसामा मस्तिष्कको विकास आमाको वंशाणुबाट हुने रहेछ । यो कुरो मानवमा लागु हुन्छ कि हुँदैन वैज्ञानिकहरूले अहिले नै ठोकुवा गरेर भन्न सकेका छैनन् । तर उनीहरू यस कुरामा विश्वास गर्न थालेका छन् । किनकि अहिलेसम्ममा उनीहरूले मुसा र मानिस दुवैमा मिल्ने १५ वटा मुद्रित वंशाणुहरू पत्ता लगाउन सफलता प्राप्त गरिसकेका छन् । यो क्रम अगाडि बढ्दै जाँदा निकट भविष्यमै उनीहरू मुसामा जस्तै मानिसहरूमा पनि मस्तिष्कको विकास आमाको वंशाणुको कारणले नै हुन्छ भन्ने निश्कर्षमा पुग्ने सम्भावना ज्यादा छ ।

अर्को कुरा, अहिले विश्वका कैयौं आनुवंशिक वैज्ञानिकहरू मानव जिनोम प्रोजेक्ट (Human Genom Project) मा रातदिन लागीपरेका छन् । मानव जिनोम प्रोजेक्टले आगामी सन् २००५ सम्ममा मानव क्रोमोजोममा रहेका करिब १ लाख ४० हजार वंशाणुहरू सबै पढिसक्ने लक्ष्य लिएको छ । अर्थात् हाम्रो शरीरको एक एक गुणलाई नियन्त्रण गर्ने वंशाणुहरू सबै नै आगामी चार वर्षभित्र पहिचान गरिसक्ने लक्ष्य बनाइएको छ । यदि त्यो लक्ष्य निर्धारित समयभित्र पूरा गर्न वैज्ञानिकहरू सफल बन्छन् भने वैज्ञानिकहरू इरिक केवर्ने र अजिम सुरानीको परीक्षणबाट निकाल्न खोजिएको निश्कर्ष पत्ता लाग्नेछ ।

आनुवंशिक वैज्ञानिकहरू अथवा जीववैज्ञानिकहरूका परीक्षणहरू र त्यसले निकाल्ने निश्कर्षहरूबाट महिलाहरू पुरूषहरूजतिकै जैविक रूपमा हरेक क्षेत्रमा समान भएको मात्र नभई अझ उनीहरू पुरूषहरूभन्दा श्रेष्ठ भएको पुष्टि हुन आउँछ ।

त्यसैले हाम्रो समाजमा पुरूष र महिलाबीच जुन भेदभावपूर्ण व्यवहारहरू भइरहेछन्, त्यो केवल सामाजिक समस्यामात्र हो, त्यसलाई वैज्ञानिक ज्ञानले अलिकति पनि सत्यपरक र न्यायसंगत देख्न सक्दैन । ❑


सन्दर्भ स्रोत :

१. Science Reporter Nov. 1997

२. Science Reporter Aug. 2000

३. Genetics and Genetic Engineering -Lisa Yount




गत साउन ३० गते महोत्तरीको सिमरदही गाउँमा गाउँभरिका महिलाहरूलाई बोक्सी पत्ता लगाउन भनेर खुला चौरमा लाइन लगाई अपमानित गरी स्थानीय महिला स्वास्थ्य स्वयंसेविका मरनीदेवीलाई बोक्सीको आरोपमा कठोर यातना दिइएको चर्चा सेलाउन नपाउँदै नवलपरासीमा यस्तै बोक्सी-काण्ड घटित भयो । यो चर्चा पनि सेलाउन नपाउँदै गत असोज ११ गते महोत्तरीकै एकडारा गाउँमा एक महिला मारिएकी छिन् । ६१ बर्षिया मलेछियादेवीलाई घरमा अरू कोही नभएको मौका पारी घिसार्दै सडकमा ल्याई दिसा खुवाई स्थानीय नवकिशोर यादव, बिजो यादव, चितन यादव, दुलारचन यादव र शीतलीदेवी लगायतले उनलाई कुटपीट गरेर विष्टा कोच्याए । उनी मरणासन्न हुनेगरी घाइते भइन् । रातभर बिनाउपचार सडकमै मिल्किइन् । भोलिपल्ट सदरमुकाम लैजान लाग्दा टायरगाडामै उनको मृत्यु भयो ।

छिमेकी विजो यादवको ३ वर्षे छोरा अमितको गत साउनमा भएको मृत्यु मलेछियादेवी 'बोक्सी लागेर भएको भन्ने विश्वासका आधारमा उनीमाथि यो प्रहार गरिएको थियो ।



मरनीदेवी

# बोक्सीको आरोपमा यातना

# हद भयो !

यसैगरी, यही घटनाको दुई दिन पनि नबित्दै झापाको चकचकी गाउँमा ३५ वर्षिया महिला टीकामाया दहाललाई धामी डिल्ली आचार्यले बोक्सीको आरोपमा पानीमा मुख डुबाई मराणासन्न हुनेगरी कुटेका छन् ।

आजकल अखबार-हरूमा हप्ताको एक वा दुईवटा समाचारहरू यस्तै आउने गरेका छन् । काठमाण्डौं शहरमै मैतीदेवीमा चार वर्षअघि बोक्सी झार्ने नाममा आफ्नै श्रीमानसमेतको सक्रियतामा सरस्वती अधिकारी मारिएको घटनाकै प्रवृत्तिसँग मिल्ने यी सब अन्ध-विश्वासमा आधारित घटनाहरूले वास्तवमा सरकार र जिम्मेबार पार्टीहरू एवं सामाजिक संघ-संस्थाहरूको खिल्ली नै उडाइरहेका छन् ।

**पार्टीहरूले आफूलाई प्रजातान्त्रिक वा प्रगतिशील मान्ने हक गुमाएका छन् भन्न सकिन्छ । समाज सुधार भन्ने कुरा यी पार्टीहरूको एजेण्डा नै बनेन ।**

पंचायती कुशासनले त देशमा अन्धविश्वासलाई प्रोत्साहन नै दियो । तर २०४६ सालपछिका सरकारहरूले पनि त खै अन्धविश्वासविरूद्ध आफूलाई खडा गरेका ? जनतालाई अठारौं शताब्दीको अविकसित र अबैज्ञानिक सोचबाट मुक्त गरी बैज्ञानिक चिन्तनयुक्त एक्काइसौं शताब्दीमा टेकाउने कि नटेकाउने ? -यो पक्षमा देशमा खासै कामहरू केही पनि भएका छैनन् ।

बोक्सी-काण्डहरूमा रा.प्र.पा., कांग्रेस वा माले, एमालेका कार्यकर्ताहरू नै पनि अन्धविश्वासका बाहक भएका पाइए । त्यस्ता कार्यकर्तालाई पार्टीले कारवाही गरेको एउटा पनि उदाहरण पाइएको छैन ।

त्यसैले यी पार्टीहरूले आफूलाई प्रजातान्त्रिक वा प्रगतिशील मान्ने हक गुमाएका छन् भन्न सकिन्छ । समाज सुधार भन्ने कुरा यी पार्टीहरूको एजेण्डा नै बनेन । पार्टीमा मान्छेहरूलाई हुल्नु यिनीहरूको मुख्य लक्ष्य भएको छ । तिनीहरूमार्फत् समाजलाई विकसित गराउनु उनीहरूको लक्ष्य भएको छैन । पार्टी केको निम्ति ? - पार्टीको निम्ति ! - यो नै पार्टीको सिद्धान्त बनाएर यी पार्टीहरू अघि बढिरहेका छन् । के यो प्रवृत्तिको अन्त सम्भव छैन ?

❑ *हरिगोविन्द लुइँटेल*

# स्वेत आतंकका बीच अखिल क्रान्तिकारीको सम्मेलन



गत असोज ८ गते शुरु भई १२ गते सम्पन्न हुने भनिएको पूर्वी नेपालको विराटनगरमा **चलिरहेको अनेरास्ववियू (क्रान्तिकारी)को चर्चित पन्ध्रौं राष्ट्रिय सम्मेलन पूर्व निर्धारित समयभन्दा दुई दिन पछाडि गत असोज १४ गते सम्पन्न भएको छ । माले निकट अनेरास्ववियूबाट विद्रोह गरी कृष्ण के.सी.को नेतृत्वमा यसअघि बनेको अर्को अनेरास्ववियू र अखिल (क्रान्तिकारी)बीच एकताको सम्मेलन भनिए पनि त्यस सम्मेलनले संगठनको नाम अनेरास्ववियू (क्रान्तिकारी) नै कायम गरेको छ ।**

त्यस्तैगरी, सम्मेलनले अखिल (क्रान्तिकारी)का गत कालका अध्यक्ष देवेन्द्र पराजुलीकै अध्यक्षतामा ८५ सदस्यीय जम्बो साइजको नयाँ केन्द्रीय समिति गठन गरेको छ । जसमा विद्रोही माले अखिलका नेता कृष्ण के.सी.लाई उपाध्यक्ष बनाइएको छ । ७५ वटै जिल्लाबाट प्रतिनिधित्व भएको भनिएको अखिल (क्रान्तिकारी)को त्यस पन्ध्रौं राष्ट्रिय सम्मेलनले नयाँ केन्द्रीय समितिमा कृष्ण के.सी. लगायत अन्य तीनजना गरी जम्मा चार जना उपाध्यक्षहरु चयन गरेको छ । बाँकी तीनजना उपाध्यक्षहरुमा गोपाल शर्मा, लेखनाथ न्यौपाने र बेनोज अधिकारी रहनुभएको छ भने महासचिवमा पूर्ण पौडेल, सचिवमा हिमाल शर्मा र कोषाध्यक्षमा महेन्द्र श्रेष्ठ रहनुभएको छ ।

नेकपा (माओवादी) निकट भनेर चिनिएको अखिल (क्रान्तिकारी)को यस पन्ध्रौं राष्ट्रिय सम्मेलनमा जिल्ला जिल्लाबाट जिल्ला प्रतिनिधिहरुका अलावा देशका विभिन्न ठाउँहरुमा माओवादी जनयुद्धले स्थापना गरेका जनसरकारहरुमा सहभागी विद्यार्थीहरुको पनि सहभागिता भएको थियो । त्यस्तैगरी सम्मेलनमा नेकपा (माले)निकट अखिलबाट विद्रोह गरी आएका कृष्ण के.सी.को अनेरास्ववियूले पनि विभिन्न जिल्लाहरुबाट त्यसमा प्रतिनिधित्व गराएको थियो ।

स्मरणीय के छ भने अखिल (क्रान्तिकारी)को पन्ध्रौं राष्ट्रिय सम्मेलन शुरुमा गत असोज १ गतेदेखि १२ गतेसम्म काठमाण्डौमा सम्पन्न गर्न तयारी गरिएको थियो । त्यसबीच नेकपा (माओवादी)को केन्द्रीय जनसभा आयोजक समितिले गत असोज ५ गते काठमाण्डौमा बृहद् जनसभाको आयोजना गरिने घोषणा गऱ्यो । त्यस जनसभाको आयोजक समितिमा अखिल (क्रान्तिकारी)का अध्यक्ष देवेन्द्र पराजुली नै संयोजक हुनुहुन्थ्यो । त्यसैले आम जनता तथा सरकारले अखिल (क्रान्तिकारी)को राष्ट्रिय सम्मेलन र असोज ५ गते काठमाण्डौमा गर्ने भनिएको माओवादीको बृहद् जनसभालाई पृथक रुपमा छुट्याएर नहेरी एउटै किसिमको वा उही आन्दोलनको रुपमा हेर्न थाले ।

एकातिर माओवादी र अखिल क्रान्तिकारी दुवैको दबावपूर्ण चन्दा संकलनले गर्दा काठमाण्डौका जनतामाझ लोकप्रियता घट्दै जानु, अर्कोतिर अखिल क्रान्तिकारीको पोष्टरमार्फत् दरबारलाई आजै हो कि भोलि हो कि आक्रमण हुन्छ भन्ने भान दिइनु : यी दुईटा कुराले गर्दा माओवादीको विरुद्धमा सरकार खनिने स्थिति बन्यो । त्यही क्रममा प्रहरीले भाद्र २४ गते अखिल (क्रान्तिकारी)को काठमाण्डौ भुरुङ्खेलस्थित कार्यालयमा छापामारी पोष्टर तथा पर्चाहरु जफत गरी कार्यालय कोठा तोडफोड गर्नुका साथै १४ जना विद्यार्थी नेता-कार्यकर्ताहरुलाई गिरफ्तार गऱ्यो । र, प्रहरीले पछाडिका दिनहरुमा सेनाको समेत सहयोग लिई कीर्तिपुर, इन्जिनीयरिङ्ग र अस्कललगायत काठमाण्डौका विभिन्न क्याम्पसहरुमा छापा माऱ्यो ।

यसैबीच भाद्र ३० गते सरकारले उपत्यकाका तीनैवटा जिल्लामा सभा, सम्मेलन र जुलुस प्रदर्शन गर्न प्रतिबन्ध लगाई माओवादीहरुप्रति सरकार अब कडा बन्ने संकेत दियो । र, लगत्तै नेकपा (माओवादी)का अध्यक्ष प्रचण्डले असोज ५ गते काठमाण्डौमा गर्ने भनिएको जनसभा स्थगित गरिएको घोषणा गर्नुभयो भने अखिल (क्रान्तिकारी) को सम्मेलन पनि आठ दिन पर सारी असोज ८ गतेबाट शुरु गर्नेगरी काठमाण्डौबाट विराटनगरमा सारियो ।

यी क्रमहरुबाट विराटनगरमा आयोजना हुन पुगेको अखिल (क्रान्तिकारी)को पन्ध्रौं राष्ट्रिय सम्मेलन असोज ८ गतेबाट शुरु भई १४ गते सम्पन्न भएको थियो । सम्मेलनको उद्घाटन समारोहमा नेकपा (माओवादी)का अध्यक्ष प्रचण्डको शुभकामना वक्तव्य पढेर सुनाइएको थियो ।

उद्घाटन समारोहपछि स्थानीय अतिथि सदनमा सम्पन्न बन्द सत्रमा देशमा ७५ वटै जिल्लाबाट आएका करिब १ हजार प्रतिनिधिहरुले अध्यक्ष देवेन्द्र पराजुलीद्वारा प्रस्तुत विधान तथा प्रतिवेदन र कोषाध्यक्ष महेन्द्र श्रेष्ठद्वारा प्रस्तुत आर्थिक प्रतिवेदनलाई सामान्य थपघटपछि एकमतले पारित गरे ।

'फासिष्ट सत्ता र शिक्षा प्रणालीका विरुद्ध जुझारु आन्दोलन, गणतन्त्र नेपालको पक्षमा १५ औं राष्ट्रिय सम्मेलन' भन्ने मूल नाराका साथ सम्पन्न त्यस सम्मेलनमा पारित प्रतिवेदनमा नेकपा (माओवादी)द्वारा देशमा विगत ६ वर्षदेखि संचालित जनयुद्धलाई सक्रिय सहयोग तथा समर्थन गर्ने कुरा उल्लेख गरिएको छ ।

यस कुराले अखिल (क्रान्तिकारी)लाई नेकपा (माओवादी) को कार्यक्रम तथा नीतिलाई स्वीकार गर्ने विद्यार्थीहरुलाई मात्र समेट्ने एक विशुद्ध राजनीतिक विद्यार्थी संगठनको रुपमा उभ्याएको छ । आम विद्यार्थीको माझमा संगठनलाई व्यापकतम रुपमा फैलाउने उद्देश्य सम्मेलनले लिएको भए पनि यसबाट त्यस उद्देश्य पूर्ति हुन कठिनाई हुने देखिन्छ । ❑

# अमेरिकामै अमेरिकी युद्धको चर्को विरोध




धेरै ठाउँमा अमेरिकी युद्धनीतिको विरोध भैरहेको सन्दर्भमा सिड्नीमा हालै भएको जुलुस

'अमेरिका र उसका सहयोगीहरुद्वारा गरिने कुनै पनि खालको सैन्य कारवाहीको नतिजा अमेरिकामाथि भएका आतंकवादी हमलाहरूभन्दा धेरै नै भयानक हुनसक्छ ।'

विद्वान नोम चोम्स्कीको यो भनाइ अमेरिकाको बुश प्रशासनले विश्वभरि युद्धोन्माद फैलाइरहेको बेला अमेरिकाभित्रै बाट रंगभेद र युद्धोन्मादविरूद्ध चर्को ढंगले जनविरोध उठ्न थालेको संकेतको रूपमा देखिएको छ । अमेरिकाको साम्राज्यवादी विदेश नीतिका प्रखर आलोचक, भाषाविद् तथा बुद्धिजीवी नोम चोम्स्कीको यो भनाइले युद्धविरोधी अमेरिकी जनताको प्रतिनिधित्व गरिरहेको छ ।

'अब अरू युद्ध चाहिँदैन', 'अमेरिकी युद्धतन्त्रमाथि रोक लगाऊ' जस्ता प्ले-कार्डसहित अमेरिकाको अटलान्टा शहरको जनप्रदर्शनमा सहभागी भएका अमेरिकीहरूलाई सम्बोधन गर्दै नोम चोम्स्कीले भन्नुभएको छ : "अमेरिकामा भएको आतंकवादी आक्रमण अत्यन्त बर्बर देखिन्छ । तर सुडानको औषधी कारखानालाई बमले उडाउने, प्यालेस्टिनीहरूको बस्ती बस्ती नै मिसाइलहरूद्वारा उजाड्ने र लेबनानलाई बर्बाद बनाउने, त्यहाँका हजारौंहजार निर्दोष जनतालाई देखादेख मृत्युको मुखमा पुऱ्याउने अमेरिकी सरकारका कुकर्महरू त्योभन्दा पनि बर्बर र अमानवीय छन् ।"

यी युद्धविरोधी प्रदर्शनहरू हेर्दा लाग्छ, आफैंले जन्माएको मानस पुत्र बिन लादेन र तालिबान सरकारविरूद्ध दीर्घकालीन युद्ध गर्न लागिरहेको अमेरिकी सरकार अब बिस्तारै आफ्नै जनताबाट समेत टाढिने संभावना बढेको छ । त्यहाँका शान्ति समर्थकहरूले असोज ४ गते युद्धोन्मत्त बुश सरकारको भावी सैन्यकारवाहीको विरोधमा अमेरिकाका वाशिङ्टन, बोस्टन, मिशिगन, विस्कासिनदेखि न्यूयोर्क र क्यालिफोर्नियासम्ममा विरोध प्रदर्शन गर्न थालेका छन् । शान्ति-ऱ्याली गर्ने क्रममा प्रदर्शनकारीहरूले 'हत्याको बदला हत्या'को सोच लिएर सैन्यबल प्रयोग नगर्न बुश प्रशासनलाई चेतावनी दिएका छन् ।

त्यस्तै असोज १३ र १४ गते पनि न्यूयोर्क र वाशिङ्टनमा राष्ट्रिय स्तरको प्रदर्शन आयोजना गरिएको छ । 'इन्टरनेशनल एक्शन सेन्टर'लगायत ७० वटा अमेरिकी संगठनहरूको संयुक्त आयोजनामा भएका ती प्रदर्शनहरूमा लाखौं अमेरिकीहरूले युद्ध बन्द गर्न र रंगभेद अन्त्य गर्न जोडदार माग गरेका छन् ।

अमेरिकाभरि भइरहेका यस्ता युद्धविरोधी शान्ति-ऱ्याली र ऐक्यबद्धता प्रदर्शनहरूका साथै युद्धविरोधी जनमत निर्माण कार्यमा विद्वान नोम चोम्स्की, पूर्व अटर्नी जनरल राम्से क्लार्क, विशप थोमस गुम्ब्लेटोन, अभिनेता मार्टिन शीन, मानवअधिकारवादी रोजा पार्क, गायक हयारी बेलाहोटे, कवि मार्टिन इस्पादहरू लागिपर्नुभएको छ । यसले अमेरिकाबाहिर रहेका युद्धविरोधी जनताबीच पनि अमेरिकी सैन्यकारवाहीविरूद्ध जनमत सिर्जना गर्न टेवा पुगिरहेको छ । ❑

## नारायणहिटी हत्याकाण्ड र भारतको बलमिच्याइँ

**मूल्यांकन** मासिकको बर्ष १८, पूर्णाङ्क ८९ समयमा नै हात परेको हुनाले छिट्टै अध्ययन गर्ने सुअवसर पाइयो । यसर्थ सम-सामयिक विषयहरूमा विभिन्न खाले लेखहरू प्रकाशित गरेकोमा सम्पादन मण्डललाई हार्दिकताका साथ धन्यवाद नदिई रहन सकिन्न ।

अहिले केही राष्ट्रिय र केही अन्तर्राष्ट्रिय गुनासाहरू लेख्नको लागि यहाँहरूसमक्ष अनुमति चाहन्छु ।

बिभिन्न पत्र-पत्रिकाको अध्ययनबाट देशमा मृत राजपरिवारका हिस्सेदारमध्येका व्यक्तिले नै शासन चलाउने अवसर पाएको हेर्न र शासित हुन विवश जनता अहिले जुनसुकै नामको समितिले जेसुकै भने पनि र रेडियो र टेलिभिजनबाट जस्तोसुकै प्रतिवेदन पढे पनि त्यो सुन्न बाध्य छन् । जनताले आफ्नो हातमा सार्वभौमसत्ता प्राप्त गरेको भन्ने २०४७ सालको प्रजातान्त्रिक संविधानले भनेको र ब्याख्या गरेको कुरा यदि ब्यवहारमा लागू गरिने हो भने, राजाको परिवारनै समूल नष्ट पारिंदा राजाको मृत शरीरको पछि लागेर जाने सम्पूर्ण मलामी देशवासीले कर्फ्यूको घेराबाहिर गएर घरको टेलिभिजनको पर्दामा लास जलाएको हेर्नुपर्थ्यो ? साथै विभिन्न पत्र-पत्रिकामार्फत् थाहा भएअनुसार श्री ५ युवराजाधिराज दीपेन्द्र पनि श्री ५ वीरेन्द्र महाराजसँगै मारिएका थिए तर युवराजलाई दुई दिनपछिसम्म राजा मान्न बिवश पारियो, नेपाली जनतालाई यसरी सु-सूचित हुने अवसरबाट बञ्चित पार्नुको पछाडि श्री ५ को सरकारको नियत के थियो ?

देशमाथि विदेशीले हस्तक्षेप गर्दै सीमा अतिक्रमण गर्दा देशको शासकवर्ग केही नबोली बसेको छ । देश विकासको लागि जनश्रम नै शक्तिशाली हुन्छ, जनशक्ति नै विदेशी अतिक्रमणकारी पञ्जालाई पन्छाउन दृढताका साथ अठोट गरी अग्रगामी दिशामा प्रस्थान गरिरहेको हुन्छ । साथै त्यही जनताको शक्तिले नै देशको चिथोरिएको, कोतरिएको मुहारलाई फेर्न सक्छ । त्यही जनशक्तिलाई दबाउन देशको शासकवर्ग उत्प्रेरित भई विदेशसँग गुहार मागी दमनको भाषा बोल्दै किन सेना परिचालन गर्न अग्रसर हुन्छ ? किन विदेशबाट हात-हतियार भित्र्याएर नेपाली जनता मार्न अग्रसर हुन्छ ? हाम्रो देश जमिन परिवेष्ठित त छ नै, यसमा कसैको दुईमत छैन । देशको पूर्व, पश्चिम र दक्षिणी भूभाग भारतद्वारा वेष्ठित र उत्तरी भूभाग चाहिं चीनबाट वेष्ठित छ । चीन र भारत हाम्रो देशको लागि दुवै मित्र र छिमेकी हुन् । तर छिमेकीले ठूलो मात्रामा जग्गा हुनेले थोरै जग्गा हुनेको सीमा मिचेर हड्पने नीति अप्नाएको देखिन्छ । यो नीति छिमेकीमा नहुनुपर्ने हो । त्यस्तो व्यवहार भारतले नेपालमाथि गरिरहेको छ ।

भारतले कहिले टनकपुर बाँध बनाएर नेपाली भू-भागलाई पोखरी बनाई त्यहाँको वस्ती उठ्नुपर्ने स्थिति पारेको छ, कहिले लक्ष्मणपुरमा बाँध बाँधेर वस्तीलाई डुबानमा पार्ने कार्य गरेको छ । फेरि, हालै केही महिनाअगाडि मात्र मर्चवार भन्ने स्थानमा अन्तर्राष्ट्रिय कानूनविपरीत रसियावाल खुर्दलोटन बाँध बाँधेर नेपालविरूद्ध विस्तारवादी व्यवहार लादेको छ । भारतले बलमिच्याइँबाट नेपालीलाई जुनसुकै क्षेत्रमा मिच्ने प्रवृत्ति देखाइरहेको कार्यहरू नेपालबाट प्रकाशित हुने धेरै पत्र-पत्रिकाले आफ्नो विशेष लेखहरूमा प्रकाशित गर्दै आइरहेकाछन् । यस्ता लेख भएका पत्र-पत्रिका पढ्न हामी गाउँको कुनामा रहेर त पाइरहेका छौं, तर यस्तो मिचाहा प्रवृत्तिलाई कसरी तह लगाउने भन्नेबारे कुनै पनि पत्र-पत्रिकामा आजको मितिसम्म पनि हामीले पढ्न पाएका छैनौं । त्यसैले हाम्रो आशयलाई बुझिदिएर जनप्रतिरोधका उपायहरू अंकित सामग्री पस्केर **मूल्यांकन**ले पाठकको माग पूरा गरोस् भन्ने चाहन्छु ।

- कुमार 'बुभुत्सु'

*ल.पु.जि., लामाटार- ५, ढुङ्गिन, पिपलबोट ।*

## पूँजीवाद र राजतन्त्रसम्बन्धी अन्तर्क्रिया

सम्पादकज्यू, 'मूल्यांकन' पढिसकेपछि मनमा उत्पन्न हुने भावहरूलाई सँधैभैं यसपाली भने दवाइराख्न असमर्थ भएकाले यो प्रतिक्रिया व्यक्त गरेको छु । नियमित पाठकको हैसियतले मूल्यांकन अंक ८९ पनि अध्ययन गरें ।

साँच्चै नै यसले आफूलाई विचार अन्तर्क्रियामुखी मासिककै रूपमा स्थापित गराएको छ । 'पूँजीवादको बदलिंदो स्वरूप'बारे यसले नेपालका वामबुद्धिजीवी तथा नेताहरूबीच अन्तर्क्रिया संचालन गरेको प्रशंसनीय छ, जसले अध्ययनशील पाठकहरूलाई ठूलो मद्दत गर्नेछ । 'होलेरी-काण्ड'को बारेमा मानवअधिकारवादी नेताहरूको स्थलगत अनुभवले घटनाको दृश्य अझ उघारेको छ । सँधैभैं साहित्यकार खगेन्द्र संग्रौलाको विषयवस्तु छनौट र प्रस्तुति बेजोड रहेको छ । आफूलाई कम्युनिष्ट क्रान्तिकारी भन्ने सुधारवादी, संशोधनवादीहरूको यथास्थितिवादी आचरण र व्यवहारलाई संग्रौलाजीले झापड दिनुभएको छ । श्याम श्रेष्ठले डा. बाबुराम भट्टराईका राजापरस्त सोचहरूलाई विश्लेषणात्मक ढंगले बहसमा तान्नुभएको छ । आशा छ, आगामी अंकमा यससम्बन्धी क. भट्टराईका विचारहरू प्रस्तुत गर्ने जमर्को गरिनेछ । जेठ १९ गतेको 'नारायणहिटी हत्याकाण्ड'बारे अर्को जाँचबुझ आयोग गठन गर्न संसदले पहल गर्नुपर्ने **मूल्यांकन**को ठहरले हामी जनताहरूको मनको कुरो ठम्याएको महसूस भएको छ ।

- झगबहादुर विश्वकर्मा

*हंसपुर गा.वि.स.-३, प्यूठान ।*

## बृहत वाममोर्चा नजिककै विषय हुनेछ

सँधैभैं **मूल्यांकन**को पूर्णाङ्क ९० पनि विशेष पठनीय छ । सबैको आँखा वार्तातिर वार्ताको दिशा कतातिर ? भन्ने प्रश्नले नै सचेत पाठकलाई अहिले चलिरहेको सरकार-माओवादी वार्ताको विषयगत गम्भीरतातर्फ डोऱ्याएको छ । वार्ताको दिशा ठीक ढंगले सोझिएन भने परिणाम फलदायी हुँदैन र अहिलेको वार्तामा संवादको परिणामलाई अधिकतम सकारात्मक तुल्याउन सबै वामपन्थीहरूले नेकपा माओवादीका वार्ताकारहरूमार्फत् जनताका मागहरू सरकारसमक्ष दृढतापूर्वक प्रस्तुत गर्नुपर्छ भन्ने **मूल्यांकन**को अवधारणा वस्तुनिष्ठ अवधारणा हो । यस अवधारणालाई स्पष्ट र पारदर्शितापूर्ण ढंगले राख्नु भएकोमा लेखक श्याम श्रेष्ठ धन्यवादका पात्र हुनुहुन्छ ।

लगभग आवरणकथाकै स्पीरिटमा लेखिएको सम्पादकीय पनि त्यस अंकको विशिष्ट सामग्री हो । **मूल्यांकन**ले यस अंकमा सम्पादकीयमार्फत् औंल्याएको 'बृहत् वाममोर्चा आजको आवश्यकता' भन्ने विचार वर्तमान स्थितिका लागि वामपन्थीहरूका निम्ति निर्देशक विचार हुनसक्दछ ।

सबै वामपन्थी पार्टीहरूका दस्तावेजहरूमा पाइने साझा विषयहरू ती पार्टीहरूलाई बृहत् वाममोर्चासम्म ल्याइपुऱ्याउने खुड्किलाहरू हुन् । यस कुरालाई **मूल्यांकन**ले राम्ररी प्रष्ट पारेको छ । साथै, बृहत वाममोर्चाको लागि एमाले र माओवादी यतिबेलाका निर्णायक शक्ति हुन् भन्ने कुरातर्फ पनि वाम जगतको ध्यान गम्भीरतापूर्वक आकृष्ट गरेको छ । यसो गर्दा जनबल र सैन्यबलको बीचमा 'आपसमा हार्दिक र विश्वासयोग्य सम्बन्ध' अभाव भएको कुरालाई ठूलो समस्याको रूपमा उल्लेख गरेको छ । तर, मलाई के लाग्छ भने वामपन्थी पार्टीहरूबीच पहिलेदेखि कायम रहेको संस्कारगत संकीर्णता र आपसी दुराग्रहलाई नयाँ सन्दर्भ र परिप्रेक्ष्यको सांस्कृतिक आन्दोलन र त्यसपछि क्रान्तिद्वारा हटाउने प्रक्रिया थालिहाल्ने हो भने समस्याको आयु धेरै लामो रहने छैन । त्यस स्थितिमा बृहत् वाममोर्चा नजिककै विषय हुनेछ र त्यस मोर्चाभित्र पनि सांस्कृतिक स्वस्थतालाई अघि बढाउँदै लैजान सके एकीकृत कम्युनिष्ट पार्टी निर्माण गर्ने ऐतिहासिक दायित्व पनि सम्पन्न गर्न सहज हुनेछ ।

प्रतिक्रियास्वरूप आवरणकथा र सम्पादकीयका यी दुई विषयहरूबारे सामर्थनात्मक टिप्पणी प्रस्तुत गर्नुको मेरो आशय के हो भने, विविध प्रकारले वाम एकताको निम्ति गर्दै आएको प्रयासलाई **मूल्यांकन**ले निरन्तरता दिने गरेको पक्षलाई पाठकहरूको गम्भीर सरोकारले अझै प्रोत्साहित गरोस् ।

- शुकदेव बराल

*चावहिल- ६, सीमाविवाद क्षेत्र, काठमाण्डौं ।*

विजया दशमीको शुभ उपलक्ष्यमा सम्पूर्ण देशवासीहरूमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्न चाहन्छौं ।
औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड
बालाजु, काठमाण्डौ


(भिटामीन ए र डी युक्त)
A quality product of
Chaudhary's
प्रशोधित भटमासको तेल तथा
शुद्ध वनस्पति घ्यू
कुक® ब्राण्ड
Cook® BRAND
उत्पादक :
निर्वाण वनस्पति उद्योग प्रा. लि.
सतुंगल, काठमाडौं, नेपाल
AIMING HIGH
CLIMBING HIGHER
CHAUDHARY GROUP
चौधरी ग्रुपको
उच्चस्तरीय उत्पादन

ल.पु.जि.प्र.का द.नं. ९९/०४९/५०    म.क्षे.हु.द.नं. १२/०५०/५१

